ISSN 2795-1839

# नेपाल
द्वैमासिक

# Nepal

वर्ष ५३ अङ्क ४ पूर्णाङ्क २४५ जेठ/असार, २०८०/८१

# विभागसँग सम्बन्धित कानुनहरूको संग्रह

सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं

# नेपाल
द्वैमासिक

# Nepal
Bi-Monthly

वर्ष ५३ अङ्क ४ पूर्णाङ्क २४५ जेठ/असार २०८०/०८१



**सम्पादक मण्डल**

बलराम रिज्याल

भरत गौतम

मीनकुमार शर्मा

प्रवीण श्रेष्ठ

प्रतिक्षा के.सी.

दिपेन्द्र शाह

टेक बहादुर वली

**भाषा सम्पादन**

हरिप्रसाद निरौला

**लेआउट**

खगेन्द्र कार्की

**आवरण डिजाइन**

प्रवीण श्रेष्ठ

**मुद्रक**

मुद्रण विभाग



**प्रकाशक**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

काठमाडौं, फोनः ०१–५९१९८९२

E-mail: photosuchana@gmail.com

Website: www.doib.gov.np

# विषय सूची

| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|


| | | |
|---|---|---|
| १. | राष्ट्रिय प्रसारण ऐन, २०४९ | १ |
| २. | राष्ट्रिय प्रसारण नियमावली, २०५२ | ११ |
| ३. | रेडियो ऐन, २०१४ | ८३ |
| ४. | रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ | ८९ |
| ५. | श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ | १२३ |
| ६. | श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३ | १३९ |
| ७. | छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ | १५५ |
| ८. | छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ | १७१ |
| ९. | अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ | १९३ |
| १० | पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७० | २०१ |
| ११. | पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ (संशोधन) | २०९ |
| १२. | पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ | २१५ |
| १३. | पत्रकार वृत्तिकोष सञ्चालन मापदण्ड, २०७८ | २२१ |
| १४. | प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ | २२७ |
| १५. | श्रमजीवी पत्रकारसम्बन्धी ऐनबमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरको कारवाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०६८ | २४५ |
| १६. | दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८० | २५१ |
| १७. | विज्ञापन रहित (Clean Feed) नीति, २०७३ | २७९ |
| १८. | रेडियो ऐन, २०१४ तथा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम प्रदान गरिने रेडियो फ्रिक्वेन्सी बितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०८० | २८७ |
| १९. | विभागलाई विभिन्न मितिमा दिइएका अधिकार प्रत्यायोजनसम्बन्धी पत्र | २९१ |

# राष्ट्रिय प्रसारण ऐन, २०४९

लालमोहर प्रकाशन मिति

२०५०।२।२७४

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ | २०५७/१०/१८ |
| २. | केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| ३. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६❁, | २०६६।१०।०७ |
| ४. | लैंगिक समानता कायम गर्न तथा लैंगिकहिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, | २०७२।६।१४ |
| ५. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५, | २०७५।१।१९ |

**२०४९ सालको ऐन नं. ६**

⌘ .......

**राष्ट्रिय प्रसारणसम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** ❁संविधानद्वारा प्रत्याभूति गरिएको जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं संवर्द्धन गर्न तथा प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापलाई जनसमक्ष पुऱ्याई सबै जाति, भाषा, वर्ग, क्षेत्र र धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामन्जस्यताको वातावरण सृजना गरी ❁राष्ट्र भाषाको माध्यमबाट समेत जन चेतना जगाउन,

सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग

---

❁ यो ऐन संवत् २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❁ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

गरी प्रसारणका माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका निष्पक्ष एवं आधिकारिक समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्वाध रूपले प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौँ वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय प्रसारण ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो सञ्चार सेवा सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनु पर्छ ।

(ग) "फ्रीक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली" भन्नाले फ्रीक्वेन्सी मोडुलेसन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो ■वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनु पर्छ ।

(घ) "इजाजतपत्र" भन्नाले कुनै कार्यक्रमको प्रसारण गर्नको लागि दफा ६ बमोजिम दिइने प्रसारण इजाजतपत्र वा फ्रीक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजतपत्रलाई समेत जनाउँछ ।

(ङ) "प्रसारण संस्था" भन्नाले यस ऐनबमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(च) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

उपग्रह सम्झनुपर्छ ।

(छ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्तासमक्ष पुऱ्याउने प्रविधि सम्झनुपर्छ ।

(ज) "भू-उपग्रह प्रसार केन्द्र (अर्थ स्टेसन)" भन्नाले स्याटेलाइट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेसन) सम्झनुपर्छ ।

(झ) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउनेछ ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. **प्रसारणसम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन** : नेपाल ⌘ ......भित्र प्रसारणसम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ ।

♎ **३क. प्रदेश तथा स्थानीय कानून बमोजिम हुने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछः–

(क) एकसय वाटसम्मका एफ.एम. रेडियो सञ्चालनको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो स्थानीय तहको क्षेत्र भित्र सम्बन्धित स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

(ख) एकसय वाट भन्दा माथि एकहजार वाट सम्मको एफ. एम. रेडियो प्रसारण र केवुलमा आधारित टेलिभिजन प्रसारणको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो प्रदेशभित्र सम्बन्धित प्रदेशले बनाएको कानून बमोजिम हुनेछ ।

---

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

♎ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(२) यस ऐन बमोजिम हुने एफ.एफ. रेडियोको फ्रिक्वेन्सीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय समक्ष माग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिा इजाजत, नवीकरण र नियमन सम्बन्धमा स्थानीय तह वा प्रदेशले कानून नबनाएसम्मको लागि त्यस्तो विषयको इजाजत, नवीकरण तथा नियमन यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिा हुनेछ ।

४. **इजाजतपत्र नलिई प्रसारण गर्न नहुने** : कसैले पनि यस ऐनबमोजिम इजाजतपत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण गर्नु हुँदैन ।

५. **इजाजतपत्रको लागि निवेदन दिनुपर्ने** : नेपाल ⌘ ....... भित्रको कुनै ठाउँमा स्याटेलाइट, केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा ■ समाचारमूलक कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा नेपाल सरकारसमक्ष निवेदन दिनु पर्नेछ ।

६. **इजाजतपत्र दिन सकिने** : दफा ५ बमोजिमको निवेदन पर्न आएमा नेपाल सरकारले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

७. **प्रसारणमा रोक लगाउन सकिने** : राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

८. **प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने** : ✦(१) कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत कुनै

⌘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

✦ अधिवक्ता राजिव वास्तोला वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रिट नं. ०६९-WS-००२५, मिति २०७०।९।२५ मा सर्वोच्च अदालतबाट अमान्य र बदर गरिएको ।

कार्यक्रम प्रसारण गरेमा नेपाल सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

✦(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि नेपाल सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेस गर्न मनासिब मौका दिनुपर्नेछ ।

९. **भू–उपग्रह प्रसार केन्द्रको स्थापनासम्बन्धी विशेष व्यवस्था** : (१) कुनै व्यक्ति वा ■सङ्गठित संस्था वा संयुक्त लगानीमा स्वदेशी र विदेशी व्यक्ति वा सङ्गठित संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा स्वीकृतिको लागि नेपाल सरकारसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा नेपाल सरकारले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने स्वीकृति दिन मनासिब देखेमा तोकिएको सर्तहरू पालना गर्ने सर्तमा तोकिएको कार्यक्रमहरू प्रसारण गर्न पाउने गरी तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) भू-उपग्रह प्रसार केन्द्रको स्थापना तथा प्रसारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. **प्रसारण तथा वितरण शुल्क** : प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा नेपाल सरकार वा तोकिएको संस्थालाई तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनुपर्ने शुल्क तोकिएबमोजिम हुनेछ ।

११. **कार्यक्रम उत्पादन तथा प्रसारण** : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछ :-

(क) कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र वन तथा वातावरण संरक्षण जस्ता

---

✦ अधिवक्ता राजिव वास्तोला वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रिट नं. ०६९-WS-००२५, मिति २०७०।९।२५ मा सर्वोच्च अदालतबाट अमान्य र बदर गरिएको ।

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

विकासमूलक कार्यक्रमहरू,

(ख) सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(घ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिवृद्धि गराउने विषयका कार्यक्रमहरू,

(ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीतिसम्बन्धी कार्यक्रमहरू,

(झ) लोक गीत र लोक संस्कृतिको प्रवर्द्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेका महत्त्वपूर्ण गतिविधिहरू ।

१२. **कार्यक्रम उत्पादन तथा प्रसारणमा निजी क्षेत्रलाई सहभागी गराउन सकिने** : कार्यक्रम निष्पक्ष, सरल, सक्षम तथा प्रभावकारी बनाउन सरकारी क्षेत्रको अतिरिक्त निजी क्षेत्रलाई समेत सहभागी गराउन सकिनेछ ।

१३. **विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने** : विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा राष्ट्रिय हितमा प्रतिकूल प्रभाव नपर्ने गरी तोकिएको मापदण्डको आधारमा शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न समय उपलब्ध गराउन सकिनेछ ।

१४. **विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिने** : कसैले कुनै विषयमा प्रचार प्रसार गरी आम जनतामा विज्ञापन प्रसारण गराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा निकायबाट तोकिएको दस्तुर लिई विज्ञापन प्रसारण गराउने समय उपलब्ध गराउन सकिनेछ। तर जनस्वास्थ्यलाई हानि पुऱ्याउने धुम्रपान तथा मदिरा जस्ता पदार्थहरूको विज्ञापन प्रसारणलाई निरुत्साहित गरिनेछ।

■१५. **विज्ञापन प्रसारण गर्न नपाइने** : (१) दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन पाउने छैन :-

(क) राजनैतिक दलहरूलाई प्रतिकूल असरपर्ने विषयका कुराहरू,

(ख) अश्लिल किसिमका सामग्रीहरू,

(ग) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका कुराहरू,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरू,

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउन दिनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन।

१६. **प्रसारकको काम, कर्तव्य र अधिकार** : प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :-

(क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छान बिन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

---

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको।

(ख) राजनैतिक रूपमा निष्पक्ष भै समाचारको सम्पादन तथा प्रसारण गर्ने गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने तथा गर्न नलगाउने,

✔(ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैंङ्गिक हिंसा वा विभेदलाई बढावा दिने प्रकृतिका सामाग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(घ) लापरबाही वा हेलचक्र्याईंपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(ङ) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा पनि सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबङ्ग्याई प्रसारण गर्नुपर्ने,

(च) गलत तथा भ्रामक समाचारको सङ्कलन तथा प्रसारण गर्न नहुने,

(छ) प्रसारण संस्थाले तोकिदिएबमोजिम अन्य कार्य गर्ने ।

१७. **सजाय** : (१) कसैले दफा ६ बमोजिम प्रसारण संस्थाको इजाजतपत्र नलिई वा दफा ९ बमोजिम स्वीकृति नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट ✍इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा यो ऐन वा यस ऐनअन्तर्गगत बनेको नियम विपरीत कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित

---

✔ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

✍ सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा संशोधित ।

अन्य व्यक्तिलाई तोकिएको अधिकारीले ■दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१८. **पुनरावेदन** : यस ऐनबमोजिम नेपाल सरकार वा तोकिएको अधिकारीले दिएको आदेश वा सजायउपर चित्त नबुझ्नेले पैँतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

१९. **प्रसारण संस्थाको सुरक्षा** : प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानि नोक्सानी हुने सम्भावना छ भन्ने लागेमा नेपाल सरकारले त्यस्तो ठाउँमा आवश्यक सम्झेको अवधिसम्मको लागि सुरक्षाकर्मी पठाई सुरक्षाको व्यवस्था गर्नेछ ।

२०. **अधिकार प्रत्यायोजन** : नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार कुनै अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२२. **प्रचलित कानुनबमोजिम हुने** : यस ऐनमा लेखिएका कुरामा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

२३. **बचाउ** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि स्थापित नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सङ्गठित संस्थाले यस ऐनबमोजिम प्रसारण संस्थाको इजाजतपत्र पाएको मानिनेछ ।

---

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

**द्रष्टव्यः** केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरूः-
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।

# राष्ट्रिय प्रसारण नियमावली, २०५२

| संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| | २०५२।२।२८ |
| १. राष्ट्रिय प्रसारण (पहिलो संशोधन) नियमावली, २०६२ | २०६२।०३।२९ |
| २. राष्ट्रिय प्रसारण (दोस्रो संशोधन) नियमावली, २०६३ | २०६३।३।२६ |
| ३. राष्ट्रिय प्रसारण (तेस्रो संशोधन) नियमावली, २०६५ | २०६५।१०।१ |
| ४. राष्ट्रिय प्रसारण (चौथो संशोधन) नियमावली, २०६६ | २०६६।८।२२ |
| ५. राष्ट्रिय प्रसारण (पाँचौं संशोधन) नियमावली, २०६९ | २०६९।३।२८ |
| ६. राष्ट्रिय प्रसारण (छैठौं संशोधन) नियमावली, २०६९ | २०६९।८।२५ |
| ७. राष्ट्रिय प्रसारण (सातौं संशोधन) नियमावली, २०६९ | २०६९।९।२३ |
| ८. राष्ट्रिय प्रसारण (आठौं संशोधन) नियमावली, २०७३ | २०७३।९।११ |
| ९. राष्ट्रिय प्रसारण (नबौं संशोधन) नियमावली, २०७७ | २०७७।३।८ |
| १०. राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७ | २०७७।३।२९ |
| ११. राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ | २०७८।१।१९ |
| १२. राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० | २०८०।११।२१ |

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम “राष्ट्रिय प्रसारण नियमावली, २०५२” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “ऐन” भन्नाले राष्ट्रिय प्रसारण ऐन, २०४९ सम्झनु पर्छ ।

❖(ख) “अनुमतिपत्र” भन्नाले ऐनको दफा ९ को उपदफा (२) बमोजिम स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न दिइएको स्वीकृति सम्झनु पर्छ र सो शब्दले कार्यक्रम डाउनलिङ्क गर्न तथा

❖ चौथो संशोधनद्वारा संशोधित ।

सिग्नल वितरणको लागि नियम ६ बमोजिम प्रदान गरिएको अनुमतिपत्र समेतलाई जनाउँछ।

♦(ग) "अन्य सञ्चार माध्यम" भन्नाले स्याटेलाइट तथा केबुल बाहेकका अन्य सञ्चार माध्यम सम्झनु पर्छ र सो शब्दले मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम (एम.एम.डि. एस.), अप्टिकल फाइबर ट्रान्समिसन प्रणाली वा इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइ.पि.टि.भि) वितरण प्रणाली, अनलाइन रेडियो र अनलाइन टेलिभिजन तथा भिडियो अन डिमाण्ड (भि.ओ.डी.) समेतलाई जनाउँछ।

♦(ग१) "डाउनलिङ्क" भन्नाले स्याटेलाइट वा इन्टरनेट प्रोटोकलमार्फत प्रसारण गरिएका कार्यक्रमलाई स्थानीय वितरण प्रणाली, अन्य सञ्चार माध्यम वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट प्रसारण गर्न डाउनलिङ्क गर्ने कार्य सम्झनु पर्छ।

❀(ग२) "स्थानीय वितरण प्रणाली" भन्नाले स्याटेलाइट वा भू-उपग्रह प्रसार केन्द्रबाट प्रसारण गरिएका कार्यक्रम केबुल, मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम वा यस्तै अन्य किसिमका वितरण प्रणाली प्रयोग गरी कुनै खास क्षेत्रका उपभोक्ता समक्ष वितरण गर्ने प्रणाली सम्झनु पर्छ।

❀(ग३) "स्याटेलाइट वितरण प्रणाली" भन्नाले नेपालभित्र स्थापना गरिएको भू-उपग्रह प्रसार केन्द्रको माध्यमबाट उपभोक्तालाई कार्यक्रम वितरण गर्ने प्रणाली सम्झनु पर्छ र सो शब्दले केयू ब्याण्ड भू-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने कार्य (डाइरेक्ट टु होम) समेतलाई जनाउँछ।

۞(ग४) "ओ.टि.टि." भन्नाले उपभोक्ताको माग

---

♦ बाह्रौं संशोधनद्वारा संशोधित।

❀ चौथो संशोधनद्वारा थप।

۞ एघारौं संशोधनद्वारा थप।

बमोजिमको कुनै कार्यक्रम डि.टि.एच. केबल वा उपग्रह टेलिभिजनको माध्यम प्रयोग नगरी इन्टरनेट मार्फत गराइने सेवा सम्झनु पर्छ र सो शब्दले इन्टरनेट मार्फत अरू प्लेटफर्म माथिको मिडिया स्ट्रिमिङ सेवा समेतलाई जनाउँछ ।

❀(ग५) "भि.ओ.डि" भन्नाले मन्त्रालयबाट वितरण प्रणालीको इजाजतपत्र लिएको संस्थाले आफ्नै नेटवर्क भित्रका उपभोक्ताको माग बमोजिम टेलिभिजन बाहेकका कार्यक्रम उपलब्ध गराउने सेवा सम्झनु पर्छ ।

♦(ग६) "अनलाइन टेलिभिजन" भन्नाले आफैंले उत्पादन गरी इन्टरनेटको माध्यमबाट आफ्नो डोमेन वा आफ्नै ओ.टि.टि. प्रसारण सेवा मार्फत निश्चित तालिका बमोजिम नियमित रुपमा श्रव्य दृश्य कार्यक्रम प्रसारण गर्ने टेलिभिजन संस्था सम्झनु पर्छ ।

🕯(ग७) "अनलाइन रेडिया" भन्नाले आफैले उत्पादन गरी इन्टरनेटको माध्यमबाट आफ्नो डोमेन वा आफ्नै ओ.टि.टि. प्रसारण सेवा मार्फत निश्चित तालिका बमोजिम नियमित रुपमा श्रव्य कार्यक्रम प्रसारण गर्ने रेडियो संस्था सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिको सञ्चार सेवा उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

☹(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

♦(च) "ओ.टि.टि. प्रसारण सेवा" भन्नाले डिजिटल कार्यक्रम वितरक संस्थाबाट प्राप्त गरेको श्रव्य वा श्रव्य दृष्य सामग्री, श्रव्य दृष्य पडकास्ट वा भिडियो सामग्री वा अन्य व्यक्ति वा संस्थाले उत्पादन गरेको गीत, सङ्गित, म्युजिक भिडियो, वृत्तचित्र,

---

♦ बाह्रौं संशोधनद्वारा संशोधित ।

🕯 बाह्रौं संशोधनद्वारा थप ।

☹ दशौं संशोधनद्वारा संशोधित ।

स्वदेशी वा विदेशी चलचित्र जस्ता सामग्रीलाई कम्प्युटर सर्भर तथा स्टोरेजमा भण्डारण तथा व्यवस्थापन गरी त्यस्तो सङ्गहित सामग्री चाहेको बखत चाहेको स्थानबाट ओ.टि.टि. एप्स मार्फत ओ.टि.टि; डिभाइसमा उपभोक्ताको पहुँच दिने सेवा सम्झनु पर्छ र सो शब्दले आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल, एफ.एम. रेडियो वा रेडियो नेटवर्क प्रसारण संस्थाले आफ्नो प्रसारणलाई इन्टरनेटमा आवद्ध उपभोक्ताको ओ.टि.टि. डिभाइसमा ओ.टि.टि. एप्स मार्फत पहुँच दिने सेवा समेतलाई जनाउँछ ।

♦(छ) "डिजिटल कार्यक्रम" भन्नाले आफैंले उत्पादन गरेको श्रव्य, श्रव्य दृष्य वा भिडियो सामग्री वा अन्य व्यक्ति वा संस्थाले उत्पादन गरेको गीत, सङ्गित, म्युजिक भिडियो, वृत्तचित्र, राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुदको प्रत्यक्ष प्रसारण, स्वदेशी वा विदेशी चलचित्र वा विदेशी ओ.टि.टि. को डिजिटल कार्यक्रम लगायतका सामग्रीलाई कम्प्युटर सर्भर वा स्टोरेजमा भण्डारण तथा व्यवस्थापन गरिएको सङ्गहित कार्यक्रम (कन्टेन्ट) सम्झनु पर्छ ।

♦(ज) "डिजिटल कार्यक्रम वितरक" भन्नाले डिजिटल कार्यक्रम वितरण गर्न ओ.टि.टि. सिग्नल वितरणको अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

३. ⌘**इजाजतपत्रको लागि निवेदन दिनु पर्ने :** १) ऐनको दफा ५ बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले इजाजतपत्रको लागि नियम ७ को उपनियम (१) बमोजिमको निवेदन दस्तुर सहित देहायका ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

(क) स्याटेलाइट वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न, डिजिटल प्रविधिमा आधारित

♦ बाह्रौं संशोधनद्वारा संशोधित ।

⌘ छैठौं संशोधनद्वारा संशोधित ।

प्रसारण केन्द्र (डिजिटल हेडइण्ड) स्थापना गरी सिग्नल वितरण गर्न, अन्य व्यक्ति वा संगठित संस्थाले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्न वा एनालग प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न अनुसूची-१ (क) बमोजिमको ढाँचा,

❀(क१) नियम ४ को उपनियम १ को खण्ड (क) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्था आफैंले कार्यक्रम उत्पादन गरी आफ्नो वितरण प्रणालीबाट टेलिभिजन च्यानल प्रसारण गर्न अनुसूचि १ (क१) बमोजिमको ढाँचामा,

(ख) फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुसूची-१ (ख) बमोजिमको ढाँचामा,

(ग) केबुल वा भू-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली (डाइरेक्ट टु होम) मा आधारित भई टेलिभिजन प्रसारण गर्नको लागि अनुसूची-१ (ग) बमोजिमको ढाँचामा ।

♁(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भू-सतही माध्यमबाट टेलिभिजन च्यानल प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले यो नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र अनलाइन, केवल वा भू-उपग्रहमध्ये कुनै एक प्रसारणको माध्यम छनोट गरी सोको इजाजतपत्र प्राप्त गर्न निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि केबुलको माध्यमबाट कार्यक्रम प्रसारण गर्न इजाजतपत्र लिई एनालग प्रविधिमा आधारित सिग्नल वितरण गरेको व्यक्ति वा संगठित संस्थाले उपनियम (१) को खण्ड (क) बमोजिमको इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाबाट सिग्नल प्राप्त गरी केबुलको माध्यमबाट प्रसारण गर्न छुट्टै इजाजतपत्र

❀एघारौं संशोधनद्वारा थप ।

♁ बाह्रौं संशोधनद्वारा थप ।

लिनु पर्ने छैन ।

तर त्यस्तो इजाजतपत्र प्राप्त नगरेको व्यक्ति वा संगठित संस्थाले डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गर्नको लागि इजाजतपत्र प्राप्त अर्को व्यक्ति वा संगठित संस्थाबाट सिग्नल प्राप्त गरी वितरण गर्ने भएमा यस नियम बमोजिम इजाजतपत्र लिनु पर्नेछ ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबलको माध्यमबाट प्रसारण गर्न इजाजतपत्र प्राप्त टेलिभिजन च्यानल, एफ.एम. रेडियो, अनलाइन रेडियो, रेडियो नेटवर्क वा त्यस्तै अन्य प्रसारण संस्थाले आफ्नो प्रसारणलाई ओ.टि.टि. प्रसारण सेवामार्फतसमेत प्रसारण गर्नको लागि ओ.टि.टि. प्रसारण सेवाको छुट्टै इजाजतपत्र लिनु पर्ने छैन ।

४. **इजाजतपत्र दिन सकिने :** (१) नियम २ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिब देखिएमा नियम ७ को उपनियम (२) बमोजिमको इजाजतपत्र दस्तुर लिई देहायको ढाँचामा इजाजतपत्र दिन सक्नेछ :

(क) स्याटेलाइट वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न, डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी सिग्नल वितरण गर्न, अन्य व्यक्ति वा संगठित संस्थाले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्न वा एनालग प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न अनुसूची-२(क) बमोजिमको ढाँचा,

(क१) खण्ड (क) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था आफैँले कार्यक्रम उत्पादन गरी आफ्नो वितरण प्रणालीबाट टेलिभिजन च्यानल प्रसारण गर्न अनुसूची-२ (क१) बमोजिमको

बाह्रौं संशोधनद्वारा थप ।

छैठौं संशोधनद्वारा संशोधित ।

एघारौं संशोधनद्वारा थप ।

ढाँचामा,

(ख) फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुसूची– २(ख) बमोजिमको ढाँचामा

(ग) केबुल वा भू-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणालीमा आधारित भई टेलिभिजन प्रसारण गर्नको लागि अनुसूची-२(ग) बमोजिमको ढाँचामा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउन नसकिने भएमा इजाजतपत्र दिइने छैन ।

❀(३) नियम ३ को उपनियम (१क) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र जारी गर्न उपयुक्त देखिएमा नियम ७ बमोजिम लाग्ने दस्तुरमध्ये निवेदकले भू-सतही माध्यमबाट टेलिभिजन च्यानल प्रसारण गर्ने प्रयोजनको लागि बुझाएको इजाजतपत्र दस्तुर कट्टा गरी नपुग हुन आउने रकम लिई मन्त्रालयले पहिले जारी गरेको इजाजतपत्र खिची अनुसूची-२(क) बमोजिमको ढाँचामा इजाजतपत्र जारी गर्नु पर्नेछ ।

+४क. **डिजिटल प्रणालीमा परिवर्तन गर्नु पर्ने :** यो नियम प्रारम्भ हुनु अघि एनालग प्रणालीद्वारा सिग्नल वितरण गरेका व्यक्ति वा संगठित संस्थाले मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिले देहायको अवधिभित्र एनालग प्रणालीलाई डिजिटल प्रणालीमा परिवर्तन गरी सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ :

⌘(क) काठमाण्डौं महानगरपालिका, विराटनगर, वीरगञ्ज, ललितपुर र पोखरा र उपमहानगरपालिका क्षेत्रमा चार वर्षभित्र,

⌘(ख) खण्ड (क) बाहेकका उपमहानगरपालिका र नगरपालिकाका क्षेत्रमा चार वर्ष छ महिनाभित्र,

(ग) अन्य क्षेत्रमा पाँच वर्षभित्र ।

५. **भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुमतिपत्र लिनु पर्ने :** ऐनको दफा ९ को उपदफा (१) बमोजिमका

❀एघारौं संशोधनद्वारा थप ।

+ छैठौं सशोधनद्वारा थप ।

⌘ आठौं संशोधनद्वारा संशोधित ।

कुने व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी *वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कुनै कार्यक्रम प्रसार गर्न चाहेमा अनुमतिपत्रको लागि नियम ७ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची- ३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

**५क. डाउनलिङ्क गर्न अनुमतिपत्र लिनु पर्नेः** (१) कुनै बिदेशी प्रसारण संस्था वा डिजिटल कार्यक्रम उत्पादकले आफ्नो मुलुकबाट प्रसारण गरेको कुनै कार्यक्रम वा डिजिटल कार्यक्रमलाई नेपालमा डाउनलिङ्क गरी प्रसारण गराउन चाहने व्यक्ति वा संगठित संस्थाले अनुमति पत्रका लागि ७ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची-३(क) बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

**५ख. सिग्नल वितरणको लागि अनुमतिपत्र लिनु पर्नेः** (१) नेपालभित्र कार्यक्रम डाउनलिङ्क गरी प्रसारण गर्न अनुमतिपत्र पाएको विदेशी प्रसारण संस्थाबाट वा डिजिटल कार्यक्रम उत्पादक संस्थाबाट प्रसारण भएका सःशुल्क टेलिभिजन च्यानेल वा डिजिटल कार्यक्रमको सिग्नल वितरण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले अनुमतिपत्रको लागि नियम ७ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची–३ (ख) बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

**५ग. बिदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेञ्चाइज) वा बिदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणको लागि स्वीकृति लिनु पर्नेः** (१) कसैले नेपालभित्रको अनुमति प्राप्त टेलिभिजन च्यानलबाट कुनै विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेञ्चाइज) लिई आफैँले कार्यक्रम उत्पादन गरी नेपालभित्र प्रसारण गर्न चाहेमा वा प्रत्यक्ष प्रसारण हुने विशेष कार्यक्रम वा खेलकुदको प्रत्यक्ष प्रसारण गर्न चाहेमा मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि “फ्रेञ्चाइज” भन्नाले कुनै ब्रान्डको ट्रेडमार्क वा ट्रेडनेम वा मोडालिटी अन्तर्गत रही कुनै व्यक्ति वा प्रसारक संस्था आफैंले कार्यक्रम उत्पादन गर्ने अधिकार सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति लिनको लागि

---

* चौथो संशोधनद्वारा थप ।

 बाह्रौं संशोधनद्वारा थप ।

अनुसूची-५(क) बमोजिमको दस्तुर सहित अनुसूची-३(ग) बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा प्रसारण गरिने प्रत्येक कार्यक्रमको लागि छुट्टा-छुट्टै निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा निवेदकलाई स्वीकृति दिन उपयुक्त देखेमा अनुसूची-५ (ख) बमोजिमको दस्तुर लिई अनुसूची-४(ग) बमोजिमको ढाँचामा विदेशी कार्यक्रमको प्रसारण गर्न स्वीकृति दिनु पर्नेछ ।

(५) यो नियम प्रारम्भ भएपछि कुनै पनि प्रसारण संस्थाले विदेशी कार्यक्रम प्रसारण गर्न पाउने छैन ।

तर यो नियम प्रारम्भ हुँदाका बखत विदेशी कार्यक्रम स्वीकृति प्राप्त गरी कार्यक्रम प्रसारण गरिरहेका प्रसारण संस्थाले त्यस्तो स्वीकृति प्रदान गर्दा निर्धारण गरिएको अवधिसम्म कार्यक्रम प्रसारण गर्न बाधा पर्ने छैन ।

♐**६.** **अनुमतिपत्र दिन सक्नेः** (१) नियम ५, ५क. वा ५ख. बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकले पूरा गर्नुपर्ने शर्त पूरा गरेको र प्राविधिक रूपमा सम्भव भएमा नियम ७ को उपनियम (२) बमोजिमको दस्तुर लिई देहाय बमोजिम अनुमतिपत्र दिन सक्नेछः

(क) स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्नको लागि अनुसूची–४ बमोजिमको ढाँचामा,

(ख) कार्यक्रम डाउनलिङ्क गर्नको लागि अनुसूची-४(क) बमोजिमको ढाँचामा, र

(ग) सिग्नल वितरणको लागि अनुसूची–४(ख) बमोजिमको ढाँचामा ।

❀(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ४ को उपनियम (१) को खण्ड (क) वा (ग) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थालाई सिग्नल वितरणको लागि अनुमतिपत्र दिइने छैन ।

♐ चौथो संशोधनद्वारा संशोधित ।

❀एघारौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम कार्यक्रम डाउनलिङ्क गर्नको लागि अनुमतिपत्र दिनुअघि मन्त्रालयले कार्यक्रम डाउनलिङ्क गरिने प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रमको भाषा तथा विषयवस्तु समेतलाई विचार गर्नेछ ।

(३) उपनियम (१) बमोजिम डाउनलिङ्क गर्न अनुमतिपत्र दिइसकेपछि मन्त्रालयले सो सम्बन्धी सूचना राष्ट्रिय स्तरको कुनै पत्रिकामा प्रकाशन गर्नेछ ।

❀(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम (एम.एम.डि.एस.), डिजिटल टेरेसटिरियल टेलिभिजन (डि.टि.टि.भि.), इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आई.पि.टि.भि.), डि.टि.एच. वा डिजिटल केबलको माध्यमबाट प्रसारण गर्ने इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले यस नियम बमोजिम सिग्नल वितरणको अनुमतिपत्र लिनु पर्ने छैन ।

७. **निवेदन र इजाजतपत्र तथा अनुमतिपत्र बापत लाग्ने दस्तुरः** (१) इजाजतपत्र तथा अनुमतिपत्रको लागि निवेदन दिँदा अनुसूची-५ (क) मा उल्लेख भएबमोजिम दस्तुर लाग्नेछ ।

(२) इजाजतपत्र तथा अनुमतिपत्र दिँदा लाग्ने दस्तुर अनुसूची (५ (ख) मा उल्लेख भएबमोजिम हुनेछ ।

❀**७क. सर्भर राख्नु पर्ने :** (१)♁ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले नेपाल भित्रबाट कसैलाई सदस्य वा ग्राहक बनाउने भएमा वा नेपालभित्रबाट कुनै किसिमले कुनै शुल्क प्राप्त गर्ने भएमा नेपालभित्रै क्यास सर्भरको व्यवस्था गर्नु पर्नेछ ।

(२) ♁ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले उपलब्ध गराएका कार्यक्रम नेपालभित्रबाट उपभोग गर्न चाहने उपभोक्तालाई त्यस्तो संस्था वा व्यक्तिले नेपालभित्रको सर्भरमा रजिष्ट्रेशन गर्न लगाई (युजर बनाई) मात्र प्रसारण गर्ने सामग्रीमा पहुँच दिनु पर्नेछ र हरेक उपभोक्ताको विवरण अद्यावधिक गरी नेपालभित्रकै सर्भरमा राख्नु पर्ने व्यवस्था समेत गर्नु पर्नेछ ।

---

❀एघारौं संशोधनद्वारा थप ।
♁ बाह्रौं संशोधनद्वारा संशोधित ।

(३) ‡ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था र उपभोक्ताबीच भएको हरेक कारोबारको लेखा ग्राहक व्यवस्थापन प्रणाली सर्भरमा सुरक्षित राख्नु पर्नेछ ।

(४) ‡ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले यस नियम बमोजिमको सर्भर नराखेमा मन्त्रालयले इजाजतपत्र ‡रद्द गर्नेछ ।

८. **कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले पालन गर्नु पर्ने शर्तहरू :** इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारण गर्दा नियम ९ को अधिनमा रही देहायका शर्तहरू पालन गर्नु पर्नेछ :

ॐ(क) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था, व्यक्ति वा निजका आधिकारिक वितरकको सहमति लिनु पर्ने,

‡तर निःशुल्क च्यानलको हकमा सहमति लिन आवश्यक पर्ने छैन ।

(ख) एउटा प्रसारण संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र वा अनुमतिपत्र अन्य कुनै व्यक्ति वा संस्थालाई बिक्री गर्न वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्न नपाइने,

(ग) इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कार्यक्रम बाहेकका अन्य कुनै कार्यक्रम प्रसारण वा वितरण गर्न नपाइने,

+(ग१) केबुल वा भू–उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणालीमा आधारित भई टेलिभिजन प्रसारण गर्दा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मापदण्ड बमोजिमको स्टुडियो तथा प्रविधिको प्रयोग गर्नु पर्ने,

---

‡ बाह्रौं संशोधनद्वारा संशोधित ।

ॐ पाँचौ संशोधनद्वारा संशोधित ।

+ छैठौं सशोधनद्वारा थप ।

ॐ पाँचौ संशोधनद्वारा संशोधित ।

✂ सातौं संशोधनद्वारा झिकिएको ।

+ (ग२) डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी अन्य व्यक्ति वा संगठित संस्थालाई सिग्नल बितरण गर्दा यस नियमावली बमोजिम केबुलको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई मात्र वितरण गर्न सक्ने,

+(ग३) अन्य व्यक्ति वा संगठित संस्थाले स्थापना गरेको डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी प्रसारण गर्ने व्यक्ति वा संगठित संस्थाले जसको प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरेको हो सोही इजाजातपत्रवालाले प्रसारणमा प्रयोग गरेको चिन्ह, संकेत वा लोगो (कल साइन) मात्र प्रयोग गर्नु पर्ने,

+(ग४) इजाजतपत्रमा उल्लिखित प्रविधिको प्रयोग गरी इजाजतपत्रमा उल्लिखित स्थानबाट कार्यक्रम प्रसारण गर्नु पर्ने,

+ (ग५) भू-सतही माध्यमबाट टेलिभिजन प्रसारण गर्ने इजाजतपत्र लिएको ❀व्यक्ति वा संगठित संस्थाले केबुल वा भू-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली (डाइरेक्ट टु होम) मार्फत कार्यक्रम वितरण गर्न नपाउने,

+(ग६) डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी सिग्नल वितरण गर्न इजाजतपत्र लिएका ❀व्यक्ति वा संगठित संस्थाले त्यस्तो प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी केबुलको माध्यमबाट कार्यक्रम प्रसारण गर्न इजाजतपत्र लिएका व्यक्ति वा संस्थालाई सिग्नल वितरण गर्न

---

+ छैठौं सशोधनद्वारा थप ।

↗ पाँचौ संशोधनद्वारा संशोधित ।

❀एघारौं संशोधनद्वारा संशोधित ।

❅ चौथो संशोधनद्वारा थप ।

इन्कार गर्न नपाउने,

(घ) प्रसारण संस्थाले नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका प्रसारण संस्थाबाट सञ्चालित कम्तीमा दुईवटा च्यानल प्रसारण गर्नु पर्ने र अन्य नेपाली राष्ट्रिय च्यानलहरूलाई पनि प्रसारणमा प्राथमिकता दिनु पर्ने,

(ङ) आपत्कालीन वा दैवी प्रकोपको समयमा मन्त्रालयबाट निर्देशन भएमा एक पटकमा पाँच मिनेटसम्म र दैनिक ६ घण्टासम्म सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नु पर्ने,

(च) ............

(छ) कार्यक्रम प्रसारण वा वितरण गर्दा कसैको व्यक्तिगत घर कम्पाउण्ड वा सार्वजनिक जग्गा वा सडक, बिजुलीको खम्बा आदि प्रयोग गर्नु पर्ने भए सम्बन्धित व्यक्ति वा निकायसंग सम्झौता गर्नुपर्ने,

(छ१) सःशुल्क च्यानलको सिग्नल माग गर्ने इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई समान रूपमा सिग्नल उपलब्ध गराउनु पर्ने,

(ज) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति र उपभोक्ता बीच कार्यक्रम वितरण तथा उपभोग गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्ने,

(झ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने ।

(झ१) हेडइण्ड शेयरिङ्ग गर्न नमिल्ने,

तर प्राकृतिक तथा मानवीय प्रकोप जस्ता घटनाको कारणले कुनै सेवा प्रदायकले आफ्नो सेवा दिन नसक्ने भएमा सो सम्बन्धमा मन्त्रालयलाई जानकारी गराई अधिकतम छ

सातौं संशोधनद्वारा झिकिएको ।
चौथो संशोधनद्वारा थप ।
एघारौं संशोधनद्वारा संशोधित ।

महिनासम्मको लागि अर्को डिजिटल केबलको सिग्नल लिई सेवालाई निरन्तरता दिने प्रयोजनको लागि हेडइण्ड शेयरिङ्ग गर्न सकिनेछ ।

❀(झ२)नियम ४ को उपनियम (१))को खण्ड (क) र खण्ड (ग) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले सि.ए.एस/एस.एम.एस. को प्रत्येक महिनाको विवरण मन्त्रालयलाई गराई सोको वार्षिक रुपमा प्राविधिक लेखापरीक्षण समेत गराउनु पर्ने,

❀(झ३)🕯ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले आफ्ना नियमहरू, गोपनीयताको नीति, प्रसारकको कम्प्युटर स्रोतको पहुँच वा प्रयोगको लागि प्रयोगकर्ता सम्झौता प्रकाशन गर्नु पर्ने,

❀(झ४)🕯ओ.टि.टि. प्रसारण सेवा गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले प्रसारण गर्ने कार्यक्रममा कुनै कम्प्युटर स्रोतहरूको कार्यक्षमतालाई अवरोध गर्न, नष्ट गर्न वा सीमित गर्न डिजाइन गरिएको सफ्टवेयर भाइरस वा अन्य कुनै कम्प्युटर कोड, फाइलहरू वा प्रोग्रामहरू समावेश गर्नु वा गराउन नहुने,

❀(झ५)इन्टरनेटको माध्यमबाट प्रसारण गर्ने गरी इजाजतपत्र प्राप्त गरेको अनलाइन टेलिभिजनले अन्य वितरण प्रणालीको माध्यमबाट टेलिभिजन कार्यक्रम प्रसारण गर्नु अघि यस नियमावली बमोजिम अनुमति लिनु पर्ने,

❀(झ६) प्रदेश सरकारबाट इजाजतपत्र प्राप्त टेलिभिजनले राष्ट्रियस्तरका वितरण प्रणाली मार्फत नेपालभित्र कार्यक्रम प्रसारण गर्नको लागि मन्त्रालयबाट अनुमति लिनु पर्ने,

❀(झ७)🕯ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न

🕯 बाह्रौं संशोधनद्वारा संशोधित ।
❀एघारौं संशोधनद्वारा थप ।
❀एघारौं संशोधनद्वारा थप ।

इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले आफ्नो वेबसाइटमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर सहितको विवरण राख्नु पर्ने र गुनासो प्राप्त भएको मितिले तीस दिनभित्र गुनासो सुन्ने अधिकारीले प्राप्त गुनासोको सम्बोधन गर्नु पर्ने,

❀(झ८) ♁ओ.टि.टि. प्रसारण सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले कम्तीमा साठी दिनको अवधिको लागि आफूले प्रसारण गरेका सामग्रीहरूको अभिलेख सुरक्षित राख्नु पर्नेछ र अनुसन्धान वा छानबिनको क्रममा मन्त्रालय वा अन्य कुनै सरकारी निकायले अभिलेख माग गरेमा उपलब्ध गराउनु पर्ने,

♁(झ९) ♁ओ.टि.टि. प्रसारण सेवा प्रसारण सेवाको इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले स्थापना गरेको बिलिङ्ग प्रणाली सहित उपभोक्ता व्यवस्थापन प्रणाली (सब्सक्राइबर म्यानेजमेन्ट सिस्टम) मा मन्त्रालयलाई पहुँच दिनु पर्ने र त्यस्तो प्रणालीको रियल टाइम मनिटरिङ गर्न सकिने गरी इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले आवश्यक प्रबन्ध गर्नु पर्ने,

♁(झ१०) डिजिटल कार्यक्रम वितरक संस्थाले सम्बन्धित डिजिटल कार्यक्रमको सर्भर, स्टोरेजजस्ता पूर्वाधारको व्यवस्था नेपालभित्र गरी जुनसुकै वितरण प्रणालीको इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई माग अनुसार डिजिटल कार्यक्रम बिना भेदभाव समान हिसाबले उपलब्ध गराउनु पर्ने,

(ञ) मन्त्रालयले आवश्यक सम्झी तोकी दिएका अन्य शर्तहरू पालन गर्नु पर्ने ।

९. **प्रसारण गर्न नपाउनेः** कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले देहायका विषयका कुनै कार्यक्रम प्रसारण गर्न पाउने छैन :

(क) ⊠............

♁ बाह्रौं संशोधनद्वारा संशोधित ।

(ख) नेपाल ⊠...... को सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

(ग) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

(घ) नेपाल ⊠...... को सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने,

(ङ) बिभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने,

(च) अदालतको अवहेलना हुने,

(छ) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू,

(ज) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू,

(झ) ✂............

❋९क. **कार्यक्रम प्रसारण प्रारम्भ गर्नु पर्नेः** (१) इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले बाह्र महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र वा अनुमतिपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सो को आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा मन्त्रालयले छ महिनासम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संगठित संस्थाको इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

१०. **विवरण दर्ता गर्नु पर्नेः** १) इजाजतपत्र तथा अनुमतिपत्रको विवरण मन्त्रालयले अनुसूची-६ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

⊠ चौथो संशोधनद्वारा झिकिएको ।

✂ सातौं संशोधनद्वारा झिकिएको ।

❋ चौथो संशोधनद्वारा थप ।

(२) इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेखित कुनै विवरण नियम १५ बमोजिम बदलिएमा वा इजाजतपत्र तथा अनुमतिपत्रको नवीकरण भएमा समेत मन्त्रालयले उपनियम (१) बमोजिमको दर्ता किताबमा सो व्यहोरा जनाई राख्नु पर्नेछ ।

**१०क.** ❖ ..................

**११.** ↗ **प्रसारण तथा वितरण शुल्कः** (१) कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण शुल्क वापत +आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

→तर, आफैले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो प्रसारण गर्ने संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको एक प्रतिशतको दरले हुन आउने रकम प्रसारण शुल्क बापत बुझाउनु पर्नेछ ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "कुल आम्दानी" भन्नाले अनुमतिपत्र वा इजाजतपत्रसँग सम्बन्धित कार्य गरे वापत प्रसारण संस्थालाई प्राप्त हुने जुनसुकै आय सम्झनुपर्छ ।

+(१क) उपनियम (१) बमोजिमको अवधिभित्र कुनै प्रसारण संस्था वा व्यक्तिले प्रसारण वा वितरण शुल्क नबुझाएमा सो अवधि पछि प्रत्येक महिनाको लागि दुई प्रतिशतले थप दस्तुर लाग्नेछ ।

(१ख) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ५ख. बमोजिम सिग्नल वितरणको अनुमति पत्र लिएको व्यक्ति वा संस्थाले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण वा वितरण शुल्क वापत आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

इजाजतपत्र नवीकरणका लागि आफूले सिग्नल बितरण

---

❖ पहिलो संशोधनबाट थप र दोस्रो संशोधनद्वारा खारेज ।

↗ पाँचौ संशोधनद्वारा संशोधित ।

\+ छैठौं सशोधनद्वारा थप ।

→ नवौं संशोधनद्वारा संशोधित

एघारौं संशोधनद्वारा संशोधित

\+ छैठौं सशोधनद्वारा थप ।

बाह्रौं सशोधनद्वारा संशोधित ।

गरेको प्रत्येक च्यानलको दश हजार रुपैयाँ प्रसारण तथा वितरण शुल्क वापत नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

(२) ❀उपनियम (१), वा (१क) वा (१ख) बमोजिम प्रसारण शुल्क बुझाउँदा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन प्रसारण शुल्क साथ पेश गर्नु पर्नेछ ।

(३) ⋇ ................

(४) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले उपभोक्तासंग लिनुपर्ने शुल्क त्यस्तो संस्था वा व्यक्तिको वास्तविक रूपमा हुन गएको खर्च समेतका आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. <u>प्रसारण समय उपलब्ध गराउन सकिने:</u>** ऐनको दफा १२ बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न चाहने विदेशी प्रसारण सस्था वा सञ्चार माध्यमलाई नियम ९ को अधीनमा रही कार्यक्रम प्रसारण गर्ने समय उपलब्ध गराउन सकिनेछ ।

**१३. <u>विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिने:</u>** कसैले ऐनको दफा १४ बमोजिम कुनै विज्ञापन प्रसारण गर्न चाहेमा त्यस्तो व्यक्ति, संस्था वा निकायबाट लिइने विज्ञापन दस्तुर सो विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउने प्रसारण संस्था वा व्यक्तिको उक्त विज्ञापन प्रसारण गर्दा खास हुन जाने खर्च र सार्क मुलुकका प्रसारण संस्थाहरूले लिने विज्ञापन दस्तुर समेतलाई आधार मानी मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

**१४. <u>प्रसारणसम्बन्धी कार्य बन्द गर्न सक्ने:</u>** इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कुनै कारणवश आफूले प्रसारण गर्दै आएको प्रसारणसम्बन्धी कार्य बन्द गर्न चाहेमा सो कुराको लिखित जानकारी एक महिना अगावै मन्त्रालयलाई दिनु पर्नेछ र मन्त्रालयले पनि सो व्यहोरा नियम १० बमोजिमको दर्ता किताबमा जनाउनु पर्नेछ ।

🕯**१४क.<u>इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न निबेदन दिन सक्ने:</u>** (१) इजाजतपत्र वा अनुमतिपत्र प्राप्त प्रसारण संस्थाले आफूले प्राप्त गरेको इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न चाहेमा रद्द गर्नुपर्नाको -स्पष्ट कारण उल्लेख गरी मन्त्रालय समक्ष अनुसूची-६(क) बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

---

❀बाह्रौं सशोधनद्वारा संशोधित ।
⋇ छैठौं सशोधनद्वारा झिकिएको
🕯 बाह्रौं संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न निवेदन पेस गर्दा पछिल्लो आर्थिक वर्षमा बुझाएको प्रसारण तथा वितरण शुल्कलाई आधार मानी प्रत्येक आर्थिक वर्षको लागि सो शुल्कको पचहत्तर प्रतिशत रकम धरौटी बापत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको एकल खाता कोष अन्तर्गतको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम धरौटीको हिसाब गर्दा पछिल्लो आर्थिक वर्षमा जे जति महिनाको कारोबारको प्रसारण तथा वितरण शुल्क बुझाउन बाँकी रहेको छ सो बापत उपनियम (२) बमोजिम बुझाउनु पर्ने पचहत्तर प्रतिशतको मासिक दामासाहीले हुन आउने रकम धरौटीको रुपमा जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र वा अनुमति पत्र रद्द गर्न मनासिब रहेको र उपनियम (२) बमोजिमको धरौटी जम्मा गरेको देखिएमा मन्त्रालयले इजाजतपत्रवाला वा अनुमतिपत्रवालासँग कुनै राजस्व वा जरिबाना असुल गर्न बाँकी भए सो समेत असुल उपर गरी त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र रद्द गरिएको जानकारी पन्ध्र दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

**१५. <u>विवरण बदल्न सक्ने</u>:** (१) कसैले इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लिखित कुनै विवरण बदल्न चाहेमा पाँचसय रूपैयाँ दस्तुर सहित अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

<sup></sup>[५]**स्पष्टीकरण :** यस नियमको प्रयोजनको लागि "विवरण" भन्नाले इजाजतपत्र वा अनुमतिपत्रमा उल्लिखित नाम, थर, ठेगाना जस्ता सामान्य विवरण सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा मन्त्रालयले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**❁१५क. स्थानान्तरण वा स्याटेलाइटसँग सम्बन्धित विवरण संशोधन नगरिने:** नियम १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ९क. को उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ नगरेसम्म

[५] पाँचौं संशोधनद्वारा थप ।
❁ एघारौं संशोधनद्वारा थप ।

त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाको इजाजतपत्र वा अनुमतिपत्रमा उल्लिखित स्थानान्तरण, क्षमता वा स्याटेलाइटसँग सम्बन्धित विवरणमा संशोधन गरिने छैन ।

१६. **इजाजतपत्र तथा अनुमतिपत्रको अवधि र नवीकरण दस्तुर:** ↗(१) इजाजतपत्र तथा अनुमतिपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

ß(२) इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गराउन चाहने प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र वा अनुमतिपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नियम ११ बमोजिम बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको प्रसारण तथा वितरण शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

↗(३) उपनियम (२) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले इजाजतपत्र वा अनुमतिपत्र दिँदा लाग्ने दस्तुरको दश प्रतिशतले हुने रकम लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

✵ .......

(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७९/८० सम्म नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल, एफ.एम. रेडियो वा रेडियो नेटवर्क प्रसारण गर्ने व्यक्ति वा सङ्गठित संस्थाले आर्थिक वर्ष २०८०/८१ को नवीकरणको लागि यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र निवेदन दिएमा आर्थिक वर्ष २०८०/८१ को लागि लाग्ने नवीकरण बापतको जरिबानामा पूर्ण छुट हुनेछ ।

(३ख) उपनियम (३क) बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा रित पुगेको नपाइएमा मन्त्रालयले निवेदकलाई यो उपनियम प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र रित पूरा गर्न लगाई तीस दिनभित्र उपनियम (३क) बमोजिम नवीकरण गरिदिनु पर्नेछ ।”

(४) उपनियम (२) बमोजिमको म्याद भुक्तान भएपछि

---

↗ चौथो संशोधनद्वारा संशोधित ।
ß तेस्रो संशोधनद्वारा संशोधित ।
तेस्रो संशोधनद्वारा थप ।
✵ बाह्रौं संशोधनद्वारा झिकिएको ।
बाह्रौं सशोधनद्वारा संशोधित ।
एघारौं संशोधनद्वारा थप ।

इजाजतपत्र वा अनुमतिपत्र ‡नवीकरण दस्तुरको पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौँ एक महिनासम्म शत प्रतिशत जरिवानासमेत लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ। ६ महिनाभित्र पनि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(४क) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगरेका आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो प्रसारण गर्ने मितिले प्रसारण संस्थाले इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न चाहेमा- यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र मन्त्रालयमा उपनियम (२) बमोजिम निवेदन दिन सक्नेछ।

(४ख) उपनियम (४क) बमोजिमको निबेदन पर्न आएमा मन्त्रालयले यस नियम बमोजिमको दस्तुर र नियम ११ को उपनियम (१) बमोजिमको प्रसारण तथा वितरण शुल्क र सो दस्तुर तथा शुल्क बराबरको जरिबाना रकम लिई नवीकरण गरी दिनेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र वा अनुमतिपत्र प्राप्त कुनै प्रसारण संस्था वा व्यक्तिले बढीमा ५ बर्षको लागि एकै पटक इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न चाही मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले प्रत्येक बर्षको लागि उपनियम (३) बमोजिमको दस्तुर लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरिदिन सक्नेछ। यसरी एक वर्षभन्दा बढी अवधिको लागि एकैपटक इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्दा लाग्ने दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ।

---

‡ बाह्रौं संशोधनद्वारा थप।

नेपालमा रेडियो यन्त्र राख्ने, बनाउने र प्रयोग गर्ने काम कार्यहरूलाई नियन्त्रित र नियमित गरी ❖शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सदाचार कायम राख्न वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "रेडियो ऐन, २०१४" रहेकोछ ।

---

←यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❖ केही नेपाल कानुन (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

(२) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका मितिदेखि प्रारम्भ हुने छ ।[⌘]

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

[●](क) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्सन बिना रेडियो तरङ्गद्वारा शब्द, चित्र वा सङ्केत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायका यन्त्रहरू सम्झनुपर्छ :-

(१) डिस एण्टेना लगायत सबै प्रकारका सेटेलाइट, रिसिभिङ सिस्टमहरू,

(२) रेडियो स्पेक्ट्रमअन्तर्गतपर्ने ३० किलोहर्जदेखि ३००० गिगाहर्ज फ्रिक्वेन्सीसम्मका देहायकाः-

(क) एल. एफ., एम. एफ., एच. एफ., भी. एच. एफ., यू. एच. एफ., एस. एच. एफ., ई. एच. एफ. ट्रान्समिटर एवं सञ्चार साधनहरू,

(ख) रेडियो ट्रान्समिटर,

(ग) टेलिभिजन ट्रान्समिटर,

(घ) वायरलेस ट्रान्समिटर,

(ङ) वाकिटकि,

(च) कर्डलेस टेलिफोन,

(छ) भिडियो सेण्डर,

(ज) एमेच्योर रेडियो,

(झ) इन्मासार्टलगायत सबै प्रकारका सेटेलाइट सञ्चार साधनहरू,

(३) कर्डलेस माइक्रोफोन,

(४) रेडियो कन्ट्रोल खेलौना तथा मोडेलहरू,

---

⌘ मिति २०१६।९।१३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार २०१६।९।१६ देखि ऐन प्रारम्भ हुने गरी तोकिएको ।

● पहिलो संशोधनद्वारा संशोधित ।

(५) रेडियो रिसिभर, टेलिभिजन रिसिभर, भिडियो मनिटर, र

(६) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी रेडियो यन्त्र भनी तोकिदिएको यन्त्रहरू ।

(ख) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिमको सम्झनुपर्छ ।

३. लाइसेन्स नलिई रेडियो यन्त्र राख्न, बनाउन र प्रयोग गर्न नपाउने : दफा ४ मा अन्यथा लेखिएदेखि बाहेक कुनै व्यक्तिले यो ऐनबमोजिम लाइसेन्स नलिई रेडियो यन्त्र राख्न, बनाउन वा प्रयोग गर्न हुँदैन ।

⁂ तर दूरसन्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुपतिपत्र प्राप्त व्यक्ति वा त्यस्तो व्यक्तिमार्फत दूरसञ्चार सेवा उपयोग गर्ने ग्राहकले दूरसन्चार सेवासम्बन्धी रेडियो यन्त्र राख्न, बनाउन वा प्रयोग गर्नको लागि यस ऐनबमोजिम लाइसेन्स लिनुपर्ने छैन ।

४. कुनै व्यक्ति वा संस्था वा रेडियो यन्त्रका सम्बन्धमा कुनै यो ऐन लागू नहुने गर्न नेपाल सरकारको अधिकार : यो ऐनअन्तर्गत नियम बनाई नेपाल सरकारले केही सर्त तोकी वा नतोकी कुनै व्यक्ति वा संस्थाको सम्बन्धमा वा तोकिएबमोजिमको कुनै रेडियो यन्त्रका सम्बन्धमा यो ऐनको कुराहरू लागू नहुने गर्न सक्छ ।

५. लाइसेन्स प्राप्त गर्ने तरीका : (१) यो ऐनअन्तर्गत लाइसेन्स प्राप्त गर्न चाहने कुनै व्यक्तिले तोकिएको दस्तुरसहित तोकिएको ढाँचाको दरखास्त नेपाल सरकार वा नेपाल सरकारबाट तोकिएको अधिकारीछेउ दिनुपर्छ त्यस्तो दरखास्त दाखिल भएपछि अवस्थाअनुसार नेपाल सरकार वा नेपाल सरकारबाट तोकिएको अधिकारीले * ... ... ... ... तोकिएको ढाँचाको लाइसेन्स दिन सक्छ ।

(२) उपदफा (१)अन्तर्गत दिइएको प्रत्येक लाइसेन्सको अवधि र त्यसलाई रिन्यु गर्ने तरीका र त्यसरी रिन्यु गर्दा लाग्ने

---

⁂ सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

दस्तुर तोकिएबमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दाखिल गरेको दरखास्तमा मागिएबमोजिमको लाइसेन्स दिन नेपाल सरकारबाहेक नेपाल सरकारबाट तोकिएको अरु अधिकारीले अस्वीकार गरेमा त्यसबाट मर्कापर्ने व्यक्तिले सो अस्वीकारी आदेश प्राप्त भएका मितिले ३५ दिनभित्र सो आदेश उपर नेपाल सरकारछेउ पुनरावेदन दिन सक्छ र त्यस्तो पुनरावेदन परेकोमा नेपाल सरकारबाट भएको निर्णय अन्तिम हुनेछ ।

[♈]६. सजाय : (१) कसैले दफा (३) बमोजिम लाइसेन्स नलिई रेडियो यन्त्र राखेमा, बनाएमा वा प्रयोग गरेमा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीले त्यस्तो रेडियो यन्त्र जफत गरी रेडियो यन्त्र राख्ने, बनाउने वा प्रयोग गर्ने व्यक्तिलाई रेडियो यन्त्रको बिगो कायम गरी बिगोबमोजिम जरिबाना गर्नेछ ।

(२) कसैले उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत अन्य काम गरेमा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीले त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको सजाय हुने काम पुनः गरेमा त्यस्तो व्यक्तिलाई सुरु सजायको दोब्बर सजाय हनेछ ।

७.[♈] प्रमुख जिल्ला अधिकारीले खान तलासीको वारेण्ट जारी गर्न सक्ने : (१) यो ऐनअन्तर्गत सजाय हुने कसूरसँग सम्बन्धित कुनै रेडियो यन्त्र कुनै घर जग्गा वा कुनै किसिमको सवारीमा छ भन्ने शङ्का हुने मनासिब कारण भएमा [♈]प्रमुख जिल्लाअधिकारीले जुनसुकै समयमा सो घर जग्गा वा सवारीको खानतलासी गर्ने वारेन्ट जारी गर्न सक्छ ।

(२) उपदफा (१)अन्तर्गत खानतलासी गर्ने वारेण्ट प्राप्त अधिकृतले सो वारेण्टमा उल्लेख भएको कुनै घर जग्गा वा सवारीमा प्रवेश गर्न र यो ऐनअन्तर्गत सजाय हुने कसूरसँग सम्बन्धित भनी आफूलाई शङ्का लागेको कुनै रेडियो यन्त्रउपर कब्जा गर्न सक्छ ।

८. जफत भएको रेडियो यन्त्र नेपाल सरकार लाग्ने : दफा ६ को उपदफा (२)अन्तर्गत जफत भएका सबै रेडियो यन्त्र र बेवारिस

♈ सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा संशोधित ।

रेडियो यन्त्र नेपाल सरकार लाग्नेछ ।

*९. पुनरावेदन : दफा ६ बमोजिम नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णयउपर कसैको चित्त नबुझेमा निजले सो निर्णयउपर उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१०. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य पूर्ति गर्नको निमित्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरूमा देहायका कुराहरूसमेतको व्यवस्था हुन सक्छ ।

(क) ⋉............................

(ख) यो ऐन लागू नहुने व्यक्ति वा संस्थाहरू,

(ग) लाइसेन्स दिने, रिन्यु गर्ने, स्थगित गर्ने र रद्दी गर्ने कार्यविधि र सर्त लाइसेन्सको ढाँचा र लाइसेन्स दिँदा र रिन्यू गर्दा लाग्ने दस्तुर,

(घ) रेडियो यन्त्रका व्यापारीहरूले प्राप्त गरेका, र बिक्री वितरण गरेका, आफूसाथ राखेका रेडियो यन्त्रहरूको लगत राख्ने,

(ङ) रेडियो यन्त्र बनाउने वा त्यसका व्यापारीहरूले रेडियो यन्त्र बनाउँदा वा बिक्री वितरण गर्दा पालन गर्नुपर्ने सर्तहरू, र

(च) यो ऐनबमोजिम तोक्नुपर्ने अरू कुराहरू ।

(३)⋉ .........................

* पहिलो संशोधनद्वारा संशोधित ।

⋉ पहिलो संशोधनद्वारा झिकिएको ।

द्रष्टव्य :

१. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-
"श्री ६ को सरकार" को सट्टा "नेपाल सरकार"

२. न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरू:-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

मिति २०७९।९।२० गते अद्यावधिक गरेको ।

# रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०४९।४।१२

संशोधन

१. रेडियो सञ्चार लाइसेन्स (पहिलो संशोधन) नियमावली, २०६३ २०६३।४।८

२. रेडियो सञ्चार लाइसेन्स (दोस्रो संशोधन) नियमावली, २०६४ २०६४।५।३१

३. रेडियो सञ्चार लाइसेन्स (तेस्रो संशोधन) नियमावली, २०६५ २०६५।१२।१७

४. रेडियो सञ्चार लाइसेन्स (चौथो संशोधन) नियमावली, २०७७ २०७७।०३।२९

५. रेडियो सञ्चार लाइसेन्स (चौथो संशोधन) नियमावली, २०७८ २०७९।०९।५

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, (क) "ऐन" भन्नाले रेडियो ऐन, २०१४ सम्झनुपर्छ।

(ख) "लाइसेन्स" भन्नाले नियम ४ बमोजिम दिइने रेडियो यन्त्रको लाइसेन्स सम्झनुपर्छ।

(ग) "लाइसेन्स दिने अधिकारी" भन्नाले नेपाल सरकार, सञ्चार मन्त्रालयले तोकिदिएको अधिकारी सम्झनुपर्छ।

(घ) "स्याटेलाइट रिसिभिङ सिस्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डलबाहिर रहने वा रहेको एक वा एकभन्दा बढी भू-उपग्रहहरू वा अन्तरिक्ष स्टेसनबाट सञ्चार प्राप्त गर्ने डिस एन्टेना लगायतका सञ्चार प्रणाली सम्झनुपर्छ।

(ङ) "एमेच्योर रेडियो" भन्नाले व्यक्तिगत लाभको उद्देश्य नराखी रेडियो

प्रविधिसम्बन्धी आत्म-शिक्षा तथा अन्वेषणको उद्देश्यले इजाजत प्राप्त व्यक्तिहरूको बिच सञ्चार आदान प्रदान गर्न प्रयोग गरिने रेडियो यन्त्र सम्झनुपर्छ।

(च) "कर्डलेस टेलिफोन" भन्नाले घर वा कम्पाउण्डको सिमित दूरीभित्र सार्वजनिक टेलिफोन सेट विस्तारको लागि प्रयोग गरिने रेडियो यन्त्र सम्झनुपर्छ।

(छ) "स्याटेलाइट कम्युनिकेसन सिस्टम" भन्नाले एक वा एकभन्दा बढी भू-उपग्रहहरूको प्रयोग गरी रेडियो सञ्चार आदान प्रदान गर्न सकिने पृथ्वीको धरातल वा वायुमण्डलको अधिकांश भागभित्र अवस्थित सञ्चार प्रणालीलाई सम्झनुपर्छ।

(ज) "स्टेसन" भन्नाले रेडियो यन्त्र तथा तत्सम्बन्धी उपकरणहरू जडान भएको ठाउँ सम्झनुपर्छ।

३. लाइसेन्स लिनुपर्ने : (१) नियम १८ बमोजिम लाइसेन्स लिनु नपर्ने रेडियो यन्त्र बाहेक अन्य सबै प्रकारका रेडियो यन्त्र राख्न, प्रयोग गर्न, उत्पादन गर्न वा बिक्री वितरण गर्न वा एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनका लागि लाइसेन्स लिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम लाइसेन्स लिन चाहने व्यक्तिले देहायबमोजिम लाइसेन्स दिने अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछः-

(क) स्याटेलाइट रिसिभिङ सिस्टम वा स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन) र कर्डलेस टेलिफोनको लागि क्रमशः अनुसूची-१ (क) र अनुसूची-१ (ख) बमोजिमको ढाँचामा,

(ख) खण्ड (क) मा उल्लेख भएदेखि बाहेकका अन्य सबै प्रकारका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि अनुसूची-१ (ग) बमोजिमको ढाँचामा,

(ग) एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनको लागि अनुसूची-१ (घ) बमोजिमको ढाँचामा,

(घ) रेडियो यन्त्र उत्पादनको लागि अनुसूची-२ बमोजिमको ढाँचामा, र

(ङ) रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि अनुसूची-३ बमोजिमको ढाँचामा।

४. लाइसेन्स दिनुपर्ने : (१) नियम ३ बमोजिम प्राप्त भएको दरखास्तमा आवश्यक जाँचबुझ गरी लाइसेन्स दिने अधिकारीले नियम ९ मा उल्लिखित दस्तुर लिई देहायबमोजिम दरखास्तवालालाई लाइसेन्स दिनुपर्नेछ :

(क) स्याटेलाइट रिसिभिङ सिस्टम वा स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन) र कर्डलेस टेलिफोनको लागि क्रमशः अनुसूची-४(क) र अनुसूची-४(ख) बमोजिमको ढाँचामा,

(ख) खण्ड (क) मा उल्लेख भएदेखि बाहेकका अन्य सबै प्रकारका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि अनुसूची-४(ग) बमोजिमको ढाँचामा,

(ग) एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनको लागि अनुसूची-४(घ) बमोजिमको ढाँचामा,

(घ) रेडियो यन्त्र उत्पादन गर्नको लागि अनुसूची-५ बमोजिमको ढाँचामा र

(ङ) रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि अनुसूची-६ बमोजिमको ढाँचामा।

(२) उपनियम (१) बमोजिम लाइसेन्स दिँदा सार्वजनिक सञ्चार सेवामा प्रतिकूल असरपर्ने गरी दरखास्तवालालाई लाइसेन्स दिइने छैन।

(३) उपनियम (१) बमोजिम लाइसेन्स दिँदा लाइसेन्सवालाले पालना गर्नुपर्ने आवश्यक सर्तहरू समेत तोकी दिन सक्नेछ।

५. स्याटेलाइट रिसिभिङ सिस्टम : लाइसेन्स दिने अधिकारीले स्याटेलाइट रिसिभिङ सिस्टमको लाइसेन्स व्यक्तिगत वा सामूहिक रूपमा प्रयोग गर्न पाउने गरी दिन सक्नेछ।

६. एमेच्योर रेडियो : (१) लाइसेन्स दिने अधिकारीले देहायका योग्यता पुगेका व्यक्तिलाई एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिन सक्नेछः-

(क) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) नेपाली र अङ्ग्रेजी दुवै भाषामा राम्रो बोल्न, लेख्न सक्ने,

(ग) नेपाल सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृत पाठ्यक्रमबमोजिम लिएको लिखित तथा मौखिक परीक्षामा उत्तीर्ण गरेको।

(२) नेपाल सरकार, सञ्चार मन्त्रालयले उचित ठानेमा विदेशी नागरिकलाई समेत छोटो अवधिको लागि एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिन सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम लाइसेन्स दिँदा लाइसेन्सको तह, श्रेणी र रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग र अपरेटिङ स्टाण्डर्ड नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकेबमोजिमको हुनेछ।

७. कर्डलेस टेलिफोन : लाइसेन्स दिने अधिकारीले उचित ठहऱ्याएमा नियम १८

को खण्ड (ख) मा उल्लेख भएका कर्डलेस टेलिफोन बाहेक अन्य कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्न पाउने गरी कर्डलेस टेलिफोनको लाइसेन्स दिन सक्नेछ।

८. स्याटेलाइट कम्युनिकेसन सिस्टमः लाइसेन्स दिने अधिकारीले पर्वतारोहण अन्वेषण तथा यस्तै प्रकारका जोखिमपूर्ण विशेष काममा संलग्न व्यक्ति वा टोलीलाई निश्चित अवधिको लागि तोकिएको प्रयोजनको लागि मात्र स्याटेलाइट कम्युनिकेसन सिस्टम राख्न तथा प्रयोग गर्न पाउने गरी स्याटेलाइट कम्युनिकेसन सिस्टमको लाइसेन्स दिन सक्नेछ।

☑ ८क कागजात पेस गर्न नपर्नेः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिम लाइसेन्स लिन चाहने व्यक्तिले दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात पेस गर्न नसक्ने कारण जनाई यो नियम प्रारम्भ भएको सात दिनभित्र दरखास्त दिएमा र सो व्यहोरा जाँचबुझ गर्दा मनासिब देखिएमा लाइसेन्स दिने अधिकारीले त्यस्तो कागजात नभए पनि दरखास्तवालालाई रेडियो यन्त्रको लाइसेन्स दिन सक्नेछ।

९. लाइसेन्स दस्तुर : रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न उत्पादन वा बिक्री वितरण गर्न वा एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लागि दिइने लाइसेन्सको दस्तुर अनुसूची-७ मा उल्लेख भएबमोजिम हुनेछ।

१०. लाइसेन्सको अवधि र नवीकरणः (१) लाइसेन्सको अवधि एक आर्थिक वर्षसम्म बहाल रहनेछ।

(२)लाइसेन्स नवीकरण गराउन चाहने व्यक्तिले लाइसेन्स बहाल रहने अवधि भुक्तान नहुँदै नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा लाइसेन्स दिने अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम लाइसेन्स नवीकरणको लागि पर्न आएको दरखास्तउपर लाइसेन्स दिने अधिकारीले नियम ९ बमोजिम लाग्ने दस्तुरको आधा दस्तुर लिई त्यस्तो लाइसेन्स नवीकरण गरी दिन सक्नेछ।

✓तर आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ. एम. रेडियो र सो अन्तर्गत प्रयोग हुने सम्पूर्ण प्रकारका लिंक तथा सिरिभर जस्ता

---

☑ दोस्रो संसोधनद्वारा थप।

✓ पाँचौं संसोधनद्वारा थप।

लाइसेन्सको सम्बत २०७८ साल असार मसान्तसम्म नवीकरण गरेको भए त्यस्तो संस्था वा व्यक्तिले आर्थिक वर्ष २०७८/७९ को लागि लाग्ने नवीकरण दस्तुरमा पूर्ण छुट पाउनेछ।

(४) उपनियम (२) बमोजिमको म्याद भुक्तान भएपछि लाइसेन्स नवीकरण गर्न आएमा पहिलो एक महिना सम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौँ एक महिनासम्म शत प्रतिशत जरिबानासमेत लिई लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स नवीकरण गरिदिनेछ। ६ महिनाभित्र पनि लाइसेन्स नवीकरण नगराएमा त्यस्तो लाइसेन्स स्वतः रद्द हुनेछ।

♦(४क.) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म लाइसेन्स नवीकरण नगराएको व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो लाइसेन्स नवीकरण गराउन लाइसेन्स दिने अधिकारीसमक्ष दरखास्त दिन सक्नेछ।

♦(४ख.) उपनियम (४क) बमोजिमको दरखास्त प्राप्त भएमा लाइसेन्स दिने अधिकारीले उपनियम (३) बमोजिम लाग्ने नवीकरण दस्तुर,उपनियम (४) बमोजिम लाग्ने शत प्रतिशत जरिवाना र सो जरिवाना रकम बराबरको थप जरिवाना लिई त्यस्तो लाइसेन्स नवीकरण गरिदिनेछ।

(५) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि छोटो अवधिको निमित्त दिइने लाइसेन्स सो लाइसेन्समा उल्लेखित अवधिसम्म मात्र बहाल रहनेछ।

११. लाइसेन्स दस्तुर नवीकरण दस्तुर नलाग्नेः देहायका सङ्घ, संस्थान, निकाय, नियोग वा कार्यालयले प्रयोग गर्ने रेडियो यन्त्रहरूमा नियम ९ र १० बमोजिम लाग्ने लाइसेन्स दस्तुर तथा नवीकरण दस्तुर लाग्ने छैनः-

(क) नेपाल सरकारको मन्त्रालय, विभाग, कार्यालय, आयोजना आदि।

(ख) नेपाल सरकार, सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीबमोजिम लाइसेन्स दस्तुर तथा नवीकरण दस्तुर नलाग्ने भनी तोकिदिएको अन्य सङ्घ, संस्था, निकाय नियोग वा व्यक्ति।

१२. विवरण बदल्नुपरेमाः (१) यस नियमावलीबमोजिम प्राप्त लाइसेन्समा उल्लेखित विवरण बदल्नुपरेमा लाइसेन्सवालाले अनुसूची-९ बमोजिमको ढाँचामा लाइसेन्स दिने अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ।

---

‡ पहिलो संशोधनद्वारा थप भई तेस्रो संसोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिम लाइसेन्सको विवरण बदल्नको निमित्त एक सय रुपैयाँ दस्तुर लाग्नेछ।

१३. नामसारीः (१) लाइसेन्स प्राप्त रेडियो यन्त्र बिक्री गरेमा वा अन्य तवरले हक छाडेमा हक छाड्ने र हक पाउने दुवैले सो भए गरेको मितिले पैंतीस दिनभित्र लाइसेन्स दिने अधिकारीसमक्ष अनुसूची-१० बमोजिमको ढाँचामा रेडियो यन्त्र नामसारीको निमित्त दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम नामसारीको दरखास्त प्राप्त भएपछि नामसारीबाट हक प्राप्त गर्ने व्यक्ति त्यस्तो लाइसेन्स पाउन उपयुक्त देखिएमा लाइसेन्स दिने अधिकारीले सोहीबमोजिम नामसारी गरिदिई आफ्नो कार्यालयमा रहेको लाइसेन्सको विवरण समेत दुरुस्त राख्नुपर्नेछ।

१४. निरीक्षण गर्न सक्नेः (१) लाइसेन्स दिने अधिकारीले तोकेको अधिकारीले दरखास्तको विवरण वा लाइसेन्सवालाले पालना गर्नुपर्ने सर्तहरू पालना गरे नगरेको सम्बन्धमा निरीक्षण तथा छानबिन गर्न सक्नेछ।

(२)उपनियम (१) बमोजिम निरीक्षण गर्दा कुनै कैफियत देखिएमा त्यस्तो कैफियत सुधार गर्न एक पटक मनासिब माफिकको मौका दिइनेछ।

(३) उपनियम (२) बमोजिमको मौका दिँदा पनि त्यस्तो कैफियत सुधार गरेको नदेखिएमा निरीक्षण गर्ने अधिकारीको सिफारिसमा लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स रद्द गर्न सक्नेछ।

१५. मनिटरिङ गर्न सक्नेः यस नियम वा लाइसेन्समा तोकिएका सर्तहरूबमोजिम रेडियो फ्रिक्वेन्सीहरूको उचित प्रयोग भए नभएको वा कुनै प्रकारको अनधिकृत प्रयोगसमेत भएको भए सो समेत पत्ता लगाई कार्यबाही गर्न गराउन लाइसेन्स दिने अधिकारीले मनिटरिङको व्यवस्था गर्न, गराउन सक्नेछ।

१६. विवरण राख्नुपर्नेः (१) यस नियमावलीबमोजिम रेडियो यन्त्र बिक्री वितरण गर्न लाइसेन्स प्राप्त गर्नेले सो बिक्री वितरण गरेको मिति, रेडियो यन्त्रको किसिम, खरिद कर्ताको नाम तथा स्थायी ठेगानासहितको विवरण स्पष्ट खुल्ने गरी रजिष्टर राख्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्रत्येक ६ महिनामा लाइसेन्स दिने अधिकारीसमक्ष पठाउनुपर्नेछ।

१७. लाइसेन्सको प्रतिलिपि दिनेः यस नियमावलीबमोजिम जारी गरिएको लाइसेन्स हराएमा वा दैवीप्रकोप परी मासिएमा वा पूरानो भई च्यातिएमा वा नवीकरण गर्ने ठाउँ समाप्त भई फेर्नुपर्ने भएमा लाइसेन्स दिने अधिकारीले एक सय रुपैयाँ

दस्तुर लिई त्यस्तो लाइसेन्सको प्रतिलिपि दिन सक्नेछ।

१८. लाइसेन्स लिनु नपर्नेः देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स लिनुपर्ने छैन :

(क) रेडियो वा टेलिभिजन प्रसारणहरू सुन्ने वा सुन्ने देखिने संयन्त्रहरू,

(ख) नेपाल सरकार, सञ्चार मन्त्रालयले स्तर निर्धारण गरी निश्चित गरी दिएको रेडियो कन्ट्रोल खेलौना, कर्डलेस माइक्रोफोन र ३० मिटर दूरीभन्दा कम क्षमताको कर्डलेस टेलिफोन, र

(ग) नेपाल सरकार, सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य रेडियो यन्त्र।

१९. लगत कट्टा गर्नेः रेडियो यन्त्र बिग्री काम नलाग्ने भएमा वा हराएमा वा रेडियो यन्त्रको बिक्रेता वा निर्माताले त्यस्तो रेडियो यन्त्र बिक्री गर्न वा उत्पादन गर्ने कार्य छोडेमा सो भए गरेको मितिले पैंतीस दिनभित्र सो कुराको सूचना लाइसेन्स दिने अधिकारीसमक्ष दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि लाइसेन्स दिने अधिकारीले आवश्यक देखेमा जाँचबुझ समेत गरी त्यस्तो रेडियो यन्त्रको लाइसेन्सको लगत कट्टा गर्नुपर्नेछ।

२०. पुनः दर्ताः रेडियो यन्त्र बिग्री वा हराई नियम १९ बमोजिम लगत कट्टा गराई सकेपछि त्यस्तो बिग्रेको रेडियो यन्त्र मर्मत गरी फेरि काम लाग्ने भएमा वा हराएको रेडियो यन्त्र फेला परेमा त्यस्तो रेडियो यन्त्र राख्ने व्यक्तिले यसरी काम लाग्ने भएको वा फेला परेको मितिले पैंतीस दिनभित्र नियम ३ बमोजिम दरखास्त दिई पुनः लाइसेन्स लिनुपर्नेछ।

२१. लाइसेन्सवाला जवाफदेही हुनेः यस नियमावलीबमोजिम लाइसेन्स प्राप्त गर्नेले रेडियो यन्त्रको प्रयोग गर्दा कसैको हक हितमा प्रतिकूल असर पर्न गएमा त्यसको जवाफदेही सम्बन्धित लाइसेन्सवाला हुनेछ।

२२. समिति गठन गर्न सक्नेः यस नियमावलीबमोजिम नेपाल सरकार, सञ्चार मन्त्रालयले गर्ने कामका सम्बन्धमा सरसल्लाह र सुझाव दिन नेपाल सरकार, सञ्चार मन्त्रालयले आवश्यक ठानेमा एक समिति गठन गर्न सक्नेछ। समितिको काम, कर्तव्य र कार्यविधि सो समिति गठन गर्दाको अवस्थामा नै तोकिनेछ।

२३. यस नियमावलीबमोजिम लाइसेन्स लिनुपर्नेः (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि कसैले लाइसेन्स नलिई रेडियो यन्त्र राखेको रहेछ भने,

त्यस्तो व्यक्तिले यो नियमावली प्रारम्भ भएको मितिले पैँतीस दिनभित्र नियम ३ बमोजिम लाइसेन्स लिनुपर्नेछ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि लिएको रेडियो यन्त्रको लाइसेन्स यो नियमावली प्रारम्भ भएपछि यसै नियमावलीबमोजिम लिएको मानिनेछ।

२४. अनुसूचीमा हेरफेरः नेपाल सरकार, सञ्चार मन्त्रालयले यस नियमावलीको अनुसूचीमा हेरफेर वा थपघट गर्न आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर वा थपघट गर्न सक्नेछ।

२५. अधिकार प्रत्यायोजनः यस नियमावलीबमोजिम आफूलाई प्राप्त भएको अधिकार नेपाल सरकार, सञ्चार मन्त्रालयले अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२६. खारेजीः रेडियो (लाइसेन्स) नियमावली, २०२६ खारेज गरिएको छ।

**द्रष्टव्यः** (१.) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरूः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(२.) रेडियो संचार (लाइसेन्स) (चौथो संशोधन) नियमावली, २०७७ द्वारा रुपान्तर गरिएका शव्दहरूः-

"सञ्चार मन्त्रालय" को सट्टा " सञ्चार तथा सूचना प्रविधि मन्त्रालय"।

अनुसूची-१ (क)
(नियम ३ सँग सम्बन्धित)
स्याटेलाइट रिसिभिङ सिस्टम/ स्याटेलाइट कम्युनिकेसन
सिस्टम (अर्थ स्टेसन) को लाइसेन्सको लागि
दरखास्त

श्री..............

स्याटेलाइट रिसिभिङ सिस्टम/ स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन) राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपिसमेत संलग्न गरी स्याटेलाइट रिसिभिङ सिस्टम/ स्याटेलाइट कम्युनिकेसन सिस्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु।

१. प्रयोग गर्नुपर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिस्टमको विवरणः-

(क) निर्माताको नामः-

(ख) मोडेल नं.ः-

(ग) सिरियल नं.ः-

(घ) साइज र अन्य विवरणः-

(ङ) एण्टेनासम्बन्धी विवरणः-

३. प्रयोग गरिने ठाउँः-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज। प्रयोग गर्ने फ्रिक्वेन्सीः-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः-

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः-

७. प्रयोगः-

(क) व्यक्तिगतः-

(ख) सामूहिकः-

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरे हुनेः-

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घरधनीको स्वीकृति भए नभएको:- (घरधनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नुपर्ने ।

१०. आयात गरिने देशको नामः-

११. आयात हुने भन्सार कार्यालयको नामः-

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

अनुसूची-१ (ख)

(नियम ३ सँग सम्बन्धित)

कर्डलेस टेलिफोन लाइसेन्सको लागि

दरखास्त

श्री....................

कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपिसमेत संलग्न गरी कर्डलेस टेलिफोनको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. कर्डलेस टेलिफोनको विवरण :-

(क) यन्त्रको निर्माता :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. आदि :-

२. प्रयोग गर्ने फ्रिक्वेन्सी :-

३. प्रयोग गर्ने प्रणाली :-

४. ट्रान्समिटर पावर :-

५. प्रयोग गरिने क्षेत्र :-

६. दरखास्तवालाले प्राप्त गरेको सार्वजनिक दूर सञ्चार टेलिफोनः-

७. अन्य विशेषः-

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

## अनुसूची-१ (ग)

(नियम ३ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ सिस्टम वा स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन), कर्डलेस टेलिफोन र एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकबाहेकका अन्य रेडियो यन्त्रको लागि

दरखास्त

श्री......................

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपिसमेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनुमानित मिति :-

५. रेडियो यन्त्रको विवरण :-

(क) निर्माता :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. आदि :-

६. स्टेसनको प्रकार :-

७. प्रयोग गरिने प्रणालीको प्रकार :-

८. प्रयोग गरिने समय :-

९. अन्य विवरणः-

(क)

(ख)

(ग)

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

अनुसूची-१ (घ)

(नियम ३ सँग सम्बन्धित)

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर। एमेच्योर रेडियो सञ्चालकको

लाइसेन्सको लागि

दरखास्त

श्री...................

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/ एमेच्योर रेडियो सञ्चालक हुनको लागि देहायको विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपिसमेत संलग्न गरी एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/ एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु।

१. एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/ एमेच्योर रेडियो सञ्चालक हुनको उद्देश्यः-

२. एमेच्योर रेडियो राख्ने प्रयोग गर्ने/ सञ्चालन गर्ने ठाउँ :-

३. एमेच्योर रेडियोको विवरण :-

(क) स्थायी/ अस्थायी :-

(ख) एमेच्योर रेडियोसम्बन्धी ज्ञानः सैद्धान्तिक/ व्यवहारिक :-

(ग) इलेक्ट्रोनिक र रेडियो कम्युनिकेसनसम्बन्धी ज्ञान :-

(घ) प्रयोग गर्ने फ्रिक्वेन्सी :-

(ङ) प्रयोग गर्ने प्रणाली :-

(च) ट्रान्समिटर पावर :-

४. अन्य विवरणः-

(क)

(ख)

(ग)

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

अनुसूची-२

(नियम ३ सँग सम्बन्धित)

रेडियो यन्त्र उत्पादन गर्नको लागि

दरखास्त

रेडियो यन्त्र उत्पादन गर्नको लागि देहायका विवरणहरू खुलाई सम्बन्धित रेडियो यन्त्रको डिजाइन तथा टेक्निकल स्पेसिफिकेशनसमेत संलग्न गरी देहायको रेडियो यन्त्रको उत्पादनको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु।

१. उत्पादन गरिने रेडियो यन्त्रको विवरण :-

(क) नामः-

(ख) किसिमः-

(ग) मोडेलः-

(घ) शक्ति (वाट्स)ः-

(ङ) फ्रिक्वेन्सी रेन्जः-

२. वार्षिक उत्पादन गर्ने अनुमानित सङ्ख्या :-

३. उत्पादन गर्न आवश्यक सुविधाहरूको विवरणः-

४. उद्योगको किसिमः-

५. उत्पादन सुरु हुने मितिः-

६. उत्पादन स्थलः-

७. अन्य विवरणः-

(क)

(ख)

(ग)

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

## अनुसूची-३
(नियम ३ सँग सम्बन्धित)
रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि
दरखास्त

श्री..........................

रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि देहायका विवरणहरू खुलाई देहायका रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु।

१. बिक्री वितरण गर्ने रेडियो यन्त्रको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) शक्ति (वाट्स) :-

(घ) फ्रिक्वेन्सी रेन्ज :-

२. वार्षिक बिक्री वितरण गर्ने अनुमानित सङ्ख्या :-

३. बिक्री वितरण सुरु हुने मिति :-

४. बिक्री वितरण गर्ने स्थल :-

५. अन्य विवरणः-

(क)

(ख)

(ग)

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

## अनुसूची-४ (क)
(नियम ४ सँग सम्बन्धित)

## स्याटेलाइट रिसिभिङ सिस्टम⁄ स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन) को लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ सिस्टम⁄ स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ः

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम ः-

२. ठेगाना ः-

३. लाइसेन्स नं. ः-

४. जडान हुने स्थान ः-

५. अर्थ स्टेसन स्याटेलाइट सिस्टमको विवरण ः-

(क) निर्माताको नाम ः-

(ख) मोडेल नं. ः-

(ग) साइज र अन्य विवरण ः-

(घ) एण्टेनाको विवरण ः-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज⁄ प्रयोग गरिने फ्रिक्वेन्सीः-

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने ः-

८. प्रयोग ः-

(क) व्यक्तिगतः-

(ख) सामूहिकः-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन सङ्ख्या र व्यक्तिहरूको नाम ः-

१०. लाइसेन्सवालाले पालन गर्नुपर्ने सर्तहरूः-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नुपर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामग्रीबाहेक अन्य कुनै प्रकारको प्रसारण सामग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची-४ (ख)
(नियम ४ सँग सम्बन्धित)
## कर्डलेस टेलिफोनको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालना गर्ने गरी कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ः

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम ः-

२. ठेगाना ः-

३. लाइसेन्स नं. ः-

४. कर्डलेस टेलिफोनको विवरण ः-

(क) सार्वजनिक टेलिफोन नं. ः-

(ख) निर्माता. ः-

(ग) मोडेल नं. ः-

(घ) सिरियल नं. ः-

(ङ) आर. एफ. पावर आउटपुट। एण्टेना साइज ः-

५. प्रयोग गर्ने क्षेत्र ः-

६. लाइसेन्सवालाले पालना गर्नुपर्ने सर्तहरू ः-

(क) तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रमा कर्डलेस टेलिफोन प्रयोग गर्न पाइने छैन।

(ख) तोकिएको बाहेक अन्य सार्वजनिक टेलिफोन नम्बरसँग मिलान गरी प्रयोग गर्न पाइने छैन।

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची-४ (ग)

(नियम ४ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ वा स्याटेलाइट कम्युनिकेसन सिस्टम (अर्थ स्टेसन) कर्डलेस टेलिफोन र एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकबाहेकका अन्य रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि

**लाइसेन्स**

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ :

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेसनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नुपर्ने सर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

<u>नवीकरणको विवरण</u>

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची-४ (घ)

(नियम ४ सँग सम्बन्धित)

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालना गर्ने गरी निम्न विवरणको एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/ एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिइएको छ :

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. एमेच्योर रेडियोको विवरण :-

(क)

(ख)

(ग)

(घ)

५. एमेच्योर रेडियो स्टेसन स्थान :-

६. लाइसेन्सवालाले पालना गर्नुपर्ने सर्तहरू:-

(क) आर्थिक लाभको उद्देश्यले आफ्नो वा कसैको कुनै खबर समाचार आदान प्रदान गर्न पाइने छैन।

(ख) इजाजत प्राप्त व्यक्तिबीच आत्म शिक्षा र रेडियो प्रविधिको अन्वेषण गर्ने उद्देश्यबाट मात्र सञ्चार आदान प्रदान गर्नुपर्नेछ।

(ग) दैविप्रकोप वा आकस्मिक घटना परेमा वा सार्वजनिक दूर सञ्चार साधन समेत उपलब्ध नभएको अवस्थामा नेपाल सरकार सञ्चार मन्त्रालयबाट स्वीकृति लिएर तेस्रो पक्षको कुनै सन्देश आदान प्रदान गर्न खण्ड (ख) ले कुनै रोक लगाएको मानिने छैन।

(घ) कसैले गैरकानुनी प्रसारण गरेको लाइसेन्सवालाले थाहा पाएमा नेपाल सरकार, सञ्चार मन्त्रालयलाई तत्काल जानकारी दिनुपर्नेछ र त्यस्तो कुनै कुराको सम्बन्धमा नेपाल सरकार, सञ्चार मन्त्रालयबाट मद्दत मागेमा त्यस्तो कुराको सूचना दिनु लाइसेन्सवालाको कर्तव्य हुनेछ।

(ङ) नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकि दिएको अपरेटिङस्तर अनुरूप सञ्चालन गर्नुपर्नेछ।

(च) सबै प्रसारणमा प्रत्येक १० मिनेटको अवधि ननाघ्ने गरी आफ्नो कल साइन पटक पटक उल्लेख गर्नुपर्नेछ।

(छ) आफूले रेडियोमा सम्पर्क राखेको एमेच्योरको लगबूक नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकी दिएको ढाँचामा राख्नुपर्नेछ।

(ज) अन्य कुनै पनि एमेच्योर रेडियो अपरेटरसंग क्यू. एस. एल. कार्ड पठाउन खर्चको रूपमा कुनै नगदी वा जिन्सी माग गर्न वा लिन पाइने छैन। यदि विदेशी नागरिकबाट अन्तर्राष्ट्रिय जवाफी कुपन वा नगद प्राप्त भएमा त्यस्तो कुपन वा नगद सञ्चार मन्त्रालयमा बुझाउनुपर्नेछ।

(झ) आफूले राखेको वा प्रयोग गरेको स्टेसन आफूले वा अन्य एमेच्योर रेडियो सञ्चालकहरूलाई सञ्चालन गर्न दिएको भए सोको समेत स्पष्ट विवरणसहितको लगबुक नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकि दिएको ढाँचामा राख्नुपर्नेछ र त्यस्तो लगबुक प्रत्येक ६।६ महिनामा सञ्चार मन्त्रालयमा अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

७. प्रयोग गर्न पाउने फ्रिक्वेन्सीहरू :-

८. कल साइन :-

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची-५

(नियम ४ सँग सम्बन्धित)

### रेडियो यन्त्र उत्पादनको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित सर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र उत्पादन गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ :

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. रेडियो यन्त्रको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) फ्रिक्वेन्सी रेन्ज :-

५. उत्पादन गर्ने स्थल :-

६. लाइसेन्सवालाले पालना गर्नुपर्ने सर्तहरू :-

(क)

(ख)

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

<u>नवीकरणको विवरण</u>

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची–६

(**नियम ४ सँग सम्बन्धित**)

**रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि लाइसेन्स**

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न सर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र बिक्री वितरण गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ :

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. रेडियो यन्त्रको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) फ्रिक्वेन्सी रेन्ज :-

५. बिक्री वितरण गर्ने स्थल :-

६. लाइसेन्सवालाले पालना गर्नुपर्ने सर्तहरू :-

(क)

(ख)

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको

सही:-

नाम:-

दर्जा:-

मिति:-

<u>नवीकरणको विवरण</u>

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## ←अनुसूची–७
**(नियम ९ सँग सम्बन्धित)**

**<u>रेडियो यन्त्रको लाइसेन्स दस्तुर</u>**

देहायका रेडियो यन्त्र राख्न, प्रयोग गर्न, उत्पादन वा बिक्री वितरण गर्नका लागि नेपाली नागरिकहरूलाई देहाय बमोजिमको लाइसेन्स दस्तुर लाग्नेछः-

१. स्याटेलाइट रिसिभिङ्ग सिस्टमको लागि,-

(क) आम जनताको लागि प्रसारण गरिएको प्रसारण प्राप्तगर्न सक्ने (स्याटेलाइट रिसिभर) को लागि रु. ३००।-

(ख) अन्य प्रकारको सञ्चार प्राप्त गर्न सक्ने प्रति स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लागि रू .१,०००।-

२. स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशनको लागि,-

(क) स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशन (भ्वाइस च्यानल) को-"लागि रू .३०,०००।-

(ख) स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशन ( डाटा च्यानल ) को लागि ६४ किलो विट्स प्रतिसेकेन्ड क्षमता भएको भिस्याट वा अन्य स्टेशनको लागि रेडियो फ्रिक्वेन्सी प्रयोगका लागि रु.१५,०००।-

र त्यस पछिको प्रत्येक थप ६४ किलो विट्स प्रति सेकेन्डको लागि थप अतिरिक्त दस्तुर रू.१,०००।-

३. एरोनटिकल स्टेशनको लागि रू .१,०००।-

४. वायुयान (एयरक्राफ्ट स्टेशन) को लागि रू.३,०००।-

५. वेस (आधार) स्टेशनको लागि (४पा/एप्ए) र सो सम्बन्धी प्रति स्टेशन प्रति जोडी फ्रिक्वेन्सी प्रयोग गर्ने :-

(क) बेस स्टेशनको लागि,-

(१) ५ बाटसम्म RF Power output रू. ५०००।

(२) ५ बाट भन्दा बढी २५ वाट सम्म RF Power output रू.१०,०००।-

(३) २५ भन्दा बढी RF Power output रू. २५०००।-

(ख) रिपिटर स्टेशनको लागि,-

(१) ५ बाटसम्म RF Power output रू.१०,०००।-

(२) ५ वाट भन्दा बढी २५ वाट सम्म RF Power

← मिति २०७३।५।१३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर।

output रू.२५,०००।-

(३) २५ वाट भन्दा बढी RF Power output रू.३५,०००।-

(ग) बेस स्टेशन/रिपिटर स्टेशनसँग सम्पर्क गर्ने वा अन्य स्थिर वा चल (मोवाइल) स्टेशनहरूको लागि प्रति स्टेशन,-

(१) १ बाटसम्म RF Power output रू.२,०००।-

(२) ५ वाट भन्दा बढी २५ वाट सम्म RF Power output रु.१०,०००।-

(३) २५ वाट भन्दा बढी RF Power output रू.२५,०००।-

६. अचल स्टेशनको लागिः-

(क) ३० मेगाहर्ज भन्दा मुनि एक वा दुईसम्म ट्रान्समिटिङ्ग फ्रिक्वेन्सीहरू प्रयोग गर्न सकिने २५ बाट सम्म आर.एफ. पावर आउटपुट क्षमताको प्रति अचल स्टेशनको लागि रू.२०,०००।-

र २५ आर.एफ.पावर आउटपुट भन्दा माथिको प्रति अचल स्टेशनको लागि रू. ३०,०००।-

(ख) ३० मेगाहर्जदेखि १०.५ गिगाहर्जभित्र एक वा दुईसम्म ट्रान्समिटिङ्ग फ्रिक्वेन्सीहरू प्रयोग गर्न सकिने अचल स्टेशनको लागि निम्न बमोजिम खास ओगटेको आर.एफ. रेडियो फ्रिक्वेन्सी व्याण्ड विथको आधारमा,-

(१) ३६ कि. हर्जसम्म रू.५,०००।-

(२) ३६ कि. हर्ज भन्दा माथि ४०० कि.हर्जसम्म रू.१०,०००।-

(३) ४०० कि. हर्ज भन्दा माथि २,८०० कि. हर्जसम्म रू.१५,०००।-

(४) २,८०० कि. हर्ज भन्दा माथि १०,००० कि. हर्जसम्म रू.२०,०००।-

(५) १०,००० कि. हर्ज भन्दा माथि २०,००० कि. हर्जसम्म रू.३०,०००।-

(६) २०,००० कि. हर्ज भन्दा माथि ४०,०००

कि. हर्जसम्म रू.५०,०००।-

(७) ४०,००० कि. हर्ज भन्दा माथि ८०,००० कि. हर्जसम्म रु.८०,०००।-

(८) ८०,००० कि. हर्ज भन्दा माथि १,६०,००० कि. हर्जसम्म रू.१,५०,०००।-

(९) १,६०,००० कि.हर्ज भन्दा माथि रू.३,००,०००।-

(१०) १०.५ गिगाहर्ज भन्दा माथि १५.३५ गिगाहर्जसम्म , एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्ज भन्दा कम आर. एफ व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि रु. ६,०००।-

(११) १०.५ गिगाहर्ज भन्दा माथि १५.३५ गिगाहर्जसम्म एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्जभन्दा माथि आर्. एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि रु. ७,०००।-

(१२) १५.३५ गिगाहर्ज भन्दा माथि तर एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्ज भन्दा कम आर. एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागिरु. ५,०००।-

(१३) १५.३५ गिगाहर्ज भन्दा माथि तर एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्ज भन्दाबढी आर, एफ व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि रु. ७,५००।-

❀ (ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ३० मेगाहर्ज देखि १०.५ गिगाहर्ज सम्मको फ्रिक्वेन्सी प्रयोग गर्ने गरी कुनै पनि सार्वजनिक दूरसञ्चार नेटवर्कसँग मिलान नगरी स्मार्ट (Smart)

❀ मिति २०७९।०६।१३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर अनुसूचीमा हेरफेर (थप)।

बिद्युत मिटर, टेलिमेट्रि वा यस्तै प्रकारका अन्य सेवा सञ्चालन वा सेवा प्रदान गर्न स्थापना भएको नेटवर्कमा प्रयोग हुने रेडियो उपकरणहरूको हकमा त्यस्ता नेटवर्कले ओगटेको आर.एफ. व्याण्डविथको आधारमा प्रति मेगाहर्ज फ्रिक्वेन्सी व्याण्डविथको लागि रू.१,२०,००,०००।-

७. पेजिङ्ग सेवाको लागि (PSTN मा मिलान नगरी सञ्चालन भएका),-

(क) ५० बाटसम्म आर.एफ. पावर आउटपुट क्षमताको ट्रान्समिटरबाट,-

(१) २,००० गोटा सम्म पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि रु. १०,०००।-

(२) २,००० गोटा भन्दा बढी पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि प्रत्येक थप रिसिभरको लागि रु. १,०००।-

(ख) ५० बाटभन्दा बढी आर.एफ. पावर आउटपुट क्षमताको ट्रान्समिटरबाट,-

(१) ५००० गोटासम्म पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि रू. २०,०००।-

(२) १,००० भन्दा बढी पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि प्रत्येक थप रिसिभरको लागि रू.१,०००।-

८. रेडियो डिटरमिनेशन/नेभिगेशन स्टेशनको लागि प्रति फ्रिक्वेन्सी प्रति स्टेशन रू.१,०००।-

९. गतिशिल वा अचल उद्धार योजना स्टेशनको लागि प्रति फ्रिक्वेन्सी प्रति स्टेशन रू.१,०००।-

१०. एमेच्योर रेडियोको हकमा,-

(क) कन्ट्रोल अपरेटरको लागि (उपकरण सहित) रू. १,०००।-

(ख) सञ्चालनको लागि (उपकरण बाहेक) रू .६००।-

(ग) एमेच्योर रेडियो (Amateure Radio Club Station) को लागि (उपकरणसहित) रु. १,५००।

११. रेडियो सञ्चार तथा प्रसारण सम्बन्धी रेडियो यन्त्र उत्पादनको लागि,-

(क) व्यापारिक प्रयोजन रू. २,००,०००।-

(ख) अनुसन्धानको लागि,-

(१) व्यक्तिगत रु. ५,०००।-

(२) सङ्घ / संस्थाको लागि रु. १०,०००।-

१२. रेडियो सञ्चार तथा प्रसारण सम्बन्धी रेडियो यन्त्र बिक्री वितरणको लागि रू. ५०,०००।-

१३. प्रसारण सम्बन्धी रेडियो यन्त्र राख्न वा प्रयोग गर्नको लागि

(क) एफ.एम. रेडियो स्टेशनहरूले प्रयोग गर्ने रेडियो यन्त्रको लागि,

(१) १०० वाट क्षमतासम्म रु. २,०००।-

(२) १०० वाट भन्दा बढी ५०० वाटसम्म रु. ५,०००।-

(३) ५०० वाट भन्दा बढी २,००० वाटसम्म रु. २०,०००।-

(४) २,००० वाट भन्दा बढी जति भएपनि रु. २५,०००।-

(ख) भू-उपग्रह (अर्थ-स्टेशन) प्रसारण केन्द (रेडियो वा टेलिभिजन प्रसारण गर्ने)

(१) Satellite TV Broadcasting Earth Station उपकरणको लागि प्रति स्टेशन,

(क) आफै प्रयोग गर्ने रू. ३,००,०००।-

(ख) अर्काको अर्थ स्टेशन प्रयोग गर्ने रू.१,००,०००।-

(२) Satellite Audio Broadcasting Earth Station (VSAT) उपकरण (Mono वा Stereo) को लागि प्रति स्टेशन-

(क) आफै प्रयोग गर्ने रू.१,५०,०००।-

(ख) अर्काको अर्थ स्टेसन प्रयोग गर्ने रू. ५०,०००।-

(३) बहु टेलिभिजन च्यानलहरू अपलिङ्क गर्ने प्रयोजनका लागि जडान एवम् प्रयोग गरिने अर्थ-स्टेशनको (Teleport /DTH समेत) लागि रू. १,००,००,०००।-

(४) डिजिटल प्रविधिमा आधारित केवुल टेलिभिजन Internet Protocal Television (IPTV) / Multi Channel Multi Point Distribution System (MMDS) प्रसारण गर्ने Head End

रू. ५,००,०००।-

(४) उपखण्ड ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि एनालग प्रणालीमा सञ्चालित केबुल नेटवर्क संस्था डिजिटल प्रणालीमा रुपान्तरण गर्ने प्रयोजनका लागि स्थापना एवं सञ्चालन गरिने हेडइण्ड रु. ५,०००।

(ग) भू-सतही ( Terrestrial Television) प्रसारण केन्द्रबाट टेलिभिजन प्रसारण गर्ने,-

(१) १०० बाट क्षमतासम्म रू. १०,०००।-

(२) १०० बाट भन्दा बढी ५०० बाटसम्म रू. १५,०००।-

(३) ५०० बाट भन्दा बढी ५,००० बाटसम्म रू. २०,०००।-

(४) ५,००० बाट भन्दा बढी जति भएपनि रू. ३०,०००।-

(घ) बाहिरी प्रसारण केन्द्र (Outside Broadcast System) को लागि,-

(१) स्याटेलाइट टेलिभिजन प्रसारण सम्बन्धी उपकरण जडान भएको प्रति स्टेशन रू. १,००,०००।-

(२) भू-सतही टेलिभिजन सम्बन्धी उपकरण जडान भएको प्रति स्टेशन रू.५०,०००।-

(३) अन्य प्रकारको भू - सतही प्रसारण सम्बन्धी लिङ्क उपकरणको लागि प्रति च्यानल रू .३०,०००।-

(ङ) Multi-Channel Multi Point Distribution System (MMDS) प्रसारण / प्रणाली (जुनसुकै Frequency Range को लागि),

(१) प्रति १ मेगाहर्ज फ्रिक्वेन्सी व्याण्ड विथको लागि रू. ३०,०००।-

(२) प्रति प्रसारण केन्द्र (Transmission Station) को रू. १०,०००।-

(च) प्रसारण केन्द्रमा रहने स्ट्याण्डबाई उपकरणको हकमा प्रत्येक स्टेशन वा च्यानलको लागि थप एउटा स्ट्याण्डबाई उपकरणको लागि दस्तुर लाग्ने छैन (लाइसेन्स लिनु पर्नेछ।

१४. विदेशी नागरिक वा संस्थाको लागि,-

(क) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अधीनमा रही विदेशी नागरिकलाई कुनै रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न

पाउने गरी लाईसेन्स दिँदा माथि विभिन्न प्रकरणमा उल्लिखित दस्तुरको चार दोब्बर परिवर्त्य विदेशी मुद्रा लाग्नेछ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिक वा संस्थाले अस्थायी रुपमा पर्वतारोहण, पैदलयात्रा, चलचित्र छायाङ्कन आदि कार्यमा रेडियो यन्त्र प्रयोग गर्ने भएमा खण्ड (क) मा उल्लिखित दस्तुरको आधा मात्र लाग्नेछ।

अनुसूची-८
(नियम १०(२) सँग सम्बन्धित)
लाइसेन्स नवीकरणको लागि दरखास्त

श्री........................

.....................................

मिति ..................मा प्राप्त गरेको .......................... रेडियो यन्त्रको लाइसेन्स नवीकरण गर्नको लागि नियम १० (३) बमोजिम लाग्ने लाइसेन्स नवीकरण दस्तुर नियम १०(४) बमोजिम लाग्ने जरिबाना दस्तुर बुझाएको भौचर र सो लाइसेन्सको सक्कल प्रतिसमेत यसैसाथ संलग्न राखी नियम १०(२) बमोजिम सो लाइसेन्स नवीकरण गरी पाउनको लागि अनुरोध गर्दछु।

दरखास्तवालाको
सहीः-
नामः-
ठेगानाः-
मितिः-

अनुसूची-९
(नियम १२ सँग सम्बन्धित)
लाइसेन्सको विवरण बदल्नको लागि
दरखास्त

श्री ..................

मिति........................ मा प्राप्त गरेको .................... को लाइसेन्सको विवरण बदल्नुपरेकोले नियम १२ (२) बमोजिम लाग्ने दस्तुर बुझाएको भौचर र सो लाइसेन्सको सक्कल प्रतिसमेत यसै साथ राखी नियम १२ (१) बमोजिम सो लाइसेन्समा देहायबमोजिमको विवरण बदल्नको लागि अनुरोध गर्दछु ।

लाइसेन्समा बदल्नुपर्ने विवरण

(क)

(ख)

(ग)

(घ)

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

अनुसूची-१०

(नियम १३ (१) सँग सम्बन्धित)

रेडियो यन्त्रको नामसारी गर्नको लागि

दरखास्त

श्री............................

..........................रेडियो यन्त्र मिति............................ ..................मैले श्री .................................. लाई हक छाडी दिएकोले मिति ............. मा प्राप्त सो रेडियो यन्त्रको लाइसेन्स निजको नाममा नामसारी गरी दिन मेरो मन्जुरी भएकोले सो रेडियो यन्त्रको लाइसेन्सको सक्कल प्रति यसै साथ संलग्न राखी नियम १३ (१) बमोजिम रेडियो यन्त्रको लाइसेन्स नामसारी गरी दिनको लागि अनुरोध गर्दछु।

हक छाडी दिनेको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

उपरोक्तबमोजिम श्री............... ले मलाई ................... रेडियो यन्त्र हक छाडी दिनुभएकोले सो रेडियो यन्त्रको लाइसेन्स मेरो नाममा नामसारी गरी पाउनको लागि नियम १३ (१) बमोजिम अनुरोध गर्दछु।

हक पाउनेको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

# श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१

लालमोहर र प्रकाशन मिति
२०५१।११।२९
संशोधन गर्ने ऐन प्रमाणीकरण र प्रकाशन मिति

१. लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ — २०६३।७।१७
२. श्रमजीवी पत्रकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०६४ — २०६४।४।२७
३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन,२०६६□ — २०६६।१०।७
४. लैंङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ — २०७२।६।१४
५. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ — २०७५।११।१९

२०५१ सालको ऐन नं. ७

② ........................

**श्रमजीवी पत्रकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा निजहरूको व्यावसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

□ यो ऐन २०६५ साल जेठ १५ गतेबाट लागू भएको ।

② गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) ♑..............

⇨(ख) “सञ्चार प्रतिष्ठान” भन्नाले सञ्चारसम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीनजना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानुनबमोजिम स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी सञ्चार माध्यम वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(ग) “व्यवस्थापक” भन्नाले कुनै सञ्चार प्रतिष्ठानको कार्य सञ्चालनमा अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ ।

⇨(घ) “श्रमजीवी पत्रकार” भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्तिसमेतलाई जनाउँछ ।

⇨(ङ) “कर्मचारी” भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति बाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

♏(ङ१) “कामदार” भन्नाले श्रमजीवी पत्रकार वा कर्मचारीबाहेक सञ्चार

♑ पहिलो संशोधनद्वारा झिकिएको ।
⇨ पहिलो संशोधनद्वारा संशोधित ।
♏ पहिलो संशोधनद्वारा थप ।

प्रतिष्ठानमा सञ्चार सामग्री बिक्री वितरण वा उत्पादन गर्ने वा अन्य श्रममूलक कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(च) "पारिश्रमिक" भन्नाले श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानमा काम गरेबापत सञ्चार प्रतिष्ठानको तर्फबाट पाउने तलब सम्झनुपर्छ ।

☞ (छ) "समिति" भन्नाले दफा ११ बमोजिम गठन भएको न्यूनतम पारिश्रमिक निर्धारण समिति सम्झनु पर्छ ।

(ज) "परिवार" भन्नाले श्रमजीवी पत्रकारसंग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, ◊....... छोरी, धर्मपुत्र, ◊........... धर्मपुत्री, बाबु, आमा वा सौतीनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष श्रमजीवी पत्रकारको हकमा निजको बाजे, बज्यै तथा महिला श्रमजीवी पत्रकारको हकमा निजको सासु, ससुरालाईसमेत जनाउँछ ।

(झ) "प्रेस रजिष्ट्रार" भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १९ बमोजिम नियुक्त भएको प्रेस रजिष्ट्रार सम्झनुपर्छ ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय

☞ **३. पदको वर्गीकरण गर्नुपर्ने :** (१) व्यवस्थापकले सञ्चार प्रतिष्ठानको कामको प्रकृतिअनुसार श्रमजीवी पत्रकारको पद र त्यस्तो पदको तहगत वर्गीकरण गर्नु पर्नेछ ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम पदको तहगत वर्गीकरण गर्दा समितिले निर्धारण गरेबमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पद र त्यस्तो पदको तहगत वर्गीकरण गरिसकेपछि व्यवस्थापकले सो पदको लागि चाहिने योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वसमेत उल्लेख भएको विवरण प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

♏ **३क. नियुक्ति नदिई काममा लगाउन नहुने :** व्यवस्थापकले यस ऐनबमोजिम नियुक्ति नदिई कुनै पनि व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा

---

☞ पहिलो संशोधनद्वारा संशोधित ।

◊ लैंगिक समानता कायम गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

♏ पहिलो संशोधनद्वारा थप ।

काममा लगाउन हुँदैन ।

⇨४. **खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने :** (१) दफा ३ को उपदफा (३) बमोजिमको विवरण प्रेस रजिष्ट्रारलाई दिइसकेपछि व्यवस्थापकले सञ्चार प्रतिष्ठानको लागि आवश्यक पर्ने श्रमजीवी पत्रकारको पद तोकिएको प्रक्रिया अपनाई खुल्ला प्रतियोगिताद्वारा छनौट गरी पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा छनौट भएका व्यक्तिलाई व्यवस्थापकले तोकिएको अवधिभित्र नियुक्तिपत्र दिनु पर्नेछ ।

⇨५. **करारमा नियुक्ति गर्न सक्ने :** (१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चार प्रतिष्ठानको कामका लागि कुनै व्यक्तिको विशेषज्ञ सेवा लिनुपर्ने भएमा व्यवस्थापकले प्रेस रजिष्ट्रारको स्वीकृति लिई निश्चित समयावधि तोकी त्यस्तो व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा सम्बन्धित सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको कुल सङ्ख्याको पन्ध्र प्रतिशत सङ्ख्यासम्म मात्र नियुक्ति गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम करारमा नियुक्त भएको व्यक्तिले गर्नुपर्ने काम, पाउने पारिश्रमिक, सेवाको अवधि तथा सेवाका अन्य सर्त एवं सुविधा करारमा उल्लेख भएबमोजिम हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त भएको श्रमजीवी पत्रकारको पारिश्रमिक, सञ्चय कोष तथा अन्य सुविधा सञ्चार प्रतिष्ठानको समान पद वा तहमा कार्यरत श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक, सञ्चय कोष तथा अन्य सुविधाभन्दा कम हुने छैन ।

♏ **५क. नियुक्तिको जानकारी दिनुपर्ने :** (१) दफा ४ वा ५ बमोजिम कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा नियुक्त गरिसकेपछि व्यवस्थापकले सोको जानकारी प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

⇨ पहिलो संशोधनद्वारा संशोधित ।

♏ पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारी प्रेस रजिष्ट्रारले अद्यावधिक गरी राख्नु पर्नेछ ।

**६. परीक्षणकालमा रहने :** श्रमजीवी पत्रकारमा शुरुमा स्थायी नियुक्ति गर्दा छ महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ । सो अवधिमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ ।

**७. पदाधिकार कायम रहने :** देहायको अवस्थामा श्रमजीवी पत्रकारको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ :-

(क) त्यस पदमा कामकाज गरिरहँदासम्म,

(ख) बिदामा रहेको बखत,

(ग) व्यवस्थापकले अन्यत्र काजमा खटाएको बखत, वा

(घ) निलम्बन रहेको बखत ।

**८. सेवाको सुरक्षा :** यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको रीत नपुऱ्याई कुनै पनि श्रमजीवी पत्रकारको सेवाको अन्त्य गर्न सकिने छैन ।

**९. काम गर्ने समय :** (१) श्रमजीवी पत्रकारले काम गर्नुपर्ने समय उपदफा (२) को अधीनमा रही व्यवस्थापकले तोकिदिएबमोजिम हुनेछ ।

(२) श्रमजीवी पत्रकारले प्रत्येक हप्तामा काम गर्नुपर्ने समय अठचालीस घण्टाभन्दा बढी हुने छैन र प्रत्येक हप्तामा निजले आलोपालो गरी एक दिन साप्ताहिक बिदा पाउनेछ ।

(३) कुनै श्रमजीवी पत्रकारलाई उपदफा (२) बमोजिम तोकिएको समयभन्दा बढी समय काममा लगाएमा तोकिएबमोजिम थप सुविधा दिनु पर्नेछ ।

**१०. हाजिरी र बिदासम्बन्धी व्यवस्था :** (१) प्रत्येक व्यवस्थापकले सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकारहरूको हाजिरी किताब राख्नु पर्नेछ ।

(२) प्रत्येक श्रमजीवी पत्रकारले व्यवस्थापकले तोकेको समयमा नियमित रूपले आफ्नो कार्यालय वा कार्यक्षेत्रमा उपस्थित भई काम गर्नु पर्नेछ ।

सामान्यतया बिदा स्वीकृत नगराई कार्यालय वा कार्यक्षेत्रमा अनुपस्थित हुनु हुँदैन ।

(३) श्रमजीवी पत्रकारहरूले पाउने सार्वजनिक बिदा, भैपरी आउने तथा पर्व बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा, ⊠ सुत्केरी स्याहार विदा किरिया बिदा र बेतलवी बिदा तोकिएबमोजिम हुने छन् ।

## परिच्छेद – ३
## पारिश्रमिक तथा क्षतिपूर्ति

☞ **११. न्यूनतम पारिश्रमिक निर्धारण समिति :** (१) श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्न तथा त्यस्तो पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नको लागि देहायका सदस्यहरू भएको एक न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन हुनेछ :-

(क) सञ्चारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

✪ (ख) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

✪(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), श्रम तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य

(घ) नेपाल पत्रकार महासङ्घको सभापति - सदस्य

(ङ) श्रमजीवी पत्रकारहरूमध्येबाट कम्तीमा एकजना महिला रहने गरी नेपाल पत्रकार महासङ्घले तोकेका तीनजना - सदस्य

(च) व्यवस्थापकहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना - सदस्य

(छ) कर्मचारी वा कामदारमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना - सदस्य

(ज) श्रम तथा अर्थसम्बन्धी विशेषज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना - सदस्य

---

⊠ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

☞ पहिलो संशोधनद्वारा संशोधित ।

✪ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(झ) प्रेस रजिष्ट्रार - सदस्य-सचिव

(२) समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) यस ऐनमा लेखिएदेखिबाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

♏ **११क. नेपाल सरकारले न्यूनतम पारिश्रमिक निर्धारण गर्न सक्ने :** दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले कुनै कारणवश श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गरी नेपाल सरकार समक्ष सिफारिस गर्न नसकेमा नेपाल सरकारले नै श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गर्न सक्नेछ ।

**१२. पारिश्रमिक तथा भत्ता पाउने :** (१) श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानमा काम गरेबापत मासिक पारिश्रमिक पाउनेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले पकाएको पारिश्रमिक तथा भत्ता निज जुनसुकै व्यहोराले सञ्चार प्रतिष्ठानको सेवामा नरहेमा पनि पाउनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम बाहेक कुनै श्रमजीवी पत्रकारको मासिक पारिश्रमिक कट्टा गरिने छैन ।

(४) कुनै श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक निज बिदामा बसेको बखत रोकिने छैन ।

**१३. वार्षिक तलब वृद्धि :** प्रत्येक श्रमजीवी पत्रकारले एक वर्षको सेवा पूरा गरेपछि तोकिएबमोजिम एउटा तलब वृद्धि पाउनेछ ।

➭ **१४. उपचार तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था :** सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारलाई चोटपटक लागेमा वा निजको अङ्गभङ्ग भएमा वा मृत्यु भएमा वा निजको व्यक्तिगत सम्पत्ति नष्ट भएमा निजले वा दफा १६ मा उल्लेख भएबमोजिमको व्यक्तिले

---

♏ पहिलो संशोधनद्वारा थप ।

➭ पहिलो संशोधनद्वारा संशोधित ।

तोकिएबमोजिमको उपचार खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सञ्चार प्रतिष्ठानबाट पाउनेछ ।

**१५. पारिश्रमिक कट्टी गर्नमा प्रतिबन्ध :** (१) श्रमजीवी पत्रकारको पारिश्रमिक देहायको अवस्थामा बाहेक अरू अवस्थामा कट्टी गरिनेछैन :-

(क) लागेको जरिबाना कट्टी गर्नुपरेमा,

(ख) गैरहाजिरबापत कट्टी गर्नुपरेमा,

(ग) जानीजानी वा लापरवाही साथ काम गर्दा सञ्चार प्रतिष्ठानलाई पुग्न गएको नोक्सानीबापत कट्टी गर्नुपरेमा,

(घ) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नुपरेमा,

(ङ) सरकारी अड्डा वा अदालतको आदेशबमोजिम तिर्नु बुझाउनुपर्ने कुनै रकम कट्टी गर्नुपरेमा,

(च) प्रचलित कानुनबमोजिम लाग्ने आय कर वा अन्य कुनै कर कट्टी गर्नुपरेमा, वा

(छ) तोकिएबमोजिम कुनै रकम कट्टी गर्नुपरेमा ।

(२) उपदफा (१) बमोजिम कट्टी हुने रकमको हद, कट्टी गरिने तरिका र अवधि तथा तत्सम्बन्धी अन्य कुरा तोकिएबमोजिम हुनेछ ।

**१६. बाँकी रकम भुक्तानी पाउने :** (१) कुनै श्रमजीवी पत्रकारको सञ्चार प्रतिष्ठानको सेवाबाट अवकाश प्राप्त गरे पश्चात वा सो सेवामा छँदै मृत्यु भई यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पाउने रकम सञ्चार प्रतिष्ठानबाट लिन बाँकी भएमा त्यस्तो रकम श्रमजीवी पत्रकार स्वयंले वा निजले इच्छ्याएको व्यक्तिले पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम लिन श्रमजीवी पत्रकारले कसैलाई पनि नइच्छ्याएकोमा त्यस्तो रकम निजको परिवारको सबैभन्दा नजीकको हकवालाले पाउनेछ ।

## परिच्छेद – ४

## कल्याणकारी व्यवस्था

**१७. कल्याणकारी कोष :** व्यवस्थापकले श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाको लागि तोकिएबमोजिमको एक कल्याणकारी कोष खडा

गर्नु पर्नेछ ।

**१८. उपदान, सञ्चय कोष र औषधि उपचार तथा अन्य सुविधा :** श्रमजीवी पत्रकारहरूले पाउने उपदान, सञ्चय कोष, औषधि उपचार तथा अन्य सुविधा तोकिएबमोजिम हुनेछ ।

**१९. स्वामित्व परिवर्तनले प्रतिकूल असर नपर्ने :** सञ्चार प्रतिष्ठानमा भएको स्वामित्वको परिवर्तनले त्यस्ता सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारहरूको सेवा, शर्त तथा सुविधामा कुनै प्रतिकूल असर पर्ने छैन ।

**२०. मर्का पर्ने गरी सेवा, शर्त तथा सुविधामा परिवर्तन नगरिने :** श्रमजीवी पत्रकारहरूलाई मर्कापर्ने गरी निजको सेवाको शर्त तथा सुविधामा परितर्वन गरिने छैन ।

## परिच्छेद – ५

## अवकाश र दरबन्दी कटौती

**२१. अवकाश :** (१) यो ऐन प्रारम्भ हुनुअघि वा प्रारम्भ भएपछि श्रमजीवी पत्रकारको रूपमा अविच्छिन्न २५ वर्ष सेवा अवधि पूरा गरेको श्रमजीवी पत्रकारलाई व्यवस्थापकले सेवाबाट अवकाश दिन सक्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले व्यवस्थापकलाई तीन महिनाको अग्रीम सूचना दिई सञ्चार प्रतिष्ठानको सेवाबाट स्वेच्छिक अवकाश लिन सक्नेछ ।

**२२. दरबन्दी कटौतैती :** (१) सञ्चार प्रतिष्ठानको आम्दानी घट्न गएकोले वा व्यवस्थापकले लगानी घटाई सञ्चार प्रतिष्ठान सञ्चालन गर्न चाहेमा सोही अनुपातमा दरबन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सेवाबाट अवकाश दिन सक्नेछ ।

तर यसरी दरबन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सञ्चार प्रतिष्ठानको सेवाबाट अवकाश दिँदा एकै किसिमको काममा कार्यरत एक वर्षको अविच्छिन्न सेवा अवधि पूरा गरेका श्रमजीवी पत्रकारहरूमध्ये त्यस्तो काममा सबै भन्दा पछि नियुक्त भएकालाई पहिले कटौती गर्ने क्रमले कटौती गरी सेवाबाट अवकाश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी कटौती गर्नुपरेमा सो गर्नु परेको कारणसहितको सूचना व्यवस्थापकले प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारलाई तीन महिना अगावै दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम एक पटक दरबन्दी कटौती गरिसकेपछि एक वर्षभित्र पुनः दरबन्दी सिर्जना गर्न वा करारमा कुनै श्रमजीवी पत्रकार नियुक्त गर्न पाइने छैन ।

(४) उपदफा (३) विपरीत कुनै व्यवस्थापकले सो अवधिभित्र कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारमा नियुक्त गरेमा पहिले दरबन्दी कटौतीमा परेको श्रमजीवी पत्रकारले सो सञ्चार प्रतिष्ठानमा नियुक्ति पाउँ भनी सम्बन्धित व्यवस्थापक समक्ष निवेदन गर्न सक्नेछ । यसरी परेको निवेदन अनुसार सम्बन्धित व्यवस्थापकले त्यस्तो श्रमजीवी पत्रकारलाई नियुक्ति दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापकले नियुक्ति नदिएमा त्यस्तो व्यक्तिले प्रेस रजिष्ट्रार समक्ष उजुरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम परेको उजुरी मनासिब देखिएमा प्रेस रजिष्ट्रारले निवेदकलाई नियुक्ति दिनु भनी सम्बन्धित व्यवस्थापकलाई आदेश दिन सक्नेछ । यसरी प्रेस रजिष्ट्रारबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले त्यस्तो व्यक्तिलाई पुनः श्रमजीवी पत्रकारमा नियुक्ति गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रेस रजिष्ट्रारले दिएको आदेशउपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२३. **सञ्चार प्रतिष्ठान बन्द गर्न सक्ने** : (१) व्यवस्थापकले आफूले सञ्चालन गरेको सञ्चार प्रतिष्ठान कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तीन महिना अगावै दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चार प्रतिष्ठान बन्द हुने भई श्रमजीवी पत्रकारले स्वतः अवकाश पाउने भएमा वा दफा २२ बमोजिम दरबन्दी कटौती भई श्रमजीवी पत्रकारले अवकाश पाउने भएमा व्यवस्थापकले सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तोकिएबमोजिम सुविधा दिनु पर्नेछ ।

२४. **उजुरी गर्न सक्ने** : (१) यस ऐनबमोजिम श्रमजीवी पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले

पैँतीस दिनभित्र ✍ प्रेस रजिष्ट्रारसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी मनासिव ठहरेमा ✍प्रेस रजिष्ट्रारले उजुरवालाको मागबमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्बन्धित सञ्चार प्रतिष्ठानबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई एकहजारदेखि दुईहजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ✍प्रेस रजिष्ट्रारले गरेको निर्णयबाट मर्कापर्ने व्यक्तिले पैँतीस दिनभित्र सम्बन्धित पुरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद – ६

## आचरण, सजाय र पुनरावेदन

**२५. आचरण :** श्रमजीवी पत्रकारहरूले तोकिएबमोजिम आचरणको पालना गर्नु पर्नेछ ।

**२६. सजाय :** (१) पद अनुसारको आचरण नगर्ने श्रमजीवी पत्रकारलाई व्यवस्थापकले देहायबमोजिमको कुनै सजाय गर्न सक्नेछ :-

(क) साधारण सजाय :

(१) नसिहत दिने,

(२) बढीमा दुई वार्षिक पारिश्रमिक वृद्धि रोक्का गर्ने, वा

(ख) विशेष सजाय : सेवाबाट हटाउने ।

(२) कुनै श्रमजीवी पत्रकारको काम सन्तोषजनक नभएमा वा अनुशासनहीन काम गरेमा व्यवस्थापकले साधारण सजाय गर्न सक्नेछ ।

(३) देहायको कुनै अवस्थामा श्रमजीवी पत्रकारलाई व्यवस्थापकले विशेष सजाय गर्न सक्नेछ :-

(क) बराबर आचरणसम्बन्धी कुरा उल्लंघन गरेमा,

(ख) बराबर अनुशासनहीन काम गरेमा,

(ग) बराबर आफ्नो पदको जिम्मेवारी पूरा नगरेमा,

(घ) बिदा स्वीकृत नगराई वा व्यवस्थापकलाई जानकारी नदिई आफ्नो काममा ६० दिन भन्दा बढी अनुपस्थित भएमा ।

---

✍ पहिलो संशोधनद्वारा संशोधित ।

**२७. निलम्बन गर्न सक्ने :** (१) कुनै श्रमजीवी पत्रकारको सम्बन्धमा दफा २६ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नुपर्ने भएमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो श्रमजीवी पत्रकारलाई व्यवस्थापकले निलम्बन गर्न सक्नेछ । तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिँदा झुट्टा सबुद प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नोविरुद्धको सबुद प्रमाण गायब गर्न सक्ने सम्भावना भएमा, वा

(ख) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिँदा सञ्चार प्रतिष्ठानलाई हानी नोक्सानी हुने भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै श्रमजीवी पत्रकारलाई तीन महिनाभन्दा बढी अवधि निलम्बन गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको श्रमजीवी पत्रकार सेवामा बहाल भएमा वा सेवाबाट हटाइएमा निजको निलम्बन समाप्त हुनेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको श्रमजीवी पत्रकारले त्यस्तो निलम्बनको अवधिभर आधा पारिश्रमिक पाउनेछ र निजउपर लागेको अभियोगबाट सफाइ पाएमा त्यसरी निलम्बन भएको अवधिभरको पूरा पारिश्रमिक पाउनेछ ।

**२८. सफाइ पेस गर्ने मौका दिनुपर्ने :** व्यवस्थापकले कुनै श्रमजीवी पत्रकारलाई सजाय दिन आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी सो श्रमजीवी पत्रकारलाई उचित म्याद दिई आफ्नो सफाइ पेस गर्न मौका दिनु पर्नेछ । यसरी मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरामा आधारित छ सोसमेत खुलाउनु पर्नेछ ।

**२९. विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने :** विशेष सजायको आदेश दिनुभन्दा पहिले व्यवस्थापकले दफा २८ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो श्रमजीवी पत्रकारलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी यससम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

**३०. सजाय गर्न सक्ने :** दफा २८ वा दफा २९ बमोजिम सफाइ वा स्पष्टीकरण नै नदिएमा वा सो अनुसार दिएको सफाइ वा स्पष्टीकरण सन्तोषजनक

नभई त्यस्तो श्रमजीवी पत्रकारलाई सजाय गर्नुपर्ने भएमा व्यवस्थापकले दफा २६बमोजिमको कुनै सजाय गर्न सक्नेछ ।

⇒ **३१. पुनरावेदन :** दफा ३० बमोजिम व्यवस्थापकले गरेको सजायउपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र प्रचलित कानुनबमोजिम स्थापना भएको श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद – ७

## विविध

**३२. अधिकार प्रत्यायोजन :** नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त भएको अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निकाय वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३३. दण्ड सजाय :** (१) कुनै श्रमजीवी पत्रकारले गरेको काम कारबाहीबाट सञ्चार प्रतिष्ठानलाई हानि नोक्सानी हुन गएमा सो भए गरेको मितिले तीन महिनाभित्र व्यवस्थापकले नालेस गर्न सक्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले जानीजानी वा लापरवाहीसाथ कुनै काम गरेकोले सञ्चार प्रतिष्ठानलाई कुनै हानी वा नोक्सानी हुन गएको ठहरिएमा त्यस्तो श्रमजीवी पत्रकारबाट भएको हानि नोक्सानीको हर्जाना भराउन लगाई निजलाई एक हजारदेखि दुई हजार रुपैयाँसम्म जरिबाना हुन सक्नेछ ।

♏ (३) कुनै व्यवस्थापकले पटक-पटक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो व्यवस्थापकलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

♏ (४) उपदफा (३) बमोजिम भएको सजायउपर चित्त नबुझ्ने व्यवस्थापकले त्यस्तो सजाय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

♏ **३३क. सुविधा रोक लगाउन सिफारिस गर्न सक्ने :** कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई देहायबमोजिमका सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्बन्धित निकायमा सिफारिस

---

⇒ पहिलो संशोधनद्वारा संशोधित ।

♏ पहिलो संशोधनद्वारा थप ।

गर्न सक्नेछ :-

(क) सञ्चार प्रतिष्ठानले पत्रपत्रिका प्रकाशन गर्ने भएमा त्यस्तो पत्रपत्रिकालाई प्रचलित कानुनबमोजिम पत्रपत्रिका वर्गीकरणमा समावेश नगर्न,

(ख) नेपाल सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ग) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन,

(घ) सरकारी भ्रमण दलमा सहभागी नगराउन ।

☞ **३४. कर्मचारी तथा कामदारको नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था :** (१) श्रमजीवी पत्रकारको नियुक्ति, सेवाको सर्त र सुविधाका सम्बन्धमा यस ऐनमा भएका व्यवस्थाहरू कर्मचारी तथा कामदारका हकमासमेत समान रूपमा लागू हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको पारिश्रमिक तथा सुविधाबाहेकका अन्य व्यवस्थाहरू सम्बन्धित सञ्चार प्रतिष्ठानको सेवा, सर्त र सुविधासम्बन्धी कानुनबमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारले यस ऐनमा लेखिएभन्दा बढी पारिश्रमिक तथा सुविधा पाउने भएमा त्यस्तो बढी पारिश्रमिक तथा सुविधा पाउन यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

♏ **३४क. ट्रेडेड युनियन गठन गर्न सक्ने :** श्रमजीवी पत्रकारहरूले आफ्नो व्यावसायिक तथा पेसागत हक हितको संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा आफू कार्यरत सञ्चार प्रतिष्ठानमा ट्रेड यूनियनसम्बन्धी प्रचलित कानुनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

♏ **३४ख. विवाद समाधानसम्बन्धी व्यवस्था :** (१) श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार र सञ्चार प्रतिष्ठानका व्यवस्थापनबीच सेवा सर्त र सुविधासम्बन्धी कुनै विषयमा विवाद उठेमा प्रेस रजिष्ट्रारले वार्ता,

---

☞ पहिलो संशोधनद्वारा संशोधित ।

♏ पहिलो संशोधनद्वारा थप ।

मेलमिलाप वा मध्यस्थ जस्ता विभिन्न माध्यमबाट त्यस्तो विवाद समाधान गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको माध्यमबाट कुनै विवाद समाधान हुन नसकेमा त्यस्तो विवादको समाधान प्रचलित श्रम कानुनबमोजिम हुनेछ ।

ɱ **३४ग. क्षमता विकाससम्बन्धी व्यवस्था :** (१) नेपाल सरकार तथा सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकारको व्यावसायिक दक्षता, क्षमता र सीप विकासको लागि अध्ययन तथा तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि नेपाल सरकारले सञ्चार प्रतिष्ठानलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ र सञ्चार प्रतिष्ठानले आफ्नो वार्षिक कुल आयको एक प्रतिशत रकम छुट्याउनु पर्नेछ ।

ɱ **३४घ. निरीक्षण तथा अनुगमन गर्न सक्ने :** (१) सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरे वा नगरेको सम्बन्धमा प्रेस रजिष्ट्रारले कुनै सञ्चार प्रतिष्ठानको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको देखिएमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस रजिष्ट्रारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार प्रतिष्ठानको कर्तव्य हुनेछ ।

ɱ **३४ङ. यस ऐनेनको व्यवस्था लागू नहुने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले समितिसँगको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कुनै सञ्चार प्रतिष्ठानको हकमा यस ऐनको कुनै व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले यस ऐनको कुनै व्यवस्था कुनै सञ्चार प्रतिष्ठानको हकमा लागू नहुने गरी तोक्दा देहायका आधार लिन सक्नेछ :-

---

ɱ पहिलो संशोधनद्वारा थप ।

(क) पत्रपत्रिकाको बिक्री सङ्ख्या,

(ख) रेडियोयन्त्रको क्षमता,

(ग) केबुल टेलिभिजनको ग्राहक सङ्ख्या,

(घ) हिट्स हुने अनलाइन पत्रिका सङ्ख्या,

(ङ) कार्यक्रम उत्पादन सङ्ख्या,

(च) समाचार वितरण सङ्ख्या ।

**३५. प्रचलित कानुनबमोजिम हुने :** यो ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

⇨ **३६. नियम तथा विनियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही प्रत्येक सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको सेवा, सर्त एवं सुविधासम्बन्धी विनियम बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चार प्रतिष्ठानले विनियम बनाउँदा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको सेवा, सर्त र सुविधाभन्दा कम हुने गरी विनियम बनाउन सक्ने छैन ।

**द्रष्टव्य**

१. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर गरिएको शब्दहरू:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

२. श्रमजीवी पत्रकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०६४ द्वारा रूपान्तर भएका शब्दहरू:-

"पत्रिका व्यवस्थापन" को सट्टा "सञ्चार प्रतिष्ठान"

३. न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तरण भएका शब्दहरू:-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

---

⇨ पहिलो संशोधनद्वारा संशोधित ।

# श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५३।९।८

संशोधन

१. श्रमजीवी पत्रकारसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६५
२०६५।११।१२

२. श्रमजीवी पत्रकारसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०६९
२०६९।९।२३

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) 'ऐन' भन्नाले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ सम्झनु पर्छ ।

(ख) 'पद' भन्नाले सञ्चार प्रतिष्ठानमा दरबन्दी रहेको पद सम्झनु पर्छ ।

(ग) 'कार्यालय' भन्नाले सञ्चार प्रतिष्ठानको कार्यालय सम्झनु पर्छ ।

(घ) 'कल्याणकारी कोष' भन्नाले नियम २७ बमोजिम खडा गरिएको कल्याणकारी कोष सम्झनु पर्छ ।

## परिच्छेद–२
## पदको वर्गीकरण, नियुक्ति तथा बढुवा

३. **पदको वर्गीकरण गर्दा खुलाउनुपर्नेः** ऐनको दफा ३ बमोजिम श्रमजीवी

पत्रकारको पद र त्यस्तो पदको तहगत वर्गीकरण गर्दा कुन पद खुला प्रतियोगिताद्वारा र कुन पद आन्तरिक बढुवाद्वारा पूर्ति गरिने हो सो कुरासमेत खुलाउनुपर्नेछ ।

४. **श्रमजीवी पत्रकारको पदपूर्ति :** नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवस्थापकले सञ्चार प्रतिष्ठानमा रिक्त रहेका सबै पदहरू पहिलो पटक खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नु पर्नेछ ।

५. **विज्ञापन गर्नुपर्ने :** (१) व्यवस्थापकले रिक्त पद पूर्तिको लागि विज्ञापन गर्दा सर्वसाधारणले थाहा पाउने गरी राष्ट्रिय स्तरको कुनै एक पत्रपत्रिका, रेडियो वा टेलिभिजनबाट कम्तीमा एक महिनाको अवधि तोकी विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्दा पदपूर्ति गर्नुपर्ने पद र सो पदको सङ्ख्या, स्थायी वा अस्थायी, आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव, कामको किसिम, परीक्षाको किसिम, दरखास्त दस्तुर, उमेरको हद, नागरिकता, दरखास्त दिने अन्तिम मिति, परीक्षा हुने मिति, समय र स्थान आदि कुराहरू त्यस्तो विज्ञापनमा स्पष्ट रूपमा खुलाएको हुनु पर्नेछ ।

६. **प्रतियोगिताको किसिम र छनौट :** (१)सञ्चार प्रतिष्ठानमा रिक्त रहेको कुनै पदको लागि लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता लिई श्रमजीवी पत्रकार छनौट गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमजीवी पत्रकारको कुनै पदको कामको प्रकृति हेरी कुन पदको लागि कति किसिमका प्रतियोगिता गराउने भन्ने कुरा सञ्चार प्रतिष्ठानले निर्धारण गर्न सक्नेछ ।

७. **नतिजा प्रकाशन गर्नुपर्ने :** (१) सञ्चार प्रतिष्ठानले लिखित परीक्षा लिएको मितिले साधारणतया एक महिनाभित्र परीक्षाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

८. अन्तर्वार्ता : सञ्चार प्रतिष्ठानले सामान्यतया लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले एक महिनाभित्र परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको अन्तर्वार्ता लिनु पर्नेछ ।

९. **योग्यताक्रम, सिफारिस र नियुक्ति :** (१)सञ्चार प्रतिष्ठानले उम्मेदवारको

अन्तर्वार्ता लिएको मितिले १५ दिनभित्र योग्यताक्रम प्रकाशन गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम योग्यताक्रममा सिफारिस भएका उम्मेदवारहरूलाई व्यवस्थापकले +बढीमा पन्ध्र दिनभित्र श्रमजीवी पत्रकारमा नियुक्ति गर्नेछ ।

+(३) व्यवस्थापकले यस नियमबमोजिम श्रमजीवी पत्रकारलाई नियुक्ति गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तलाई अनुशरण गर्नुपर्नेछ ।

१०. **प्रतीक्षा सूची प्रकाशन गर्नुपर्नेः** (१) सञ्चार प्रतिष्ठानले भर्नाको लागि योग्यताक्रम सिफारिस गर्दा पदको अनुपातमा पच्चीस प्रतिशतसम्म र कम्तीमा एकजनासम्म प्रतीक्षा सूचीमा योग्यताक्रम अनुसार उम्मेदवारको नाम प्रकाशन गर्नु पर्नेछ ।

(२) योग्यताक्रममा परेका उम्मेदवारको क्रममा सिफारिस भएका उम्मेदवारले एक महिनाभित्र नियुक्तिपत्र लिन नआएमा वा नियुक्तिपत्र लिई बिना सूचना कार्यालयमा अनुपस्थित भएमा वा नियुक्तिपत्र लिई परीक्षणकालभित्र सेवा छाडी गएमा व्यवस्थापकले प्रतीक्षा सूचीमा रहेका योग्यताक्रमअनुसारका व्यक्तिलाई नियुक्ति दिनु पर्नेछ ।

११. **बढुवाद्वारा पूर्ति गरिने :** (१) व्यवस्थापकले नियम ३ बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्टयाएका पदहरू सञ्चार प्रतिष्ठानमा सो पदभन्दा एक तह मुनिको पदमा चारवर्ष सेवा अवधि पूरा गरेको श्रमजीवी पत्रकारहरू मध्येबाट निजहरूको कार्यक्षमता र ज्येष्ठताको आधारमा बढुवा गरी पूर्ति गर्नु पर्नेछ ।

## परिच्छेद–३

## बिदासम्बन्धी व्यवस्था

१२. **सार्वजनिक बिदाः** (१) श्रमजीवी पत्रकारले व्यवस्थापकले तोकेबमोजिमको सार्वजनिक बिदा पाउनेछ ।

(२) सार्वजनिक बिदाको दिनमा श्रमजीवी पत्रकारलाई सञ्चार प्रतिष्ठानको काममा लगाउनुपरेमा सो दिनको सट्टा बिदा दिइनेछ । त्यसरी सट्टा बिदा दिन नसकिने भएमा निजलाई काम गरेको दिनको तलब दिइनेछ ।

(३) सार्वजनिक बिदामा बस्ने श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ ।

(४) सार्वजनिक बिदा सञ्चित गर्न पाइने छैन ।

१३. **भैपरी आउने र पर्व बिदाः** (१) श्रमजीवी पत्रकारले प्रत्येक वर्ष भैपरी आउने बिदा ६ दिन र पर्व बिदा ६ दिन गरी जम्मा १२ दिन बिदा लिन

+ पहिलो संशोधनद्वारा थप ।

पाउनेछ ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन पाइनेछ ।

(३) भैपरी आउने र पर्व बिदामा बस्ने श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ ।

(४) भैपरी आउने र पर्व बिदा सञ्चित गरी अर्को वर्ष लिन पाइने छैन ।

१४. **घर बिदाः** (१) श्रमजीवी पत्रकारले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ ।

(२) श्रमजीवी पत्रकारले घर बिदामा बस्दा पूरा तलब पाउनेछ ।

(३) घर बिदा र बेतलबी बिदामा बसेको श्रमजीवी पत्रकारले सो अवधिको घर बिदा पाउने छैन ।

(४) वर्षको एक पटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले हुने दिन तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद पाउनेछ ।

१५. **बिरामी बिदाः** (१) श्रमजीवी पत्रकारले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउने छ ।

(२) बिरामी बिदामा बस्दा श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ ।

(३) बेतलबी बिदामा बसेको अवधिमा श्रमजीवी पत्रकारले बिरामी बिदा पाउने छैन ।

+(४) सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा चोटपटक लाग्न गई त्यस्तो चोट पटकको उपचार गराउन निजको सञ्चित बिरामी बिदाले नपुग भएमा श्रमजीवी पत्रकारले निजको सञ्चित अन्य कुनै पनि बिदाबाट कट्टा नहुने गरी उपचार गराउन आवश्यकपर्ने थप अवधिको लागि पूरा तलबसहितको बिरामी बिदा पाउनेछ ।

❶१६ **सुत्केरी बिदाः** (१) महिला श्रमजीवी पत्रकार गर्भवती भएमा निजले सुत्केरीको अघि वा पछि गरी साठी दिन सुत्केरी बिदा लिन पाउनेछ ।

(२) उपनियम (१) बमोजिम सुत्केरी बिदा लिएको महिला श्रमजीवी पत्रकारले चाहेमा लगातार थप छ महिनासम्म सुत्केरी बिदा लिन सक्नेछ ।

---

+ पहिलो संशोधनद्वारा थप ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपनियम (२) बमोजिम कुनै महिला श्रमजीवी पत्रकार बिदामा बसेमा त्यस्तो अवधि निजको नोकरी अवधिमा जोडिनेछ।

(४) कुनै पुरुष श्रमजीवी पत्रकारको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन सुत्केरी स्याहार गर्न बिदा लिन पाउनेछ।

☒(५) ..................

(६) यस नियमबमोजिम बिदामा बस्ने श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ।

तर उपनियम (२) बमोजिम बिदामा बस्ने श्रमजीवी पत्रकारले सो अवधिको तलब पाउने छैन।

(७) श्रमजीवी पत्रकारले बच्चाको स्याहारको निमित्त सम्बन्धित सञ्चार प्रतिष्ठानबाट बढीमा दुईवटा बच्चाको लागि जनही एकमुष्ट पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता पाउनेछ।

तर कुनै श्रमजीवी पत्रकारको पति र पत्नी दुवैजना एउटै सञ्चार प्रतिष्ठानमा कार्यरत भएमा पुरुष श्रमजीवी पत्रकारले त्यस्तो भत्ता पाउने छैन।

(८) उपनियम (४) बमोजिमको बिदा लिने श्रमजीवी पत्रकारले तीन महिनाभित्रमा आफू कार्यरत सञ्चार प्रतिष्ठानमा बच्चाको जन्मदर्ता प्रमाणपत्र पेस गर्नु पर्नेछ र जन्म दर्ता प्रमाणपत्र पेस नगरेमा निजले सुत्केरी स्याहार गर्न लिएको बिदाको अवधि अन्य बिदाबाट कट्टा गरिनेछ।

(९) यस नियमबमोजिमको बिदाको अभिलेख सम्बन्धित सञ्चार प्रतिष्ठानले अद्यावधिक गरी राख्नु पर्नेछ।

**१७. किरिया बिदाः** (१) कुनै श्रमजीवी पत्रकारले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा पन्ध्रदिन किरिया बिदा पाउनेछ। महिला श्रमजीवी पत्रकारको पतिले किरिया बस्नुपरेमा निजले पनि त्यतिनै दिन किरिया बिदा पाउनेछ।

(२) श्रमजीवी पत्रकारले किरिया बिदामा बस्दा पूरा तलब पाउनेछ।

❶**१८ बेतलबी बिदाः** (१) श्रमजीवी पत्रकारलाई उपयोगी र आवश्यकपर्ने विषयमा स्वदेश वा विदेशमा अध्ययन गर्न वा अन्य कुनै विशेष

---

☒ दोस्रो संशोधनद्वारा झिकिएको।

❶ पहिलो संशोधनद्वारा संशोधित।

प्रयोजनको लागि सञ्चित बिदा नहुने श्रमजीवी पत्रकारले बेतलबी बिदा पाउन सक्नेछ ।

(२) श्रमजीवी पत्रकारले सेवा अवधि भरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म बेतलबी बिदा पाउन सक्नेछ ।

तर सञ्चार प्रतिष्ठानले आवश्यक ठानेमा बेतलबी बिदाको अवधि दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(३) तीन वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि श्रमजीवी पत्रकारले बेतलबी बिदा पाउन सक्ने छैन ।

(४) श्रमजीवी पत्रकारले बेतलबी बिदामा बसेको अवधि निजको नोकरी अवधिमा गणना हुने छैन ।

१९. **घर बिदा र बिरामी बिदा सञ्चित गर्न पाउनेः** (१) श्रमजीवी पत्रकारले घर बिदा [❶]एकसय असी दिनसम्म र बिरामी बिदा जतिसुकै पनि सञ्चित गर्न सक्नेछ ।

(२) कुनै कारणले श्रमजीवी पत्रकार सेवाबाट अलग भएमा उपनियम (१) बमोजिम सञ्चित भएको घरबिदा र बिरामी बिदाबापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(३) उपनियम (२) बमोजिमको रकम लिन नपाउँदै त्यस्तो श्रमजीवी पत्रकारको मृत्यु भएमा त्यसरी सञ्चित भएको घर बिदा र बिरामी बिदाबापतको रकम निजले इच्छाएको व्यक्तिले र त्यस्तो व्यक्ति नभएमा निजको नजिकको हकदारले पाउनेछ ।

२०. **बिदा माग गर्ने विधिः** श्रमजीवी पत्रकारले व्यवस्थापकसँग लिखितरूपमा बिदा माग गर्नु पर्नेछ ।

तर भैपरी आउने र पर्व बिदा मौखिक रूपमा पनि लिन सकिनेछ ।

२१. **बिदा स्वीकृत गर्ने अधिकारीः** श्रमजीवी पत्रकारको बिदा सम्बन्धित व्यवस्थापकले स्वीकृत गर्नेछ ।

२२. **बिदा नलिई अनुपस्थित हुनेउपर कारबाहीः** बिदा नलिई कार्यालयमा अनुपस्थित हुने श्रमजीवी पत्रकारलाई गयल र तलब कट्टी गरी विभागीय कारबाहीसमेत गर्न सकिनेछ ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

त्यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

**२३. बिदा अधिकारको कुरा होइनः** श्रमजीवी पत्रकारको लागि बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो ।

## परिच्छेद–४

## पारिश्रमिक तथा सुविधा

❶**२४. समितिको काम, कर्तव्य र अधिकारः** ऐनमा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) श्रमजीवी पत्रकारले ऐन तथा यस नियमावलीबमोजिम पाउने न्यूनतम पारिश्रमिक निर्धारण गर्नेसम्बन्धमा नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने,

(ख) खण्ड (क) बमोजिमको सिफारिस गर्नु अघि सो विषयमा आवश्यकता अनुसार सम्बन्धित पक्षसँग परामर्श गर्ने वा सम्बन्धित विशेषज्ञको राय लिने,

(ग) सञ्चार प्रतिष्ठानको कामको प्रकृति अनुसार श्रमजीवी पत्रकारको पदको तहगत वर्गीकरण गर्ने,

(घ) ऐनको दफा ३४ङबमोजिम ऐनको कुनै व्यवस्था कुनै सञ्चार प्रतिष्ठानको हकमा लागू नहुने गरी तोक्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ।

**२५. वार्षिक तलब वृद्धि :** श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानमा एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलबमा नघटाई मासिक तलबमा थप गरी तलब वृद्धि पाउने छ ।

**२६. पारिश्रमिक कट्टी हुने रकमको हद, तरिका र म्याद :** (१) ऐनको दफा १५ को उपदफा (२) बमोजिम कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टी गर्नुपर्दा देहायका कुराहरूको अधीनमा रही कट्टी गर्नु पर्नेछ :-

(क) लागेको जरिवाना वा गैरहाजिरबापत कट्टी गर्नु पर्दा प्रत्येक पटक पाउने पारिश्रमिकको तेत्तीस प्रतिशतको दरले नबढाई त्यस्तो जरिवाना वा गैरहाजिरबापत कट्टी गर्नुपर्ने रकम असुल नभएसम्म,

---

❶ पहिलो संशोधनद्वारा संशोधित ।

(ख) जानीजानी वा लापरबाहीसाथ काम गर्दा सञ्चार प्रतिष्ठानलाई पुग्न गएको नोक्सानीबापत कट्टी गर्नुपर्दा प्रत्येक पटक पच्चीस प्रतिशतको दरमा नबढाई त्यस्तो कट्टी गर्नुपर्ने रकम असुल नभएसम्म,

(ग) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नुपर्दा सञ्चार प्रतिष्ठान र श्रमजीवी पत्रकारबीच कुनै सर्त भएकोमा सोही आधारमा र त्यसरी कुनै सर्त नगरेको भए प्रत्येक पटक पाउने पारिश्रमिकको पच्चीस प्रतिशतका दरमा नबढाई त्यस्तो पेश्की रकम असुल उपर नभएसम्म,

(घ) सरकारी अड्डा वा अदालतको आदेशबमोजिम तिर्नु बुझाउनुपर्ने वा प्रचलित कानुनबमोजिम लाग्ने आयकर वा अन्य कुनै प्रकारको रकम कट्टी गर्नुपर्दा त्यस्तो आदेशमा म्याद किटान भएको भए सोही म्यादभित्र चुक्ता गर्न आवश्यक पर्ने जति प्रतिशतको दरले र म्याद किटान नभएकोमा प्रत्येक पटक पाउने पारिश्रमिकको पचास प्रतिशतको दरमा नबढाई त्यस्तो आदेशबमोजिम असुल उपर नभएसम्म ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै श्रमजीवी पत्रकारबाट असुल उपर गर्नुपर्ने कुनै रकम कट्टी नहुँदै निजको मृत्यु भएमा वा कुनै कारणबाट सञ्चार प्रतिष्ठानको सेवाबाट अवकाश पाएमा निजबाट असुल गर्न बाँकी भएजति रकम सञ्चार प्रतिष्ठानबाट निजले पाउने रकम भएमा सोही रकमबाट कट्टा गरी असुल उपर गरिनेछ ।

२७. **कल्याणकारी कोष खडा गर्नुपर्ने** : (१) सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकारहरूको हक, हित र सुरक्षाको लागि व्यवस्थापकले एउटा कल्याणकारी कोष खडा गर्नु पर्नेछ ।

[1](२) उपनियम (१) बमोजिम खडा भएको कोषमा व्यवस्थापकले देहायको रकम जम्मा गर्नु पर्नेछ :-

(क) श्रमजीवी पत्रकारले खाइपाई आएको मासिक तलबबाट पाँच प्रतिशतले कट्टा गरी हुन आउने रकम,

(ख) नेपाल सरकारले सञ्चार प्रतिष्ठानलाई लोककल्याणकारी विज्ञापनबापत उपलब्ध गराएको रकमको दश प्रतिशतले हुन आउने रकम,

(ग) सञ्चार प्रतिष्ठानले प्रत्येक वर्ष विज्ञापनबापत प्राप्त गर्ने

आम्दानीको दश प्रतिशतले हुन आउने रकम,

(घ) सञ्चार प्रतिष्ठानमा प्रत्येक वर्ष नाफा भएको रकममा खण्ड (ख) र (ग) बमोजिमको रकम घटाई बाँकी हुन आउने कुल नाफाको पांच प्रतिशतले हुन आउने रकम ।

(३) व्यवस्थापकले कल्याणकारी कोषमा रहने रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) कल्याणकारी कोषको सञ्चालन व्यवस्थापक र व्यवस्थापकले तोकेको कुनै श्रमजीवी पत्रकारको संयुक्त दस्तखतबाट हुनेछ ।

+(५) प्रत्येक सञ्चार प्रतिष्ठानले यस नियमबमोजिम खडा भएको कोषको प्रत्येक वर्ष मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

+(६) प्रत्येक सञ्चार प्रतिष्ठानले उपनियम (५) बमोजिमको लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

२८. **कल्याणकारी कोषको प्रयोग :** सञ्चार प्रतिष्ठानले कल्याणकारी कोषको रकम देहायका काममा खर्च गर्न सक्नेछ :

(क) श्रमजीवी पत्रकार वा तिनका परिवारका सदस्यहरू बिरामी भई वा तत्काल दुर्घटना घटी आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने भएमा,

(ख) श्रमजीवी पत्रकारलाई असाधारण परिस्थिति परी आएमा सहुलियत दरमा सापटी दिन,

(ग) श्रमजीवी पत्रकारहरूको बालबालिकालाई शिक्षाको लागि आवश्यक व्यवस्था गर्न,

+(ग१) नियम २८क बमोजिम असक्त बृत्तिबापतको रकम दिन,

+(ग२) नियम ३०ख बमोजिम क्षतिपूर्तिको रकम दिन,

(घ) श्रमजीवी पत्रकारको हकहित र सुरक्षाको सम्बन्धमा सञ्चार प्रतिष्ठानले उपयुक्त ठहऱ्याएको अन्य कुनै विषयमा ।

+**२८क. अशक्त वृत्तिः** सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारको दुर्घटनामा परी अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारण निज शारीरिक वा मानसिक रूपमा सेवाको लागि अशक्त भएको भनी नेपाल सरकारले तोकेको मेडिकल बोर्डले सिफारिस गरेमा सम्बन्धित सञ्चार प्रतिष्ठानले त्यस्तो श्रमजीवी पत्रकारलाई निजको जीविकाको

---
+ पहिलो संशोधनद्वारा थप ।

निमित्त बाँचुन्जेलसम्मका लागि अशक्त वृत्तिबापत निजले खाइपाई आएको मासिक तलबको आधा रकम नियम २७ बमोजिमको कोषबाट प्रत्येक महिना उपलब्ध गराउनु पर्नेछ ।

**२९. सञ्चय कोषः** स्थायी श्रमजीवी पत्रकारलाई निजले खाइपाई आएको तलबबाट प्रत्येक महिनामा दश प्रतिशत रकम कट्टा गरी सञ्चार प्रतिष्ठानले सो रकममा शत प्रतिशत थपी निजको नाममा सञ्चय कोष जम्मा गर्नु पर्नेछ ।

**३०. उपचार खर्च :** श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानमा काम गरेबापत प्रत्येक वर्षको अन्त्यमा आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम उपचार खर्चबापत पाउनेछ ।

+**३०क. औषधि उपचार तथा दुर्घटना बीमाः** (१) व्यवस्थापकले सञ्चार प्रतिष्ठानमा कार्यरत प्रत्येक श्रमजीवी पत्रकारको लागि न्यूनतम पाँच लाख रूपियाँको औषधी उपचार तथा दुर्घटना बीमा गराउनु पर्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकार सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा दुर्घटनामा परी चोटपटक लागेमा वा निजको अङ्ग भङ्ग भएमा वा अन्य कुनै कडा रोग लागेमा उपनियम (१) बमोजिम बीमा गराएको रकमबाट उपचार गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बीमा गराउँदा लाग्ने कूल वीमा शुल्क रकममध्ये पचास प्रतिशत रकम सम्बन्धित सञ्चार प्रतिष्ठानले र पचास प्रतिशत रकम सम्बन्धित श्रमजीवी पत्रकारले बेहोर्नु पर्नेछ ।

(४) सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा दुर्घटनामा परी कुनै श्रमजीवी पत्रकारको मृत्यु भएमा उपनियम (१) बमोजिम गरिएको बीमाबापतको रकम ऐनको दफा १६ मा उल्लेख भएबमोजिमको व्यक्तिले पाउनेछ ।

(५) यस नियमबमोजिम श्रमजीवी पत्रकारले उपचारबापत रकम पाएको कारणले मात्र नियम ३० बमोजिम उपचार खर्च पाउनमा कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(६) सञ्चार प्रतिष्ठानले यो नियम प्रारम्भ हुँदाका बखत आफ्नो प्रतिष्ठानमा कार्यरत प्रत्येक श्रमजीवी पत्रकारको यो नियम प्रारम्भ

---

+ पहिलो संशोधनद्वारा थप ।

भएको मितिले छ महिनाभित्र उपनियम (१) बमोजिम बीमा गरी सोको जानकारी प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

+**३०ख.क्षतिपूर्तिसम्बन्धी व्यवस्था:** (१) कुनै श्रमजीवी पत्रकारलाई सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा चोटपटक लाग्न गई सो चोटपटकको कारणबाट निजको कार्यसम्पादन क्षमतामा असरपर्ने भएमा सञ्चार प्रतिष्ठानले त्यस्तो श्रमजीवी पत्रकारलाई निजले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम वा दशहजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम क्षतिपूर्तिको रूपमा एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

(२) सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारको व्यक्तिगत सम्पत्ति नष्ट भएमा सम्बन्धित सञ्चार प्रतिष्ठानले त्यस्तो श्रमजीवी पत्रकारलाई त्यसरी नष्ट भएको सम्पत्ति बराबरको रकम क्षतिपूर्तिबापत उपलब्ध गराउनुपर्नेछ ।

(३) यस नियमबमोजिम सम्बन्धित सञ्चार प्रतिष्ठान समक्ष श्रमजीवी पत्रकारले पाउने क्षतिपूर्तिको रकम सिफारिस गर्न प्रत्येक जिल्लामा देहायका सदस्यहरू भएको समिति रहनेछ :

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) सभापति, नेपाल पत्रकार महासङ्घ, जिल्ला शाखा - सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) प्रमुख, सम्बन्धित सञ्चार प्रतिष्ठान - सदस्य

(ङ) प्रमुख, जिल्ला हुलाक कार्यालय - सदस्य-सचिव

(४) उपनियम (३) बमोजिम गठन हुने समितिको सचिवालय सम्बन्धित जिल्ला हुलाक कार्यालयमा रहनेछ ।

**३१. उपदान :** पाँच वर्ष वा सो भन्दा बढी समय सञ्चार प्रतिष्ठानमा स्थायी सेवा गर्ने श्रमजीवी पत्रकारले आफूले काम गरेको अवधिअनुसार देहायबमोजिम उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको श्रमजीवी पत्रकारले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आधा महिनाको तलब,

(ख) दश वर्षदेखि पन्ध्रवर्षसम्म सेवा गरेको श्रमजीवी पत्रकारले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त एक महिनाको तलब,

(ग) पन्ध्रवर्षदेखि बढी सेवा गरेको श्रमजीवी पत्रकारले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त डेढ महिनाको तलब ।

---

+ पहिलो संशोधनद्वारा थप ।

[1]**३२. चाडपर्व खर्चः** श्रमजीवी पत्रकारले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ । यस्तो रकम एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

**३३. दैनिक तथा भ्रमण भत्ताबापतको सुविधा :** श्रमजीवी पत्रकारले कार्यालयको कामको शिलशिलामा कुनै ठाउँमा भ्रमण गर्नु परेमा सो ठाउँमा जाँदा र आउँदाको सवारी खर्च र सो ठाउँमा बस्दा लाग्ने खाना खर्चबापत व्यवस्थापकले तोकेबमोजिमको रकम सञ्चार प्रतिष्ठानबाट दैनिक तथा भ्रमण भत्ताको रूपमा पाउनेछ ।

**३४. बीमाको सुविधा :** व्यवस्थापकले प्रत्येक श्रमजीवी पत्रकारको बीमाको व्यवस्था गर्नु पर्नेछ ।

**३५. अवकास पाउने श्रमजीवी पत्रकारले पाउने सुविधा :** ऐनको दफा २२ र २३ बमोजिम अवकाश पाउने श्रमजीवी पत्रकारलाई निजले सेवा गरेको प्रत्येक वर्षको निमित्त नियम ३१ मा तोकिएबमोजिमको उपदान सरहको सुविधा दिनु पर्नेछ । कुनै श्रमजीवी पत्रकारले पाँचवर्ष भन्दा कम अवधि सञ्चार प्रतिष्ठानमा सेवा गरेको भए निजले पाँचवर्ष सेवा गरेको मानी सोही अनुपातमा निजलाई सुविधा दिनु पर्नेछ ।

**३६. बढी समय काम गरेबापत पाउने सुविधा :** व्यवस्थापकले श्रमजीवी पत्रकारलाई कार्यालय समय बाहेक बढी समय सञ्चार प्रतिष्ठानको काममा लगाएमा त्यसरी बढी समय काममा लगाएबापत निजले पाउने एक दिनको पारिश्रमिकको रकमलाई दामासाहीले हिसाब गरी जति समय बढी काम लगाइएको छ सोही आधारमा थप सुविधा दिनु पर्नेछ ।

## परिच्छेद–५

## आचरण

**३७. समय पालन र नियमितताः** श्रमजीवी पत्रकारले निर्धारित समयमा कार्यालय वा आफ्नो कार्यक्षेत्रमा हाजिर हुनुपर्दछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन ।

---

[1] पहिलो संशोधनद्वारा संशोधित ।

**३८. अनुशासन र आज्ञापालनः** (१) श्रमजीवी पत्रकारले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताकोसाथ पालन गर्नुपर्दछ ।

(२) ✂ ......................

(३) श्रमजीवी पत्रकारले आफूभन्दा माथिको श्रमजीवी पत्रकारसँग आदर र आफू मुनिका व्यक्तिलाई उचित व्यवहार गर्नुपर्दछ ।

❶**३९. सञ्चार प्रतिष्ठानको नीति विपरीत कार्य गर्न नहुने :** (१) )सञ्चार प्रतिष्ठानको नीतिको विपरीत हुने गरी वा सञ्चार प्रतिष्ठान वा पत्रिका र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्र वा क्षेत्रको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि श्रमजीवी पत्रकारले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेवारिश कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन र सञ्चार प्रतिष्ठानको नीति विपरीत नहुने गरी लेख प्रकाशन वा ❶प्रसारण गरी स्वस्थ आलोचना गर्न बाधापर्ने छैन ।

**४०. सञ्चार प्रतिष्ठानसम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध :** श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानद्वारा अख्तियार नपाई आफूले पत्रिकाको व्यवस्थापकीय वा समाचार सङ्कलनसम्बन्धी कायम गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय, आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागज पत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन ।

**४१. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध :** (१) सञ्चार प्रतिष्ठान वा पत्रिकामा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठानको पूर्वस्वीकृतिबिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोशेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा समाचार सङ्कलनको कार्यसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

(२) श्रमजीवी पत्रकारले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले पत्रिका

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

व्यवस्थापकलाई खबर दिई निकासा भएबमोजिम गर्नुपर्छ ।

४२. **प्रदर्शन र हड्ताल गर्नमा प्रतिबन्ध :** श्रमजीवी पत्रकारले ❶नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हड्तालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उकास्नसमेत हुँदैन ।

४३. **हड्ताल थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्ध :** श्रमजीवी पत्रकारले कुनै पनि व्यवस्थापक वा कर्मचारी वा श्रमजीवी पत्रकारको कानुन/नियमद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हड्ताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक चोट पुग्ने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरूलाई उकास्नसमेत हुँदैन ।

+तर ट्रेड यूनियनसम्बन्धी प्रचलित कानुनको अधीनमा रही श्रमजीवी पत्रकारले आफ्नो अधिकार प्रयोग गर्न कुनै बाधा पुगेको मानिने छैन ।

४४. **आफ्नो सेवा र पदअनुसारको आचारण पालन गर्नुपर्ने :** प्रत्येक श्रमजीवी पत्रकारले आफ्नो सेवा र पदअनुकूलको आचरणसमेत पालन गर्नुपर्दछ ।

४५. **मादक पदार्थ सेवन गर्न नहुने :** श्रमजीवी पत्रकारले मादक पर्दाथ सेवन गरी कार्यालयमा उपस्थित हुन र पेसासम्बन्धी कामको सिलसिलामा मादक पदार्थ सेवन गरी हुलहुज्जत गरी पत्रिका र व्यवस्थापनको बदनाम गर्नु हुँदैन ।

## परिच्छेद–६

## विविध

४६. ♎ ............

४७. **कर्मचारी तथा कामदारको नियुक्ति, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था :** सञ्चार प्रतिष्ठानमा काम गर्ने ❶कर्मचारी तथा कामदारको नियुक्ति, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था श्रमजीवी पत्रकारसरह हुनेछ ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

+ पहिलो संशोधनद्वारा थप ।

♎ पहिलो संशोधनद्वारा खारेज ।

[+] **<u>४८. श्रम कानुनबमोजिम हुने :</u>** श्रमजीवी पत्रकारको नियुक्ति, सेवाको सर्त तथा सुविधाको सम्बन्धमा यस नियमावलीमा लेखिएका कुराहरूको हकमा यसै नियमावलबीमोजिम र अन्य कुराको हकमा प्रचलित श्रम कानुनबमोजिम हुनेछ ।

---

+ पहिलो संशोधनद्वारा थप ।

**द्रष्टव्य :-** (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तरण गरिएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"
(२) पहिलो संशोधनद्वारा रुपान्तरण गरिएका शब्दहरू:-
"पत्रिका व्यवस्थापक" को सट्टा "सञ्चार प्रतिष्ठान" ।

# छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८

लालमोहर र प्रकाशन मिति
२०४८।२।१६

**संशोधन गर्ने ऐनः**

१. छापाखाना र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) ऐन, २०४८
२०४८।७।१४

२. सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७
२०५७।१०।१८

**प्रमाणीकरण र प्रकाशन मिति**

| | | |
|---|---|---|
| ३. | केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ ← | २०६६।१०।७ |
| ५. | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |

**२०४८ सालको ऐन नं. ५**

2..............

छापाखाना र प्रकाशन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** विभिन्न वर्ग र क्षेत्रका जनताबीच सुसम्बन्ध, सदाचार, शिष्टाचार, नैतिकता कायम राख्न र देशको पत्रकारिता क्षेत्रले अभिव्यक्तिको स्वतन्त्रतालाई मर्यादित एवं जिम्मेवारीपूर्ण तबरले स्वतन्त्र र निर्भिक भई उपभोग गर्न सक्ने वातावरण सृजना गर्नको लागि छापाखाना र प्रकाशनसम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव**बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

---

←यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "छापाखाना" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका वा लिखतपत्र निकाल्ने साधन सम्झनु पर्छ र सो शब्दले छाप्ने मेसिन, टाइप, लिथो गर्ने मेसिन, सबै कलहरू, ज्यावल, कार्यालय र त्यसका हिस्साहरूलाईसमेत जनाउँछ ।

(ख) "प्रकाशन" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका, अन्य पत्रपत्रिका र लिखतपत्रलाईसमेत सम्झनु पर्छ ।

(ग) "किताब" भन्नाले समग्र वा खण्ड खण्ड रूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको वा लिथो भएको प्रत्येक पुस्तक, पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्सा, मानचित्र आदिसमेतलाई जनाउँछ ।

(घ) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्त्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरूसमेत भएको सार्वजनिक रूपमा बिक्री वा वितरण हुने पत्र सम्झनु पर्छ ।

(ङ) "समाचारपत्रिका" भन्नाले सार्वजनिक समाचार वा त्यसको टिप्पणी तथा विश्लेषण भएको तर समाचारपत्रमा नगनिने समाचारसम्बन्धी कागजपत्र सम्झनु पर्छ ।

(च) "पत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचारपत्रिका र अन्य पत्रपत्रिकालाईसमेत सम्झनु पर्छ ।

(छ) "अन्य पत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचारपत्रिकामा नगनिने कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्रलगायतका विभिन्न विधामा प्रकाशित हुने अन्य पत्रपत्रिका सम्झनु पर्छ ।

(ज) "लिखतपत्र" भन्नाले पोष्टर, चित्र, नक्सा, फोटो वा अरू कुनै प्रत्यक्ष चित्रणलाईसमेत जनाउँछ ।

(झ) "प्रकाशक" भन्नाले दफा ७ बमोजिम पत्रपत्रिका प्रकाशन गर्न प्रमाणपत्र पाएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "सम्पादक" भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन

तथा सम्पादन गर्ने उत्तरदायित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "मुद्रक" भन्नाले छापाखाना धनी आफैंले छापाखाना सञ्चालन गरेको भए छापाखाना धनी वा छापाखाना सञ्चालन गर्न कुनै व्यक्ति नियुक्ति भएको भए त्यसरी नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ठ) "पत्रकार" भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्री सङ्कलन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक र सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक र स्तम्भ लेखकसमेतलाई जनाउँछ ।

(ड) "प्रतिबन्धित प्रकाशन" भन्नाले दफा १४ बमोजिम प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन सम्झनु पर्छ ।

(ढ) "निषेधित प्रकाशन" भन्नाले दफा १५ बमोजिम निषेधित गरिएको कुरा समावेश भएको प्रकाशन सम्झनु पर्छ ।

(ण) "प्रेस रजिष्ट्रार" भन्नाले दफा १९ बमोजिम नियुक्त गरिएको अधिकारी सम्झनु पर्छ ।

(त) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ ।

(थ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद –२

## छापाखानासम्बन्धी व्यवस्था

३. **छापाखाना दर्ता गर्नुपर्ने:** (१) छापाखाना सञ्चालन गर्न चाहने व्यक्तिले छापाखाना सञ्चालन गर्नको लागि तोकिएको विवरणहरू खुलाई तोकिएको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले उक्त दरखास्तउपर आवश्यक छानवीन गरी तोकिएको दस्तुर लिई दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न तोकिएबमोजिम प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले छापाखानासम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम पेस भएको विवरणमा कुनै परिवर्तन भएमा मुद्रकले स्थानीय अधिकारीलाई तुरुन्त सूचना गर्नु पर्नेछ। स्थानीय अधिकारीले पनि त्यस्तो सूचना प्राप्त हुनासाथ उपदफा (३) बमोजिमको दर्ता किताबमा त्यस्तो परिवर्तन भएको मिति र विवरण जनाई राख्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा दर्ता भएको छापाखाना अर्को जिल्लामा लगी सञ्चालन गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम पुनः दरखास्त दिई प्रमाणपत्र लिनु पर्नेछ।

४. **छापाखाना बन्द वा जफत नगरिने :** दफा ३ बमोजिम दर्ता भएको छापाखानाले समाचार, लेख वा अन्य पाठ्यसामग्री मुद्रण गरेबापत त्यस्तो छापाखाना बन्द वा जफत गरिने छैन।

## परिच्छेद –३

## किताबसम्बन्धी व्यवस्था

५. **किताब दर्ता गर्ने :** (१) किताबको प्रकाशकले आफूले प्रकाशन गरेको किताब बिक्री वितरण गर्नुभन्दा अघि त्यस्तो किताबको दुईप्रति बिना मूल्य स्थानीय अधिकारीलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको किताबहरू स्थानीय अधिकारीले दर्ता किताबमा दर्ता गरी देहायका कुराहरूसमेत उल्लेख गरी राख्नु पर्नेछ :-

(क) किताबको नाम र मुखपृष्ठमा छापिएको व्यहोरा (नेपाली भाषामा नभए अनुवाद गरी नेपाली भाषामा राख्ने,

(ख) किताब लेखिएको भाषा,

(ग) किताब वा त्यसको भागको लेखक, अनुवादक वा सम्पादकको नाम,

(घ) किताबको विषय,

(ङ) मुद्रण गरिएको र प्रकाशन गरिएको स्थान,

(च) मुद्रक वा मुद्रण गर्ने संस्था र प्रकाशक वा प्रकाशन गर्ने संस्थाको नाम,

(छ) प्रकाशन गरिएको मिति,

(ज) पृष्ठ सङ्ख्या,

(झ) आकार,

(ञ) संस्करण सङ्ख्या,

(ट) सो संस्करणमा छापिएको प्रति,

(ठ) छापिएको वा लिथो भएको,

(ड) बिक्री मूल्य, र

(ढ) प्रतिलिपि अधिकार पाउने व्यक्तिको नाम, थर र वतन ।

६. **किताबमा उल्लेख गर्नुपर्ने कुराहरूः** किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्तिसमेत सबैको पूरा नाम, संस्करणको सङ्ख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद –४

## पत्रपत्रिकासम्बन्धी व्यवस्था

७. **पत्रपत्रिका दर्ता गर्नुपर्ने :** ▲ (१) सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका नेपाल 2............. भित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थानसमेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिएबमोजिमको दस्तुरसहित तोकिएको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनु पर्नेछ ।

तर नेपाल सरकारको कार्यालय, नेपाल सरकारको स्वामित्व भएको सङ्गठित संस्था, विश्वविद्यालय, नेपाल सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित सङ्घ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले सो दरखास्तउपर आवश्यक छानविन गरी दरखास्तवालासँग कुनै कुरा बुझ्नुपर्ने भएमा सोसमेत बुझी दरखास्त प्राप्त भएको मितिले पैंतीस दिनभित्र दरखास्तवालालाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिएबमोजिम अस्थायी प्रमाणपत्र दिनेछ ।

तर दरखास्तमा उल्लिखित पत्रपत्रिकाको नामसित मिल्ने गरी

---

▲ पहिलो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

अर्को कुनै पत्रपत्रिका स्थानीय अधिकारीको कार्यालयमा दर्ता भैसकेको रहेछ भने दरखास्तवालालाई त्यस्तो अस्थायी प्रमाणपत्र दिइने छैन ।

(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिइसकेपछि स्थानीय अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरणसहित सो कुराको सूचना प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि प्रेस रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसित मिल्ने गरी अन्य कुनै पत्रपत्रिका कुनै स्थानीय अधिकारीको कर्यालयमा दर्ता भएको छ छैन हेरी सो नामसित मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी प्रेस रजिष्ट्रारले स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम प्रेस रजिष्ट्रारबाट स्वीकृति पाएपछि स्थानीय अधिकारीले सम्बन्धित दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिनेछ ।

(६) ▲ दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा स्थानीय अधिकारीले सोही कुराको जानकारी दरखास्तवालालाई दरखास्त परेको मितिले सामान्यतया तीन महीनाभित्र दिनु पर्नेछ । त्यस्तो जानकारी दिएपछि दरखास्तवालाको अस्थायी प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(७) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले पत्रपत्रिकासम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

▲(८) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नुपरेमा वा एक जिल्लाबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य जिल्ला वा एकभन्दा बढी जिल्लाबाट प्रकाशित गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम स्थानीय अधिकारीसमक्ष दरखास्त दिई सोकोसमेत प्रमाणपत्र लिनु पर्नेछ ।

(९) उपदफा (८) मा लेखिएदेखि बाहेक पत्रपत्रिकासम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नुपर्ने भएमा स्वीकृतिको निमित्त त्यसको विवरण प्रकाशकले स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवरण प्राप्त हुनासाथ स्थानीय अधिकारीले उपदफा (७) बमोजिमको दर्ता किताबमा जनाई त्यसको स्वीकृति सम्बन्धित प्रकाशकलाई दिनु पर्नेछ ।

---

▲ पहिलो संशोधनद्वारा संशोधित ।

(११) यस दफाबमोजिम दर्ता भएको पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनहरूको जानकारी स्थानीय अधिकारीले प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

▶ ७क. **प्रमाणपत्रको दर्ता खारेजः** देहायको अवस्थामा पत्रपत्रिकाको दर्ता खारेज हुनेछः-

(क) पत्रपत्रिका दर्ता भएको मितिले एक वर्षभित्र एक अङ्क पनि प्रकाशन नगरेमा,

ख) पत्रपत्रिका प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सूचना सूचना विभागलाई नदिएमा,

तर त्यस्तो सूचना एकपटकमा बढीमा एक वर्षको अवधिको लागि र लगातार पाँच पटक गरी पाँच वर्षभन्दा बढी अवधिको लागि दिन पाइने छैन ।

८. **पत्रपत्रिकाको स्वामित्व हस्तान्तरणः** (१) दफा ७ बमोजिम दर्ता भएको पत्रपत्रिकाको प्रकाशनको स्वामित्व कानुनबमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिनभित्र त्यसको जानकारी तोकिएको ढाँचामा स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि स्थानीय अधिकारीले तत्सम्बन्धी विवरण दर्ता किताबमा जनाई त्यसरी पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण भएको जानकारी प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

९. **पत्रपत्रिकामा उल्लेख गर्नुपर्नेः** पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अङ्क तोकिएबमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

+९क. **पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्याः** (१) दफा ७ बमोजिम दर्ता भई प्रकाशित हुने पत्रपत्रिकको न्यूनतम आकार र पृष्ठ सङ्ख्या तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ सङ्ख्यामा घटी गरी प्रकाशित हुने पत्रपत्रिकालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइने छैन ।

१०. **पत्रपत्रिकाको प्रकाशनः** प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा

▶ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा थप ।

+ पहिलो संशोधनद्वारा थप ।

७ बमोजिमको दर्ता किताबमा उल्लिखित विवरणमा फरक नपारी प्रकाशित गर्नु पर्नेछ ।

११. **प्रकाशन बन्द गरेको सूचना दिनुपर्ने :** दफा ७ बमोजिम प्रमाणपत्र लिई सञ्चालन गरेको पत्रपत्रिकाको प्रकाशन बन्द गरेमा सो बन्द गरेको सूचना प्रकाशकले स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

१२. **पूर्व प्रतिबन्ध नलगाइने :** दफा १४ र १५ बमोजिमको अवस्थामा बाहेक कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

१३. **पत्रपत्रिका दर्ता खारेज नगरिने :** दफा ७ बमोजिम दर्ता भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा पाठ्य सामग्री प्रकाशित गरेबापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गरिने छैन ।

१४. **प्रकाशनमा प्रतिबन्धः** देहायका कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशित गर्न पाइने छैनः-

(क) 2........

(ख) नेपाल 2........को सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,

(ग) नेपाल 2........को सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

ꝰ(ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने,

(घ) विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, र

(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

१५. **प्रकाशनमा निषेधः** (१) राष्ट्रिय हितलाई ध्यानमा राखी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित गर्न नपाउने गरी वा + सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

ꝰ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

+पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्नसमेत हुँदैन ।

१६. **विदेशी प्रकाशनको पैठारीमा नियन्त्रणः** (१) देहायको उद्देश्य भएको वा त्यस्तो सम्भावित परिणाम हुन सक्ने सामग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी नेपाल सरकारले आदेश जारी गर्न सक्नेछः-

(क) राष्ट्रिय हित र मर्यादाविरुद्ध हुने कुराहरू गर्ने,

❁ (ख) राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुऱ्याउने,

(ग) विदेशी राज्य तथा सरकारसँगको सम्बन्धमा खलल पुऱ्याउने,

+ (घ) विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, र

❁(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएका प्रकाशन पैठारी हुन लागेको शङ्का लागेमा सम्बन्धित भन्सार वा हुलाक अधिकृतले त्यस्तो माल वस्तुसमेत रोकी शंका लागेको प्रकाशनको दुई प्रति स्थानीय अधिकारीकहाँ चलानी साथ पठाई बाँकी आफूकहाँ रोकी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भन्सार वा हुलाक हाकिमले पठाएको प्रकाशन प्राप्त भएपछि स्थानीय अधिकारीले त्यस्तो प्रकाशन रोक्नुपर्ने कुनै कारण भएमा सो कारणसमेत जनाई पैठारीकर्तालाई सूचना दिनु पर्नेछ र रोक्नुपर्ने कुनै कारण नभए त्यस्तो प्रकाशन प्राप्त भएको बाह्र घण्टाभित्र भन्सार वा हुलाक हाकिमले रोकी राखेको प्रकाशन पैठारीकर्तालाई फिर्ता बुझाउने आदेश दिनु पर्नेछ ।

(४) नेपाल सरकारले आवश्यक देखेमा उपदफा (१) बमोजिम लगाइएको रोक जुनसुकै बखत हटाउन सक्नेछ ।

१७. **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकास, बिक्री वितरण आदि गर्न नहुने :** (१) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गर्न हुँदैन ।

---

❁ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशा २०६२ द्वारा झिकिई केही नेपाल ऐनको व्यवस्था जगााउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

+पहिलो संशोधनद्वारा थप ।

(२) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छाप्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन ।

१८. x ............

## परिच्छेद –५

## प्रेस रजिष्ट्रार, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी व्यवस्था

१९. **प्रेस रजिष्ट्रार:** (१) नेपाल 2........ बाट प्रकाशित हुने पत्रपत्रिकाको सम्पूर्ण विवरणहरूको अभिलेख राख्ने कामको लागि नेपाल सरकारले एक प्रेस रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) दफा ७ बमोजिम पत्रपत्रिकाको स्थायी प्रमाणपत्र दिन स्वीकृति दिने,

(ख) दफा ७ बमोजिम दर्ता भएको पत्रपत्रिकाको सम्पूर्ण विवरण स्थानीय अधिकारीसँग लिई त्यसको अभिलेख राख्ने,

(ग) पत्रपत्रिकाको नाम, भाषा, किसिम, प्रकाशन अवधि, प्रकाशन हुने स्थान आदिमा समय समयमा भएको परिवर्तनका सम्बन्धमा स्थानीय अधिकारीबाट जानकारी लिई अद्यावधिक अभिलेख राख्ने,

(घ) नेपाल 2........भित्र प्रकाशित हुने पत्रपत्रिकाको नाम, किसिम, प्रकाशन अवधि, भाषा आदि विषयमा वार्षिक प्रतिवेदन तयार गरी प्रकाशित गर्ने,

(ङ) पत्रपत्रिकालाई दिइने सुविधाका सम्बन्धमा नेपाल सरकारलाई सल्लाह दिने,

(च) कसैले पत्रपत्रिकामा विज्ञापन दिने प्रयोजनको लागि कुनै पत्रपत्रिकाको सम्बन्धमा विवरण माग गरेमा तोकिएबमोजिमको शुल्क लिई विवरणहरू दिने,

(छ) यो ऐन वा अन्य प्रचलित कानुनबमोजिम प्रेस रजिष्ट्रारले गर्ने भनी तोकिएको अन्य काम कारबाही गर्ने ।

(३) प्रेस रजिष्ट्रारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

▲ **२०. प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था:** (१) कुनै नेपाली वा विदेशी

---

x पहिलो संशोधनद्वारा खारेज ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▲ पहिलो संशोधनद्वारा संशोधित ।

प्रेस वा सञ्चारसम्बन्धी संस्थाले नेपाल 2........ भित्र काम गर्ने आफ्ना प्रतिनिधिहरूको नाम, योग्यता र कार्यक्षेत्रसमेत उल्लेख गरी तोकिएबमोजिमको विवरण तोकिएको अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्च स्तरीय प्रतिनिधि मण्डल नेपाल भ्रमणमा आउँदा साथमा आउने पत्रकारहरू वा नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि उक्त भ्रमणको अवधि भरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी नेपाल सरकारले छुट दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण पठाउने प्रेस व सञ्चारसम्बन्धी संस्थाका प्रतिनिधिहरूलाई नेपाल सरकारले प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(३) नेपालको राष्ट्रिय चाड पर्व वा विशेष अवसरमा छोटो अवधिको लागि नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि नेपाल सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिससाथ तोकिएबमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तोकिएको अधिकारीसमक्ष दरखास्त दिनु पर्नेछ । प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोहबमोजिम दरखास्त दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त प्राप्त भएपछि तोकिएको अधिकारीले त्यस्तो दरखास्तउपर आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार सङ्कलन गर्न सक्नेछ ।

(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद –६

## दण्ड सजाय

२१. **प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गरेमा:** (१) कसैले दफा ३ बमोजिम प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गरेमा स्थानीय

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

अधिकारीले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) कसैले दफा ३ को उपदफा (४) बमोजिम परिवर्तन भएको विवरण नसच्याई छापाखाना सञ्चालन गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२२. **झुट्टा विवरण दिएमाः** कसैले दफा ३ र ७ अनुसार दिएको विवरण जानी जानी झुट्टा दिएको ठहरेमा निजलाई स्थानीय अधिकारीले तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२३. **किताब नबुझाएमाः** कसैले दफा ५ बमोजिम बुझाउनुपर्ने किताब नबुझाएमा स्थानीय अधिकारीले बुझाउनुपर्ने किताबको मूल्य र सो मूल्य बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

२४. **उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमाः** कुनै प्रकाशकले दफा ६ र ९ अनुसार किताब वा पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा त्यस्तो प्रकाशकलाई स्थानीय अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२५. x .............

२६. **अनधिकृत तबरले प्रकाशन प्रकाशित गरेमाः** (१) कसैले दफा ७ बमोजिम प्रमाणपत्र नलिइकन कुनै प्रकाशन प्रकाशित गरेमा त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ७ को उपदफा (९) बमोजिम परिवर्तन भएको विवरण नसच्याई प्रकाशन प्रकाशित गरेमा त्यस्ता व्यक्तिलाई स्थानीय अधिकारीले तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२७. **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेमाः** कसैले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको वा दफा १५ बमोजिम निषेध गरेको कुनै कुरा प्रकाशन गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोहबमोजिम सजाय हुनेछ र सो नभएमा ■ दश हजार रुपैयाँसम्म जरिवाना वा एकवर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

२८. **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि**

x पहिलो संशोधनद्वारा खारेज ।

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

**गरेमाः** (१) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गरेमा निजलाई स्थानीय अधिकारीले ■ पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ ।

(२) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छापेमा वा बिक्री वितरण गरेमा वा प्रदर्शन गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई ■पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ ।

२९. **निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमाः** कसैले निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमा त्यस्तो व्यक्तिलाई स्थानीय अधिकारीले ■पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ ।

३०. **विदेशी प्रकाशन पैठारी गरेमाः** कसैले दफा १६बमोजिम रोक लगाइएको विदेशी प्रकाशन पैठारी गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई ■ पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ ।

▲३१. **प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गरेमाः** (१) दफा २० को उपदफा (५) बमोजिम प्रमाणपत्र नपाएको व्यक्तिलाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रेस प्रतिनिधिलाई दिइने सुविधा, सहायता वा सहुलियत दिइने छैन ।

(२) दफा २० को उपदफा (१) बमोजिमको विवरण उपलब्ध नगराउने प्रेस वा सञ्चारसम्बन्धी संस्थालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाबाट दिइने सुविधा, सहायता वा सहुलित दिइने छैन ।

(३) दफा २० को उपदफा (५) बमोजिम प्रमाणपत्र पाएको कुनै व्यक्तिले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाबाट पाएको सुविधा, सहायता वा सहुलियत दुरुपयोग गरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिको प्रमाणपत्र अवधि तोकी निलम्बन गर्न, फिर्ता लिन वा रद्द गर्न सक्नेछ ।

(४) दफा २० को उपदफा (५) बमोजिम प्रमाणपत्र पाएको कुनै

■ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

▲ पहिलो संशोधनद्वारा संशोधित ।

विदेशी प्रेस प्रतिनिधिको क्रियाकलाप राष्ट्रिय हित प्रतिकूल छ भन्ने लागेमा नेपाल सरकारले त्यस्तो व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र फिर्ता लिन वा रद्द गर्न सक्नेछ ।

३२. **पुनरावेदनः** यस परिच्छेदबमोजिम स्थानीय अधिकारीले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैँतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद–७

## विविध

३३. **क्षतिपूर्ति पाउने :** यस ऐनबमोजिम जफत गरिएको प्रकाशन प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नठहरेमा वा जुन अभियोगबापत जफत भएको हो सो अभियोग प्रमाणित नभएमा प्रकाशक वा धनीले नेपाल सरकारबाट निम्नानुसार क्षतिपूर्ति पाउनेछः-

(क) मूल्य तोकिएको प्रकाशन जफत भएकोमा त्यस्तो प्रकाशन बिक्री गर्दा प्रकाशक वा धनीले पाउन सक्ने वास्तविक मोल बराबरको रकममा नबढाई,

तर किताबको हकमा प्रकाशक वा किताब धनीले किताब फिर्ता बुझी लिएमा क्षतिपूर्ति पाउने छैन ।

(ख) मूल्य किटान नभएको अन्य सामग्रीको हकमा त्यस्तो सामग्री प्राप्त वा प्रकाशित गर्दा बेहोर्नु परेको वास्तविक मूल्यमा नबढाई ।

३४. **सम्पादक वा प्रेस प्रतिनिधिको योग्यताः** यस ऐनबमोजिम प्रमाणपत्र लिई प्रकाशन हुने पत्रपत्रिकाको सम्पादक हुन तथा प्रेस प्रतिनिधि भई काम गर्ने व्यक्तिको योग्यता तोकिएबमोजिम हुनेछ ।

३५. **पत्रपत्रिकाको श्रेणी विभाजनः** तोकिएको अधिकारीले पत्रपत्रिकालाई तोकिएको आधारमा श्रेणी विभाजन गर्न सक्नेछ। यसरी श्रेणी विभाजन गर्नु पर्दा तोकिएको अधिकारीले प्रेस काउन्सिलसँग परामर्श लिनु पर्नेछ ।

३६. **नगरेको कामबापत नाम प्रकाशित गरेमाः** कुनै व्यक्तिको नाम, सम्पादक, प्रकाशक वा मुद्रक भनी कुनै किताब वा पत्रपत्रिकामा प्रकाशित भएको

रहेछ र सो कुरा निजले नगरेको भए त्यस्तो कुरा प्रकाशित भएको थाहा पाएपछि स्थानीय अधिकारीसमक्ष जुन व्यहोराबाट आफ्नो नाम छापिन गएको छ सो व्यहोरालाई खण्डन गरी सूचना गर्न सक्नेछ ।

३७. **नेपाल सरकार बादी हुनेः** यस ऐनअन्तर्गतको मुद्दा नेपाल सरकार बादी हुनेछ ।

३८. **अधिकार सुम्पन सक्ने :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गत आफूले पाएको अधिकार मध्ये कुनै वा सबै अधिकार कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

३९. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

४०. **यस ऐनबमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्य प्रचलित कानुनबमोजिम हुनेछ ।

४१. **बचाउ :** यो ऐन लागू हुनुभन्दा अघि पाएको प्रमाणपत्र यसै ऐनबमोजिम पाए सरह मानिनेछ ।

४२. **खारेजीः** छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ खारेज गरिएको छ ।

---

**द्रष्टव्यः** केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तरण भएका शब्दहरुः-
'श्री ५ सरकार' को सट्टा 'नेपाल सरकार'

# छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४९।५।८

**संशोधन**

छापाखाना र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६९,
२०६९।९।२३

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमहरूको नाम "छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "महानिर्देशक" भन्नाले नेपाल सरकार, ®प्रेस सूचना विभागका महानिर्देशक सम्झनु पर्छ ।

३. **छापाखाना दर्ता गराउनुपर्ने :** (१) ऐनको दफा ३ बमोजिम छापाखाना सञ्चालन गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले एक हजार रुपैयाँ दस्तुर लिई दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले छापाखानासम्बन्धी विवरण अनुसूची-३ बमोजिमको दर्ता किताबमा जनाइ राख्नु पर्नेछ ।

® हाल सूचना विभाग कायम रहेको ।

४. **पत्रपत्रिका दर्ता गराउनुपर्ने :** (१) ऐनको दफा ७ बमोजिम देहायका पत्रपत्रिका प्रकाशित गर्न चाहने व्यक्तिले देहायबमोजिमको दस्तुरसहित अनुसूची-४ बमोजिमको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ ।

| | |
|---|---|
| (क) दैनिक समाचारपत्रको लागि - | रु. १०००।- |
| (ख) अर्ध साप्ताहिक समाचारपत्रको लागि - | रु. ७००।- |
| (ग) साप्ताहिक समाचारपत्रको लागि - | रु. ५००।- |
| (घ) पाक्षिक समाचारपत्रको लागि - | रु. ३००।- |
| (ङ) मासिक र अन्य समाचारपत्रको लागि - | रु. २००।- |
| (च) अन्य पत्रपत्रिकाको लागि - | रु. २००।- |

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले दरखास्तवालालाई पत्रपत्रिका प्रकाशन गर्न अनुसूची-५ बमोजिमको ढाँचामा अस्थायी प्रमाणपत्र दिनेछ ।

(३) ऐनको दफा ७ को उपदफा (४) बमोजिम प्रेस रजिष्ट्रारले पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी स्वीकृति दिएपछि स्थानीय अधिकारीले दरखास्तवालालाई अनुसूची-६बमोजिमको ढाँचामा पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिनेछ ।

(४) उपनियम (३) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले पत्रपत्रिकासम्बन्धी विवरण अनुसूची -७ बमोजिमको दर्ता किताबमा जनाइ राख्नुपर्नेछ ।

(५) ऐनको दफा ७ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम दर्ता गर्न आवश्यक नपर्ने पत्रपत्रिका पनि दर्ता गरी पाउँ भनी कसैले उपनियम (१) बमोजिम दरखास्त दिएमा स्थानीय अधिकारीले त्यस्तो पत्रपत्रिकासमेत दर्ता गरी दिनुपर्नेछ ।

तर,

(क) यसरी दर्ता भएका पत्रपत्रिकालाई उपनियम (१) बमोजिमको दस्तुर लाग्ने छैन ।

(ख) यसरी दर्ता हुने पत्रपत्रिकाका सम्पादकलाई नियम १५ बमोजिमको योग्यतासम्बन्धी व्यवस्था लागू हुने छैन ।

५. **पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण भएमा :** (१) ऐनको दफा ८ बमोजिम पत्रपत्रिकाको प्रकाशनको स्वामित्व हस्तान्तरणद्वारा

प्राप्त गर्ने व्यक्तिले सोको जानकारी अनुसूची-८ बमोजिमको ढाँचामा स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि स्थानीय अधिकारीले त्यस्तो विवरण अनुसूची-७ बमोजिमको दर्ता किताबमा जनाइ राख्नुपर्नेछ ।

६. **पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने :** (१) पत्रपत्रिकाको पहिलो पृष्ठको शिरमा स्थानीय अधिकारीबाट दिइएको दर्ता नम्बर, सो पत्रपत्रिकाको नाम, प्रकार, वर्ष, अङ्क, मिति र मूल्य तथा अरू पृष्ठको शिरमा पत्रपत्रिकाको नाम र मिति स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(२) पत्रपत्रिकाको अन्तिम पृष्ठको पुछारमा वा सम्पादकीय कोलमको शिरमा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

७. **पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्या :** (१) देहायको पत्रपत्रिका देहायको न्यूनतम आकार र पृष्ठ सङ्ख्यामा प्रकाशित गर्नुपर्नेछ :

(क) दैनिक समाचारपत्रको लागि १२" x २१" को आधारमा ४ पृष्ठमा नघटाई,

(ख) अर्ध साप्ताहिक र साप्ताहिक समाचारपत्रको लागि १०" x १५" को आकारमा ६ पृष्ठमा नघटाई, र

(ग) पाक्षिक, मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्रको लागि ९" x १५" को आकारमा १२ पृष्ठमा नघटाई,

(२) प्रकाशकले ६ महिनामा देहायका पत्रपत्रिका देहायको अङ्कमा नघटाई प्रकाशित गर्नु पर्नेछ :

| | |
|---|---|
| (क) दैनिक समाचारपत्र | १५० अङ्क |
| (ख) अर्घ-साप्ताहिक समाचारपत्र | ४० अङ्क |
| (ग) साप्ताहिक समाचारपत्र | २० अङ्क |
| (घ) पाक्षिक समाचारपत्र | १० अङ्क |
| (ङ) मासिक समाचारपत्र | ५ अङ्क |
| (च) द्वैमासिक र त्रैमासिक समाचारपत्र | २ अङ्क |

८. **दस्तुर लिई विवरण दिन सकिने :** कसैले पत्रपत्रिकामा विज्ञापन दिनको लागि कुनै पत्रपत्रिकाको सम्बन्धमा विवरण माग गरेमा प्रेस रजिष्ट्रारले एक सय रुपैयाँ शुल्क लिई विवरण दिन सक्नेछ ।

९. **प्रेस प्रतिनिधिको प्रमाणपत्र :** (१) कुनै नेपाली वा विदेशी प्रेस वा सञ्चालनसम्बन्धी संस्थाले नेपाल ⊗............. भित्र काम गर्ने आफ्नो प्रतिनिधिहरूको विवरण अनुसूची- ९ बमोजिमको ढाँचामा महानिर्देशकसमक्ष पठाउनुपर्नेछ ।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिससाथ नियम १५ मा उल्लेखित योग्यताको प्रमाणपत्रसमेत संलग्न राखी अनुसूची-१० बमोजिमको ढाँचामा महानिर्देशकसमक्ष दरखास्त दिनुपर्नेछ ।

तर प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र लिन चाहने विदेशी नागरिकले योग्यताको प्रमाणपत्र पेस गर्न आवश्यकपर्ने छैन ।

(३) उपनियम (२) बमोजिमको दरखास्त प्राप्त भएपछि महानिर्देशकले उक्त दरखास्तउपर आवश्यक जाँचबुझ गरी आफ्नो रायसहित सो दरखास्त नेपाल सरकार, सञ्चार मन्त्रालयमा पठाउनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएको दरखास्तउपर नेपाल सरकार, सञ्चार मन्त्रालयले दरखास्तवालालाई मागबमोजिमको प्रमाणपत्र दिने स्वीकृति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम दरखास्तवालालाई प्रमाणपत्र दिने गरी नेपाल सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृति भएमा महानिर्देशकले नियम १२ बमोजिमको दस्तुर लिई दरखास्तवालालाई अनुसूची-११ बमोजिमको ढाँचामा प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र दिनेछ ।

१०. **स्वतन्त्र पत्रकारसम्बन्धी व्यवस्था :** (१) स्वतन्त्र पत्रकारको प्रमाणपत्र लिन चाहने व्यक्तिले नियम १५ बमोजिमको योग्यताको प्रमाणपत्रसमेत संलग्न राखी अनुसूची-१२ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि महानिर्देशकले आफ्नो रायसहित उक्त दरखास्त नेपाल सरकार, सञ्चार मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको दरखास्तउपर

⊗ पहिलो संशोधनद्वारा झिकिएको ।

नेपाल सरकार, सञ्चार मन्त्रालयले दरखास्तवालालाई स्वतन्त्र पत्रकारको प्रमाणपत्र दिने गरी स्वीकृति दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम दरखास्तवालालाई प्रमाणपत्र दिने गरी नेपाल सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृति भएमा महानिर्देशकले नियम १२ बमोजिमको दस्तुर लिई दरखास्तवालालाई अनुसूची-१३ बमोजिमको ढाँचामा स्वतन्त्र पत्रकारको प्रमाणपत्र दिनेछ।

११. **प्रमाणपत्रको अवधि र नवीकरण :** (१) नियम ९ वा १० बमोजिम दिइएको प्रमाणपत्रको अवधि तीन आर्थिक वर्षसम्म बहाल रहनेछ।

तर अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र जति समयको लागि दिइएको छ सोही अवधिसम्म मात्र बहाल रहनेछ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र बहाल रहने अवधि समाप्त भएको मितिले ३५ दिनभित्र प्रमाणपत्र नवीकरण गराउन पचास रुपैयाँ दस्तुरसहित अनुसूची-१४ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि कुनै व्यक्तिले प्रमाणपत्र नवीकरणको लागि दरखास्त दिन आएमा महानिर्देशकले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहायबमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :

(क) उपनियम (२) बमोजिमको म्याद नाघेको तीन महिनासम्मको लागि - रु. ५०।-

(ख) खण्ड (क) को म्याद नाघेपछिको असार मसान्तसम्मको लागि - रु. १५०।-

(४) उपनियम (३) बमोजिम म्यादभित्र पनि प्रमाणपत्र नवीकरण नगराएमा त्यस्तो प्रमाणपत्र स्वतः खारेज हुनेछ।

(५) यस नियमबमोजिम विदेशी नागरिकले लिएको प्रमाणपत्र दुई पटकभन्दा बढी नवीकरण गरिने छैन।

१२. **प्रमाणपत्रको दस्तुर :** नियम ९ वा १० बमोजिम प्रमाणपत्र लिनको लागि देहायबमोजिम दस्तुर लाग्नेछ :-

(क) प्रेस प्रतिनिधि -

(१) नेपाली नागरिकको लागि - रु. ३००।-

(२) विदेशी नागरिकको लागि - रु. १५००।-

(ख) अस्थायी प्रेस प्रतिनिधिको लागि - रु. ९००।-

(ग) स्वतन्त्र पत्रकारको लागि - रु. ६००।-

१३. **समाचार सङ्कलन गर्ने कार्यक्षेत्र :** (१) प्रेस प्रतिनिधि वा स्वतन्त्र पत्रकारको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले नेपाल ✂ ........ भित्र समाचार सङ्कलन गर्न सक्नेछ ।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र प्राप्त विदेशी नागरिकले प्रमाणपत्रमा तोकिएको क्षेत्रमा मात्र समाचार सङ्कलन गर्न सक्नेछ ।

१४. **अदालत तोकिएको :** ऐनको दफा ३२ को प्रयोजनको लागि सम्बन्धित पुनरावेदन अदालत तोकिएको छ ।

१५. **सम्पादक, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारको योग्यता :** सम्पादक, प्रेस प्रतिनिधि वा स्वतन्त्र पत्रकार हुनको लागि देहायबमोजिमको योग्यता हुनुपर्नेछ :

(१) सम्पादक हुनको लागि -

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा उत्तीर्ण भई नियमित रूपमा प्रकाशित हुने कुनै समाचार प्रधान दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा समाचार समितिमा समाचार सङ्कलन तथा सम्पादनसम्बन्धमा कम्तीमा दश वर्षसम्म काम गरेको ।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि हुनको लागि -

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(ख) समाचार सङ्कलन वा रिपोर्टिङसम्बन्धमा कम्तीमा पाँचवर्ष काम गरेको ।

(३) स्वतन्त्र पत्रकारको लागि -

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

संस्थाबाट पत्रकारितासम्बन्धी विषयमा स्नातक परीक्षा उत्तीर्ण भई दश वर्ष वा सोभन्दा बढी अवधिसम्म पत्रपत्रिकाको सम्पादन वा स्तम्भ लेखनको काम गरेको, वा

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भई पन्ध्र वर्ष वा सो भन्दा बढी अवधिसम्म पत्रपत्रिकाको सम्पादन वा स्तम्भ लेखनको काम गरेको ।

१६. **प्रमाणपत्र व्यक्तिगत हुने :** (१) नियम ९ वा १० बमोजिम दिइएको प्रमाणपत्र सोही व्यक्ति बाहेक अन्य व्यक्तिले प्रयोग गर्न पाउने छैन ।

(२) कुनै व्यक्तिले सम्बन्धित संस्था वा पत्रपत्रिकाको प्रतिनिधित्व गर्ने काम छाडेमा निजले वा सम्बन्धित संस्थाको व्यवस्थापक वा सम्पादकले सात दिनभित्र त्यसरी काम छाडेको सूचना महानिर्देशकसमक्ष दिई प्राप्त प्रमाणपत्र फिर्ता गर्नुपर्नेछ ।

१७. **पत्रपत्रिकाको श्रेणी विभाजन :** नेपाल सरकार, सञ्चार मन्त्रालयले यस ऐनबमोजिम दर्ता भएका पत्रपत्रिकालाई सहयोग तथा सुविधा दिने प्रयोजनको लागि श्रेणी विभाजन गर्दा प्रेस रजिष्ट्रारको कार्यालय र प्रेस काउन्सिलले दिएको प्रतिवेदनको आधारमा गर्नेछ ।

१८. **अनुसूचीमा हेरफेर गर्न सकिने :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ ।

१९. **खारेजी :** छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४० खारेज गरिएको छ ।

---

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) न्याय प्रशासन ऐन, २०७२ द्वारा रुपान्तर भएका शब्दहरूः-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

## अनुसूची – १

**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**

**छापाखाना सञ्चालन गर्ने प्रमाणपत्रको लागि**

**दरखास्त**

फोटो

श्री स्थानीय अधिकारीज्यू ।

................................

छापाखाना सञ्चालन गर्ने प्रमाणपत्र पाउनको लागि छापाखानासम्बन्धी निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेस गरेको छु/छौं ।

१. छापाखानाको विवरण :-

  (क) नाम :-

  (ख) किसिम :-

  (ग) क्षमता :-

  (घ) औजारको नाम, विवरण र सङ्ख्या :-

२. छापाखाना राख्ने स्थान :-

३. छापाखाना प्राप्त गरेको श्रोत :-

  (क) स्वदेशमा किनेको

  (ख) विदेशबाट झिकाएको

४. छापाखाना स्थापना गर्दा लागेको पुँजी

५. छापाखानामा गरिने काम :-

६. छापाखानासम्बन्धी अन्य विवरण :-

**दरखास्तवालाको**

सही :-

नाम :-

ठेगाना :-

मिति :-

## अनुसूची – २
**(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)**
**छापाखाना सञ्चालन गर्ने प्रमाणपत्र**

सि. नं.

द. नं.

श्री..............................

...................................

तपाईंलाई/तपाईंहरूलाई देहायको स्थानमा निम्न विवरणको छापाखाना सञ्चालन गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ :

१. छापाखाना राख्ने स्थान :-

(क) वडा नं. :-

(ख) गाउँ/नगर :-

(ग) जिल्ला :-

२. छापाखानाको किसिम :-

(क)

(ख)

(ग)

(घ)

कार्यालयको छाप

**स्थानीय अधिकारीको**

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

## अनुसूची – ३
**(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)**
**छापाखानासम्बन्धी विवरणको**
**दर्ता किताब**

आ.व. :-

| दर्ता नं. | छापाखानाको नाम | छापाखाना धनीको नाम र ठेगाना | मुख्य मेसिनहरूको विवरण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| फोटो |
|---|

## अनुसूची – ४
**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**
**पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्रको लागि**
**दरखास्त**

श्री स्थानीय अधिकारीज्यू ।

..................................

निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्र पाउनको लागि पत्रपत्रिकासम्बन्धी निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेस गरेको छु/छौं ।

१. पत्रपत्रिकाको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) भाषा :-

(घ) आकार :-

(ङ) पृष्ठ सङ्ख्या :-

(च) छापिने सङ्ख्या :-

(छ) प्रकाशित हुने स्थान :-

(ज) प्रकाशित हुने दिन :-

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान :-

(क) स्थायी

(ख) अस्थायी

३. सम्पादकको नाम र ठेगाना :-

४. सम्पादकको योग्यता :-

५. मुद्रकको नाम र ठेगाना :-

६. अन्य विवरण :-

दरखास्तवालाको

सही :-

नाम :-

ठेगाना :-

**अनुसुचूची – ५**

**(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)**

**पत्रपत्रिका प्रकाशित गर्ने अस्थायी प्रमाणपत्र**

फोटो

सि. नं.

द.नं.

श्री......................

..........................

तपाईँलाई/तपाईँहरूलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो अस्थायी प्रमाणपत्र दिइएको छ।

१. पत्रपत्रिकाको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) भाषा :-

(घ) आकार :-

(ङ) पृष्ठ संख्या :-

(च) छापिने संख्या :-

(छ) प्रकाशित हुने स्थान :-

(ज) प्रकाशित हुने दिन :-

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान :-

(क) वडा नं. :-

(ख) गाउँ/नगर :-

(ग) जिल्ला :-

३. सम्पादकको :-

(क) नाम :-

(ख) ठेगाना :-

(ग) योग्यता :-

४. मुद्रकको नाम र ठेगाना :-

५ अन्य विवरण :-

कार्यालयको छाप

स्थानीय अधिकारीको

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

फोटो

**अनुसूची – ६**

**(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)**

**पत्रपत्रिका प्रकाशित गर्ने स्थायी प्रमाणपत्र**

सि. नं.

द.नं.

श्री........................

............................

तपाईँलाई/तपाईँहरूलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो स्थायी प्रमाणपत्र दिइएको छ ।

१. पत्रपत्रिकाको विवरण :-

क. नाम :-

ख. किसिम :-

ग. भाषा :-

घ. आकार :-

ङ. पृष्ठ सङ्ख्या :-

च. छापिने सङ्ख्या :-

छ. प्रकाशित हुने स्थान :-

ज. प्रकाशित हुने दिन :-

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान :-

क. वडा नं. :-

ख. गाउँ/नगर :-

ग. जिल्ला :-

३. सम्पादकको :-

क. नाम :- सही :-

ख. ठेगाना :- नाम :-

ग. योग्यता :- दर्जा :-

४. मुद्रकको नाम र ठेगाना :-

५ अन्य विवरण :-

स्थानीय अधिकारीको

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

कार्यालयको छाप

**अनुसूची – ७**

(**नियम ४ को उपनियम** (४) **सँग सम्बन्धित**)

**पत्रपत्रिकाको दर्ता किताब**

आ.व.:-

| द. नं. | पत्रिकाको नाम | किसिम | भाषा | आकार | पृष्ठ सङ्ख्या | छापिने सङ्ख्या | प्रकाशित हुने स्थान | प्रकाशित हुने दिन | प्रकाशकको नाम | सम्पादकको नाम ठेगाना | मुद्रकको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

## अनुसूची – ८
**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

**पत्रपत्रिकाको स्वामित्वको हस्तान्तरण भएको जानकारी**

श्री स्थानीय अधिकारीज्यू,

....................................।

त्यस............................................................कार्यालयमा मिति.......................मा...........................को नाउँमा दर्ता भएको द.नं........................को .............. पत्रपत्रिका मिति.......................मा.................बाट मैले/हामीले प्राप्त गरेकोले सो पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण भएको कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी यो जानकारी पेस गरेको छु/छौं । उक्त पत्रपत्रिका मेरो/हाम्रो नाउँमा कायम गरी पाउन अनुरोध गर्दछु/गर्दछौं ।

निवेदकको
सही :-
नाम :-
ठेगाना :-
मिति :-

## अनुसूची – ९
### (नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
### प्रेस प्रतिनिधिको लागि
### विवरण

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं ।

हाम्रो संस्थाबाट....................................ले प्रेस प्रतिनिधि भई काम गर्ने भएकोले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा २० को उपदफा (१) बमोजिम निम्न विवरणहरू पठाइएको छ :

विवरणहरू

१. प्रेस प्रतिनिधि हुनेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. प्रेस प्रतिनिधि भई काम गर्नेको कार्यक्षेत्र
३. व्यक्तिगत विवरण फाराम
४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

निवेदकको
सही :-
संस्थाको नाम :-
ठेगाना :-
मिति :-

**अनुसूची – १०**

**(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)**

**प्रेस प्रतिनिधि । अस्थायी प्रेस प्रतिनिधिको लागि**

**दरखास्त**

फोटो

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं ।

.................................को तर्फबाट प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधि भई नेपाल 🖹 ........ भर/................... जिल्लामा मिति................ देखि.....................सम्म काम गर्न इच्छुक भएकोले निम्न कागजातहरूसमेत संलग्न गरी दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेस गरेको छु। मेरो नाउँमा प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र पाउन अनुरोध गर्दछु ।

संलग्न कागजातहरू :-

१. सम्बन्धित संस्थाको सिफारिस पत्र

२. नियम १४ बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. व्यक्तिगत विवरण फाराम

५. दरखास्तवालाको अनुभव ।

दरखास्तावालाको
सही :-
नाम :-
ठेगाना :-
(क) स्थायी :-
(ख) अस्थायी :-
मिति :-

🖹 पहिलो संशोधनद्वारा झिकिएको ।

| |
|---|
| फोटो |

## अनुसूची – ११
**(नियम ९ को उपनियम (५) सँग सम्बन्धित)**

**प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको**

**प्रमाणपत्र**

सि. नं.

द.नं.

श्री...................

......................।

तपाईँलाई/तपाईहरूलाई देहायको सर्त बन्देजमा रहने गरी प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको रूपमा काम गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ ।

१. प्रमाणपत्र पाउने व्यक्तिको नागरिकता :-

२. प्रमाणपत्र पाउने व्यक्तिको ठेगाना :-

(क) स्थायी :-

(ख) अस्थायी :-

३. प्रमाणपत्रको किसिम :-

४. प्रमाणपत्रको अवधि :-

(क) स्थायी :-

(ख) अस्थायी :-

५. पत्रपत्रिका वा संस्थाको नाम :-

६. प्रमाणपत्र पाउने व्यक्तिले समाचार सङ्कलन गर्ने क्षेत्र :-

७. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने काम :-

८. प्रमाणपत्र पाउने व्यक्तिले पालना गर्नुपर्ने सर्तहरू :-

(क)

(ख)

(ग)

महानिर्देशकको

सही :-

कार्यालयको छाप नाम :-

कार्यालय :-

मिति :-

**अनुसूची – १२**
**(नियम १० को उपनियम (१) सँग सम्बन्धित)**
**स्वतन्त्र पत्रकारको लागि**
**दरखास्त**

फोटो

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं ।

स्वतन्त्र पत्रकार भई काम गर्न इच्छुक भएकोले निम्न कागजातसमेत संलग्न गरी दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेस गरेको छु । मेरो नाउँमा स्वतन्त्र पत्रकारको प्रमाणपत्र पाउनको निमित्त अनुरोध गर्दछु ।

संलग्न कागजातहरू :-

१. नियम १४ बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. व्यक्तिगत विवरणको फाराम
४. दरखास्तवालाको अनुभव ।

दरखास्तावालाको
सही :-
नाम :-
ठेगाना :-
(क) स्थायी :-
(ख) अस्थायी :-
मिति :-

**अनुसूची – १३**

(**नियम १० को उपनियम** (४) **सँग सम्बन्धित**)

**स्वतन्त्र पत्रकारको**

**प्रमाणपत्र**

फोटो

सि. नं.

द.नं.

श्री......................

..........................।

तपाईलाई देहायको सर्त बन्देजमा रहने गरी स्वतन्त्र पत्रकारको रूपमा काम गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ ।

१. प्रमाणपत्र पाउने व्यक्तिको ठेगाना :-

(क) स्थायी :-

(ख) अस्थायी :-

२. प्रमाणपत्रको अवधि :-

(क) स्थायी :-

(ख) अस्थायी :-

३. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने काम :-

४. प्रमाणपत्र पाउने व्यक्तिले पालना गर्नुपर्ने सर्तहरू :-

(क)

(ख)

(ग)

महानिर्देशकको

सही :-

कार्यालयको छाप नाम :-

कार्यालय :-

मिति :-

## नवीकरणको विवरण

| आ. व. | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची – १४
**(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)**
**प्रमाणपत्र नवीकरणको लागि**
**दरखास्त**

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं ।

मैले यस विभागबाट मिति..........................मा लिएको प्रेस प्रतिनिधि स्वतन्त्र पत्रकारको प्रमाणपत्रको अवधि मिति......................मा समाप्त भएकोले छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को नियम ११ बमोजिम लाग्ने दस्तुरसमेत संलग्न राखी प्रमाणपत्र नवीकरणको लागि यो दरखास्त पेस गरेको छु ।

दरखास्तवालाको
सही :-
नाम :-
ठेगाना :-
मिति :-

# अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३

**प्रस्तावना :** अनलाइन सञ्चारमाध्यमको दर्ता, नवीकरण र सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

**परिच्छेद–१**

**सङ्क्षिप्त नाम र प्रारम्भ**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “अनलाइन पत्रकारिता” भन्नाले इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार, तस्वीर वा श्रव्यदृश्य लगायतका समाचारमूलक वा जानकारीमूलक सामग्रीहरूको उत्पादन, प्रकाशन, प्रसारण वा वितरणको प्रयोजनका लागि समाचार लेखन, सूचना तथा दृश्य सङ्कलन एवम् सम्पादनसम्बन्धी प्राविधिक कार्य सम्झनु पर्छ ।

(ख) “अनलाइन सञ्चारमाध्यम” भन्नाले प्रचलित कानुनबमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यममा सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, सङ्गीत, भिडियो, एनिमेसन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ ।

(ग) “काउन्सिल” भन्नाले प्रेस काउन्सिल सम्झनु पर्छ ।

(घ) “प्रेस रजिष्ट्रार” भन्नाले नेपाल सरकारले तोकेको प्रेस रजिष्ट्रार सम्झनु पर्छ ।

(ङ) “विभाग” भन्नाले सूचना विभाग सम्झनु पर्छ ।

## परिच्छेद–२

## दर्तासम्बन्धी व्यवस्था

३. **दर्ता र सञ्चालनः** (१) यो निर्देशिका प्रारम्भ भएपछि अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता गर्न चाहने व्यक्ति वा संस्थाले सञ्चारमाध्यम दर्ताको लागि अनुसूची-१ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

❶ (२) यो निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता गर्न चाहने व्यक्ति वा संस्थाले दर्ताको लागि विभागले तोकेको अवधिभित्र अनुसूची–१ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(३) सरकारी वा निजी सबै प्रकारका छापा वा विद्युतीय सञ्चारमाध्यम (रेडियो, टेलिभिजनसमेत) ले अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता गर्न चाहेमा दर्ताको लागि उपदफा (२) बमोजिमको अवधिभित्र विभागमा दरखास्त दिनु पर्नेछ ।

(४) यस निर्देशिकाबमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन ।

४. **दर्ता प्रक्रियाः** अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले दर्ताको लागि दफा ३ बमोजिम दरखास्त दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) संस्था भएमा संस्था दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) व्यक्ति वा संस्थाको सञ्चालक तथा सम्पादकको नाम, थर, ठेगाना, फोन नम्बर, मोबाइल नम्बर र नागरिकताको प्रतिलिपि,

(ग) व्यक्ति वा संस्थाको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि,

(घ) संस्था भएमा सञ्चालकले अनलाइन सञ्चारमाध्यममार्फत पत्रकारिता सञ्चालन गर्ने निर्णय गरेको माइन्युटको प्रतिलिपि, र

(ङ) वेबसाइट डोमेन दर्ता वा नवीकरण गरेको प्रमाणको प्रतिलिपि ।

५. **दर्ता प्रमाणपत्रः** (१) दफा ३ बमोजिम अनलाइन सञ्चारमाध्यम दर्ताको लागि कुनै दरखास्त पर्न आएमा विभागले त्यस्तो दरखास्तउपर आवश्यक

❶ पहिलो संशोधनद्वारा संशोधित ।

जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तको व्यहोरा मनासिब देखेमा विभागले सम्बन्धित व्यक्ति वा संस्थालाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

## परिच्छेद–३

## नवीकरण तथा जनशक्तिसम्बन्धी व्यवस्था

**६. नवीकरणः** (१) दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले ❶ प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना अर्थात पुस महिनाभित्र विभागमा नवीकरण गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा विभागले तोकेको ढाँचामा अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ ।

(३) ☒ ..........

**७. जनशक्तिसम्बन्धी व्यवस्थाः** अनलाइन सञ्चारमाध्यम दर्ता वा नवीकरण गर्दा अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न आवश्यकपर्ने सम्पादक, पत्रकार, व्यवस्थापक, कर्मचारी र कामदारको तहगत दरबन्दीसहित श्रमजीवी पत्रकार ऐन, २०५१ अनुसार तोकिएको न्यूनतम पारिश्रमिक तथा सेवाका अन्य सर्तहरू लागू भएको विवरण अद्यावधिक गरी विभाग र प्रेस रजिष्ट्रारसमक्ष बुझाउनु पर्नेछ ।

**८. प्रेस प्रतिनिधि परिचयपत्रः** अनलाइन सञ्चारमाध्यममा काम गर्ने पत्रकारले विभागबाट प्रचलित कानुनबमोजिम प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्नेछ ।

## परिच्छेद–४

## आचरणसम्बन्धी व्यवस्था

**९. विवरण राख्नुपर्ने :** अनलाइन सञ्चारमाध्यमले देहायका विवरण आफ्नो वेबसाइटको मुख्यपृष्ठ (होमपेज) मा राख्नु पर्नेछ :-

(क) विभागबाट प्राप्त दर्ता नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,

---

❶ मिति २०७४ चैत्र १४ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।

☒ रिट नं. ०७७-WO-०६४७ (अधिवक्ता लिलानाथ घिमिरे समेत विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं समेत) मिति २०७७ चैत ३१ गते सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश बमोजिम हटाइएको ।

(ख) सञ्चालक, सम्पादक र समाचार प्रमुखको नाम ।

**१०. प्रकाशन तथा प्रसारण गर्न नपाइने :** अनलाइन सञ्चारमाध्यममा देहायका सामग्री प्रकाशन तथा प्रसारण गर्न पाइने छैनः-

(क) नेपालको संविधान र प्रचलित कानुनबमोजिम प्रकाशन वा प्रसारण गर्न नहुने सामग्री,

(ख) पत्रकार आचारसंहिताविपरीत हुने सामग्री ।

**११. प्रकाशित सामग्रीको जिम्मेवारी रहनेः** कसैले कुनै सामग्री आफ्नो अनलाइन सञ्चारमाध्यममार्फत प्रकाशन वा प्रसारण गरेमा त्यस्तो सामग्रीप्रति त्यसरी प्रकाशन वा प्रसारण गर्ने अनलाइन सञ्चारमाध्यम पूर्णरूपमा जिम्मेवार हुनेछ ।

**१२. सामग्री सुरक्षित राख्नुपर्ने :** अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामग्री सुरक्षित राख्नु अनलाइन सञ्चालकको दायित्व हुनेछ ।

**१३. त्रुटि सच्याउने :** अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याउनु पर्नेछ ।

**१४. पत्रकार आचार संहिता पालना गर्नुपर्ने :** अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने सञ्चालक, सम्पादक र पत्रकारले प्रचलित कानुन तथा काउन्सिलद्वारा जारी पत्रकार आचारसंहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद–५

## अनुगमनसम्बन्धी व्यवस्था

**१५. अभिलेखः** (१) यस निर्देशिकाबमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमको अभिलेख काउन्सिलले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्ने प्रयोजनका लागि काउन्सिलले विभागसँग आवश्यक विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम काउन्सिलले माग गरेको विवरण विभागले उपलब्ध गराउनु पर्नेछ ।

**१६. अनुगमन तथा निरीक्षणः** (१) अनलाइन सञ्चारमाध्यमले प्रचलित कानुन र यस निर्देशिकाको पालना गरे नगरेको सम्बन्धमा विभागले अनुगमन

तथा निरीक्षण गर्न सक्नेछ ।

(२) अनलाइन सञ्चारमाध्यमले पत्रकार आचारसंहिता पालना गरे नगरेको सम्बन्धमा काउन्सिलले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) विभाग वा काउन्सिलले उपदफा (१) वा (२) बमोजिमको अनुगमन तथा निरीक्षण गर्दा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित अनलाइन सञ्चारमाध्यमका सञ्चालक, सम्पादक, प्रकाशक वा संस्थाको कर्तव्य हुनेछ ।

१७. **सुविधा नदिइने :** कुनै अनलाइन सञ्चारमाध्यमले यस निर्देशिकाबमोजिम दर्ता वा नवीकरण नगरेमा वा पत्रकार आचारसंहिता उल्लङ्घन गरेमा त्यस्तो सञ्चारमाध्यमलाई नेपाल सरकारबाट दिइने सुविधा रोक्न सकिनेछ ।

१८. **विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल :** (१) विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा १० को खण्ड (क) विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा त्यस्तो प्रकाशित वा प्रसारित सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण हुन नसक्ने व्यवस्थाको लागि काउन्सिलले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काउन्सिलबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण हुन नसक्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद–६
## विविध

१९ **निवेदन दिन सकिने :** (१) कुनै अनलाइन सञ्चारमाध्यमबाट प्रकाशित वा प्रसारित सामग्रीबाट कसैलाई कुनै किसिमको मर्का परेमा वा गुनासो भएमा सम्बन्धित व्यक्तिले त्यस्तो सामग्री र सोसँग सम्बन्धित प्रमाण संलग्न राखी काउन्सिलमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनउपर काउन्सिलले आवश्यक छानबिन गर्नेछ। त्यसरी छानबिन गर्दा काउन्सिलले मागेका आवश्यक सूचना सम्बन्धित अनलाइन सञ्चारमाध्यमले उपलब्ध गराउनु पर्नेछ ।

(३) अनलाइन सञ्चारमाध्यममा प्रकाशित वा प्रसारित कुनै समाचार,

सूचना वा सामग्रीबाट मर्कापर्ने पक्षले पठाएको खण्डन सोही अनलाइन सञ्चारमाध्यमले उच्च महत्त्व दिई यथाशीघ्र प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

२०. **निःशुल्क सहयोग गर्नुपर्ने** : विपद् वा सङ्कटग्रस्त अवस्थामा अनलाइन सञ्चारमाध्यमले नेपाल सरकारबाट जारी हुने सूचना, विज्ञप्ति वा जनचेतनामूलक सामग्री निःशुल्क प्रकाशन वा प्रसारण गरी सहयोग गर्नु पर्नेछ ।

२१. **जानकारी दिनुपर्ने** : यस निर्देशिकाबमोजिम दर्ता भएको अनलाइन सञ्चारमाध्यम कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसकेमा त्यसको जानकारी विभागलाई दिनु पर्नेछ ।

२२. **खारेजी र बचाउ** : (१) अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

अनलाइन सञ्चारमाध्यम दर्ता गर्नका लागि

दरखास्त

श्रीमान् महानिर्देशकज्यू,
सूचना विभाग,
काठमाडौं ।

निम्न विवरणको अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता गर्न अनुमतिको लागि निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु. १०।- को टिकट टाँसी यो दरखास्त पेस गरेको छु/छौं :-

१. अनलाइन सञ्चारमाध्यम/अनलाइन पत्रिकाको विवरण :
(क) नाम :-
(ख) मेन डोमेन :-
(ग) भाषा :-
२. कार्यालय रहने स्थान :-
३. सञ्चालकहरूको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :
४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :
५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. :
६. अन्य विवरण :
दरखास्तवालाको,-
सही :-
नाम, थर :-
ठेगाना :-
सम्पर्क नं. :-

## अनूसुची–२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

दर्ता प्रमाणपत्र

सि. नं.

दर्ता प्रमाणपत्र नं :

श्री..........................

............................ ।

तपाई/तपाईहरूलाई निम्न विवरणको अनलाइन सञ्चारमाध्यममार्फत अनलाइन पत्रकारिता गर्नको लागि यो प्रमाणपत्र दिइएको छ ।

१. अनलाइन सञ्चारमाध्यमको विवरण :

(क) नाम :-

(ख) डोमेन :-

(ग) भाषा :-

२. कार्यालय रहने स्थान :-

३. सञ्चालकको नाम, थर, ठेगाना, र सम्पर्क फोन नं. :

४. सम्पादकको नाम, थर, ठेगाना, र सम्पर्क फोन नं. :

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. :

६. अन्य विवरण :

प्रमाणपत्र जारी गर्नेको,-

कार्यालयको छाप सही :-

नाम, थर :-

दर्जा :-

मिति :-

**नवीकरणसम्बन्धी विवरण**

| क्र. सं | नवीकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०

**प्रस्तावनाः** पत्रकारिताको क्षेत्रमा क्रियाशील रहँदाका बखत कुनै दुर्घटनामा परी चोटपटक लागेको वा अङ्गभङ्ग भएको अवस्थामा पत्रकारलाई औषधोपचारको व्यवस्था गर्न तथा त्यस्तो दुर्घटनाका कारणबाट निजको मृत्यु भएको अवस्थामा निजको आश्रित परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाई पत्रकारहरूको आर्थिक सुरक्षा तथा पेसागत व्यावसायिकता अभिवृद्धिमा सहयोग पुऱ्याउन पत्रकारहरूको दुर्घटना बीमा गर्नेसम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम यो निर्देशिका बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका सम्वत् २०७० कार्तिक १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा-

(क) "कोष" भन्नाले दफा ८ बमोजिम स्थापना भएको पत्रकार बीमा अक्षय कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय वा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई मुख्य व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने नेपाली नागरिकलाई सम्झनु पर्दछ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेबपेज डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन,

व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता पत्रकारिता पेसासँग सम्बन्धित कार्यमा संलग्न रहेको वा नेपाली सञ्चार माध्यमको आधिकारिक प्रतिनिधिको हैसियतमा विदेशमा रही काम गरेको नेपाली नागरिकसमेतलाई जनाउँछ ।

(घ) "बीमा" भन्नाले यस निर्देशिकाअन्तर्गत गरिएको दुर्घटना बीमालाई सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्दछ ।

३. **बीमा गरिने**: (१) पत्रकारले आफ्नो कार्य सम्पादन गर्दाका बखत हुनसक्ने दुर्घटनाबाट हुने क्षतिबापत बिमित पक्षले देहाय अनुसारको सुविधा प्राप्त गर्नेगरी बीमालेख तयार गर्ने व्यवस्था मिलाइनेछः-

(क) दुर्घटनाको कारण मृत्यु भएमा पाँच लाख रूपैयाँसम्म,

(ख) दुर्घटनाको कारणबाट श्रम नियमावली, २०५० मा उल्लेख भएबमोजिमका चोटपटकको कारणबाट ४५ प्रतिशतभन्दा बढी अशक्तता भएकोमा पाँच लाख रूपैयाँसम्म, र

(ग) खण्ड (क) र (ख) मा लेखिएको अवस्थामा बाहेक दुर्घटनाबाट उत्पन्न उपचारबापत लाग्ने खर्चको हकमा बीलबमोजिम बढीमा दुई लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च ।

तर-

(क) त्यस्तो उपचार खर्चमध्ये बीस प्रतिशत बराबर रकम सम्बन्धित पत्रकारले नै बेहोर्नु पर्नेछ र बाँकी ८० प्रतिशत रकम बीमकले बेहोर्नेछ ।

(ख) उपचार खर्चको कूल रकम बीमाङ्कको २ प्रतिशतभन्दा कम भएको अवस्थामा बिमितले क्षतिपूर्ति दाबी गर्न पाउनेछैन ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि कुनै अन्य निकायबाट दुर्घटना बीमा गरिएका पत्रकारको हकमा यस निर्देशिकाअन्तर्गत बीमा गरिने छैन ।

४. **बिमितले लाभ प्राप्त गर्ने अवस्था**: (१) दफा ३ बमोजिम बीमा लेख जारी भएकोमा बीमाबाट बिमितले आफ्नो कर्तव्यपालनको सिलसिलामा

भएको दुर्घटनाका कारण उत्पन्न देहायको कुनै अवस्थामा लाभ प्राप्त गर्न सक्नेछः-

(क) बिमित व्यक्तिको मृत्यु भएमा,

(ख) बिमित व्यक्ति स्थायी रूपले पूर्ण वा आंशिक रूपमा अशक्त भएमा, वा

(ग) बिमित व्यक्ति अस्थायी रूपले पूर्ण अशक्त भएमा ।

(२) बिमित व्यक्ति दुर्घटनामा परी घरमै बसेर उपचार गर्नुपर्ने अवस्थामा निजको औषधोपचारमा बिलबमोजिमको लाग्ने खर्च बिमितले भराई लिन पाउनेछ ।

(३) बिमित व्यक्तिको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले र इच्छाएको व्यक्ति नभएमा नजिकको हकवालाले बीमा रकम बुझिलिन पाउनेछ ।

५. **बिमितले बीमा सुविधा प्राप्त गर्न नसक्ने अवस्थाः** दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटना बीमाअन्तर्गत देहायका अवस्था वा कारणबाट बिमितको मृत्यु भएमा वा निजलाई चोटपटक लागेमा दफा ३ बमोजिम दुर्घटना बीमाबापतको सुविधा दाबी गर्न पाइने छैनः-

(क) पत्रकारितासम्बन्धी कामको सिलसिलामा बाहेक जोखिम छ भन्ने जानीजानी काम गरेको कारणले आफैँले चोकपटक लगाएको भएमा, आत्महत्या वा सोको प्रयास गरेमा, मादक पदार्थ वा लागू औषधिको प्रभावको कारणबाट कुनै घटना घटेको भएमा,

(ख) प्रचलित कानुनबमोजिम अनुमति प्राप्त हवाइ जहाजमा यात्रीको रूपमा यात्रा गरेकोमा बाहेक अन्य उडानमा हवाइ यात्रा गरी घटना घटेमा, काबा खाने खेल (Wheel Race), घोडा दौड, वन्जी जम्पिङ्ग, प्याराग्लाइडिङ्ग वा मोटरसाइकल दौड, पोलो, शिकार, स्की ड्राइभिङ, पर्वतारोहण, निशानवाजी वा यस्तै साहसिक खेलहरूमा संलग्न भएको कारण घटना घटेको भएमा,

(ग) होस ठेगाना नभएको कारणबाट सिर्जना भएको घटनामा, बिमित व्यक्तिले प्रचलित कानुन प्रतिकूल कार्य गरेका कारणबाट सिर्जित परिणाम, दुर्घटनाबाट नभई उद्वेग वा स्नायुसम्बन्धी चोटपटकका कारणबाट घटना घटेको भएमा,

(घ) मानव जीवन रक्षा गर्न प्रयास गर्दाबाहेक नचाहिँदो खतरा मोल्ने कार्य गरेबापत दुर्घटना भएमा ।

(ङ) आणविक विकिरण वा आणविक इन्धनको विस्फोटन वा ज्वलनपछि बाँकी रहन गएको पदार्थबाट निस्कने रेडियोधर्मिताको कारण हुने दुर्घटनामा ।

६. **बीमा शुल्क वा बिमित योगदानः** (१) यस निर्देशिकाबमोजिम बीमा कार्यक्रममा सहभागी हरेक बिमितका लागि वार्षिक रूपमा बुझाउनुपर्ने बीमाशुल्कको ७५ प्रतिशत रकम दफा ८ बमोजिमको कोषबाट बेहोरिने छ र बाँकी २५ प्रतिशत रकम स्वतन्त्र पत्रकार भए निज स्वयंले र सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार भए निज सम्बद्ध सञ्चार संस्थाले बेहोर्नु पर्नेछ ।

तर, सरकारी लोककल्याणकारी विज्ञापन नलिने मिडियामा कार्यरत पत्रकार, स्वतन्त्र रूपमा कार्यरत पत्रकार र समाचार उत्पादन कार्यमा संलग्न पत्रकारहरूले आफैंले बीमा शुल्कको पचास प्रतिशत रकम बुझाई बीमा योजनामा सहभागी हुन सक्नेछन् ।

७. **सहभागीको योग्यताः** यस निर्देशिकाबमोजिमको बीमामा सहभागी हुनका लागि सम्बन्धित पत्रकारले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :

(क) सूचना विभागबाट जारी गरिने प्रेस परिचयपत्र प्राप्त गरेको,

(ख) नेपाल पत्रकार महासङ्घको सदस्यता प्राप्त गरेको ।

८. **अक्षयकोषको स्थापना र सञ्चालनः** (१) यस निर्देशिकाबमोजिम नेपाल सरकारकातर्फबाट वार्षिक रूपमा बीमाशुल्क भुक्तानी गर्ने प्रयोजनका लागि "पत्रकार दुर्घटना बीमा कोष" नामको एक अक्षय कोष स्थापना गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका नगद तथा वस्तुगत सहायता रहने छन्ः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ख) नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई विदेशी सरकार वा व्यक्ति, अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त अनुदान,

(ग) नेपाल पत्रकार महासङ्घ वा सञ्चार प्रतिष्ठानद्वारा प्राप्त रकम,

(घ) गैरआवासीय नेपालीबाट प्राप्त अनुदान,

(ङ) अन्तर्राष्ट्रिय च्यारिटीबाट प्राप्त अनुदान

(च) नेपाली सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त अनुदान

(छ) अन्य स्रोतबाट प्राप्त अनुदान ।

(३) उपनियम (२) बमोजिम कोषमा प्राप्त रकम सञ्चालक समितिले "पत्रकार बीमा कोष" का नाममा "क" वर्गको वाणिज्य बैंकको मुद्दती निक्षेपमा जम्मा गर्नेछ ।

(४) कोषमा वार्षिक रूपमा प्राप्त हुन आउने ब्याज रकमबाट पत्रकारहरूको दुर्घटना बीमाबापत वार्षिक रूपमा तिर्नुपर्ने बीमाशुल्कमध्ये नेपाल सरकारतर्फको दायित्व भुक्तानीका लागि खर्च गरिनेछ ।

तर बीमा गरिने पहिलो वर्षको बीमा शुल्कका लागि आवश्यक पर्ने रकम अक्षयकोषमा राखिएको रकमबाटै बेहोरिने छ ।

(५) कोषको सञ्चालन संचालक समितिका सदस्य-सचिव र सूचना विभागका लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(६) कोष कुनै कारणले विघटन भएमा कोषमा रहेको बाँकी रकम सञ्चित कोषमा जम्मा हुनेछ ।

(७) सञ्चालक समितिको कोषको परिचालन तथा काम कारबाहीको वार्षिक प्रगति प्रतिवेदन हरेक वर्षको श्रावण मसान्तभित्र सूचना तथा सञ्चार मन्त्रालयमा बुझाउनु पर्नेछ ।

९. **सञ्चालक समितिको गठन**ः कोषको नीतिगत निर्णय तथा कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहायबमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) सचिव, सूचना तथा सञ्चार मन्त्रालय - संयोजक

(ख) अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, केन्द्रीय समिति - सदस्य

(ग) सदस्य प्रतिनिधि, प्रेस काउन्सिल नेपाल - सदस्य

(घ) बीमा समितिको सिफारिसमा समितिबाट मनोनित बीमा विज्ञ - सदस्य

(ङ) महानिर्देशक, सूचना विभाग - सदस्य-सचिव

१०. **सञ्चालक समितिको बैठक**ः

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) समितिको बैठकमा छलफल हुने विषयसहितको सूचना समितिको सदस्य-सचिवले बैठक बस्नुअगावै लिखित रूपमा सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिले सम्बन्धित निकायका पदाधिकारी, विशेषज्ञ वा अन्य उपयुक्त ठानेको व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

११. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) अक्षय कोषबाट वार्षिक रूपमा कोषमा प्राप्त हुन आउने ब्याज रकमबाट पत्रकारहरूको दुर्घटना बीमाबापत तिर्नुपर्ने बीमा शुल्कमध्ये नेपाल सरकारका तर्फबाट बेहोरिनुपर्ने दायित्व भुक्तानीका लागि खर्च गरिने रकमको अंश तोक्ने,

(ग) बीमा गरिने पहिलो वर्षमा बीमा शुल्कका लागि आवश्यक पर्ने रकम अक्षयकोषबाट निकासा दिने,

(घ) कोषका प्रशासनिक निर्णयहरू अनुमोदन गर्ने,

(ङ) अन्य आवश्यक कार्य गर्ने ।

१२. **बीमा प्रशासन तथा सञ्चालनः** (१) बीमा प्रशासनसम्बन्धी कार्य गर्नका लागि सूचना विभागमा कोषको एक सचिवालय रहनेछ ।

(२) एक आर्थिक वर्षमा कोषलाई प्राप्त भएको ब्याजको २ प्रतिशत रकममा नबढाई समितिले स्वीकृत गरेको बजेटको अधीनमा रही कोषको प्रशासकीय काममा खर्च गर्न सकिनेछ ।

(३) पत्रकारहरूको अभिलेख सूचना विभाग र नेपाल पत्रकार महासङ्घको समन्वयमा तयार गरिनेछ ।

(४) बीमाका लागि बीमक संस्थाहरूको छनौटसम्बन्धी प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली,

२०६४ बमोजिम हुनेछ ।

१३. **कोषको खर्च विधि र अभिलेखः** (१) कोषको लेखा प्रचलित नेपाल कानुनबमोजिम राख्नु पर्नेछ ।

(२) कोषको सम्पूर्ण लेखा वार्षिक रूपमा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण गराई सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

(३) कोषको सचिवालयले आफूले गरेको काम कारबाहीको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ र बीमामा सहभागी हुने पत्रकारहरूको नाम नामेसीसहितको प्रगति विवरण प्रत्येक चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

१४. **प्रक्रिया निर्धारण गर्न सक्नेः** सञ्चालक समितिले पत्रकारहरूको बीमाका सम्बन्धमा यस निर्देशिकामा व्यवस्था नभएका विषयमा आवश्यकताअनुसार थप प्रक्रिया निर्धारण गर्न सक्नेछ ।

# पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ (संशोधन)

नेपालको संविधानले प्रत्याभूत गरेको समावेशी सिद्धान्तको आधारमा पत्रकारिता विषयमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग तथा पिछ्डिएका क्षेत्रका विद्यार्थीलाई प्रोत्साहन गर्न 'छात्रवृत्ति वितरण गर्दा निष्पक्ष र पारदर्शी बनाउन निश्चित मापदण्डसहितको कार्यविधि आवश्यक भएकोले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देहायबमोजिमको कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम 'पत्रकारिता विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरणसम्बन्धी कार्यविधि, २०७४' रहने छ ।

(२) यो कार्यविधि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले सूचना तथा प्रसारण विभाग सम्झनु पर्छ ।

(ग) "विद्यार्थी" भन्नाले पत्रकारिता विषय लिएर स्नातक तह अध्ययन गरिरहेको विद्यार्थी सम्झनु पर्दछ । (स्पष्टीकरणः स्नातक तह अन्तिम वर्षमा अध्ययनरत भएमा कम्तिमा छ महिना अध्ययन अवधि भएको हुनु पर्नेछ ।)

(घ) "पत्रकारिता विषय" भन्नाले नेपालमा रहेका विश्वविद्यालय वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसमा निर्धारण भएको पत्रकारितासम्बन्धी पाठ्यक्रममा आधारित विषयहरूलाई सम्झनु पर्छ ।

(ङ) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगको सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकरीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "आदिवासी जनजाति" भन्नाले नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "मधेशी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबामोजिमको संस्थाबाट मधेशी भनी प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, तर राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई जनाउँछ ।

(ज) "मुस्लिम" भन्नाले राष्ट्रिय मुस्लिम आयोगले मुस्लिम भनी प्रमाणित गरेको व्यक्तिलाई जनाउँछ ।

(झ) "अपाङ्ग" भन्नाले स्वीकृत चिकित्सकको सिफारिसमा समाजकल्याण परिषदबाट अपाङ्गताको प्रमाणपत्र प्राप्त व्यक्तिलाई जनाउँछ ।

(ञ) "पिछाडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई जनाउँछ ।

(त) "खुला" भन्नाले आवेदन संकलनका लागि जारी गरिएको सूचनाको म्यादभित्र प्राप्त आवेदनमध्ये सबैभन्दा बढी अंक र प्रतिशत ल्याउने विद्यार्थीलाई सम्झनु पर्छ ।

**३. छात्रवृत्ति छनोट प्रकृयामा भाग लिन पाउने विद्यार्थीको योग्यता:** देहायको योग्यता पूरा गरेका विद्यार्थीहरू छात्रवृत्ति वितरणका लागि छनौट प्रकृयामा

सामेल हुनपाउनेछन् :

(१) नेपाली नागरिक,

(२) पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको,

(३) पत्रकारिता विषय लिई स्नातक तह अध्ययनरत,

(४) महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग तथा पिछडिएको क्षेत्र हुनुपर्ने तर खुलाको हकमा दफा ३ (१), (२) र (३) बमोजिम योग्यता पुगेको जो कोहिले आवेदन दिन सक्नेछन् ।

(५) सम्बन्धित क्याम्पस तथा कलेजमा पत्रकारिता विषय लिई अध्ययनरत विद्यार्थी भएको सिफारिस पत्र ।

४. **छात्रवृत्ति वितरण गर्नेः** (१) नेपालको कुनै पनि विश्वविद्यालय वा क्याम्पसमा पत्रकारिता विषयमा स्नातक तहमा अध्ययनरत उपदफा (२) बमोजिमको समूहका विद्यार्थीहरूलाई दफा (५) बमोजिमको छनौट समितिले सिफारिस गरेमा छात्रवृत्ति प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने छात्रवृत्तिको लागि देहाय बमोजिमको क्षेत्र समूहबाट प्रतिनिधित्व हुने गरी विद्यार्थी छनौट गरिनेछ । पत्रकारिता विषयमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ मा दफा ६ (१) को सूचनाअनुसार निवेदन दिनेमध्ये सबैभन्दा उच्च अंक ल्याएका देहाय समूहका विद्यार्थीलाई देहाय बमोजिम छात्रवृत्ति वितरण गरिनेछ ।

(क) खुलाः ५ जना

(ख) महिलाः ३ जना

(ग) दलित :१ जना

(घ) आदिवासी जनजातिः १ जना

(ङ) मधेशी :१ जना

(च) मुस्लिम :१ जना

(छ) अपाङ्ग :१ जना

(ज) पिछडिएको क्षेत्र :१ जना

(३) छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीले जनही रु. २५,०००/- (पच्चीस हजार) पाउनेछ ।

(४) विद्यार्थीले पेस गर्नुपर्ने कागजपत्र : विद्यार्थीले छात्रवृत्तिको लागि

निवेदन पेस गर्दा अनुसूची (१) बमोजिमको ढाँचामा देहायबमोजिमको कागजपत्र पेस गर्नुपर्ने छ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र

(ख) पत्रकारिता विषय लिई प्रवीणता पत्रमाणपत्र तह वा १०+२ को उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित क्याम्पसले स्नातक तहमा पत्रकारिता विषय अध्ययनरत भएको भनी जारी गरेको सिफारिस पत्र। स्नातक तह अन्तिम वर्षमा अध्ययनरत भएमा अध्ययनको अवधि कम्तिमा छ महिना रहेको भनी क्याम्पसले प्रमाणित गरेको पत्र।

(घ) निवेदकको सिफारिसपत्र : (२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सिफारिसपत्र देहायबमोजिम हुनु पर्नेछ।

(क) दलितका हकमा राष्ट्रिय दलित आयोगको सिफारिस।

(ख) आदिवासी जनजातिको हकमा आदिवासी जनजाति आयोग तर यो आयोग गठन नभएसम्मको लागि आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको सिफारिस।

(ग) मधेशीको हकमा मधेसी आयोग तर सो गठन नभएसम्मका लागि स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको सिफारिस।

(घ) मुस्लिमका हकमा राष्ट्रिय मुस्लिम आयोगको सिफारिस।

(ङ) आपाङ्गको हकमा राष्ट्रिय समावेसी आयोगको सिफारिस सो आयोग गठन नभएसम्मका लागि नेपाल अपाङ्ग महासंघको सिफारिस।

(च) पिछडिएको क्षेत्रको हकमा राष्ट्रिय समावेसी आयोगको सिफारिस, सो आयोग गठन नभएसम्मको लागि दफा (ञ) मा उल्लेख भएको जिल्लाबाट जारी भएको नागरिकताको प्रतिलिपिसहित प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको सिफारिस।

**५. छात्रवृत्तिको लागि विद्यार्थी छनौट समिति :** विभागका निर्देशकको संयोजकत्वमा देहायबमोजिमको छात्रवृत्ति छनौट समिति गठन गरिनेछ।

(क) निर्देशक, सूचना तथा प्रसारण विभाग - संयोजक

(ख) प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ - सदस्य

(घ) प्रतिनिधि, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रि.वि.वि. - सदस्य

(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा, सूचना तथा प्रसारण विभाग - सदस्य

(च) शाखा अधिकृत, प्रशासन, सूचना तथा प्रसारण विभाग - सदस्य-सचिव

**६. छनौट समितिको कार्य :** (१) समितिले छात्रवृत्ति दरखास्त माग गरी ३० दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने छ । साथै, इमेल वा अनलाइनमार्फत पनि आवेदन संकलन गर्न सक्नेछ ।

(२) सूचनामा कुनै समूह वा क्षेत्रबाट कति जना विद्यार्थीलाई छात्रवृत्ति दिने तथा दरखास्त साथ पेश गर्नुपर्ने कागजातसमेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तमध्ये मुल्याङ्कनको आधारमा समितिको दफा ४ (२) मा उल्लेख भएको समूहबाट प्रवीणता प्रमाणपत्र वा १०+२ मा पर्न आएका निवेदनहरूमध्ये उच्च अंक र प्रतिशत ल्याउने विद्यार्थीहरूको नाम दफा ४ (२) अनुसार छनौट गरी विभागलाई छात्रवृत्ति प्रदान गर्न नाम सिफारिस गर्नेछ ।

(४) शैक्षिक योग्यताको लब्धाङ्कपत्रमा अंक, प्रतिशत र ग्रेड आएर उपदफा (३) अनुसार विद्यार्थी छनौट हुन नसकेमा समितिले विभागका महानिर्देशकबाट स्वीकृत गराई आवश्यक निर्णय गर्न सक्नेछ ।

**७. छात्रवृत्ति विवरणः** (१) विभागले छात्रवृत्ति छनौट समितिले नाम उपलब्ध गराएको ३० दिनभित्र छात्रवृत्ति वितरण गर्नेछ ।

(२) वार्षिक विनियोजन रकम अनुसार विभागले १४ जना विद्यार्थीलाई जनही रु. २५,०००/- (पच्चीस हजार) छात्रवृत्ति प्रदान गर्नेछ ।

**८. कार्यविधिमा संशोधन तथा हेरफेर :** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको स्वीकृति लिई विभागले यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्न सक्नेछ ।

# पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५

मन्त्रिपरिषद्‌बाट स्वीकृत

मिति-२०७५।१२।४

**प्रस्तावनाः** पत्रकारिता पेशालाई मर्यादित, सुरक्षित, सम्मानित र स्वतन्त्र बनाउन, पत्रकारहरूको क्षमता अभिवृद्धिमा सहयोग पु-याउन, द्वन्दपीडित पत्रकार वा निजको परिवारको सदस्यलाई सहयोग प्रदान गर्न तथा पत्रकारलाई मासिक वृत्ति प्रदान गर्नको लागि पत्रकार वृत्ति कोष स्थापना गरी सञ्चालन गर्न आवश्यक भएकोले,

सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम “पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “कोष” भन्नाले दफा ३ बमोजिमको पत्रकार वृत्ति कोष सम्झनु पर्छ ।

(ख) “जेष्ठ पत्रकार” भन्नाले पत्रकारिता क्षेत्रमा कम्तीमा तीस वर्ष निरन्तर योगदान पुऱ्याएको र पैंसट्ठी वर्ष उमेर पूरा भएका व्यक्ति सम्झनु पर्छ ।

(ग) “द्वन्द्व पीडित पत्रकार” भन्नाले पत्रकारको रुपमा आफ्नो कर्तव्य पालना गर्दा वा गरेको कारणले द्वन्द्वमा परी मृत्यु वा अङ्गभङ्ग भएको वा कुटपिट गरिएको वा चल वा अचल सम्पत्ती कब्जा, तोडफोड वा नष्ट गरिएको वा काम गरिरहेको क्षेत्रबाट अन्यत्र विस्थापन भएको पत्रकार सम्झनु पर्छ ।

(घ) "पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने नेपाली नागरिक सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेव डिजाइनर, पेज मेकर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति र द्वन्दपीडित पत्रकारसमेतलाई जनाउँछ ।

(ङ) "परिवार" भन्नाले पत्रकारसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले महिलामत्रकारको हकमा निजको सासु, ससुरासमेतलाई जनाउँछ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(छ) "मासिक वृत्ति" भन्नाले पत्रकारितामा क्रियाशील व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न र लामो समय निरन्तर योगदान गरेका जेष्ठ पत्रकारहरूलाई सम्मान स्वरुप दिइने मासिक वृत्ति सम्झनु पर्छ ।

(ज) "वृत्ति" भन्नाले पत्रकारितामा क्रियाशील व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न र लामो समय निरन्तर योगदान गरेका जेष्ठ पत्रकारहरूलाई सम्मान स्वरुप दिइने मासिक वृत्ति सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

**३. कोषको स्थापनाः**

(१) पत्रकारलाई सहयोग तथा वृत्ति उपलब्ध गराउन पत्रकार वृत्ति कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) द्वन्द्वपीडित पत्रकार कल्याण कोषको सम्पूर्ण रकम

(घ) मन्त्रालयले स्थापना गरेको पत्रकार वृत्तिकोषमा रहेको रकम

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम बैंक तथा वित्तीय संस्थासम्बन्धी प्रचलित कानून बमोजिम स्थापित 'क' वर्गको कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) कोषको मुद्दती खाताबाट प्राप्त हुने व्याज रकम समितिको नाममा छुट्टै चल्ती खाता खोली जम्मा गरिनेछ र कोषबाट हुने सबै खर्च रकम सोही चल्तीखातामा जम्मा हुन आएको रकमबाट व्यहोरिनेछ।

(५) समितिको सदस्य-सचिव र सूचना तथा प्रसारण विभागको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट खाताको सञ्चालन हुनेछ।

(६) नेपाल सरकारले कोष विघटन गर्ने निर्णय गरेमा कोषमा रहेको बाँकी रकम सञ्चित कोषमा दाखिल हुनेछ।

## ४. समितिको गठनः

(१) कोष सञ्चलन गर्नका लागि एक कोष सञ्चालक समिति रहेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रलय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(ङ) अध्यक्ष, प्रेस काउन्सिल नेपाल वा निजले तोकेको प्रतिनिधि - सदस्य

(छ) मन्त्रालयले मनोनितथ गरेका श्रपजिवी पत्रकारहरू मध्येबाट कम्तीमा एकजना महिलासहित दुईजना - सदस्य

(ज) महानिर्देशक, सूचना तथा प्रसारण विभाग - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जेष्ठ पत्रकारहरू र द्वन्द्व पिडित पत्रकारहरूको अभिलेख राख्ने र अद्यावधिक गर्ने,

(ख) पत्रकारलाई उपलब्ध गराइने सहयोग तथा वृत्ति रकम निर्धारण गर्ने,

(ग) जेष्ठ पत्रकारहरूलाई सम्मान स्वरुप मासिक वृति उपलब्ध गराउने ।

(घ) पत्रकारहरूलाई सहयोग उपलब्ध गराउन आवश्यकता अनुसार विभिन्न क्षेत्रसँग समन्वय गर्ने ।

(ङ) द्वन्द्वपिडित पत्रकार तथा निजका परिवारलाई मापदण्डका आधारमा सहयोग पुर्‍याउने र निजका सन्तानलाई छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

**६. समितिको बैठकसम्बन्धी कार्यविधिः**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा छलफल हुने विषयसहितको सूचना समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यक ठानेमा समितिको कार्यसँग सम्बन्धित

व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. कोषको रकम खर्चसम्बन्धी**

(१) कोषको रकम समितिको निर्णय बिना खर्च गर्न पाइनेछैन ।

(२) बैंकमा जम्मा भएको रकमबाट प्राप्त व्याज रकमबाट मात्र यस निर्देशिकामा उल्लेखित कार्यको लागि खर्च गर्न सकिनेछ ।

(३) व्याज बापत प्राप्त रकम दुई आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो व्याज रकम मुद्दता खातामा थप गरी मुद्दती जम्मा गरिनेछ ।

(४) कोषको प्रशासकीय कार्यको लागि मन्त्रालयलाई विनियोजित रकमबाट आवश्यक रकम विनियोजन गरी खर्च गरिनेछ ।

**८. कोषबाट आर्थिक सहयोग प्रदान नगरिनेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पत्रकारले नेपाल सरकारको कुनै निकायबाट एकै प्रकृकितको आर्थिक सहायता वा राहत प्राप्त गरेको भएमा निजलाई यस निर्देशिका बमोजिमको कोषबाट आर्थिक सहयोग प्रदान गरिने छैन ।

**९. विवरण अद्यावधिक राख्नुपर्नेः**

(१) समितिले आफूले गरेको काम कारवाहीको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख अद्यावधिक राख्ने प्रयोजनका लागि समितिले माग गरे बमोजिमको विवरण प्रेस काउन्सिल नेपालले समितिलाई उपलब्ध गाउनुपर्नेछ ।

**१०. मासिक वृत्तिको लागि पत्रकारको छनोट गर्नुपर्ने :**

(१) समितिले मासिक वृत्ति प्रदान गर्न पत्रकार छनौट गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नेछः-

(क) प्रचलित कानून बमोजिम नेपाल सरकारको सूचना तथा प्रसारण विभागबाट प्रेस पास लिएको,

(ख) नेपाल पत्रकार महासंघले सिफारिश गरेको,

(ग) पत्रकारिता क्षेत्रमा कम्तीमा तीस वर्ष निरन्तरकाम गरेको,

(घ) पैसठ्ठी वर्ष उमेर पूरा भएको,

(ङ) पत्रकारिता क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएको,

(च) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको सञ्चार माध्यममा कार्यरत रहेको

(२) उपदफा (१) बमोजिम योग्यता पुगेका पत्राकार मध्येबाट छनौट गर्दा वरिष्ठतालाई प्राथमिकता दिर्नुपर्नेछ ।

## ११. कोषको लेखा तथा लेखापरीक्षणः

(१) कोषको लेखा नेपाल सरकारको लेखाप्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) कोषको आयव्ययको लेखा मन्त्रालयले जुनसुकै बखत जाँच्न लगाउन सक्नेछ ।

## (१२) वार्षिक प्रतिवेदन :

(१) कोषले वर्षभरिमा आफूले गरेको काम कारवाहीके वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयमा बुझाउनुपर्नेछ ।

**(१३) समितिको सचिवालय :** समितिको सचिवालय सूचना तथा प्रसारण विभागमा रहनेछ ।

## (१४) खारेजी

(१) द्वन्द्व पीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७० खारेज गरिएको छ ।

(२) द्वन्द्व पीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७० बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

# पत्रकार वृत्ति कोष सञ्चालन मापदण्ड, २०७८

ज्येष्ठ, द्वन्द्वपीडित र द्वन्द्वमा परी मृत्यु भएका पत्रकारहरूको परिवारका सदस्यहरूलाई आर्थिक तथा अन्य सहयोग प्रदान गर्न र पत्रकारको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न बान्छनीय भएकोले,

पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ को अधितमा रही कोष सञ्चालक समितिले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम 'पत्रकार वृत्ति कोष सञ्चालन मापदण्ड, २०७८' रहेको छ।

(२) यो मापदण्ड निर्णय भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

क) 'निर्देशिका' भन्नाले 'पत्रकार वृत्ति कोप स्थापना तथा सञ्चालव निर्देशिका, २०७५' सम्भनुपर्दछ।

ख) 'मृतक पत्रकार' भन्नाले द्वन्द्वको समयमा पेशागत कर्तव्य पालना गर्ने क्रममा मृत्यु भएका पत्रकार सम्भनु पर्दछ।

ग) 'सन्तति' भन्नाले द्वन्द्वपीडित पत्रकारका छोराछोरी सम्भनु पर्दछ।

घ) 'समिति' भन्नाले निर्देशिकाको दफा ४ बमोजिमको समिति सम्भनु पर्दछ।

३. **कोपबाट प्राप्त हुने व्याज रकमको बाँडफाँडः** वृत्ति कोपबाट प्राप्त हुने व्याज रकमलाई देहायवमोजिम बाँडफाँड गरी कार्यक्रम सञ्चालन गरिनेछ।

क) ज्येष्ठ पत्रकार वृत्तिको लागि पचास प्रतिशत,

ख) द्वन्द्वपीडित पत्रकार तथा निजको परिवारलाई सन्तति वृत्ति भरण तथा छात्रवृत्ति उपलब्ध गराउनका लागि बीस प्रतिशत,

ग) पत्रकारको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न दश प्रतिशत,

घ) आर्थिक अवस्था अत्यन्त कमजोर रहेका पत्रकारहरूलाई औषधिउपचार र किरिया खर्च वापत आर्थिक सहयोगका लागि बीस प्रतिशत ।

४. **<u>सहयोग उपलब्ध गराउने मापदण्ड</u>** : पत्रकार वृत्ति कोपमा सहभागी हुन चाहने जेष्ठ र द्वन्द्व पिडित पत्रकारले सहयोग माग गर्दा समिति समक्ष देहायको कागजात पेश गर्नुपर्नेछः

क) संघ, प्रदेश र स्थानीय तहवाट राहत, क्षतिपूर्ति वा अन्य आर्थिक तथा भौतिक सहयोग प्राप्त नगरेको भनी सम्वन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भई आएको कागजात ।

ख) सहयोग प्राप्त गर्नका लागि नेपाल पत्रकार महासंघ जिल्ला शाखा र नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको सिफारिस ।

ग) नेपाल सरकारको कुनै सरकारी सेवाबाट निवृत्त भई निवृत्तिभरण वा उपदान प्राप्त गरेको वा नेपाल सरकारद्वारा नियुक्ति वा मनोनित भई कुनै लाभको पदमा वहाल रहेको वा संघ, प्रदेश र स्थानीय तहमध्ये कुनै पनि तहबाट अन्य सेवा सुविधा प्राप्त नगरेको भनि गरेको स्वंयघोषणा ।

घ) ज्येष्ठ वा द्वन्द्वपीडित पत्रकार हो भन्ने खुलाउने प्रमाणित कागजात ।

५ **<u>पत्रकारहरूलाई मासिक वृत्ति प्रदान गर्ने मापदण्ड</u> :** निर्देशिकाको दफा १० को उपदफा (१) को खण्ड (क) देखि (च) सम्मका शर्तहरू पूरा गरेका पत्रकारहरूलाई देहायका मापदण्ड वमोजिम वृत्ति उपलव्ध गराउने ।

क) जेष्ठ पत्रकार वृत्तिको लागि उमेर गणना गर्दा 'नागरिकता प्रमाणपत्रमा उल्लेखित मितिलाई आधार मानी गणना गरिनेछ । तर नागरिकता प्रमाणपत्रमा स्पष्ट जन्म मिति नखुली वर्ष मात्र खुलेको भएमा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानी गणना गर्नुपर्नेछ ।

(ख) दफा ३ को खण्ड (क) वमोजिम छुट्याइएको रकमबाट

तीस वर्ष पत्रकारिता पेशामा संलग्न पत्रकारहरूलाई देहायवमोजिम वृत्ति प्रदान गर्नेः

(१) पैसठी वर्षदेखि उनान्सत्तरी वर्षसम्म उमेर समूहका जेष्ठ पत्रकारहरूलाई मासिक पाँच हजार रुपैयाँ,

(२) सत्तरी वर्षदेखि पचहत्तर वर्षसम्म उमेर समूहका जेष्ठ पत्रकारहरूलाई मासिक सात हजार रुपैयाँ,

(३) छैहत्तर वर्षदेखि असी वर्षसम्म उमेर समूहका जेष्ठ पत्रकारहरूलाई मासिक दश हजार रुपैयाँ र

(४) एकासी वर्षभन्दा वढी उमेर समूहका जेष्ठ पत्रकारहरूलाई मासिक पन्ध्र हजार रुपैयाँ ।

६. **द्वन्द्वपीडित पत्रकार वा निजको परिवार तथा सन्ततिलाई छात्रवृत्ति सहयोग सम्वन्धी मापदण्ड :** पत्रकारिताको सिलसिलामा द्वन्द्वमा परी मृत्यु भएका वा शारीरिक रुपमा अशक्तता भएका पत्रकारहरूलाई देहायबमोजिम मासिक वृत्ति, अशक्तता वृत्ति र सन्तति वृत्ति उपलव्ध गराउनेः

१) मासिक वृत्ति : पत्रकारिताको सिलसिलामा द्वन्द्वमा परि मृत्यु भएका पत्रकारहरूको परिवारलाई पहिलो पटक वृत्ति प्राप्त गरेको मितिले ७ (सात) वर्षसम्म मासिक वृत्ति दश हजार उपलव्ध गराउने ।

२) शारीरिक अशक्तता वृत्ति :

(क) पत्रकारिताको सिलसिलामा द्वन्द्वमा परि पूर्णरुपमा अशक्त (द्वन्द्वका क्रममा पूर्णरुपमा अशक्त रहेको प्रमाण, नेपाल सरकारबाट अशक्त भनी उपलब्ध गराइएको रातो कार्ड) भएका पत्रकारहरूलाई निज जिवित रहेसम्म मासिक दश हजार रुपैयाँ वृत्ति उपलब्ध गराउने ।

(ख) पत्रकारिताको सिलसिलामा द्वन्द्वमा परि आंशिकरुपमा अशक्त (द्वन्द्वका क्रममा आंशिकरुपमा अशक्त रहेको प्रमाण, नेपाल सरकारबाट अशक्त भनी उपलब्ध गराइएको निलो कार्ड) भएका

पत्रकारहरूलाई निज जिवित भएसम्म मासिक पाँच हजार रुपैयाँ वृत्ति उपलब्ध गराउने ।

३) <u>सन्तति वृत्ति</u> : पत्रकारिताको सिलसिलामा द्वन्द्वमा परि मृत्यु भएका र पूर्णरुपमा अशक्त (नेपाल सरकारबाट अशक्त भनी उपलब्ध गराइएको रातो कार्ड) भएका पत्रकारहरूका २ जना सतन्ततीलाई अठार वर्ष उमेर पूरा नभएसम्म वा माध्यमिक तहसम्म अध्ययन गर्न शैक्षिक वृत्ति वापत वार्षिक पन्ध्र हजारका दरले वृत्ति उपलव्ध गराउने र आंशिक रुपमा अशक्त (निलो कार्ड) भएका पत्रकारका २ जना सन्ततिलाई वार्षिक दश हजार वृत्ति उपलव्ध गराउने ।

७. **<u>क्षमता अभिवृद्धि सम्बन्धी मापदण्ड</u> :** १) सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि दफा ३ को खण्ड (ग) वमोजिमको रकमबाट सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकारहरूका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्मक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा देहायबमोजिम हुने गरी सञ्चालन गर्नुपर्नेछः

क) सञ्चार प्रतिष्ठातमा कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि गर्न पत्रकार महासंघको प्रदेश समिति वा पत्रकार महासंघ जिल्ला शाखाको समन्वयमा उक्त संस्थाहरूले पहिचान गरेका विषयमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।

ख) दुर्गम क्षेत्रमा कार्यरत पत्रकारहरू सहभागी हुने तालिम कार्यक्रमहरूलाई प्राथमिकता दिने,

ग) सञ्चार माध्यममा न्युनतम २ वर्ष काम गरेका पत्रकारहरूलाई सहभागी गराउने ।

घ) कम्तिमा माध्यमिक तह उत्तीर्ण गरेको ।

ङ) नेपाल पत्रकार महासंघ जिल्ला शाखा र सम्वन्धित सञ्चार माध्यमले तालिमको लागि विषय, स्थान, अवधि र अन्य विषय छनौट गर्ने ।

च) तालिम कार्यक्रम विभागबाट तयार गरिएको तालिम तथा कार्यक्रम सम्वन्धी दिग्दर्शन अनुरुप सञ्चालन हुनुपर्ने ।

८. **आर्थिक सहायता :** आर्थिक रुपमा बिपन्न पत्रकारलाई दफा ४ को खण्ड (घ) बमोजिम नेपाल पत्रकार महासंघ जिल्ला शाखा र केन्द्रीय समितिबाट आर्थिक अवस्था अत्यन्तै कमजोर रही औषधि उपचार वा किरिया गर्न समेत असमर्थ रहेको भनी आर्थिक सहायताका लागि रकम उपलव्ध गराउन सिफारिस भई आएमा समितिको निर्णय अनुसार बढीमा पच्चीस हजार रुपैयाँसम्म उपलब्ध गराउन सकिनेछ ।

तर तत्काल उपचार तथा किरिया गर्न रकम अभाव भई समस्यामा परेको विरामी तथा मृतक पत्रकारका परिवारलाई पत्रकार महासंघ केन्द्रीय समितिको सिफारिसमा समितिवाट अनुमोदन हुने गरी सूचना तथा प्रसारण विभागका महानिर्देशकले रकम उपलव्ध गराउन सक्नेछ ।

९. **दोहोरो सुविधा नपाउने :** यस मापदण्ड वमोजिम पाउने सहयोग वा वृत्ति रकम लिँदा दोहोरो पर्ने गरी लिन पाइनेछैन ।

१०. **वाधा अड्काउ फुकाउ :** यस मापदण्डको कार्यान्वयनमा कुनै वाधा अड्चन परेमा वा दुविधा उत्पन्न भएमा त्यस्तो वाधा अडचन र दुविधा फुकाउने अधिकार समितिलाई हुनेछ ।

# प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१

**प्रस्तावनाः** छापाखाना र प्रकाशनसम्बन्धी प्रचलित कानुनबमोजिम पत्रकारलाई सूचना विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र, स्वतन्त्र पत्रकारको परिचयपत्र र विदेशी नागरिकलाई प्रेस प्रतिनिधि प्रमाणपत्र जारी गर्दै आइएकोमा सञ्चार गृहका सञ्चालक समितिका अध्यक्ष, प्रकाशक, व्यवस्थापक र प्रबन्ध निर्देशकलगायतका पदाधिकारीहरूलाईसमेत परिचयपत्र जारी गर्ने सम्बन्धमा सरलीकृत कार्यविधि निर्धारण गर्न आवश्यक भएकोले नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयले प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ स्वीकृत गरी जारी गरेको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१" रहनेछ।

(२ ) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्या** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "नियमावली" भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ सम्झनु पर्दछ।,

ख) "विभाग" भन्नाले सूचना विभागलाई जनाउँछ।

३. **श्रमजीवी पत्रकारहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र उपलब्ध गराउनेसम्बन्धी व्यवस्था :** श्रमजीवी पत्रकारहरूले प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र प्राप्त गर्नको लागि देहायबमोजिम कागजात संलग्न राखी निवेदन दिएमा श्रमजीवी पत्रकारहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइनेछ,

१. रु. १० को टिकट टाँसी नियमावलीको अनुसूची-१० बमोजिमको फाराममा निवेदन,

२. हालसालै खिचेको पासपोर्ट साइजको चार प्रति फोटो,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. एसएलसी वा सो सरहको शैक्षिक योग्यताको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रहरूका प्रतिलिपिहरू,

५. सञ्चारगृहले दिएको नियुक्तिपत्र (विभागबाट तोकिएको ढाँचा)को प्रतिलिपि, जसमा,

क) स्थायी/अस्थायी/करार खुलेको हुनुपर्दछ, स्थायी नियुक्तिपत्रमा छ महिनाको परीक्षणकाल र अस्थायी नियुक्ति वा करार भए अवधि खुलेको हुनुपर्नेछ,

ख) तोकिएको न्यूनतम पारिश्रमिक खुलेको हुनुपर्नेछ,

तर पहिले नै स्थायी नियुक्तिपत्र पाएको कारण नियुक्तिपत्रमा पारिश्रमिक नखुलेको वा हालको न्यूनतम पारिश्रमिक अनुसार नपुग देखिनेको हकमा सिफारिसपत्रमा न्यूनतम पारिश्रमिक खुलाएको हुनुपर्ने,

ग) अवधि र न्यूनतम पारिश्रमिक खुलेको करार नियुक्ति वा करार सम्झौतापत्रको प्रतिलिपि,

घ) स्ट्रिञ्जरको नियुक्ति भए प्रतिसमाचार न्यूनतम पारिश्रमिक खुलेको नियुक्तिपत्रको प्रतिलिपि,

६. प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराई दिन विभागमा गरिएको नियमावलीको अनुसूची ९ बमोजिम सिफारिसपत्र,

७. ब्रोडसीट दैनिकबाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित अङ्कको एक प्रति ।

८. सञ्चारमाध्यमहरूले आफ्नो सञ्चार गृहको स्वीकृत दरबन्दीअनुसार श्रमजीवी पत्रकार तथा कर्मचारीहरूको तहगत विवरणसमेत खुलाई पठाएको पत्रमा निवेदकको नाम उल्लेख भएको हुनुपर्नेछ ।

९. नियमावलीमा व्यवस्था भएबमोजिम दस्तुर रु. ३००/– बुझाउनु पर्नेछ ।

४. **सम्पादकको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र जारीसम्बन्धी व्यवस्था** : सम्पादकको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र जारीसम्बन्धी व्यवस्था

देहायबमोजिम हुनेछ ।

१. सम्पादकको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्नको लागि शैक्षिक योग्यता नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

२. अनलाइनबाट सम्पादकको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्नको लागि अनलाइन सञ्चालकले सम्पादक तोकेको निर्णयको प्रतिलिपि र सो सम्पादकको नाम जुनसुकै बखत देखिने गरी अनलाइन प्रकाशनमा नियमित प्रसारण प्रर्दशन भएको हुनुपर्नेछ ।

३. एकै व्यक्ति प्रकाशक र सम्पादक रहेको अवस्थामासमेत व्यवस्थापकको हैसियतमा सम्पादकलाई नियुक्ति गरेको पत्र पेस गर्नु पर्नेछ ।

४. पत्रिका दर्ता प्रमाणपत्रमा सम्पादकको नाम उल्लेख भएको र सोहबिमोजिम पत्रिका प्रकाशित भइरहेको हुनु पर्नेछ ।

५. ब्रोडसीट दैनिक बाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित भएको पत्रिकाको एक अङ्क सक्कल प्रति,

६. अन्य कागजात र व्यवस्था बुँदा नं. ३ बमोजिम हुनेछ ।

५. **प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरणसम्बन्धी व्यवस्था** : प्रेस प्रतिनिधि प्रमाणपत्रको म्याद समाप्त भएको श्रमजीवी पत्रकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गर्न देहायबमोजिम कागजातसाथ निवेदन प्राप्त भएमा नवीकरण गरी दिनुपर्नेछ ।

१. रु. १० को टिकट टाँसी तोकिएको ढाँचाको निवेदन,

२. सञ्चारगृहले दिएको बुँदा ३.५ बमोजिमको नियुक्तिपत्र,

३. प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गरीदिन सूचना विभागमा गरिएको सिफारिसपत्र,

४. ब्रोडसीट दैनिकबाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित अङ्क सक्कल प्रति,

५. नियमावलीमा व्यवस्था भएबमोजिम दस्तुर बुझाउनु पर्नेछ ।

६. **संस्था परिवर्तनसम्बन्धी व्यवस्था** : संस्था परिवर्तन गर्न इच्छुक श्रमजीवी पत्रकारले देहायबमोजिम कागजातसहित निवेदन दिएमा संस्था परिवर्तन

गरिदिनुपर्नेछ ।

१. रु. १०। को टिकट टाँस गरी संस्था परिवर्तन गर्न दिएको निवेदन,

२. सञ्चारगृहले दिएको बुँदा ३.५ बमोजिमको नियुक्तिपत्र,

३. संस्था परिवर्तन गरिदिन सञ्चारगृहले दिएको सिफारिसपत्र,

४. ब्रोडसीट दैनिकबाहेक अन्य पत्रपत्रिकाको हकमा हालै प्रकाशित पत्रिकाको एक अङ्क सक्कल प्रति,

५. संस्था परिवर्तन गर्न रु. १००/– दस्तुर बुझाउनु पर्नेछ ।

७. **म्याद समाप्त भएको प्रेस प्रतिनिधि प्रमाणपत्रसम्बन्धी व्यवस्था** : म्याद समाप्त भएको चार महिना पाँच दिनपछिको असार मसान्तसम्ममा नवीकरण हुन नसकेको प्रेस प्रतिनिधि प्रमाणपत्र स्वतः खारेज हुनेछ । त्यस्ता श्रमजीवी पत्रकारहरूले देहायका कागजातसहित निवेदन दिएमा साविकको प्रेस प्रतिनिधि प्रमाणपत्र नं.समेत उल्लेख गरी नयाँ प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइनेछ ।

१. रु. १० को टिकट टाँसी नियमावलीको अनुसूची फारम १० बमोजिमको फाराममा निवेदन,

२. हालै खिचेको पासपोर्ट साइजको चार प्रति फोटो,

३. सञ्चारगृहले दिएको बुँदा ३.५ बमोजिमको नियुक्तिपत्र,

४. प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइदिन सञ्चारगृहले सूचना विभागमा गरिदिएको सिफारिसपत्र,

५. ब्रोडसीट दैनिकबाहेक अन्य पत्रपत्रिकाको हालै प्रकाशित पत्रिकाको अङ्क एक सक्कल प्रति,

६. प्रेस प्रतिनिधि प्रमाणपत्र दस्तुर रु. ३००/– लाग्नेछ

८. **स्वतन्त्र पत्रकारको परिचयपत्रसम्बन्धी व्यवस्था** : स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्त गर्नको लागि देहायको व्यहोरा खुलाई निम्न कागजातसहित निवेदन दिनु पर्नेछ ।

१. रु. १० को टिकट टाँसी तोकिएको अनुसूची फारममा निवेदन र व्यक्तिगत विवरण,

२. हालै खिचेको पासपोर्ट साइजको फोटो तीन प्रति,

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

४. एसएलसीदेखि स्नातकतहसम्मको शैक्षिक योग्यताको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रहरूका प्रतिलिपि,

५. पत्रकारिता पेसामा आफू आबद्ध रहेको भए मिडियाको नाम, कार्यरत रहँदाको पद, सम्पादन गरेको काम र अवधि खुलेको विवरण ,

६. पत्रकारिता पेसा अपनाई आफूले राष्ट्र, समाज र पत्रकारिता जगतमा पुऱ्याएको योगदानबारे ३०० (तीनसय) शब्दमा नघटाई लेखिएको मौलिक लेख,

७. पत्रकारिता विषय लिई स्नातक उत्तीर्ण गरेको भए दस वर्ष र पत्रकारिता विषयबाहेक अन्य विषय लिई स्नातक उत्तीर्ण गरेको भए पन्ध्र वर्षसम्म पत्रपत्रिकामा बाइलाइन समाचार प्रकाशन, सम्पादन वा स्तम्भ लेखनको काम गरेकोमा प्रत्येक वर्षको पत्रिकामा प्रकाशित छ वटा प्रकाशनको सक्कल प्रति वा आफूले सम्पादन गरेको पत्रिकाको प्रत्येक वर्षको छ अङ्क सक्कल प्रति,

८. निवेदकले समाचार सङ्कलन सम्पादनको काम गरी टेलिभिजन च्यानल, एफएम रेडियोमा प्रसारण भइसकेको भन्ने सम्बन्धित सञ्चारगृहले अवधि उल्लेख गरी गरेको सिफारिस पत्र र प्रसारण भएको कम्तीमा बाह्रवटा फुटेज, क्लिप्स आदि वा अनलाइनमा प्रकाशित भइसकेका समाचारहरू,

९. विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरेको भए सोको सुरुदेखिको प्रतिलिपि,

१०. नियमावलीमा व्यवस्था भएबमोजिम दस्तुर रु. ६००/– लाग्नेछ ।

९. **स्वतन्त्र पत्रकारको परिचयपत्र नवीकरणसम्बन्धी व्यवस्थाः** स्वतन्त्र पत्रकारको परिचयपत्र नवीकरण गर्दा परिचयपत्र प्राप्त पत्रकारले रु. १० को टिकट टाँसी तोकिएको अनुसूची फारममा निवेदन तथा गत एक वर्षभित्र आफूले पत्रकारिताको पेसा अपनाई राष्ट्र, समाज र पत्रकारिता जगतमा पुऱ्याएको योगदान उल्लेख गरेको कामको विवरण र प्रकाशित / प्रसारित समाचार, स्तम्भ लेखन आदि संलग्न गरी निवेदन दिनु पर्नेछ । यसका लागि नियमावलीमा तोकिएबमोजिम दस्तुर लाग्नेछ ।

१०. **सम्मानार्थ पत्रकार परिचयपत्र तथा वरिष्ठ पत्रकारको परिचयपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था** : सम्मानार्थ पत्रकार परिचयपत्र तथा वरिष्ठ पत्रकारको परिचयपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(**क**) **सम्मानार्थ पत्रकार परिचयपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था** : पचहत्तर वर्ष उमेर पूरा भएका, अदालतबाट फौज्दारी अभियोगमा कसुरदार नठरिएका, नेपाली नागरिकले देहायका कागजात संलग्न गरी निवेदन दिएमा अनुसूची १ बमोजिमको ढाँचामा सम्मानार्थ पत्रकारको परिचय दिन सकिनेछ,

१. सम्मानार्थ पत्रकार परिचयपत्र प्राप्त गर्न निवेदकले पत्रकारिताको पेसा अपनाई राष्ट्र, समाज र पत्रकारिता जगतमा आफूले पुऱ्याएको योगदान उल्लेख गरी रु. १० को टिकट टाँसी दिएको निबेदन,

२. हालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,

३. नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपि,

४. सूचना विभागबाट जारी गरिएको प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण भएको तीस वर्ष पूरा भएको प्रेस प्रतिनिधि प्रमाणपत्र वा सूचना विभागबाट प्राप्त गरेका पछिल्लो पटकको प्रेस प्रतिनिधि प्रमाणपत्र,

५. तीस वर्षभन्दा बढी निरन्तर पत्रकारिता जगतमा संलग्न रही पत्रकारिताको पेसा अपनाई राष्ट्र, समाज र पत्रकारिता जगतमा योगदान पुऱ्याएको भनी नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिबाट गरिएको सिफारिस पत्र ।

(**ख**) **वरिष्ठ पत्रकारको परिचयपत्र प्रदान गर्नेसम्बन्धी व्यवस्था** : सूचना तथा सञ्चार मन्त्रालयबाट 'वरिष्ठ पत्रकारहरूलाई सम्मान गर्न एक वरिष्ठ पत्रकार सम्मान अक्षयकोष स्थापना र सञ्चालन मापदण्ड, २०६६' बमोजिम वरिष्ठ पत्रकार सम्मान-पत्र प्राप्त गर्ने वरिष्ठ पत्रकारहरूलाई सूचना तथा सञ्चार मन्त्रालयबाट प्रदान गरिएको वरिष्ठ पत्रकार सम्मानपत्रको आधारमा वरिष्ठ पत्रकार परिचयपत्र जारी गरिनेछ । अन्य व्यवस्था देहायबमोजिम हुनेछ ।

१. सूचना तथा सञ्चार मन्त्रालयबाट प्रदान गरिएको वरिष्ठ पत्रकार सम्मानपत्रको प्रतिलिपि पेस गर्नु पर्नेछ ।

२. प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ ।

३. प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गर्न र नवीकरण गर्न लाग्ने सरह दस्तुर लाग्नेछ ।

**(ग) वरिष्ठ र सम्मानार्थ पत्रकार परिचय पत्रका प्रति विभागमा रहने** : दफा १० (क) र (ख) बमोजिम प्रदान गरिएको वरिष्ठ र सम्मानार्थ पत्रकार परिचयपत्रको एक प्रति विभागमा रहनेछ ।

११. **सम्मानार्थ पत्रकार परिचयपत्र प्राप्त गर्न लाग्ने दस्तुर र नवीकरण** : सम्मानार्थ पत्रकार परिचयपत्र प्राप्त गर्न कुनै दस्तुर लाग्ने छैन र नवीकरण गराउनुपर्ने छैन ।

१२. **मृत्युको जानकारी दिनुपर्ने** : सम्मानार्थ पत्रकार परिचयपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा सोको ३५ दिनभित्र निजको परिवारले विभागमा जानकारी दिनु पर्नेछ । सम्मानार्थ पत्रकार परिचयपत्र प्राप्त व्यक्तिको मृत्युपछि निजको नाममा जारी भएको परिचयपत्र स्वतः खारेज हुनेछ ।

१३. **विट उल्लेख गरी प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र दिने व्यवस्था** : पत्रकारिता क्षेत्रमा क्षेत्रगत विषयको विशेषज्ञता प्राप्त श्रमजीवी पत्रकारहरूलाई सम्बन्धित सञ्चार माध्यमहरूबाट प्रदान गरिने नियुक्तिपत्रमा विट पत्रकार भनी उल्लेख भई आएमा निजलाई प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्दा प्रेस प्रतिनिधि (विट) उल्लेख गरी प्रेस प्रतिनिधि प्रमाणपत्र र पत्रकार परिचयपत्र उपलब्ध गराइनेछ । जस्तै : प्रेस प्रतिनिधि (फोटो पत्रकार) ।

१४. **रेडियो, एफएम, टेलिभिजनहरूमा कार्यरत समाचार प्रमुखलाई समाचार प्रमुखको हैसियतमा प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था :**

१. रेडियो, एफएम, टेलिभिजनहरूमा कार्यरत एक जना समाचार प्रमुखलाई सोही हैसियतमा नियुक्तिपत्र दिई सोहीबमोजिम समाचार प्रमुख उल्लेख गरी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सिफारिस भई आएमा समाचार प्रमुखलाई निजको प्रेस प्रतिनिधि प्रमाणपत्रमा समाचार प्रमुख कायम गरी सोहीबमोजिम पत्रकार परिचयपत्रमा समेत समाचार प्रमुख उल्लेख गरी पत्रकार परिचयपत्र उपलब्ध गराइनेछ ।

२. अन्य व्यवस्था प्रेस प्रतिनिधि प्रमाणपत्र लिनको लागि आवश्यक पर्ने व्यवस्थाबमोजिम हुनेछ ।

१५. **विदेशी नागरिकहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था** : नेपालमा बसी पत्रकारिता गर्ने विदेशी नागरिकहरूलाई देहायका कागजातहरूको आधारमा बढीमा चार महिनाका लागि प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र उपलब्ध गराइनेछ,

१. रु. १०। को टिकट टाँस भएको निवेदन,

२. हालै खिचेको चार प्रति पासपोर्ट साइजको फोटो,

३. व्यक्तिगत विवरण देखिने गरी भरिएको अनुसूची फाराम,

४. हालसम्मको स्याद भएको भिषासहितको पासपोर्टको प्रतिलिपि,

५. सञ्चारगृहले प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराइदिन विभागमा गरिएको सिफारिसपत्र,

६. सम्बन्धित सञ्चारगृहले प्रदान गरेको पत्रकार परिचयपत्र वा अन्तर्राष्ट्रिय पत्रकार परिचयपत्रको प्रतिलिपि,

७. सम्बन्धित राजदूतावास र कन्सुलरको कार्यालय र परराष्ट्र मन्त्रालयको सिफारिसपत्र,

८. नियुक्ति वा करारपत्रको प्रतिलिपि,

९. पत्रकारिता क्षेत्रको अनुभव (अन्य भाषामा भए अङ्ग्रेजी वा नेपाली भाषामा अनुवाद भएको हुनुपर्ने),

क) पत्रिकामा प्रकाशित लेख/समाचार (सक्कल प्रतिसमेत),

ख) टेलिभिजन वा रेडियोको भए प्रसारित सामग्रीको अभिलेख,

ग) अनलाइन भए प्रकाशित सामग्रीको प्रति ।

१०. निवेदकको परिवारलाई नेपालको गैरपर्यटक भिषा सिफारिस आवश्यक परेमा विवाहदर्ता प्रमाणपत्र, जन्मदर्ताको प्रमाणपत्र वा दूतावासको सिफारिस र प्रतिव्यक्ति एक र एक प्रति फोटो ।

११. प्रेस प्रतिनिधि प्रमाणपत्र दिने निर्णयपश्चात नियमावलीमा व्यवस्था भएबमोजिम स्थायी प्रेस प्रतिनिधि प्रमाणपत्रको लागि रु. १५००। (रुपैयाँ एकहजार पाँचसय) र अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्रको लागि रु. ९००। (रुपैयाँ नौसय) दस्तुर बुझाउनु पर्नेछ ।

१६. **गैरपर्यटक भिषा सिफारिससम्बन्धी व्यवस्था** : विदेशी नागरिकलाई

देहायबमोजिम गैरपर्यटक भिषा सिफारिस गरिनेछ ।

१. विदेशी नागरिकलाई विभागबाट जारी गरिने प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराएपछि निजबाट गैरपर्यटक भिषाको माग भएमा बढीमा चार महिनाको भिषाको लागि सिफारिस गरिनेछ ।

२. प्रेस प्रतिनिधि प्रमाणपत्रको बहाल अवधिभित्र पुनः भिषाको माग गरेमा निजले नेपालमा रही पत्रकारितासँग सम्बन्धित काम गरेको चौमासिक प्रगति विवरण लिई सोसमेतका आधारमा गैरपर्यटक भिषा सिफारिस गर्न सकिनेछ ।

३. प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त विदेशी नागरिकका आठ वर्ष नाघेका इच्छुक परिवारका सदस्यहरूलाई सिफारिस दस्तुर प्रतिव्यक्ति रु. ५००। लाग्नेछ ।

१७. **विदेशी नागरिकको प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरणसम्बन्धी व्यवस्थाः** देहायको कागजातहरूको आधारमा नेपालमा रही पत्रकारिता गर्ने विदेशी नागरिकको प्रेस प्रतिनिधि प्रमाणपत्र  नवीकरण गरिनेछ,

१. रु. १० को टिकट टाँस भएको निवेदन,

२. हालसम्मको म्याद भएको भिषासहितको पासपोर्टको प्रतिलिपि,

३. सम्बन्धित सञ्चारगृहले प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गराइदिन सूचना विभागमा गरेको सिफारिस,

४. सम्बन्धित सञ्चारगृहले प्रदान गरेको पत्रकार परिचयपत्र वा अन्तर्राष्ट्रिय पत्रकार परिचयपत्रको प्रतिलिपि,

५. नियुक्तिपत्र वा सेवा करार सम्झौताको प्रतिलिपि,

६. यसअघि नेपालमा रही गरेको पत्रकारितासँग सम्वन्धित कामको प्रगति विवरण । (अन्य भाषामा भए अङ्ग्रेजी वा नेपाली भाषामा अनुवाद भएको हुनुपर्ने)

क) पत्रिकामा प्रकाशित लेख /समाचार (सक्कल प्रतिसमेत),

ख) टेलिभिजन वा रेडियोको भए प्रसारित सामग्रीको अभिलेख,

ग) अनलाइन भए प्रकाशित सामग्रीको प्रति ।

१८. **टेलिभिजन तथा एफएम रेडियोहरूका पदाधिकारीहरूलाई पदको हैसियतमा**

**परिचयपत्र उपलब्ध गराइने** : सञ्चालनमा रहेको टेलिभिजन तथा एफएम रेडियोहरूका देहायका पदाधिकारीहरूलाई संलग्न मिडियामा कार्यरत पदको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ :

**क) सञ्चालक समितिको अध्यक्षलाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था** : सञ्चालक समितिको अध्यक्षको हैसियतमा परिचयपत्र लिन देहायबमोजिम कागजात पेस गरेपछि निजलाई अध्यक्षको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ :

१. रू १० को टिकट टाँस गरी अनुसूची ३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची- ९,

२. हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,

३. निज अध्यक्ष पदमा रहेको प्रमाणको प्रतिलिपि,

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. सञ्चार गृहले परिचयपत्र उपलब्ध गराइदिन सूचना विभागमा गरिएको सिफारिस ।

**ख) प्रबन्ध निर्देशक वा व्यवस्थापकमध्ये एकजनालाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था:** सञ्चालनमा रहेको टेलिभिजन तथा एफएम रेडियोहरूबाट नियुक्तिपत्र प्राप्त प्रबन्ध निर्देशक वा व्यवस्थापकको हैसियतमा परिचयपत्र प्राप्त गर्न देहायबमोजिम कागजात पेस गर्नुपर्ने छ ।

१. रु. १० को टिकट टाँस गरी अनुसूची ३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची फाराम ९,

२. हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,

३. प्रबन्ध निर्देशक, वा व्यवस्थापक पदमा टेलिभिजन तथा एफएम रेडियोहरूबाट प्राप्त नियुक्ति पत्रको प्रतिलिपि,

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. टेलिभिजन वा रेडियोले परिचयपत्र उपलब्ध गराइदिन विभागमा गरिएको सिफारिस ।

१९. **छापामाध्यमको पदाधिकारीहरूलाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था :** स्थायी दर्ता भई नियमित रूपमा सञ्चालनमा रहेको छापामाध्यमका देहायका पदाधिकारीहरूलाई निजहरू संलग्न मिडियामा कार्यरत पदको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ :

क) **सञ्चालक समिति वा बोर्डको अध्यक्षलाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था :** नियमित प्रकाशनमा रहेको पत्रिकाका सञ्चालक समिति वा बोर्डको अध्यक्षबाट देहायबमोजिमको कागजातसहित निवेदन पेस हुन आएमा अध्यक्षको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ ।

१. रु. १० को टिकट टाँस गरी अनुसूची ३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची फारम ९,

२. हालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो,

३. अध्यक्ष पदमा रहेको प्रमाणको प्रतिलिपि,

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. सञ्चारगृहले परिचयपत्र उपलब्ध गराइदिन सूचना विभागमा गरेको सिफारिस ।

ख) **प्रकाशक एकजनालाई परिचयपत्र दिनेसम्बन्धी व्यवस्था :** नियमित प्रकाशनमा रहेको पत्रिकाको स्थायी दर्ता प्रमाणपत्रमा उल्लेखित प्रकाशक एकजनाले प्रकाशकको हैसियतमा परिचयपत्र लिन चाहेमा देहायबमोजिम कागजात पेस गर्नुपर्ने छ ।

१. रु. १० को टिकट टाँस गरी अनुसूची ३ बमोजिम दिएको निवेदन र व्यक्तिगत विवरण देखिने नियमावलीको अनुसूची फारम ९,

२. हालै खिचेको पासपोर्ट साइजको दुईप्रति फोटो,

३. प्रकाशकमा निजको नाम उल्लेख भएको, नियमित प्रकाशनमा रहेको पत्रिकाको स्थायी दर्ता वा दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. पत्रिकाबाट परिचयपत्र उपलब्ध गराइदिन विभागमा गरिएको सिफारिस ।

२०. **परिचयपत्रको ढाचा :** अध्यक्ष, प्रबन्ध निर्देशक वा व्यवस्थापक, प्रकाशक आदिलाई प्रदान गरिने परिचयपत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

२१. **समकक्षता निर्धारणको प्रमाण पेस गर्नुपर्ने** : विदेशी मुलुकबाट प्राप्त गरेको शैक्षिक योग्यताको समकक्षता निर्धारण वा समकक्षता देखिने प्रमाणको प्रतिलिपि पेस गर्नु पर्नेछ ।

२२. **पदको हैसियतमा परिचयपत्र प्राप्त गर्न लाग्ने दस्तुर** : सञ्चार माध्यमको पदको हैसियतमा परिचयपत्र प्राप्त गर्न इच्छुक देहायका पदाधिकारीहरूलाई देहायबमोजिम दस्तुर लाग्नेछ :-

१. अध्यक्षको परिचयपत्रको लागि रू १०००। (अक्षेरुपी एक हजार),

२. प्रकाशकको परिचयपत्रको लागि रू १०००। (अक्षेरुपी एक हजार),

३. प्रबन्ध निर्देशक वा व्यवस्थापकको परिचयपत्रको लागि रु. ९००। (अक्षेरुपी नौ सय) ।

२३. **नेपाल पत्रकार महासङ्घका पदाधिकारीहरूलाई परिचयपत्र उपलब्ध गराईने** : नेपाल पत्रकार महासङ्घ, केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूलाई नेपाल पत्रकार महासङ्घ, केन्द्रीय समितिको सिफारिसमा महासङ्घकै कार्यालय र पदको हैसियतमा परिचयपत्र उपलब्ध गराइनेछ ।

२४. **परिचयपत्रको म्याद बाँकी हुँदै पदको हैसियत समाप्त भएमा वा पद छोडेमा परिचयपत्र फिर्ता गर्नुपर्ने** : परिचयपत्र प्राप्त गरेको पदाधिकारीले कुनै कारणले पेसा छोडेमा वा सञ्चालकबाट अलग भएमा म्याद बाँकी रहेको निजको परिचयपत्र सूचना विभागमा फिर्ता गरेपछि मात्र सो स्थानमा अर्को व्यक्तिलाई परिचयपत्र प्रदान गरिनेछ । त्यस्तो परिचयपत्र फिर्ता गर्ने गराउने दायित्व सम्बन्धित सञ्चारगृह/नेपाल पत्रकार महासङ्घको हुनेछ ।

२५. **परिचयपत्रको अवधि र नवीकरणसम्बन्धी व्यवस्था** : पदको हैसियतमा उपलब्ध गराइने परिचयपत्र चालु आ.व.अन्तसम्मको लागि जारी गरिनेछ, नवीकरण हुने छैन । प्रत्येक वर्ष जारी गरिनेछ ।

२६. **एकभन्दा बढी किसिमका पत्रकार परिचयपत्र एकै पटक जारी नगरिने**: सामान्यतया कुनै पनि व्यक्तिलाई एकभन्दा बढी किसिमका पत्रकार परिचयपत्र वा परिचयपत्र एकै पटक जारी गरिने छैन ।

२७. **निवेदक स्वयं उपस्थित हुनुपर्ने** : देहायका कार्यको लागि प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्राप्तगर्न निवेदक स्वयं उपस्थित हुनुपर्नेछ :

१. प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र जारी गर्दा र नवीकरण गर्दा स्वयं उपस्थित भई निवेदन दिनु पर्नेछ ।

२. वाहकले पत्रकार परिचयपत्र वा परिचयपत्रको वाहकको हस्ताक्षर महलमा हस्ताक्षर गरेपछि मात्र प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र जारी वा नवीकरण गरिनेछ ।

३. पत्रकार परिचयपत्र वा परिचयपत्र प्राप्त गर्ने व्यक्ति स्वयंले विभागबाट बुझी लिनुपर्नेछ ।

२८. **पत्रकार परिचयपत्रवाहकलाई मात्र प्रवेश दिने व्यवस्था :** अतिविशिष्ट महानुभावहरूको कार्यालय, सिंहदरबार परिसर प्रवेश र अतिविशिष्ट महानुभावहरूबाट हुने औपचारिक प्रेस सम्मेलनमा सूचना विभागबाट जारी गरिएको पत्रकार परिचयपत्र वाहकलाई मात्र प्रवेश दिने व्यवस्था गर्न सकिनेछ ।

२९. **प्रेस प्रतिनिधि प्रमाणपत्र, पत्रकार परिचयपत्रको प्रतिलिपि उपलब्ध गराउने व्यवस्थाः** प्रेस प्रतिनिधि प्रमाणपत्र, पत्रकार परिचयपत्र प्रतिलिपि उपलब्ध गराइपाउन देहायबमोजिम कागजात संलग्न गरी निवेदन पेस हुन आएमा सोको जाँचबुझ तथा अध्ययन गरी निवेदन परेको भोलीपल्ट मागबमोजिम प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

(क) पत्रकार परिचयपत्र वा परिचयपत्रको प्रतिलिपि दिने व्यवस्था : पत्रकार परिचयपत्र हराएको वा अक्षर स्पष्ट नबुझिने भएको कारणले प्रतिलिपि प्राप्त गर्न देहायबमोजिम कागजात पेस भएमा सोको भोलिपल्ट पत्रकार परिचयपत्रको प्रतिलिपि उपलब्ध गराउन सकिनेछ :

१. रु. १० को टिकट टाँस गरी दिएको निवेदन,

२. पत्रकार परिचयपत्रको प्रतिलिपि लिनुपर्ने कारण खोली आफू कार्यरत/सम्बद्ध सञ्चार गृह/कम्पनी/संस्थाबाट प्रतिलिपि उपलब्ध गराइदिन सूचना विभागलाई गरिएको सिफारिसपत्र,

३. प्रेस प्रतिनिधि प्रमाणत्रको सक्कल प्रति,

४. पत्रकार परिचयपत्रको प्रतिलिपि लिन इच्छुक श्रमजीवी पत्रकारले दस्तुर रु. ५०/– बुझाउनु पर्नेछ ।

(ख) प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि दिने : प्रेस प्रतिनिधि

प्रमाणपत्र हराएको वा अक्षर स्पष्ट नबुझिने भएको वा अन्य कारणले प्रतिलिपि प्राप्त गर्न देहायबमोजिम कागजात पेस भएमा सोको भोलिपल्ट प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

१. रु. १० को टिकट टाँस गरी दिएको निवेदन,

२. प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि लिनुपर्ने कारण खोली आफू कार्यरत/सम्बद्ध सञ्चारगृह/कम्पनी/संस्थाबाट सूचना विभागलाई प्रतिलिपि उपलब्ध गराइदिन गरिएको सिफारिस पत्र,

३. पत्रकार परिचयपत्रको सक्कल प्रति,

४. प्रेस प्रतिनिधि प्रमाणपत्र प्रतिलिपि लिन इच्छुक श्रमजीवी पत्रकारले दस्तुर रु. २००/– बुझाउनु पर्नेछ ।

३०. **अनुभव प्रमाणित गर्ने सम्बन्धमा** : छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०५१ को नियम १५ मा उल्लेख भएको सम्पादक, प्रेस प्रतिनिधि, अस्थायी प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारको योग्यतामा आवश्यक पर्ने अनुभव प्रमाणित तथा अनुभव प्रमाणित गरी प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा देहायबमोजिम गरिनेछ ।

(क) सम्पादक हुनको लागि अनुभव प्रमाणित गर्नेसम्बन्धी व्यवस्था : स्नातक वा सो सरह तहको योग्यता आवश्यक पर्नेमा सो योग्यता नभई, प्रवेशिका परीक्षा उत्तीर्णको हकमा नियमित रूपमा प्रकाशित हुने कुनै समाचारप्रधान दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा समाचार समितिमा समाचार सङ्कलन तथा सम्पादन सम्बन्धमा कम्तीमा १० वर्ष काम गरेको भन्ने व्यवस्था कार्यान्वयनको लागि देहायबमोजिम कागजातहरू संलग्न गरी निवेदन प्राप्त भएमा सोको आधारमा प्रेस रजिष्ट्रारले अध्ययन तथा जाँचबुझ गरी सातदिनभित्र अनुभव प्रमाणित गरी दिन सक्नेछ ।

१. दश वर्षसम्म समाचारप्रधान दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका, समाचार समितिमा प्रतिवर्ष कम्तीमा तीनवटा समाचार सङ्कलन तथा सम्पादन, बाइलाइन समाचार प्रकाशन गरेको सक्कल प्रकाशनहरू, वा

२. निवेदकले सङ्कलन तथा सम्पादन गरी टेलिभिजन च्यानल, एफएम रेडियोमा समाचार प्रसारण भइसकेको भए सम्बन्धित निकाय अवधि उल्लेख गरी गरेको सिफारिसपत्र र प्रसारण भएको कम्तीमा छवटा फुटेज, क्लिप्स आदि वा अनलाइनमा प्रकाशित भइसकेका प्रतिवर्ष कम्तीमा तीनवटा समाचारहरू ।

(ख) पत्रकारिता क्षेत्रको अनुभवको आधारमा प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था : प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण नगरेका व्यक्तिको हकमा प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि हुनको लागि समाचार सङ्कलन वा रिपोर्टिङसम्बन्धमा कम्तीमा पाँच वर्ष काम गरेको भनी देहायबमोजिम कागजातहरू संलग्न गरी निवेदन प्राप्त भएमा सोको अध्ययन तथा जाँचबुझ गरी सातदिनभित्र प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र जारी गर्न सकिनेछ :

१. पाँच वर्षसम्म समाचारप्रधान दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका, समाचार समितिमा प्रतिवर्षको कम्तीमा तीनवटा समाचार सङ्कलन तथा रिपोर्टिङ, वाइलाइन समाचार प्रकाशन, गरेको सक्कल प्रकाशनहरू,

२. निवेदकले सङ्कलन तथा सम्पादन गरी टेलिभिजन च्यानल, एफएम रेडियोमा समाचार प्रसारण भइसकेको भन्ने सम्बन्धित निकायको सिफारिसपत्र र प्रसारण भएको तीनवटा फुटेज, क्लिप्स आदि र अनलाइनमा प्रकाशित भइसकेका समाचारहरू ।

(ग) सक्कल प्रकाशनको छायाँप्रति मात्र उपलब्ध भएको अवस्थामा प्रेस काउन्सिल नेपालबाट प्रमाणित गराई वा सो प्रकाशन कुन पत्रिकाको कुन अङ्क र मितिमा प्रकाशन भएको हो सम्बन्धित सञ्चारगृहको प्रमाणित सिफारिस ।

घ) अनुभव प्रमाणित गर्न दस्तुर लाग्ने : पत्रकारितासम्बन्धी कुनै प्रकारको अनुभव प्रमाणित गरी लिनको लागि इच्छुक श्रमजीवी पत्रकारले दस्तुर रु. १००/– बुझाउनु पर्नेछ ।

**३१. परिचय पत्र/प्रतिलिपि/अनुभव प्रमाणित पाउन गरिने निवेदन दिनुपर्नेः**

परिचय पत्र/प्रतिलिपि/अनुभव प्रमाणित गरि पाउँन गरिने निवेदनको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

३२. **थप कागजात र पुष्ट्याइँ माग गर्न सकिने**: प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्राप्त गर्नको लागि पेस हुन आएका कागजातहरू अध्ययन गरी विभागले नपुग वा अस्पष्ट भएको सम्बन्धमा थप कागजात र पुष्ट्याइँ निवदकसँग माग गर्न सक्नेछ ।

३३. **स्वीकृत दरबन्दी श्रमजीवी पत्रकार तथा कर्मचारी कामदारहरूको विवरण पेस गर्नुपर्ने** : प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र जारी तथा नवीकरण गर्ने प्रयोजनसमेतको लागि सञ्चारगृह, कम्पनी, संस्था आदिका व्यवस्थापकले प्रतिष्ठानको कामको प्रकृतिअनुसार श्रमजीवी पत्रकारको तहगत वर्गीकरण गरी सो पदको लागि चाहिने योग्यता, अनुभव, काम कर्तव्य र अधिकार तथा उत्तरदायित्वसमेत उल्लेख भएको विवरण प्रत्येक आ.व.सुरु हुनु अगावै प्रत्येक वर्षको असार मसान्तभित्र पठाउनु पर्नेछ। साथै, सो विवरणमा दरबन्दी सङ्ख्या, श्रमजीवी पत्रकार तथा कर्मचारी कामदारहरूको पद, तह, नियुक्तिको किसिम (स्थायी / अस्थायी/करार), मासिक पारिश्रमिकको सुरू स्केल खुल्नेगरी विवरण पठाउनु पर्नेछ। विवरण प्राप्त भएपछि एकवर्षसम्म सो विवरणमा नाम उल्लेख भएका व्यक्तिहरूको लागि मात्र प्रेस प्रतिनिधि प्रमाणपत्र/परिचयपत्र जारी तथा नवीकरण गरिनेछ। तर रिक्त दरबन्दीमा थप नियुक्ति गरी पठाउन सकिनेछ ।

३४. **नवीकरण भएको अनुमति पत्रको प्रतिलिपि पठाउनुपर्ने** : टेलिभिजन तथा एफएमहरूले श्रमजीवी पत्रकार तथा कर्मचारीहरूको विवरण, दरबन्दी विवरण र चालु आ.व.मा नवीकरण भएको इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि प्रत्येक वर्षको असार मसान्तभित्र पठाउनुपर्नेछ ।

३५. **अनलाइनहरूले कागजात पेस गर्नुपर्ने** : अनलाइनहरूले श्रमजीवी पत्रकार तथा कर्मचारीहरूको दरबन्दी विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारको विवरण प्रत्येक आषाढ महिनाभित्र पठाउनुको साथै कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी दर्ता गर्दा स्वीकृत प्रबन्धपत्र र विनियमावलीको प्रतिलिपि अनलाइन सञ्चालन गर्नको लागि सञ्चालक वा संस्थाले गरेको निर्णयको प्रतिलिपि, अनलाइन पत्रकारितासम्बन्धी कारोवार उल्लेख भएको मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनलाइनमा राखिएको एउटा सामग्रीको प्रतिलिपिसमेत

विभागमा पठाउनुपर्नेछ ।

३६. **सञ्चारगृह बन्द भएमा प्रेस प्रतिनिधि प्रमाणपत्र खारेज हुने** : प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरेको सञ्चारगृह बन्द भएको पैंतीस दिनपछि प्रेस प्रतिनिधि प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

३७. **घुम्तीसेवा सञ्चालन गर्न सकिने** : यस कार्यविधिबमोजिम प्रदान गरिने सेवा सुविधालाई  नेपालका विभिन्न क्षेत्रमा घुम्ती सेवा सञ्चालन गरी प्रदान गर्न सकिनेछ ।

३८. **कारबाहीसम्बन्धी व्यवस्था** : यस कार्यविधिमा उल्लेखभएका कागजातहरू झुठ्ठा तयार गरी पेस गरेमा वा प्राप्त परिचयपत्र दुरुपयोग गरेमा देहायबमोजिम कारबाही हुनेछ :

१. सञ्चारगृहले झुठ्ठा विवरण वा कागजात दिई प्रेस प्रतिनिधि प्रमाण पत्र दिलाएको ठहरिएमा दिलाएको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्ध गराई विभागबाट उपलब्ध गराइने सेवा सुविधा छ महिनासम्म रोक्का गरिनेछ ।

२. प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त व्यक्तिले सोको दुरुपयोग गरेमा प्रेस प्रतिनिधि प्रमाणपत्र रद्ध गराई एक वर्षसम्म नयाँ प्रेस प्रतिनिधि प्रमाणपत्र जारी गरिने छैन ।

३. प्रचलित कानुनबमोजिम कसुर ठहरिने अभियोगको हकमा प्रचलित कानुनबमोजिम कारबाही गर्न बाधापर्ने छैन ।

३९. **प्रचलित कानुनबमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

४०. **कार्यविधिमा संशोधन तथा हेरफेर** : सूचना तथा सञ्चार मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन र  हेरफेर गर्न  सक्नेछ ।

# श्रमजीवी पत्रकारसम्बन्धी ऐनबमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरको कारवाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०६८

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा २४ तथा दफा ३४(ख) बमोजिम पर्न आएका उजुरी तथा विवाद समाधानसम्बन्धमा कार्यविधि बनाई लागू गर्न वान्छनीय भएकोले नेपाल सरकारले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम 'श्रमजीवी पत्रकारसम्बन्धी ऐनबमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरको कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०६८'रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "ऐन" भन्नाले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३ सम्झनु पर्दछ ।

## परिच्छेद–१

## उजुरीसम्बन्धी व्यवस्था

३. **उजुरी निवेदन दिन सक्ने** : (१) ऐनको दफा २४ बमोजिम श्रमजीवी पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट नपाएमा वा व्यवस्थापकले ऐन वा नियमावलीबमोजिम कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले पैंतीस दिनभित्र प्रेस रजिष्ट्रारलाई सम्बोधन गरी उजुरी

निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी गर्न चाहने सम्बन्धित श्रमजीवी पत्रकारले आफ्नो उजुरीमा देहायका कुरा खुलाएको हुनु पर्नेछ :–

(क) उजुरीकर्ताले नाम, थर, ठेगाना

(ख) उजुरीकर्ता कार्यरत सञ्चार प्रतिष्ठानको नाम र ठेगाना

(ग) कुन, कुन पदमा रही कति/कति अवधि कार्य गरेको हो सोको विवरण तथा सो पदमा रही कार्य गर्दाको तलब स्केल र सेवाका सर्तको विवरण

(घ) कुन सुविधा वा रकम कहिलेदेखि नपाएको हो वा सञ्चार प्रतिष्ठानले के कस्तो काम नगर्दा आफूलाई मर्का पर्न गएको, सो को विवरण

(ङ) आफ्नो दाबी जिकिरलाई पुष्ट्याई गर्ने आधार, र

(च) अन्य प्रासङ्गिक कुराहरू

(३) प्रेस रजिष्ट्रारले यस दफाबमोजिमको निवेदन सङ्कलन गरी आफू कहाँ पठाउन आफूअन्तर्गतको कुनै निकाय वा अधिकारीलाई तोक्न सक्नेछ ।

४. **थप प्रमाणहरू पेस गर्न सक्ने** : (१) दफा ३ बमोजिम उजुरी दिइसकेपछि त्यस्तो उजुरी निवेदउपर प्रेस रजिष्ट्रारबाट निर्णय नहुँदै सम्बन्धित श्रमजीवी पत्रकारले सो निर्णयमा सघाउ पुग्ने कुनै थप प्रमाण फेला परेमा निवेदनसाथ संलग्न गरी प्रेस रजिष्ट्रारसमक्ष पेस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस हुन आएको प्रमाणसमेतका आधारमा प्रेस रजिष्ट्रारले उजुरी निवेदन उपर निर्णय गर्नु पर्नेछ ।

५. **उजुरी उपरको प्रतिक्रिया तथा कागजात माग गर्ने** : (१) दफा ३ बमोजिम उजुरी निवेदन गर्न आएमा प्रेस रजिष्ट्रारले सात दिनभित्र सो उजुरीको प्रतिलिपि संलग्न गरी सम्बन्धित सञ्चार प्रतिष्ठानको सो उजुरी उपरको प्रतिक्रिया तथा सम्बन्धित कागजात सम्बन्धित सञ्चार प्रतिष्ठानसँग माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी उपरको प्रतिक्रिया तथा सम्बन्धित कागजात माग भएमा सञ्चार प्रतिष्ठानले सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध प्रतिक्रिया तथा कागजातबाट

थप केही बुझ्न आवश्यक भएमा प्रेस रजिष्ट्रारले सम्बन्धित सञ्चार प्रतिष्ठानको व्यवस्थापकलाई उपस्थित गराई छलफल गर्न सक्नेछ । त्यसरी उपस्थितिको लागि लेखी आएमा समयमै उपस्थित हुन सम्बन्धित प्रतिष्ठानको व्यवस्थापकको कर्तव्य हुनेछ ।

६. **छलफल गराउन सक्ने** : (१) प्रेस रजिष्ट्रारले दफा ३ बमोजिम पर्न आएको उजुरी निवेदनमा उजुरकर्ता श्रमजीवी पत्रकार र व्यवस्थापकबीच छलफल गराउन आवश्यक ठानेमा बढीमा सात दिनको समय तोकी उपस्थितिका लागि दुवै पक्षलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफलका लागि आमन्त्रण गरेमा दुवै पक्षले तोकिएको समयमा उपस्थित हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आमन्त्रण गरिएको समयमा उपस्थित नभए पनि निर्णय गर्न कुनै बाधापर्ने छैन ।

७. **थप कागजात माग गर्न सकिने** : (१) उजुरी निवेदन सुनुवाइको सिलसिलामा कुनै थप प्रमाण कागजातहरू आवश्यक छ भन्ने लागेमाा प्रेस रजिष्ट्रारले उजुरकर्ता वा सम्बन्धित सञ्चार प्रतिष्ठानलाई त्यस्तो प्रमाण कागजातहरू उपलब्ध गराउन लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रेस रजिष्ट्रारबाट माग भएका कागजात उजुरकर्ता वा सम्बन्धित सञ्चार प्रतिष्ठानले पत्र प्राप्त गरेको मितिले सात दिनभित्र प्रेस रजिष्ट्रारसमक्ष पेस गर्नु पर्नेछ ।

८. **उजुरीको निर्णय** : (१) यस परिच्छेदअन्तर्गत पर्न आएको उजुरी निवेदनउपर प्रेस रजिष्ट्रारले निर्णय गर्दा उजुरकर्ताले लिएको जिकिर सम्बन्धमा त्यस्ता जिकिरहरू सदर वा खण्डन के आएका हुन्, कुन आधारमा आएका हुन भन्ने कुराहरू निर्णयमा खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्दा उजुरकर्ताले के कति सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट पाउनुपर्ने हो वा होइन, उजुरकर्ताले दाबी गरेबमोजिम व्यवस्थापकले ऐन र नियमावलीमोजिमको कुन काम नगरेको हो वा होइन, मर्का पर्न गएको हो भने व्यवस्थापकले के गर्नुपर्ने हो सोसमेत खुलाई निर्णय गर्नु पर्नेछ ।

(३) यस दफाबमोजिम निर्णय गर्दा व्यवस्थापकलाई ऐनको दफा २४ को उपदफा (३) बमोजिम ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने व्यहोरासमेत उल्लेख गर्नु पर्नेछ ।

९. **निर्णय कार्यान्वयनमा सहयोग लिन सक्ने** : ऐनको दफा २४ को

उपदफा (३) बमोजिम पुनरावेदन अदालतमा ३५ दिनभित्र पुनरावेदन नपरेमा प्रेस रजिष्ट्रारले निर्णय कार्यान्वयन गर्न स्थानीय प्रशासनको सहयोग लिन सक्नेछ ।

## परिच्छेद–२

## विवाद समाधानसम्बन्धी व्यवस्था

१०. **विवाद समाधानका लागि निवेदन दिन सक्ने** : (१) ऐनको दफा ३४ख बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार र सञ्चार प्रतिष्ठानको व्यवस्थापनबीच सेवा सर्त र सुविधासम्बन्धी कुनै विषयमा विवाद उठेमा सरोकारवाला कुनै पक्षले विवाद समाधान गरिदिन प्रेस रजिष्ट्रारसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्रेस रजिष्ट्रारले सरोकारवाला पक्षहरूलाई समय तोकी उपस्थितिका लागि आमन्त्रण गर्न सक्नेछ । त्यसरी आमन्त्रण गरेमा उपस्थित हुनु सम्बन्धित सबै पक्षको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम सरोकारवाला पक्ष सबै उपस्थित भएमा प्रेस रजिष्ट्रारले वार्ता, मेलमिलाप वा मध्यस्थ वा त्यस्तै अन्य कुन माध्यम अपनाई विवाद समाधान गर्न उपयुक्त हुन्छ, दुवै पक्षहरूबीच छलफल गराउन पर्नेछ ।

११. **विवाद समाधानका माध्यम र प्रक्रिया निर्धारण** : (१) दफा १० बमोजिम विवाद समाधानका लागि सम्बन्धित सबै पक्ष उपस्थित नभएमा वार्ता मेलमिलाप वा मध्यस्थ वा त्यस्तै अन्य कुन माध्यम अपनाउने हो सम्बन्धित सबै पक्षको सहमतिमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवाद समाधानको माध्यम निश्चित भएपछि सोको प्रक्रियासमेत सम्बन्धित सबै पक्षको सहमतिमा निर्धारण गरिनेछ । त्यस्तो प्रक्रिया लिपिबद्ध गरी सबै पक्षको हस्ताक्षर गराउनु पर्नेछ ।

१२. **विवाद समाधानको निर्णय** : प्रेस रजिष्ट्रारले विवाद समाधानको लागि सम्बन्धित पक्षहरूको निर्णय गराउन सहयोग गर्नेछ । त्यस्तो निर्णय गर्दा निर्णय पुस्तिका खडा गरी सबै पक्षको हस्ताक्षर गराउनु पर्नेछ ।

१३. **निर्णय कार्यान्वयनमा सहयोग** : यस परिच्छेदबमोजिम विवाद समाधान गर्ने निर्णय भएपछि सोको कार्यान्वयनमा प्रेस रजिष्ट्रारले सहयोग गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद–३

## विविध

१४. **सहयोग लिन सक्ने** : यस कार्यविधिबमोजिमको कार्य गर्दा प्रेस रजिष्ट्रारले कुनै पनि सरकारी निर्णय वा कर्मचारीको सहयोग लिन सक्नेछ। त्यस्तोमा सहयोग गर्नु सम्बन्धित निकाय वा कर्मचारीको कर्तव्य हुनेछ।

१५. **निर्णय उपलब्ध गराउने** : यस कार्यविधिबमोजिम भएका निर्णयको प्रतिलिपि सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

१६. **नक्कल लिने कार्यविधि** : (१) यस कार्यविधिबमोजिम प्रेस रजिष्ट्रारबाट भएका निर्णय वा सोसँग सम्बन्धित कागजात आवश्यक भएमा सरोकारवालाले प्रेस रजिष्ट्रार समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएमा सरोकारवालालाई प्रचलित कानुनबमोजिम दस्तुर लिई नक्कल उपलब्ध गराउनु पर्नेछ।

# दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८०

दूरसञ्चारका सेवाग्राहीलाई तार रहित नविनतम प्रविधि प्रयोग गरी दूरसञ्चार सेवाहरू उपलब्ध गराउनका लागि उपलब्ध रेडियो फ्रिक्वेन्सीको वैज्ञानिक, कुशल एवम् प्रभावकारी व्यवस्थापनको निम्ति दूरसञ्चार ऐन, २०५३ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले बनाएको यस **"दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८०"** समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

## १. पृष्ठभूमि

१.१ रेडियो फ्रिक्वेन्सी प्रयोग हुने सार्वजनिक दूरसञ्चार सेवाको सञ्चालन प्रारम्भ हुँदा देखि नै नेपालमा पनि यसको बितरण हुँदै आएको हो। दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीको प्रयोग सम्बन्धमा दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली, २०५४, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०६९ तथा त्यसको पहिलो संशोधन, २०७३ मार्फत व्यवस्थापन हुँदै आएको छ। दूरसञ्चार ऐन, २०५३ बमोजिम गठन भएको रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको विभिन्न समयका निर्णयहरू बमोजिम दूरसञ्चार सेवामा प्रयोग हुने फ्रिक्वेन्सी ब्याण्ड तथा मूल्य निर्धारण गर्ने विद्यमान व्यवस्था रहेको छ।

१.२ अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (International Telecommunication Union, ITU) ले आयोजना गर्ने World Radiocommunication Conferences (WRC) बाट पारित भई समय सापेक्ष परिमार्जन हुन Radio Regulations को अधिनमा रही सम्पूर्ण सदस्य राष्ट्रहरूले रेडियो फ्रिक्वेन्सी व्यवस्थापन गर्ने गरेको सन्दर्भमा नेपालले पनि सोही Radio Regulations लाई आधार मानी समय सापेक्ष रुपमा National

Frequency Allocation Plan (NFAP) तयार गर्ने गरेको छ।

१.३ हालसम्म नेपालमा अन्तर्राष्ट्रिय अभ्यास, ITU Radio Regulations, तथा NFAP वमोजिम विभिन्न सेवाहरूको लागि रेडियो फ्रिक्वेन्सी ब्याण्ड निर्धारण गर्ने गरिएको छ।

१.४ फ्रिक्वेन्सी वितरण गर्ने प्रयोजनका लागि विश्वलाई ITU ले Region I, Region II र Region III गरी तीन क्षेत्रमा विभाजन गरेको छ। नेपाल Region III मा पर्ने र उक्त क्षेत्रको लागि ITU बाट भए गरेका नीतिगत निर्णयहरूलाई समेत समेटेर फ्रिक्वेन्सी नीतिमा समसामयिक संशोधन गर्ने गरिएको छ।

तर, यस प्रकारको संशोधन गर्नु पूर्व रेडियो फ्रिक्वेन्सीको प्रयोगको अवस्था, बाँडफाँट, मूल्य र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेको समन्वयको पुनरावलोकन तथा मूल्याङ्कन (Review and Assess) गर्नका साथै प्रविधिमा आउने परिवर्तन र त्यसले समग्र फ्रिक्वेन्सी व्यवस्थापनमा पार्ने प्रभाव समेत अध्ययन गरी नीति तय गर्ने गरिएको छ।

१.५ दूरसञ्चार सेवामा प्रयोग हुने रेडियो फ्रिक्वेन्सी उच्च महत्वको सीमित प्राकृतिक स्रोत हो। अन्तर्राष्ट्रिय प्रचलन अनुसार प्रतिस्पर्धात्मक र बढाबढको माध्यमबाट फ्रिक्वेन्सीको मूल्य निर्धारण गर्न तथा वितरण गर्न सुरु गरिसकिएको अवस्था छ। कतिपय अवस्थामा सेवा विस्तारलाई प्रोत्साहन गर्न न्यून मूल्यमा तथा निःशुल्क रुपमा समेत फ्रिक्वेन्सी वितरण गरेको पनि पाइन्छ।

## २. नीतिको आवश्यकता

फ्रिक्वेन्सी व्यवस्थापनका सम्बन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा बिकास भईरहेका नयाँ प्रविधि एवम् प्रयोगहरूलाई आत्मसात गर्दै फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाई यसबाट नेपाल सरकार, दूरसञ्चार सेवा प्रदायक तथा आम उपभोक्तालाई अधिकतम लाभ हुने वातावरण सृजना गर्न यो नीतिको आवश्यकता परेको हो।

## ३. नीतिको उद्देश्य

यो नीति जारी गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्।

३.१ दूरसञ्चार क्षेत्रलाई मुलुकको समग्र आर्थिक विकासमा महत्वपूर्ण सहयोगीको रुपमा आत्मसात गरी सीमित राष्ट्रिय स्रोतको

रुपमा रहेको रेडियो फ्रिक्वेन्सी वितरण प्रक्रियालाई अनुमतिपत्र प्रदान गर्ने प्रक्रियासँग आवद्ध गरी कुशल, प्रभावकारी र पारदर्शी रुपमा फ्रिक्वेन्सी वितरण सम्बन्धी नीतिगत व्यवस्था तथा मूल्य निर्धारण गर्ने।

३.२ समान सेवा उपलब्ध गराउने सेवा प्रदायकलाई समान शर्त (Level Playing Field) अन्तर्गत ल्याउन तथा दूरसञ्चार सेवाका नविनतम प्रविधिहरू आम उपभोक्ता समक्ष सहज र प्रतिस्पर्धात्मक रुपमा पुऱ्याउन प्रविधि तटस्थता (Level Playing Field) को सिद्धान्त अवलम्बन गर्ने।

३.३ रेडियो फ्रिक्वेन्सीको प्रयोग र यसको आर्थिक महत्वलाई मध्यनजर गर्दै प्रतिस्पर्धात्मक र बढाबढको माध्यमबाट वितरण हुन सक्ने फ्रिक्वेन्सी तत्काल वितरण हुने गरी नीतिगत व्यवस्था गर्ने।

३.४ सेवा प्रदायकलाई उपलब्ध गराईएका तथा थप नयाँ फ्रिक्वेन्सी ब्याण्डहरू समेत पहिचान गरी सेवा प्रदायकलाई उपलब्ध गराउने फ्रिक्वेन्सीको न्यूनतम ब्याण्डविथ र अधिकतम ब्याण्डविथको सिमा निर्धारण गर्ने।

३.५ दूरसञ्चार सेवाका उपभोक्तालाई रेडियो फ्रिक्वेन्सीमा आधारित नविनतम प्रविधिहरूको प्रयोग मार्फत भरपर्दो तथा गुणस्तरीय दूरसञ्चार सेवाहरूमा पहुँचको सुनिश्चितता गर्ने।

३.६ अन्तर्राष्टिय मञ्चहरूमा नेपालको फ्रिक्वेन्सी सम्बन्धी सरोकारका विषयहरू सम्बोधन गर्नको लागि अध्ययन अनुसन्धान गरी आवश्यक योगदान गर्ने।

३.७ नेपालमा दूरसञ्चार सेवाको लागि तोकिएका तथा प्रयोग भएका फ्रिक्वेन्सी International Telecommunication Union (ITU)/ Asia Pacific Telecommunity (APT) लगायतका अन्तर्राष्ट्रिय संघ संस्थामा दर्ता गराई छिमेकी मुलुकहरूसँग क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समन्वय मार्फत फ्रिक्वेन्सीमा हुने Cross Border Interference न्यूनीकरण गर्नको लागि आवश्यक व्यवस्था गर्ने।

## ४. रेडियो फ्रिक्वेन्सी व्यवस्थापनमा अवलम्बन गरिने सिद्धान्त

रेडियो फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा मूल्य निर्धारण गर्दा

देहायका सिद्धान्त अवलम्बन गरिनेछ।

४.१ सेलुलर/मोवाइल फ्रिक्वेन्सी (Cellular/Mobile Frequency) लाई मुख्यतः लिलाम बढाबढ (Auction) को प्रक्रियाबाट वितरण गरिनेछ।

४.२ फ्रिक्वेन्सीको अधिकतम उपयोग हुने गरी नविनतम प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले सेलुलर/मोवाइल फ्रिक्वेन्सीको प्रयोगमा प्रविधि तटस्थता (Technology Neutrality) को सिद्धान्त अबलम्बन गरिनेछ। प्रविधि तटस्थता अन्तर्गत कुनै पनि फ्रिक्वेन्सी ब्याण्डमा कुनै पनि प्रविधि वा कुनै पनि पुस्ता (Generation) को सेवा सञ्चालन गर्न सकिनेछ।

४.३ फ्रिक्वेन्सीको बिक्रि वितरण (Spectrum Trading) तथा साझेदारी (Spectrum Sharing) गर्न दिइने छैन।

४.४ अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा रहेका प्रचलनका साथै तत् सम्बन्धी अन्तर्राष्ट्रिय बजारको अवस्था अनुरुप हाल वितरण भएको फ्रिक्वेन्सीको महत्तम उपयोग हुने गरी फ्रिक्वेन्सी स्थानान्तरण तथा हेरफेर (Spectrum Refarming) गरिनेछ।

४.५ कुनै पनि फ्रिक्वेन्सी व्याण्डमा सेवा सञ्चालनका लागि न्यूनतम रुपमा आवश्यक पर्ने र अधिकतम रुपमा प्रयोग गर्न पाईने फ्रिक्वेन्सीको सीमा निर्धारण (Capping) गरिनेछ।

४.६ आकस्मिक दूरसञ्चार व्यवस्थापन (Emergency Telecommunication Management) का लागि फ्रिक्वेन्सी तोकिनेछ।

४.७ Radio Signal Propagation Characteristics, Radio Coverage, Spectral Efficiency र पूर्वाधारको विकास गर्न लाग्ने लगानी लगायत Ecosystem को विकासलाई मध्यनजर गरी फ्रिक्वेन्सी व्याण्ड र दस्तुर सम्बन्धी सिद्धान्त तय गरिनेछ।

४.८ दूरसञ्चार नेटवर्कमा प्रयोग हुने Customer Premises Equipment (End User Device), लाई फ्रिक्वेन्सीसँग सामञ्जस्यता कायम गर्नको लागि कम्तिमा यस नीतिमा उल्लिखित फ्रिक्वेन्सी व्याण्डमा प्राविधिक रुपमा उपयोगी तथा किफायती उपकरणहरू मात्र आयात तथा प्रयोग हुने सुनिश्चतता प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ।

४.९ दूरसञ्चार क्षेत्रमा देखापरेका नयाँ प्रविधि एवं अन्तर्राष्ट्रिय प्रचलनको नियमित रुपमा अध्ययन अनुसन्धान गरी रेडियो फ्रिक्वेन्सीको पहिचान, मूल्य निर्धारण तथा वितरण गर्ने प्रक्रियाको आवश्यक पुनरावलोकन गरिनेछ।

## ५. रेडियो फ्रिक्वेन्सी दस्तुर निर्धारणका आधार

रेडियो फ्रिक्वेन्सी दस्तुर निर्धारणको लागि देहायका आधारहरू लिइनेछ।

५.१ रेडियो फ्रिक्वेन्सी व्याण्डमा प्रयोग हुने प्रविधिहरू (जस्तै मोवाइल, माईक्रोवेभ, स्याटलाईट) र रेडियो तरंग प्रवाहको विशेषता (Signal Propagation Characteristics, Radio Coverage / Spectral Efficiency),

५.२ पूर्वाधारको विकास गर्न लाग्ने लगानी, उपकरणहरूको उपलब्धता एवं Ecosystem को विकास,

५.३ रेडियो फ्रिक्वेन्सीको माग र उपलब्धता,

५.४ अन्तर्राष्ट्रिय अभ्यास अनुसार फ्रिक्वेन्सीको दस्तुर, फ्रिक्वेन्सीको उपयोगिता, फ्रिक्वेन्सी व्यवस्थापनको लागत, ग्राहकको क्रय-क्षमता तथा प्रति व्यक्ति आय (Per Capita Income),

५.५ समितिले विभिन्न समयमा विभिन्न फ्रिक्वेन्सि व्याण्डहरूमा तोकेका दस्तुर र फ्रिक्वेन्सी व्याण्डहरूको तुलनात्मक अध्ययन।

## ६. रेडियो फ्रिक्बेन्सीको वर्गिकरण

हाल सञ्चालन भैरहेका दूरसञ्चार सेवा र सो सँग सम्बन्धित प्रविधिको आधारमा रेडियो फ्रिक्वेन्सी ब्याण्डलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ।

**६.१ सेलुलर/मोवाइल फ्रिक्बेन्सी (Cellular/ Mobile Frequency):** मोवाइल नेटवर्क र सो सँग मेल खाने (Compatible) मोबाइल उपकरणको बीचमा सञ्चार स्थापना गर्न प्रयोग हुने फ्रिक्वेन्सीलाई सेलुलर/मोवाइल फ्रिक्वेन्सी (Cellular/Mobile Frequency) मानिनेछ।

**६.२ माइक्रोबेभ फ्रिक्वेन्सी (Microwave Frequency):** दूरसञ्चार सेवाको Backbone/Backhaul भू-सतही (Terrestrial) नेटवर्कमा दुई स्टेसनबीच सञ्चार स्थापना गर्न प्रयोग हुने फ्रिक्वेन्सीलाई माइक्रोवेभ लिंक फ्रिक्वेन्सी मानिनेछ।

माइक्रोवेभ लिंक भन्नाले दुई स्टेसनबीच सञ्चार स्थापना गर्ने Bidirectional Channel लाई बुझाउने छ।

६.३ **स्याटेलाइट फ्रिक्वेन्सी (Satellite Frequency):** स्याटेलाइट प्रविधिको प्रयोग गरी उपलव्ध हुने दूरसञ्चार सेवाहरूमा प्रयोग हुने फ्रिक्वेन्सीलाई स्याटेलाइट फ्रिक्वेन्सी मानिनेछ।

६.४ **अन्य फ्रिक्वेन्सी (Other Frequency)**

## ७. रेडियो फ्रिक्वेन्सीको बाँडफाँटः

दूरसञ्चार सेवामा प्रयोग हुने रेडियो फ्रिक्वेन्सी वितरणको लागि ITU को Radio Regulations तथा अन्तर्राष्ट्रिय अभ्यासको आधारमा फ्रिक्वेन्सी व्याण्ड, व्याण्डविथ, सेवा प्रदायकलाई प्रदान गरिने न्यूनतम तथा अधिकतम व्याण्डविथ देहाय बमोजिम हुनेछ।

### ७.१ सेलुलर/मोवाइल फ्रिक्वेन्सी (Cellular/ Mobile Frequency)

७.१.१ मोवाइल सेवामा प्रयोग गर्नको लागि बाँडफाँट गरिएको विभिन्न फ्रिक्वेन्सी व्याण्डहरू र ती व्याण्डमा वितरण गर्न सकिने न्यूनतम र अधिकतम फ्रिक्वेन्सी व्याण्डविथको सीमा अनुसूची - १ मा तोकिए बमोजिम हुनेछ।

७.१.२ प्रत्येक फ्रिक्वेन्सी व्याण्डमा तोकिएको अधिकतम फ्रिक्वेन्सी व्याण्डविथ सिमा भन्दा बढी फ्रिक्वेन्सी कुनै पनि सेवा प्रदायकलाई प्रदान गरिने छैन।

७.१.३ आधारभूत दूरसञ्चार सेवा तथा ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूको हकमा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त नगर्दासम्म थप फ्रिक्वेन्सी उपलब्ध गराइने छैन। साथै, त्यस्ता सेवा प्रदायकहरूलाई विद्यमान फ्रिक्वेन्सीमा प्रविधि तटस्थताको अनुमति समेत उपलब्ध गराइने छैन।

७.१.४ सेवा प्रदायकले प्रविधि तटस्थताको सिद्धान्त अवलम्बन गरेको अवस्थामा पाँचको ९Multiple of Five: ×5 MHz) मा हुने गरी फ्रिक्वेन्सी उपलब्ध गराईनेछ। वितरण/बढाबढ भईसकेका फ्रिक्वेन्सीहरूको हकमा पाँचको गुणा (Multiple of Five: ×5 MHz) मा फ्रिक्वेन्सी उपलब्ध नभएका सेवा प्रदायकहरूले पाँचको

गुणा (Multiple of Five: ×5 MHz) हुने गरी बढाबढ मार्फत फ्रिक्वेन्सी थप गर्नु पर्नेछ अन्यथा पाँचको गुणा (Multiple of Five: ×5 MHz) भन्दा बढी हुन आउने फ्रिक्वेन्सी ब्याण्डविथ फिर्ता गर्नुपर्नेछ। पाँचको गुणा (Multiple of Five: ×5MHz) हुने गरी माग भएका थप फ्रिक्वेन्सीहरूको हकमा उपलब्धताका आधारमा पाँचको गुणा (Multiple of Five: 5 MHz) मा हुने गरी फ्रिक्वेन्सीको अधिकतम सिमाभित्र रही उपलब्ध गराइनेछ। यसरी ब्याण्डविथ थप गर्नुपर्दा १ मेगाहर्ज भन्दा कमको ब्याण्डविथलाई बढाबढ गरिने छैन। १ मेगाहर्ज भन्दा कम परिमाणको ब्याण्डविथ उपलब्ध गराउँदा दफा ८ को बुँदा नँ. ८.१.३ बमोजिम हुनेछ।

७.१.५ यो नीति लागू भए पश्चात् सेलुलर मोवाइल टेलिफोन सेवा वा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गर्ने सेवा प्रदायकलाई अनुसूची-१ मा उल्लिखित ब्याण्डहरू मध्ये २१०० MHz वा सो भन्दा तलको कुनै एक ब्याण्डमा साधारणतया उपलब्धताका आधारमा न्यूनतम ब्याण्डविथ (Minimum Bandwidth) उपलब्ध गराइने छ।

७.१.६ यस नीति प्रारम्भ हुँदाका बखत प्रविधि तटस्थताको सिद्धान्त अवलम्बन गर्नु अघि नै सेलुलर मोबाइल तथा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गरिसकेका सेवा प्रदायकलाई वितरण गरिएको फ्रिक्वेन्सीको हकमा प्रविधि तटस्थतामा रुपान्तरण नगरिदा सम्मको अवधिको लागि देहाय बमोजिम हुने गरी न्यूनतम फ्रिक्वेन्सी, थप फ्रिक्वेन्सी र अधिकतम फ्रिक्वेन्सी गरी तीन तहमा विभाजन गरिएको छ।

**(क) न्यूनतम फ्रिक्वेन्सी**

सेवा प्रदायकलाई प्रदान गरिएको ९०० MHz र १८०० MHz ब्याण्डमा क्रमशः २X६ MHz र २X९ MHz फ्रिक्वेन्सीलाई न्यूनतम फ्रिक्वेन्सी कायम गरिएको छ। ९०० MHz ब्याण्डमा आवश्यक फ्रिक्वेन्सी उपलब्ध

नभई कुनै सेवा प्रदायकलाई १८०० MHz व्याण्डमा फ्रिक्वेन्सी प्रदान गरिएको भए ९०० MHz व्याण्डमा उपलब्ध गराउनुपर्ने अपुग फ्रिक्वेन्सीलाई १.५ ले गुणा गरी आउने परिणाम सहित दुवै व्याण्डमा प्रदान गरिएको एकमुष्ट फ्रिक्वेन्सीलाई न्यूनतम फ्रिक्वेन्सी मानिएको छ।

**(ख) थप फ्रिक्वेन्सी**

१. माथि खण्ड (क) मा उल्लेख भए बमोजिमको ९०० MHz व्याण्डमा न्यूनतम २x६ MHz भन्दा अतिरिक्त २x२ MHz सम्म र १८०० MHz ब्याण्डमा २x९ MHz भन्दा अतिरिक्त २x३ MHz सम्मको फ्रिक्वेन्सीलाई थप फ्रिक्वेन्सी मानिएको छ।

२. माथि खण्ड (क) मा उल्लेख भए बमोजिम ९०० MHz व्याण्ड र १८०० MHz व्याण्डमा न्यूनतम फ्रिक्वेन्सी उपलब्ध गराईएको तर सोही व्याण्डहरूमा थप फ्रिक्वेन्सी उपलव्ध नगराईएको सेवा प्रदायकको हकमा ८५० MHz व्याण्डमा प्रदान गरिएको फ्रिक्वेन्सी थप फ्रिक्वेन्सी मानिएको छ।

**(ग) अधिकतम फ्रिक्बेन्सी**

१. माथि खण्ड (ख)(१) मा उल्लेख भए बमोजिमको ९००MHz व्याण्डमा थप फ्रिक्वेन्सी २x२ MHz भन्दा अतिरिक्त र १८०० MHz ब्याण्डमा २x३ MHz भन्दा अतिरिक्त फ्रिक्वेन्सीलाई अधिकतम फ्रिक्वेन्सी मानिएको छ।

२. माथि खण्ड (क) र (ख)(१) मा उल्लेख भए बमोजिम ९००MHz व्याण्ड र १८०० MHz व्याण्डमा न्यूनतम र थप फ्रिक्वेन्सी उपलब्ध गराईएको सेवा प्रदायकको हकमा ८५० MHz व्याण्डमा प्रदान गरिएको फ्रिक्वेन्सीलाई अधिकतम फ्रिक्वेन्सी मानिएको छ ।

७.१.७ फ्रिक्वेन्सीको अधिकतम उपयोगिताको सुनिश्चितता गर्न कुनै सेवा प्रदायकलाई प्रदान गरिएको फ्रिक्वेन्सीको उपयोग नगरेमा वा सो फ्रिक्वेन्सीमा सेवा प्रदायकले

सेवा सञ्चालन नगरेमा नेपाल दूरसञ्चार प्राधिकरणले थप ६(छ) महिनाको समयावधि दिई सो फ्रिक्वेन्सीमा सेवा सञ्चालन गर्न निर्देशन दिनेछ। यदि सो समयावधि भित्र समेत सेवा सञ्चालन नगरेमा सेवा प्रदायकलाई प्रदान गरिएको फ्रिक्वेन्सी स्वतः फिर्ता हुनेछ।

७.१.८ प्रविधि तटस्थताको सिद्धान्त अवलम्बन गर्नु अघि जि.एस.एम. सेलुलर मोवाइल तथा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गर्ने सेवा प्रदायकको हकमा २०८१ श्रावण १ गते बाट सम्पूर्ण सेलुलर फ्रिक्वेन्सीको प्रयोगमा प्रविधि तटस्थताको सिद्धान्त अबलम्बन हुनेछ।

## ७.२ माइक्रोवेभ फ्रिक्वेन्सी (Microwave Frequency)

माइक्रोवेभ लिंक प्रयोजनका लागि बाँडफाँट गरिएको फ्रिक्वेन्सी व्याण्डहरू अनुसूची-२ बमोजिम हुनेछन्।

## ७.३ स्याटेलाइट फ्रिक्वेन्सी (Satellite Frequency)

७.३.१ स्याटेलाइट फ्रिक्वेन्सी प्रयोजनका लागि बाँडफाँट गरिएको फ्रिक्वेन्सी व्याण्डहरू अनुसूची-३ बमोजिम हुनेछन्।

७.३.२ Global Mobile Personal Communication System (GMPCS) सेवाको लागि मात्र स्याटेलाइट फ्रिक्वेन्सी व्याण्डहरू Exclusively तोक्न नमिल्ने हुँदा स्याटेलाइट सेवाको लागि बाँडफाँट भएको फ्रिक्वेन्सी नै GMPCS सेवाको लागि वितरण गरिनेछ। यसरी वितरण गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले प्रयोग गर्ने स्याटेलाइट प्रणालीमा प्रयोग भएको अनुसूची-३ बमोजिमको फ्रिक्वेन्सी ITU को Radio Regulations, NFAP तथा अन्तर्राष्ट्रिय प्रचलन अनुरुप उपलब्ध गराइनेछ।

७.३.३ प्राधिकरणले मन्त्रालयसँगको समन्वयमा स्याटेलाइट फ्रिक्वेन्सी प्रयोगको स्वीकृति प्रदान गर्नु पर्नेछ।

## ७.४ अन्य फ्रिक्वेन्सी (Other Frequencies)

७.४.१ फ्रिक्वेन्सी प्रयोगको अनुमति आवश्यक नपर्ने फ्रिक्वेन्सी व्याण्डहरू र उक्त फ्रिक्वेन्सी प्रयोगको शर्त तथा

मापदण्ड अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ।

७.४.२ अनुसूची-४ बमोजिमको फ्रिक्वेन्सी व्याण्डमा प्रयोग हुने फ्रिक्वेन्सीमा एकाधिकार (Exclusive Right) हुने छैन। उक्त फ्रिक्वेन्सी प्रयोग गर्दा Non-Protection तथा Shared Basis मा गर्नुपर्नेछ।

७.४.३ अनुसूची-४ मा उल्लिखित फ्रिक्वेन्सीलाई Backhaul/Backbone Network मा प्रयोग गर्न पाईने छैन।

## ७.५ फ्रिक्वेन्सी ब्याण्ड तथा व्याण्डविथको परिमार्जनः

दूरसञ्चार क्षेत्रमा भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासक्रमलाई मध्यनजर गरी सेलुलर/मोवाइल, माईक्रोवेभ लिंक, स्याटेलाईट तथा अन्य फ्रिक्वेन्सी व्याण्डहरू र व्याण्डविथलाई आवश्यकता अनुसार समयानुकुल परिमार्जन गरिनेछ।

# ८. फ्रिक्बेन्सी दस्तुर सम्बन्धी व्यवस्था

## ८.१ सेलुलर/मोवाइल फ्रिक्वेन्सीको दस्तुरः-

सेलुलर/मोवाइल फ्रिक्वेन्सीको दस्तुर देहाय बमोजिम निर्धारण गरिएको छ।

८.१.१ सेलुलर/मोवाइल फ्रिक्वेन्सीको मूल्य निर्धारण मुख्यतः बढाबढको प्रक्रियाबाट गरिनेछ।

८.१.२ बढाबढ गरी वितरण गर्ने सेलुलर/मोवाइल फ्रिक्वेन्सी ब्याण्डहरूको आधार मूल्य (Base Price) हाललाई अनुसूची-५ मा तोकिए बमोजिम हुनेछ। प्रविधिको परिपक्वता (Technology Maturity) एवं फ्रिक्वेन्सी ब्याण्डको Ecosystem विकासलाई समेत आधार मानि आवश्यकता अनुसार अनुसूची-५ मा उल्लेखित फ्रिक्वेन्सी व्याण्डहरूको आधार मूल्य (Base Price) समितिले पुनरावलोकन गर्नेछ। अनुसूची-५ मा तोकिएका सेलुलर/मोवाइल फ्रिक्वेन्सी व्याण्डहरूको आधार मूल्य बाहेकका सेलुलर/मोवाइल फ्रिक्वेन्सी व्याण्डहरूको आधार मूल्य समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८.१.३ दफा ७, उपदफा ७.१ को बुँदा ७.१.४ बमोजिम

१ MHz भन्दा कम व्याण्डविथ थप गर्दा उक्त थप गरिएको व्याण्डविथको फ्रिक्वेन्सी दस्तुर उक्त ब्याण्डमा दफा ८ को उपदफा २ को बुदा नं. ८.२.२ बमोजिमको बढाबढ पश्चात् कायम भएको मूल्यको दामासाहीको आधारमा हुनेछ।

८.१.४ दफा ७, उपदफा ७.१ को बुँदा ७.१.६ बमोजिमको न्यूनतम फ्रिक्वेन्सी प्रदान गर्दा अनुसूची-५ बमोजिमको आधार मूल्य (Base Price)को दरमा सो व्याण्डविथको फ्रिक्वेन्सी दस्तुर कायम हुनेछ।

८.१.५ प्रविधि तटस्थताको सिद्धान्त अवलम्बन गर्नु अघि जि.एस.एम. सेलुलर मोवाइल तथा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गर्ने सेवा प्रदायकको हकमा २०८१ श्रावण १ गते बाट आफुले प्राप्त गरेको सम्पूर्ण सेलुलर फ्रिक्वेन्सीको प्रयोगमा प्रविधि तटस्थताको सिद्धान्त अनुरुप अनुसूची-५ मा उल्लिखित आधार मूल्य (Base Price) बमोजिमको को दस्तुर लाग्नेछ। साथै ८५० MHz फ्रिक्वेन्सीको हकमा अनुसूची-६ (ख) बमोजिमको अधिकतम मूल्य बराबरको फ्रिक्वेन्सी दस्तुर कायम गरिएको छ।

**८.२ यस नीति लागू हुनुपूर्व प्रविधि तटस्थताको सिद्धान्तमा रुपान्तरण भईसकेका सेलुलर/मोवाइल फ्रिक्बेन्सीको दस्तुरः-**

८.२.१ ८०० MHz ब्याण्डमा सेवा प्रदायकलाई उपलब्ध गराइएको फ्रिक्वेन्सीको दस्तुर हाललाई उक्त ब्याण्डको बढाबढको आधार मूल्य (Base Price) प्रति वर्ष प्रति मेगाहर्ज (Unpaired) को रु १ करोड ३५ लाख को दरले भुक्तान गर्नुपर्ने छ। साथै, उक्त व्याण्डमा बढाबढबाट बिक्रि भई मूल्य तय भएको मितिदेखि लागू हुने गरी साविकको सेवा प्रदायकले समेत सोही बमोजिमको फ्रिक्वेन्सी दस्तुर बुझाउनु पर्नेछ।

८.२.२ ९०० MHz व्याण्डमा फ्रिक्वेन्सी बढाबढ हुनु पूर्व प्रविधि तटस्थताको फ्रिक्वेन्सी प्राप्त गर्ने सेवा प्रदायकको हकमा फ्रिक्वेन्सीको दस्तुर प्रति वर्ष प्रति मेगाहर्ज

(Unpaired) रु. २ करोड ४० लाख (आधार मूल्य) कायम गरिएको छ। ९०० MHz ब्याण्डमा बढाबढ पश्चात् फ्रिक्वेन्सी प्राप्त गर्ने सेवा प्रदायकको हकमा बढाबढ पश्चात् प्राप गरेको फ्रिक्वेन्सीको दस्तुर प्रति वर्ष प्रति मेगाहर्ज (Unpaired) रु. ३ करोड ८८ लाख ८० हजार कायम गरिएको छ।

८.२.३ १८०० MHz ब्याण्डमा फ्रिक्वेन्सी बढाबढ हुनु पूर्व प्रविधि तटस्थताको फ्रिक्वेन्सी प्राप्त गर्ने सेवा प्रदायकको हकमा फ्रिक्वेन्सी दस्तुर प्रति वर्ष प्रति मेगाहर्ज (Unpaired) रु. १ करोड ८० लाख (आधार मूल्य) कायम गरिएको छ। १८०० MHz ब्याण्डमा फ्रिक्वेन्सी बढाबढ पश्चात् फ्रिक्वेन्सी प्राप्त गर्ने सेवा प्रदायकको हकमा बढाबढ पश्चात् प्राप्त गरेको फ्रिक्वेन्सीको दस्तुर प्रति वर्ष प्रति मेगाहर्ज (Unpaired) रु. २ करोड ९० लाख कायम गरिएको छ।

८.२.४ २१०० MHz ब्याण्डमा यो नीति लागू हुनु अघि वितरण गरिएको फ्रिक्वेन्सीको मूल्य उक्त ब्याण्डको बढाबढबाट कायम भएको दस्तुर प्रति वर्ष प्रति मेगाहर्ज (Unpaired) रु. १ करोड ५० लाख को दरले सेवा प्रदायकहरूबाट सो फ्रिक्वेन्सी उपलब्ध गराइएको मितिदेखि नै असूल उपर गरिनेछ।

८.२.५ २३०० MHz ब्याण्डमा सेवा प्रदायकलाई उपलब्ध गराईएको फ्रिक्वेन्सीको दस्तुर हाललाई उक्त ब्याण्डमा आधार मूल्य (Base Price) प्रति वर्ष प्रति मेगाहर्जको रु. ९० लाखको दरले भुक्तान गर्नुपर्ने छ। साथै, उक्त ब्याण्डमा बढाबढबाट बिक्रि भई मूल्य तय भएको मितिदेखि लागू हुने गरी साबिकको सेवा प्रदायकले समेत सोही बमोजिमको फ्रिक्वेन्सी दस्तुर बुझाउनु पर्नेछ।

८.३ **प्रबिधि तटस्थताको सिद्धान्त पूर्व बितरण भइसकेको सेलुलर/मोवाइल फ्रिक्वेन्सीको दस्तुरः-** प्रविधि तटस्थताको सिद्धान्त लागू हुनु अघि नै मोवाइल सेवा प्रदायकलाई बितरण गरिएको फ्रिक्वेन्सीलाई प्रविधि तटस्थतामा

रुपान्तरण नगर्दासम्मको लागि देहाय बमोजिम दस्तुर निर्धारण गरिएको छ।

८.३.१ GSM मोवाइल सेवाको निमित्त छुट्याइएको न्यूनतम फ्रिक्वेन्सीको दस्तुर एकमुष्ट रुपमा सो सेवा प्रदायकको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत रकम कायम गरिएको छ।

**स्पष्टीकरणः** "कुल आम्दानी भन्नाले मोबाईल सेवा प्रदायकले मोवाइल सेवा मार्फत उपलब्ध गराएको जुनसुकै सेवा वापत आर्जन गरको कुल आम्दानीलाई जनाउनेछ।"

८.३.२ ९०० MHz व्याण्ड र १८०० MHz व्याण्डमा एकमुष्ट रुपमा न्यूनतम फ्रिक्वेन्सी उपलब्ध गराइएका सेवा प्रदायकहरूले न्यूनतम फ्रिक्वेन्सी दस्तुर बापत कुल आम्दानीको ०.४ प्रतिशत दस्तुर बुझाउनुपर्नेछ।

८.३.३ थप तथा अधिकतम फ्रिक्वेन्सीको लागि अनुसूची-६ बमोजिमको वार्षिक फ्रिक्वेन्सी दस्तुर कायम गरिएको छ।

८.३.४ ग्रामीण दूरसञ्चार सेवा वा आधारभूत दूरसञ्चार सेवाको अनुमति प्राप्त सेवा प्रदायकहरूले हाल फ्रिक्वेन्सी के प्राप्त गरेको फ्रिक्वेन्सी वापत अनुसूची-६ मा तोकिएको थप फ्रिक्वेन्सी दस्तुरको दरले दस्तुर बुझाउनु पर्नेछ।

**८.४ माइक्रोवेभ, स्याटेलाइट तथा अन्य फ्रिक्वेन्सीको दस्तुरः-**

८.४.१ सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी प्रयोग गरे बापत बुझाउनुपर्ने फ्रिक्वेन्सी दस्तुर अनुसूची- ७ बमोजिम तोकिएको छ।

८.४.२ स्याटेलाइट फ्रिक्वेन्सीको लागि अनुसूची-८ बमोजिमको फ्रिक्वेन्सी दस्तुर तोकिएको छ।

८.४.३ फ्रिक्वेन्सी प्रयोगको अनुमति आवश्यक नपर्ने दफा ७, उपदफा ७.४ को बुँदा ७.४.१ मा तोकिए बमोजिम फ्रिक्वेन्सी प्रयोग गर्दा फ्रिक्वेन्सी दस्तुर लाग्ने छैन।

## ९. फ्रिक्वेन्सी दस्तुर भुक्तान गर्ने प्रकृया

९.१ सेवा प्रदायकहरूलाई फ्रिक्वेन्सी प्रयोगको अनुमति जुनसुकै समयमा पनि प्रदान गर्न सकिने भएकोले निजले उक्त आर्थिक

वर्षको लागि निजले तिर्नुपर्ने फ्रिक्वेन्सी दस्तुर प्राधिकरणले फ्रिक्वेन्सी वितरण गरेको मितिबाट ३ (तीन) महिनाभित्र भुक्तान गर्नुपर्नेछ।

९.२ कुल आयको आधारमा तय हुने दफा ८, उपदफा ८.३ को बुँदा ८.३.१ तथा बुँदा ८.३.२ बमोजिमको न्यूनतम फ्रिक्वेन्सीको दस्तुर आर्थिक वर्ष समाप्त भएको मितिले ६(छ) महिनाभित्र भुक्तान गर्नुपर्नेछ।

९.३ सेवा प्रदायकलाई प्रयोगको अनुमति प्रदान गरिएको उपदफा ९.२ बाहेकको फ्रिक्वेन्सीहरूको तोकिए बमोजिमको दस्तुर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष शुरु भएको ३ (तीन) महिनाभित्र भुक्तान गर्नुपर्नेछ।

९.४ सेवा प्रदायकले प्रविधि तटस्थता प्राप्त गर्दा कुनै रेडियो फ्रिक्वेन्सी ब्याण्डको दस्तुरमा एकै आर्थिक वर्षमा एक भन्दा बढी दर लागू हुने भएमा नयाँ दस्तुर कायम हुने महिनादेखि नयाँ दरमा मासिक दामासाहीको रुपमा तथा सोभन्दा अघिल्लो महिनासम्म साविक बमोजिम मासिक दामासाहीको रुपमा रेडियो फ्रिक्वेन्सी दस्तुर असुल गरिनेछ। यसरी पुनरावलोकन भएको फरक फ्रिक्वेन्सी दस्तुर सेवा प्रदायकले दस्तुर पुनरावलोकन भएको मितिबाट ३ (तीन) महिनाभित्र भुक्तान गर्नुपर्नेछ।

९.५ यस दफामा तोकिएको अवधिभित्र फ्रिक्वेन्सी दस्तुर भुक्तान नगरेमा सो अवधि पश्चात दस्तुर भुक्तान नगरेसम्मको अवधिको लागि प्रत्येक महिना २ (दुई) प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।

९.६ उपदफा ९.५ बमोजिम थप दस्तुर लाग्न शुरु भएको ६(छ) महिनासम्ममा पनि फ्रिक्वेन्सीको दस्तुर भुक्तान नगरेमा नेपाल दूरसञ्चार प्राधिकरणले त्यस्तो सेवा प्रदायकलाई दिइएको फ्रिक्वेन्सी फिर्ता लिनेछ। सो अवधि पश्चात दस्तुर भुक्तान नगरेसम्मको अवधिको लागि उपदफा ९.५ बमोजिमको दस्तुर निरन्तर लागि रहनेछ।

९.७ फ्रिक्वेन्सी दस्तुर भुक्तान गर्न बाँकी भएका सेवा प्रदायकहरूबाट बुझाउन बाँकी रहेको फ्रिक्वेन्सी दस्तुर सरकारी बक्यौता सरह असुल उपर गरिनेछ।

९.८ दूरसञ्चार सेवा प्रदायकहरूले प्राप्त गरेको फ्रिक्वेन्सी, थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सीहरू तथा सो बापत भुक्तानी गरेका फ्रिक्वेन्सी दस्तुर तथा जरिवाना दस्तुरहरूको विवरण सहितको विस्तृत प्रतिवेदन नेपाल दूरसञ्चार प्राधिकरणले वार्षिक रुपमा अद्यावधिक गरी प्रत्येक वर्षको माघ मसान्त भित्र रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालयमा उपलब्ध गराउनु पर्नेछ।

९.९ सेवा प्रदायकले नयाँ फ्रिक्वेन्सी वा थप फ्रिक्वेन्सी प्राप्त गर्नु अघि फ्रिक्वेन्सी सम्बन्धि सम्पुर्ण बक्यौता भुक्तान गरिसकेको हुनुपर्नेछ।

## १०. बढाबढ मार्फत फ्रिक्वेन्सी बितरण सम्बन्धी व्यवस्था

नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाको लागि तोकिएका सेलुलर/मोवाइल फ्रिक्वेन्सी देहाय बमोजिम बढाबढ मार्फत वितरण गर्नेछ।

१०.१ Voice सेवाको अनुमतिपत्र नलिएका वाञ्छनीय आर्थिक तथा प्राविधिक क्षमता र मोबाईल सेवाको अनुभव भएका व्यक्तिले भाग लिन पाउने गरी बढाबढ गरिनेछ।

१०.२ तत्काल कायम रहेका मोबाइल सेवा, आधारभूत टेलिफोन सेवा तथा मोवाइल ब्रोडब्याण्ड सेवाका अनुमतिपत्र प्राप्त सेवा प्रदायकलाई थप फ्रिक्वेन्सी उपलब्ध गराउनको लागि बढाबढ गरिनेछ।

१०.३ रेडियो फ्रिक्वेन्सी बढाबढको लागि आवश्यक कार्यविधि नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गर्नेछ।

## ११. रेडियो फ्रिक्वेन्सीमा आधारित मोवाइल ब्रोडब्याण्ड सेवा सम्बन्धी व्यवस्था

११.१ दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) बमोजिम मोवाइल बब्रोडब्याण्ड सेवाको अनुमतिपत्र खुल्ला भए पश्चात यस नीतिको दफा १० को उपदफा १०.१ बमोजिम हुने बढाबढको प्रक्रिया शुरु गरिनेछ।

११.२ बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिलाई रेडियो फ्रिक्वेन्सीमा आधारित मोवाइल ब्रोडव्याण्ड सेवाको अनुमतिपत्र

प्रदान गरिनेछ।

११.३ मोवाइल ब्रोडब्याण्ड सेवाको अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर र सो को भुक्तानी प्रक्रिया, अनुमतिपत्रको अवधि र रोयल्टी आधारभूत टेलिफोन सेवा सरह हुनेछ।

११.४ मोवाइल ब्रोडब्याण्ड सेवाको अनुमतिपत्रप्राप्त सेवा प्रदायकलाई अनुमतिपत्र प्राप्त गर्दाका बखतसम्म साबिकमा अनुमतिपत्र दिइएका सबै दूरसञ्चार सेवाहरू समेत सञ्चालन गर्न दिईनेछ।

## १२. सेलुलर फ्रिक्वेन्सीको प्रविधि तटस्थता (Technology Neutrality) सम्बन्धी व्यवस्था

१२.१ सेलुलर फ्रिक्वेन्सीको लागि पहिचान गरिएका सबै फ्रिक्वेन्सी व्याण्डहरूमा प्रविधि तटस्थताको नीति अवलम्बन गरिनेछ।

१२.२ आधारभूत दूरसञ्चार सेवा वा ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र लिएका सेवा प्रदायकलाई यस नीति बमोजिम थप फ्रिक्वेन्सी वा प्रविधि तटस्थताको अनुमति प्रदान गरिने छैन।

## १३. फ्रिक्वेन्सी हेरफेर/स्थानान्तरण (Refarming) सम्बन्धी व्यवस्था

१३.१ फ्रिक्वेन्सी हेरफेर/स्थानान्तरण गर्दा फ्रिक्वेन्सीको महत्तम प्रयोग हुने गरी उपलब्ध फ्रिक्वेन्सी व्याण्डविथलाई आधार मानी सम्भव भएसम्म Contiguous Spectrum उपलब्ध हुने गरी फ्रिक्वेन्सी हेरफेर/स्थानान्तरण तथा बितरण गरिनेछ। यसका लागि कुनै पनि बेला कुनै पनि सेवा प्रदायकले प्राप्त गरेको फ्रिक्वेन्सी प्राधिकरणले हेरफेर/स्थानान्तरण गर्न सक्नेछ।

१३.२ कुनै पनि सेवा प्रदायकले फ्रिक्वेन्सी थप गर्नुपूर्व त्यस अघि उक्त सेवा प्रदायकले प्राप्त गरेको प्रिक्वेन्सी प्राधिकरणले तोके बमोजिम हेरफेर वा स्थानान्तरण (Refarming) गर्नुपर्नेछ।

## १४. रेडियो फ्रिक्वेन्सी अनुगमन सम्बन्धी व्यवस्था रेडियो फ्रिक्वेन्सी प्रयोगको अनुगमन देहाय बमोजिम गरिनेछः

१४.१ दूरसञ्चार सेवासँग सम्बन्धित रेडियो फ्रिक्वेन्सी प्रयोगको अनुगमन नेपाल दूरसञ्चार प्राधिकरणले गर्नेछ र सो को वार्षिक प्रतिवेदन तयार गरी रेडियो फ्रिक्वेन्सि नीति निर्धारण समितिको सचिवालयमा पेश गर्नुपर्नेछ।

१४.२ दूरसञ्चार सेवाको फ्रिक्वेन्सी अनुगमन सम्बन्धी आवश्यक

कार्यविधि नेपाल दूरसञ्चार प्राधिकरणले तयार गरी लागू गर्नेछ।

१४.३ अनुगमन कार्यमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको पूर्वाधार वा भौतिक स्रोत साधन समेत प्रयोग गरिनेछ। अनुगमन कार्यमा प्रयोग हुने पूर्वाधारहरूको मर्मत संभार, स्तरोन्नति तथा जनशक्तिलाई आवश्यक तालिम लगायतको कामको लागि नेपाल दूरसञ्चार प्राधिकरणको वित्तिय स्रोतको समेत प्रयोग गरिनेछ।

१४.४ रेडियो फ्रिक्वेन्सीको प्रयोगको क्षेत्रमा विकसित भएका नविनतम प्रविधि तथा अभ्यासहरूको नियमित अध्ययन तथा अनुसन्धान गरी प्राधिकरणले समितिमा आवश्यक सिफारिस गर्नेछ।

## १५. आपतकालीन दूरसञ्चार सेवा सम्बन्धी व्यवस्था

नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा आपतकालीन दूरसञ्चार सेवा (Emergency Telecommunications Service एवम् राष्ट्रिय सुरक्षाको संवेदनशिलतालाई मध्येनजर गर्दै समितिले आवश्यक रेडियो फ्रिक्वेन्सीको व्यवस्था गर्नेछ।

## १६. इन्टरफेरेन्स गर्न नपाइने

१६.१ कुनै पनि सेवा प्रदायकले आफूलाई प्राप्त फ्रिक्वेन्सी ब्याण्डभन्दा बाहिर संकेत प्रवाह हुने गरी सेवा सञ्चालन गर्न पाउने छैन।

१६.२ कुनै पनि सेवा प्रदायकले आफूलाई प्राप्त फ्रिक्वेन्सी ब्याण्ड भन्दा बाहिर संकेत प्रवाह गरेर अन्य कुनै सेवा प्रदायकले सञ्चालन गरेको सेवामा ईन्टरफेरेन्स हुन गएमा नेपाल दूरसञ्चार प्राधिकरणले तत्काल छानविन गरी ईन्टरफेरन्स हुने गरी संकेत प्रवाह गर्ने सेवा प्रदायकलाई त्यस्तो संकेत रोक्न आदेश दिनेछ।

१६.३ अन्य सेवा प्रदायकको सेवा सञ्चालनमा बारम्बार अवरोध पुर्‍याई सेवाको गुणस्तरमा नकारात्मक असर पर्ने गरी ईन्टरफेरेन्स गराउने सेवा प्रदायकलाई नेपाल दूरसञ्चार प्राधिकरणले प्रचलित कानुन अनुसार जरिवाना गर्न वा प्रदान गरिएको फ्रिक्वेन्सी फिर्ता लिन बा दुवै कारवाही गर्न सक्नेछ।

१६.४ दूरसञ्चार सेवाको लागि तोकिएको फ्रिक्वेन्सी ब्याण्डमा

अनधिकृत फ्रिक्वेन्सी प्रयोग भएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

**१७. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा फ्रिक्वेन्सी इन्टरफेरेन्स न्यूनीकरण सम्बन्धी:** अन्तर्राष्ट्रिय सीमा क्षेत्रहरूमा फ्रिक्वेन्सी इन्टरफेरेन्सको न्यूनीकरणको लागि प्राधिकरणले मन्त्रालयसँगको समन्वयमा नियमित रुपमा स्थलगत निरीक्षण गरी समस्याको समाधान गर्नु पर्नेछ।

**१८. राष्ट्रिय फ्रिक्वेन्सी बाँडफाँट योजना (National Frequency Allocation Plan):** ITU को World Radiocommunication Conferences (WRC) बाट अद्यावधिक हुने Radio Regulations र यस नीतिको आधारमा समितिको सिफारिसमा मन्त्रालयले राष्ट्रिय फ्रिक्वेन्सी बाँडफाँट योजना (National Frequency Allocation Plan) अद्यावधिक गरी प्रकाशन गर्नेछ।

**१९. अध्ययन अनुसन्धान एवं अन्तर्राष्ट्रिय समन्वय सम्बन्धी व्यवस्था**

१९.१ नेपालमा रेडियो फ्रिक्वेन्सीको बाँडफाँट तथा सोको वितरण, प्रयोग र व्यवस्थापन सम्बन्धमा समयानुकुल परिमार्जनको लागि अध्ययन अनुसन्धान गरिनेछ।

१९.२ प्रभावकारी फ्रिक्वेन्सी व्यवस्थापनको लागि ITU/APT ले सिफारिस गरेका Spectrum Managementसम्बन्धी Tools प्रयोग गरिनेछ।

१९.३ ITU/APT/SATRC तथा Region III का सदस्य राष्ट्रहरूसँग Spectrum Harmonization को Frequency Coordination गर्न तथा Cross Border Interference न्यूनीकरण गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

१९.४ ITU ले आयोजना गर्ने WRC मा नेपालको चासोको विषयहरूमा धारणा प्रस्तुत गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ।

१९.५ ITU/APT/SATRC अन्तर्गतका Study Group/Working Party लगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको भूमिका बढाई उक्त संघ संस्थाहरूबाट हुने निर्णयहरूबाट नेपालले उच्चतम फाईदा लिन सक्ने वातावरण बनाउन आवश्यक व्यवस्था गरिनेछ।

## २०. सचिवालय तथा उपसमिति सम्बन्धी व्यवस्था

### २०.१ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालय

२०.१.१ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिका निर्णयहरूको कार्यान्वयन, अनुगमन एवं अभिलेख व्यवस्थापनको स्थायी एवं संस्थागत व्यवस्था गर्नको लागि **"रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालय"** को कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको फ्रिक्वेन्सी व्यवस्थापन महाशाखाले गर्नेछ।

२०.१.२ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालयको लागि आवश्यक जनशक्ति मन्त्रालयले उपलब्ध गराउने साथै सचिवालयको सञ्चालन सुचारु गर्न आवश्यक उपकरण, समितिले गर्ने अध्ययन अनुसन्धान आदिको लागि आवश्यक बजेट मन्त्रालयको निर्णयमा प्राधिकरणले उपलब्ध गराउनेछ।

### २०.२ प्राबिधिक उपसमिति

२०.२.१ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिलाई प्राविधिक प्रकृतिका एवं अन्तर निकाय समन्वय तथा व्यवस्थापन कार्यमा सहयोग गर्न समिति अन्तर्गत देहाय बमोजिमको प्राविधिक उप-समिति गठन गरिएको छ।

संयोजकः समितिका सदस्य-सचिव एवम् सचिवालय संयोजक, फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा प्रमुख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सदस्यः निर्देशक/फ्रिक्वेन्सी व्यवस्थापन), नेपाल दूरसञ्चार प्राधिकरण

सदस्य : प्रमुख, रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सदस्य : प्रतिनिधि, गृह मन्त्रालय, उप--सचिव (प्राविधिक) वा सो सरह वा सो भन्दा माथिल्लो रेडियो फ्रिक्वेन्सी सम्बन्धी कार्य गर्ने पदाधिकारी

सदस्यः प्रतिनिधि, रक्षा मन्त्रालय, उप--सचिब (प्राविधिक) वा सो सरह वा सोभन्दा माथिल्लो रेडियो

फ्रिक्वेन्सी सम्बन्धी कार्य गर्ने पदाधिकारी

सदस्य: प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उप- सचिव (प्राविधिक) वा सो सरह वा सोभन्दा माथिल्लो रेडियो फ्रिक्वेन्सी सम्बन्धी कार्य गर्ने पदाधिकारी

सदस्य: उपनिर्देशक/फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन), नेपाल दूरसञ्चार प्राधिकरण

सदस्य: निर्देशक(प्राविधिक), सूचना तथा प्रशारण विभाग

सदस्य-सचिव: फ्रिक्वेन्सी व्यवस्थापन तथा प्रविधि विश्लेषण शाखा प्रमुख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

२०.२.२ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको प्राविधिक उप-समिति (Technical Sub Committee) रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालय अन्तर्गत रहनेछ।

२०.२.३ उप-समितिको कार्यादेश देहाय बमोजिम रहनेछ

क. रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा प्रस्तुत गर्नु पर्ने गरी समितिको सचिवालयमा प्राप्त प्रस्तावहरू एवं सचिवालयबाट तयार गरिने प्रस्तावहरू उपर आवश्यक छलफल गर्ने, अध्ययन गर्ने, सोको विषय सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलनहरूको अध्ययन गर्ने, प्रस्तावित विषयले पार्ने प्रभावका विषयमा विश्लेषण गर्ने र आवश्यकता अनुसार अन्तर निकाय समन्वय गर्ने।

ख. समितिको बैठकमा प्रस्तुत गरिने प्रस्ताव, सामाग्रीहरू तथा प्रस्तुतिकरण तयार गर्ने,

ग. समितिका निर्णयहरूको कार्यान्वयनको आवधिक समीक्षा गरी समितिको बैठकमा प्रस्तुत गर्ने।

घ. बैठकमा आवश्यकता अनुसार विज्ञहरूलाई

आमन्त्रण गरी छलफल गर्ने।

ङ. आवश्यकता अनुसार समितिले तोकेका अन्य कार्यहरू गर्ने।

२०.२.४ उप-समितिलाई कार्य सम्पादनमा आवश्यक पर्ने बैठक सम्बन्धि खर्च तथा यन्त्र उपकरणहरू उप-समितिका संयोजकको अनुरोधमा नेपाल दूरसञ्चार प्राधिकरणले उपलब्ध गराउनेछ।

**२०.३ समितिका निर्णयहरू सार्वजनिक गरिने**

२०.३.१ रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिका निर्णयहरू सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणको वेबसाइटमा प्रकाशन तथा अध्यावधिक गरिनेछ।

२०.३.२ दूरसञ्चार सेवाको लागि तोकिएका फ्रिक्वेन्सी व्याण्डहरूमा बाँडफाँट तथा वितरण भएको फ्रिक्वेन्सी सम्बन्धी विवरण नेपाल दूरसञ्चार प्राधिकरणले अद्यावधिक गरी वेवसाइटमा प्रकाशन गर्नेछ।

## २१. आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुर सम्बन्धी व्यवस्था

आधारभूत टेलिफोन सेवाको निम्ति नवीकरण दस्तुर देहाय बमोजिम तोकिएको छ।

२१.१ आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त गर्ने सेवा प्रदायकबाट अनुमतिपत्र नवीकरण दस्तुर असूल उपर हुने कुराको सुनिश्चितता गर्न त्यस्ता सेवा प्रदायकबाट अनुमतिपत्र प्राप्त गरेको शुरु वर्ष देखि नै सो रकम प्राप्त हुने गरी विशेष व्यवस्था गरिएको छ।

२१.२ आधारभूत टेलिफोन सेवाको अनुमतिपत्रको निमित्त निवेदन दिने व्यक्तिले नवीकरण दस्तुर वापतको रकम देहाय बमोजिम भुक्तान गर्नुपर्ने शर्त स्वीकार गरेको अवस्थामा मात्र अनुमतिपत्र प्रदान गरिनेछ। यो व्यवस्था अनुमतिपत्रको अनिवार्य शर्तको रुपमा राखिएको छ।

२१.२.१ अनुमतिपत्र प्राप्त गेरको दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै

प्रत्येक वर्ष देहाय बमोजिमको नविकरण दस्तुर भुक्तान गर्ने ।

| वर्ष | रकम |
|---|---|
| पहिलो वर्ष | पाँच करोड |
| दोस्रो वर्ष | पाँच करोड |
| तेस्रो वर्ष | दश करोड |
| चौथो वर्ष | बीस करोड |
| पाँचौ वर्ष | पैंतीस करोड |
| छैटौ वर्ष | पचास करोड |
| सातौं वर्ष | एक अर्ब |
| आठौं वर्ष | एक अर्ब पच्चीस करोड |
| नवौं वर्ष | एक अर्ब पचास करोड |

२१.२.२ अनुमतिपत्र प्राप्त गरेको दशौ वर्षमा नवीकरण गर्दा नवीकरण दस्तुर वापतको कुल रु. २०,१३,२७,१५०,०००।- मध्ये उपदफा २१.२.१ बमोजिम भुक्तान गरेको रकम कटाई बाँकी रहेको रकम भुक्तान गरेपछि मात्र अनुमतिपत्र नवीकरण हुनेछ।

२१.२.३ मोवाइल बा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र नवीकरण दस्तुर बुझाउने सम्वन्धमा नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा नेपाल सरकारले अन्य कुनै विशेष व्यवस्था गरेमा सोही बमोजिम हुनेछ।

## २२. नीति बमोजिम हुने

यस नीतिमा लेखिएको विषयमा यस नीति बमोजिम हुनेछ । यस नीतिमा उल्लेख गरे बाहेकका रेडियो फ्रिक्वेन्सी सम्बन्धी अन्य विषयमा रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको निर्णय बमोजिम हुनेछ।

## २३. खारेजी तथा बचाउ

२३.१ दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्वन्धी) नीति, २०६९ तथा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्वन्धी) नीति (पहिलो संशोधन), २०७३ खारेज गरिएको छ।

२३.२ दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्वन्धी) नीति, २०६९ तथा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्वन्धी) नीति, (पहिलो संशोधन), २०७३

बमोजिम भए गरेका काम कारवाहीहरू यसै नीति बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

### (दफा ७ को उपदफा ७.१ सँग सम्बन्धित)

**Table 1: सेलुलर/ मोबाइल सेवामा प्रयोग गर्नको लागि बाँडफाँट गरिएका फ्रिक्वेन्सी ब्याण्डहरू र ब्याण्डविथको सीमा**

| S. N. | Frequency Band | Duplex ing | | Frequency Range | Available Bandwidth | Minimum Bandwidth | Maximum Bandwidth |
|---|---|---|---|---|---|---|---|
| 1 | 700 MHz | FDD | UL | 703 - 748 MHz | 2x45 MHz | 2x5 MHz | 2x15 MHz |
| | | | DL | 758 - 803 MHz | | | |
| 2 | 800 MHz | | UL | 847 - 862 MHz | 2x15 MHz | 2x5 MHz | 2x15 MHz |
| | | | DL | 806 - 821 MHz | | | |
| 3 | 850 MHz | | UL | 824 - 834 MHz | 2x10 MHz | 2x5 MHz | 2x10 MHz |
| | | | DL | 869 - 879 MHz | | | |
| 4 | 900 MHz | | UL | 880 - 915 MHz | 2x35 MHz | 2x5 MHz | 2x10 MHz |
| | | | DL | 925 - 960 MHz | | | |
| 5 | 1800 MHz | | UL | 1710 - 1785MHz | 2x75 MHz | 2x10 MHz | 2x20 MHz |
| | | | DL | 1805 - 1880MHz | | | |
| 6 | 2100 MHz | | UL | 1920-1980 MHz | 2x60 MHz | 2x10 MHz | 2x20 MHz |
| | | | DL | 2110-2170 MHz | | | |
| 7 | 2300 MHz | TDD | | 2300-2400 MHz | 100 MHz | 20 MHz | 100 MHz |
| 8 | 2600 MHz | | | 2500-2690 MHz | 190 MHz | 20 MHz | 100 MHz |
| 9 | 3700 MHz* | | | 3300-4200 MHz | 900 MHz | 100 MHz | 200 MHz |
| 10 | 26 GHz | | | 24.25-27.50 GHz | 3.25 GHz | 400 MHz | 1000 MHz |

*Satellite Frequency Band (Fixed Satellite Service) को प्रयोगलाई समेत ध्यानमा राखी प्रयोग गर्नुपर्ने।

## अनुसूची २
## (दफा ७ को उपदफा ७.२ सँग सम्बन्धित)

**Table 2: माइक्रोवेभ सेवा (Microwave/ Fixed Services) मा प्रयोग गर्नको लागि बाँडफाँट गरिएका फ्रिक्वेन्सी**

| S.N. | Frequency Band (GHz) | Frequency Range |
|---|---|---|
| 1 | Lower 6 | 5.925 - 6.425 GHz |
| 2 | Upper 6** | 6.425 - 7.125 GHz |
| 3 | 7 | 7.125 - 7.425 GHz |
| | | 7.425-7.725 GHz |
| 4 | 8 | 7.725 - 8.275 GHz |
| | | 8.275 - 8.5 GHz |
| 5 | 13 | 12.75 - 13.25 GHz |
| 6 | 15 | 14.5 - 15.35 GHz |
| 7 | 18 | 17.7 - 19.7 GHz |
| 8 | 23 | 21.2 - 23.6 GHz |
| 9 | 38 | 37 - 39.5 GHz |
| 10 | 60 | 57 - 66 GHz |
| 11 | 80 | 71 - 76 GHz, 81-86 GHz |

**WRC-23 पश्चात् आवश्यकता अनुसार IMT सेवामा समेत प्रयोग गर्न सकिने ।

## अनुसूची ३
## (दफा ७ को उपदफा ७.३ सँग सम्बन्धित)

**Table 3: स्याटेलाइट सेबा (Satellite Services) मा प्रयोग गर्नको लागि बाँडफाँट गरिएका फ्रिक्वेन्सी ब्याण्डहरू**

| S. N. | Frequency Band | Frequency Range | | Bandwidth (MHz) | Remarks |
|---|---|---|---|---|---|
| 1 | L Band | Downlink | 1525 – 1559 MHz | 34 | Mobile Satellite Service (GMPCS) |
| | | Uplink | 1626.5 – 1660.5 MH | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | C Band* | Downlink | 3400 – 4200 MHz | 800 | Fixed Satellite Service |
| | | Uplink | 5850 – 6700 MHz | 850 | |
| 3 | Ku Band | Downlink | 10.7 – 12.75 GHz | 2.05 GHz | |
| | | Uplink | 13.75 – 14.5 GHz | 0.75 GHz | |
| 4 | Ka Band | Downlink | 19.7 – 21.2 GHz | 1.5 GHz | |
| | | Uplink | 29.5 – 31 GHz | 1.5 GHz | |

*सेलुलर/ मोवाइल सेवामा प्रयोग गर्नको लागि बाँडफाँट गरिएका फ्रिक्वेन्सी व्याण्डहरूको प्रयोगलाई समेत ध्यानमा राखी प्रयोग गर्नुपर्ने।

## अनुसूची ४

## (दफा ७ को उपदफा ७.४ सँग सम्बन्धित)

## Table 4: फ्रिक्वेन्सी प्रयोगको छुट्टै अनुमति आवश्यक नपर्ने अन्य फ्रिक्वेन्सी व्याण्डहरू

## (Frequency Allocation for Unlicensed Applications)

| S. N. | Frequecy Band | Frequency Range | Conditions/Requirements | Rem. |
|---|---|---|---|---|
| 1. | 2.4 GHz | 2.4 - 2.4835 GHz | • Maximum Output Power of Transmitter: 1W (30 dBm)<br>• Maximum Effective Isotropic Radiated Power (EIRP): 4W (36 dBm) | Unlicenced Band |
| 2. | 5 GHz | 5.150 - 5.350 GHz,<br>5.470 – 5.650 GHz,<br>5.725 – 5.825 GHz | • Maximum Output Power of Transmitter: 1W (30 dBm)<br>• Maximum Effective Isotropic Radiated Power (EIRP): 4W (36 dBm) | |
| 3 | Machine to Machine (M2M)/ Internet of Things (IoT) | 865 - 868 MHz | • Non-cellular IoT सेवाको लागि 865 MHz- 868 MHz व्याण्डको फ्रिक्वेन्सी रेन्जलाई extend गर्ने गरी हाललाई Non-cellular IoT सेवाको लागि 865 MHz-868 MHz व्याण्डलाई छुट्याउने,<br>• उपरोक्त व्याण्डलाई Non-Exclusive, Non-protective shared basis मा प्रयोग गर्ने,<br>• उक्त फ्रिक्वेन्सी व्याण्डमा फ्रिक्वेन्सी दस्तुर नलाग्ने। | |

| | | | | |
|---|---|---|---|---|
| 4 | Ultra-Wide Band | 6 GHz - 8.5GHz | • दूरसञ्चार सेवाहरूलाई असर (Interference) नगर्ने गरी Non-Exclusive तथा Non-Protective shared basis मा अर्को व्यवस्था नभएसम्म UWB Technology/Application को लागि प्रयोग गर्ने।<br>• Maximum Mean EIRP Spectral Density -41.3 dBm/MHz र Peak EIRP 0 dBm in 50 MHz जाट मा नबढ्ने गरी Short Range Application हरूको निशुल्क प्रयोगको लागि खुला गर्नेर सो फ्रिक्वेन्सी व्याण्डको हकमा फ्रिक्वेन्सी दस्तुर नलाग्ने। | |

## अनुसूची ५
## (दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित)
## Table 3: सेलुलर/मोवाइल फ्रिक्वेन्सीको बढाबढको लागि तय गरिएको आधार मूल्य

| S. N. | Frequency Band | Base Price (Per MHz Per Year) in Million NRs |
|---|---|---|
| 1 | 700 MHz | 13.5 (Unpaired) |
| 2 | 800 MHz | 13.5 (Unpaired) |
| 3 | 900 MHz | 24 (Unpaired) |
| 4 | 1800 MHz | 18 (Unpaired) |
| 5 | 2100 MHz | 12 (Unpaired) |
| 6 | 2300 MHz | 9 |
| 7 | 2600 MHz | 5.5 |

## अनुसूची ६
## (दफा द को उपदफा ८.३ सँग सम्बन्धित)
## (क) प्रबिधि तटस्थताको सिद्धान्त पूर्वीवितरण गरिएका थप सेलुलर/मोवाइल फ्रिक्वेन्सीको दस्तुर
## Table 6.1: Fee for Additional Cellular/Mobile Frequency

| S.N. | Frequency Band | Price Per Mega Hertz per Year (Unpaired) in NRs. Millions |
|---|---|---|
| 1 | 850/900 MHz | 6 |

| | | |
|---|---|---|
| 2 | 1800 MHz | 4 |

## (ख) प्रविधि तटस्थताको सिद्धान्त पूर्व बितरण गरिएका अधिकतम सेलुलर/मोवाइल फ्रिक्वेन्सीको दस्तुर

| S.N. | Frequency Band | Price Per Mega Hertz per Year (Unpaired) in NRs. Millions |
|---|---|---|
| 1 | 850/900 MHz | 12 |
| 2 | 1800 MHz | 8 |

## अनुसूची ७
## (दफा द को उपदफा ८.४ सँग सम्बन्धित)
## माइक्रोवेभ फ्रिक्वेन्सीको दस्तुर

*Annual Price per Link or Hop (AP) = [Basic Price (B) x Band Factor (BF) x Bandwidth Factor (BwF) x Ecosystem Factor (EF)]*

Where, **Basic Price (B) =** **Rs. 10,000/-**

**Table 7.1 Band Factor (BF)**

| Band Factor (BF) | Frequency Range (GHz) |
|---|---|
| 1 | 0 < Band <= 10GHz |
| 0.5 | 10 < Band <= 20GHz |
| 0.3 | 20 < Band <= 30GHz |
| 0.2 | 30 < Band <= 45 GHz |
| 0.1 | 45 < Band <= 100GHz |
| 0.05 | Band > 100GHz |

**Table 7.2 Bandwidth Factor(BwF)**

| Bandwidth Factor (BwF) | Bandwidth (BW) in MHz |
|---|---|
| 1 | 0 < BW <= 10MHz |
| 2 | 10 < BW <= 20 MHz |
| 3 | 20 < BW <= 30 MHz |
| 4 | 30 < BW <= 40 MHz |
| 5 | 40 < BW <= 50 MHz |
| 6 | 50 < BW <= 60 MHz |
| 7 | 60 < BW <= 70 MHz |
| 8 | 70 < BW <= 80 MHz |
| 9 | 80 < BW <= 100 MHz |
| 10 | BW > 100 MHz |

**Table 7.3 Ecosystem Factor (EF)**

| Ecosystem Factor (EF) | Frequency Band (Band) in GHz |
|---|---|
| 1 | 0 < Band <= 45GHz |
| 0.1 | 45 < Band <= 70GHz |
| 0.4 | 70GHz < Band |

## अनुसूची ८

**(दफा द को उपदफा ८.४ सँग सम्बन्धित)**

Table 8.1: **स्याटेलाइट (VSAT/ Earth Stations) फ्रिक्वेन्सीको दस्तुर**

| Application | Annual Frequency Fee (Per Terminal) in NRs. |
|---|---|
| Telecommunications Access within Rural Municipalities | 100/- |
| Other Applications/ Areas | 1,000/ |

Table 8.2: **GMPCS को लागि फ्रिक्वेन्सी दस्तुर**

| Application | Annual Frequency Fee (Per MHz) in NRs. |
|---|---|
| GMPCS | 16,000/- |

# विज्ञापन रहित (Clean Feed) नीति, २०७३

## १. पृष्ठभूमि :-

नेपालमा स्वदेशी र विदेशी गरी सयौँ च्यानलहरुको प्रसारण घरघरमा उपलब्ध हुँदै आएको छ । यसरी उपलब्ध टेलिभिजन च्यानलहरूवाट नेपाली जनताले स्वदेशी तथा विदेशी सूचना, जानकारी र मनोरन्जनात्मक कार्यक्रम हेर्दै आएका छन् । सूचना, शिक्षा र मनोरन्जनका लागि महत्वपूर्ण मानिने टेलिभिजन प्रसारणका विषयमा भने विभिन्न देशमा आफ्नै प्रकारको नीति लिने गरिएको छ । नेपालमा त्यस प्रकारको कुनै नीति नहुँदा विदेशी च्यानलहरुले निर्वाध रुपमा कार्यक्रमका साथ साथै विज्ञापन प्रसारण गरिरहेको पाइन्छ । एकातिर उपभोक्ताले केवल वा DTH लाई शुल्क तिर्नु पर्ने र अर्कोतर्फ विज्ञापन समेत हेर्नु पर्ने वाध्यता छ । साथै यसरी विज्ञापनसहित विदेशी च्यानलहरु नेपालमा प्रसारण हुँदा वहुराष्ट्रिय कम्पनीहरु स्वदेशी टेलिभिजन च्यानलहरुमा विज्ञापन कम गर्ने गरेको गुनासो समेत आउने गरेको छ ।

विश्वमा शुल्क तिरेर मात्र हेर्न पाउने सःशुल्क च्यानल (Pay channel) र शुल्क नतिरी हेर्न पाइने निःशुल्क च्यानल (Free to air) गरी २ प्रकारको प्रसारण हुने गरेको पाइन्छ । निःशुल्क च्यानलहरूले विज्ञापन सहित प्रसारण गर्ने गरे पनि ग्राहकहरूसँग शुल्क लिदैनन् भने सःशुल्क च्यानलहरूले विज्ञापन रहित प्रसारण गर्ने र ग्राहकवाट शूल्क लिन पाउने अन्तराष्ट्रिय प्रचलन रहेको छ । यररी टेलिभिजन च्यानलहरूले शुल्क लिई विज्ञापन रहित प्रसारण गर्ने व्यवस्था नै Clean Feed हो । विज्ञापन रहित प्रसारणलाई सम्बन्धित देशको नीति र कानूनले व्यवस्थित गर्ने गरेको पाइन्छ । नेपालमा राष्ट्रिय प्रसारण ऐन र नियमावली लागु भएपछि वि.सं. २०५२ देखि विदेशी टेलिभिजन च्यानलहरु प्रवेश गर्ने मौका पाए । त्यस्ता च्यानलहरू बहुराष्ट्रिय कम्पनीका विज्ञापन सहित नेपालमा

निर्वाध रूपमा प्रसारण भई रहेका छन् भने कतिपय अन्य विदेशी मुलुकका टेलिभिजन च्यानलहरू विज्ञापन रहित आउने र भारतमा विज्ञापन भरेर नेपालमा प्रसारण गर्ने गरेको समेत पाइन्छ ।

विदेशी टेलिभिजन च्यानलहरू डाउनलिङ्कको अनुमति लिएर नेपाली टेलिभिजन सिग्नल वितरक (DTH र केबुल वितरक ) मार्फत दर्शकको घरघरमा पुग्ने गरेको छ । अपवाद च्यानलहरू बाहेक अन्य सबै विदेशी च्यानलहरू निर्वाधरूपमा विज्ञापन सहित प्रसारण हुने गरेको पाइन्छ । नेपालमा प्रसारणको लागि डाउनलिङ्कका अनुमति लिने च्यानलहरूको संख्या १४७ रहेको छ । केही अपवाद वाहेक सबै खाले विदेशी च्यानलहरूले विज्ञापनमा ठूलो रकम खर्च गर्ने बहुराष्ट्रिय कम्पनीका बिज्ञापन नेपाली दर्शकहरूले मासिक रूपमा शुल्क तिरी हेर्नु पर्ने अवस्था छ भने स्वदेशी विज्ञापन बजार खुम्चिएको अबस्थामा छ । यहि पृष्ठभूमिमा यो नीति आवश्यक भएको हो ।

## २. वर्तमान अवस्थाः-

### २.१. राष्ट्रिय सन्दर्भः

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लागु भएपछि प्रसारण क्षेत्रमा स्वदेशी तथा विदेशी च्यानलहरूको प्रभाव वढ्न थाल्यो । राष्ट्रिय प्रसारण नियमावलीमा विदेशी च्यानल प्रसारणको लागि सिग्नल वितरण गर्न चाहने संस्था वा व्यक्तिले डाउनलिङ्कको अनुमति माग गर्न सक्ने व्यवस्था गऱ्यो । निःशुल्क वा विज्ञापन समावेश नभएको सःशुल्क च्यानललाई रू. २५,०००।- इजाजत दस्तुर र विज्ञापन समावेश भएको सःशुल्क च्यानल भए रू. ५०,०००।- इजाजत दस्तुर लिएर डाउनलिङ्कको अनुमति दिन सकिने कानूनी व्यवस्था नियमावलीले गरेको छ ।

सोही कानूनी व्यवस्था बमोजिम हाल १४७ वटा विदेशी च्यानलहरूले नेपालमा प्रसारण गर्न अनुमति लिएका छन् । ती मध्ये १०० भन्दा बढी सःशुल्क च्यानलहरू हुन भने बाँकी निःशुल्क च्यानल छन् । डाउनलिङ्क अनुमति दिदा विज्ञापन रहित सःशुल्क भनिने च्यानललाई बार्षिक शुल्कमा

छुट भएपनि त्यसको प्रसारणको अनुगमन गर्ने व्यवस्थागर्न सकिएको छैन । कुन च्यानल विज्ञापन सहित वा रहित भन्ने प्रसारण हेरेर मात्र अनुमान गर्न सकिने अवस्था छ ।

बहुराष्ट्रिय कम्पनीका उत्पादनको लक्षित बजार नेपाल समेत रहेको छ । विदेशी सःशुल्क च्यानलहरूले नेपालमा निर्वाध रूपमा विज्ञापन सहित प्रसारण गर्ने गरिएको पाइन्छ । नेपालमा डाउनलिङ्क अनुमति लिएर प्रसारण हुने टेलिभिजन च्यानलहरू विज्ञापन रहित (Clean Feed) बनाउनका लागि नेपाली प्रशारक तथा विज्ञापन एजेन्सीहरूले विज्ञापन रहित (Clean Feed) प्रसारण नीति लागु गर्न बारम्बार माग गरेका छन् ।

विदेशी टेलिभिजन च्यानलहरूलाई नियमन गरी विज्ञापन सहित वा रहित प्रसारण गर्न नीति र कानुन बनाउने अन्तराष्ट्रिय प्रचलन पनि रहेको सन्दर्भमा नेपालले पनि विज्ञापन रहित (Clean Feed) प्रसारणको लागि नीति र कानुन बनाई लागु गर्न अत्यावश्यक भएको छ। यस नीति मार्फत विदेशी विज्ञापनबाट नेपाली भाषा, संस्कृतिमा भएको अतिक्रमण रोक्ने, विदेशी टेलिभिजन च्यानलहरूमा हुने विदेशी विज्ञापन प्रसारणलाई नियमित गर्ने, स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्ने, विज्ञापनका माध्यमबाट राजस्व र रोजगारीमा बृद्धि गर्न सकिने देखिएकोले यो नीति बनाईएको हो ।

## २.२ अन्य मुलुकको अभ्यासः

कुनै पनि सःशुल्क विदेशी च्यानलले विज्ञापन रहित (Clean Feed) प्रसारण गर्दा ग्राहकबाट शुल्क लिन पाउने र विज्ञापन सहित प्रसारण गर्ने निःशुल्क च्यानल (Free-to-air) ले ग्राहकबाट शुल्क लिन नपाउने हुँदा विदेशी टेलिभिजन च्यानललाई आफ्नो मुलुकमा नीति र कानुन बनाएर नियमन गर्न सकिने अतराष्ट्रिय अभ्यास र मान्यता रहेको छ ।

अमेरिका, युरोपेली मुलुकहरू, दक्षिणपूर्वी एसियाली मुलुकहरूले विज्ञापन सहित (Advertisement Feed) प्रसारण

गर्ने च्यानलहरूले ग्राहकबाट शुल्क लिन नपाउने तर विज्ञापन रहित (Clean Feed) मा प्रसारण गर्ने च्यानलहरूले ग्राहकबाट मासिक शुल्क लिन पाउने व्यवस्था गरेका छन् ।

दक्षिण एसियाली राष्ट्रहरू मध्ये पाकिस्तानले विदेशी च्यानल नियमन गर्ने कानुन बनाएर विदेशी च्यानलले ग्राहकबाट शुल्क लिन नपाउने गरेको छ। श्रीलंकाले विदेशी च्यानलको फिडलाई नियमनको कानूनी व्यवस्था गरेको छ। भूटानमा च्यानल वितरणको अधिकार सरकारी निकायमै राखिएको छ। यसरी यी सबै मुलुकमा विदेशी च्यानलमा हुने विज्ञापन प्रसारणलाई नियमन गरेको देखिन्छ । नेपालमा भने यस सम्वन्धमा व्यवस्था हुन सकेको छैन ।

## ३. नीतिको उद्देश्यः

नेपालमा विदेशी च्यानल प्रसारणमा विज्ञापन सहित र विज्ञापन रहित प्रसारणमा वार्षिक २५ हजारको शुल्कमा भिन्नता बाहेक अन्य कुनै भिन्नता रहेको पाईदैन । नेपालमा प्रसारण हुने विदेशी च्यानलहरूले विज्ञापन सहित प्रसारण गर्ने हुँदा बहुराष्ट्रिय कम्पनीहरूको नेपाली च्यानलमा विज्ञापन दिनेतर्फ त्यति उत्साहित नभएको र विज्ञापन बजार खुम्चिएको धारणा विज्ञापन व्यावसायीहरूको छ । विज्ञापनदाताले उपलब्ध गराएको विज्ञापनको नेपाली दर्शक समेतलाई गणना गरी विदेशी प्रशारकले फाईदा लिने गरेको धारणा व्यवसायीहरूको छ । एकतिर बहुराष्ट्रिय कम्पनीका विज्ञापन कम हुँदा नेपालको टेलिभिजन उद्योगमा आम्दानी कम हुने, आम्दानी कम हुँदा गुणस्तरीय कार्यक्रम निर्माण हुन नसक्ने र गुणस्तरीय कार्यक्रम उत्पादन हुन नसक्दा दर्शकहरू विदेशी च्यानलप्रति आकर्षित हुने जसले गर्दा नेपाली भाषा, सँस्कृति, परम्परा, रीतिरिवाज र मैलिकता समेत ओझेलमा पर्ने भएकोले त्यसको जगेर्ना गर्ने उद्देश्यले यो नीति ल्याइएको हो ।

यसका अतिरिक्त विदेशी च्यानल सिग्नल वितरकहरू आधिकारिक विक्रेता हुने होडमा बढी भन्दा बढी मूल्य तिर्ने गरेको कारण ठूलो मात्रामा विदेशी मुद्रा विदेशिने गरेको छ । विदेशी च्यानलका सिग्नल वितरकका बीच एकाधिकार, विवाद, झगडा र अदालतमा मुद्दा समेत गरी समय र श्रोतको अनुत्पादक खर्च भइरहेको हुँदा स्वदेशी

टेलिभिजन र विज्ञापन एजेन्सीहरूलाई प्रोत्साहन गर्न, ठूलो मात्रामा विदेशिने विदेशी मुद्रालाई कम गर्न विदेशी विज्ञापनबाट नेपाली भाषा, संस्कृतिमा भएको अतिक्रमण रोक्न, विदेशी टेलिभिजन च्यानलहरूमा हुने विदेशी विज्ञापन प्रशारणलाई नियमित गर्न, स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्न, विज्ञापनका माध्यमबाट राजस्व र रोजगारीमा बृद्धि गर्नका लागि नेपालभित्र प्रसारण हुँने विदेशी च्यानलहरूमा Clean Feed नीति लागु गर्न आवश्यक रहेकोले यो नीति ल्याइएको हो । यसका मुख्य उदेश्यहरू यस प्रकार छन् ।

क) नेपालमा डाउनलिङ्क अनुमति लिई प्रशारण हुने विदेशी टेलिभिजन च्यानललाई विज्ञापन रहित बनाई दर्शकहरूलाई स्वच्छ र सफा रूपमा हेर्न सक्ने बनाउने ।

ख) बहुराष्ट्रिय कम्पनिका उत्पादनको विज्ञापनलाई स्वदेशी च्यानलहरूबाटै प्रसारण गराई स्वदेशी विज्ञापन एजेन्सी र टेलिभिजन च्यानलहरूलाई आत्मनिर्भर बनाउने ।

ग) स्वदेशी च्यानलहरूमा वहुराष्ट्रिय कम्पनिका विज्ञापन वृद्धि गराई उनीहरूका कार्यक्रमको गुणस्तर वृद्धि गर्ने ।

घ) स्वदेशी कार्यक्रमको गुणस्तर बृद्धि गराई विदेशी च्यानलबाट हुने भाषिक तथा साँस्कृतिक अतिक्रमण न्यून गर्ने ।

ङ) नेपाली विज्ञापन बजार वद्धि भई थप रोजगारी श्रृजना हुने ।

च) विज्ञापन बजारको वृद्धिबाट राजस्व संकलनमा समेत थप योगदान पुऱ्याउने ।

छ) नेपालमा कार्यक्रम उत्पादन, प्रसारण लगायतका गतिविधि वृद्धि भई टेलिभिजन व्यवसायलाई उद्योगको रूपमा विकास गर्ने ।

## ४. नीतिको लक्ष्य

नेपालमा डाउनलिङ्क अनुमति लिई प्रसारण हुने विदेशी च्यानललाई विज्ञापन रहित (Clean Feed) बनाइ सबै किसिमका विज्ञापनहरू स्वदेशी सञ्चार माध्यमहरूबाट प्रसारण गरी स्वदेशी विज्ञापन बजारलाई विस्तार गर्ने र विज्ञापनका माध्यमबाट राजस्व र रोजगारीमा बृद्धि गरी विदेशी च्यानलको नाममा ठूलो मात्रामा हुने

विदेशी मुद्राको वहिर्गमनलाई घटाउदै जाने ।

**५. नीतिको प्रभावः-**

यो नीति लागु गर्दा मुलुकमा विदेशी च्यानल हेर्ने दर्शक र खासगरी शहरी क्षेत्रका दर्शकमा निम्न प्रभाव पर्न सक्ने देखिन्छ ।

क) विदेशी सःशुल्क च्यानलहरूको सिग्नलको मूल्य केहि महंगो हुन सक्ने ।

ख) सःशुल्क च्यानलहरूको विज्ञापन रहित प्रसारणको समय नेपालको स्थानीय समय अनुकुल नहुन सक्ने ।

ग) विदेशी प्रशारकहरूले वितरण गर्ने च्यानलमा विज्ञापन रहित नेपाल फिड तयार गर्न नसक्दा केहि विदेशी च्यानलको प्रसारण रोकिन सक्ने ।

घ) सःशुल्क च्यानलमा समेत विज्ञापन सहित सिग्नल लिई सोझै प्रसारण गरी आएका स्वदेशी सिग्नल वितरकहरूले प्रसारण प्रविधिमा सुधार गर्नुपर्ने, थप जनशक्ति र लागत समेत लाग्न सक्ने ।

ङ) सःशुल्क च्यानलको मूल्यमा केही वृद्धि हुन सक्ने ।

**६. रणनीतिहरू**

यो नीति कार्यान्वयनका लागि निम्न रणनीतिहरू अपनाइने छ ।

क) डाउनलिङ्क अनुमति लिई प्रसारण गरिरहेका केवल अप्रेटर तथा वितरकहरू समेतको सहभागितामा सूचना तथा सञ्चार मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समिति बनाई नीति कार्यान्वयनमा उत्पन्न हुने समस्याको समाधान गर्ने ।

ख) उक्त कार्यदलमा विज्ञापन एजेन्सी संघका प्रतिनिधिका साथै प्रशारकहरूको समेत सहभागिता गराउने ।

ग) विज्ञापन रहित प्रसारण नीतिको समीक्षा गरी त्यसमा कुनै संशोधन गर्नुपर्ने भए कार्यदलले सिफारिश गर्ने ।

घ) विदेशी च्यानल हेर्ने उपभोक्तालाई चर्को शुल्क तिर्न नपर्ने गरी सुविधा उपलब्ध गराउन आवश्यक पहल गर्ने ।

ङ) विदेशी मुद्रा विनियमको सिफारिससम्बन्धी व्यवस्थालाई

सरलीकृत पार्ने ।

च) Clean Feed मा प्रसारण हुने विदेशी च्यनलको मूल्य निर्धारणमा समस्या भएमा प्रकारण (क) बमोजिमको कार्यदलले आवश्यक सिफारिस गर्ने ।

## ७. कार्य नीतिहरू:-

नेपालमा विज्ञापन रहित प्रसारण गर्नका लागि निम्न कार्यनीतिहरू अवलम्वन गरिने छ ।

क) यो नीति लागु भएपछि डाउनलिङ्क अनुमति लिई टेलिभिजन प्रसारण गर्न चाहने संस्थालाई विज्ञापन रहित हुनु पर्ने शर्त तोकी अनुमति प्रदान गर्ने ।

ख) यो नीति लागु हुनु पूर्व डाउनलिङ्कको अनुमति लिइसकेका सबै प्रकारका विदेशी टेलिभिजन च्यानल प्रशारकहरूलाई आ.व. २०७३।७४ को अन्तिमसम्म आफ्ना च्यानलहरूलाई विज्ञापन रहित प्रसारण गर्न शर्त तोक्ने ।

ग) डाउनलिङ्क अनुमति लिइसकेका ती विदेशी च्यानलहरूको लागि दिइने विदेशी विनिमय सिफारिश सोही आधारमा गर्ने ।

घ) आ.व. २०७३।७४ भित्र विज्ञापन रहित प्रसारण गर्ने विदेशी च्यनलहरूको डाउनलिङ्क अनुमति दस्तुर एकमुष्ठ तोक्ने ।

च) टेलिभिजन सिग्नल, डाउनलिङ्क सिग्नल र केबुल वितरणलाई व्यवस्थित गर्न राष्ट्रिय प्रसारण ऐन अर्न्तगत छुट्टै नियमावली स्वीकृत गरी लागु गर्ने ।

छ) नेपाली टेलिभिजन च्यानलमा हुने व्यापारिक बस्तुहरूको विज्ञापन अनिवार्य रूपमा सेन्सर गरेर प्रसारण गर्ने व्यवस्था गर्ने ।

ज) Clean Feed मा नेपालमा प्रसारण हुने विदेशी च्यानलहरुमा नेपालमै तयार हुने विज्ञापनको फिड गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने ।

## ८. नीति कार्यान्वयन र अनुगमन:-

नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरू प्रसारण गर्दा

विज्ञापन रहित (Clean Feed) प्रसारण गर्ने व्यवस्था गर्न तयार पारिएको विज्ञापन रहित (Clean Feed) नीति, २०७३ कार्यान्वयनका लागि सुचना तथा सञ्चार मन्त्रालयले गर्ने छ ।

(क) कार्यान्वयन कार्ययोजना

| क्र.सं. | कियाकलाप | समय | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | विज्ञापन रहित नीति सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने | २०७३ भाद्र मसान्तसम्म | सूचना तथा सञ्चार मन्त्रालय | |
| २. | राष्ट्रिय प्रसारण नियमावलीमा आवश्यक संशोधन गर्ने, | २०७३ आश्विन मसान्तसम्म | सूचना तथा सञ्चार मन्त्रालय | |
| ३. | टेलिभिजन सिग्नल वितरण र केबल वितरणसम्बन्धी छुट्टै नियमावली तर्जुमा गरी लागु गर्ने | २०७३ माघ मसान्तसम्म | सूचना तथा सञ्चार मन्त्रालय | |
| ४. | समग्र विज्ञापन निर्माण, वितरण, प्रकाशन र प्रसारणको लागि छुट्टै नियम र संरचना तयार गरी लागु गर्ने, | २०७३ चैत्र मसान्तसम्म | सूचना तथा सञ्चार मन्त्रालय | |
| ५. | विज्ञापन रहित प्रसारण (Clean Feed) पूर्णरूपले कार्यान्वयन हुने | २०७४ श्रावण १ देखि | सूचना तथा सञ्चार मन्त्रालय | |

(ख) नीतिको नियमित अनुगमन गरिनेछ ।

# रेडियो ऐन, २०१४ तथा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम प्रदान गरिने रेडियो फ्रिक्वेन्सी वितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०८०

**प्रस्तावनाः** एफ. एम. रेडियो र केबुल टेलिभिजन प्रसारण माध्यमहरूको सञ्चालनको इजाजत, नविकरण र नियमन गर्ने अधिकार संघ, प्रदेश र स्थानीय तीनवटै तहहरूलाई तोकिएकोले सो सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबाट प्रसारण प्रयोजनको लागि तोकिने फ्रिक्वेन्सी र संघबाट तोकिने प्रसारण बाहेकका फ्रिक्बेन्सीको प्रयोग र वितरणको आधार तयार गरी सो वितरणलाई समयानुकुल र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "रेडियो ऐन, २०१४ तथा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम प्रदान गरिने रेडियो फ्रिक्वेन्सी वितरण सम्बन्धी आन्तरिक कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले सूचना तथा प्रसारण विभाग सम्झनु पर्छ ।

(ग) "रेडियो फ्रिक्वेन्सी" भन्नाले प्रसारण तथा सञ्चार प्रयोजनका लागि मन्त्रालयले तोक्नु पर्ने फ्रिक्वेन्सी सम्झनु पर्छ ।

(घ) "रेडियो यन्त्र" भन्नाले रेडियो ऐन, २०१४ तथा रेडियो (संचार) लाइसेन्स नियमावली, २०४९ बमोजिम तोकिएको रेडियो यन्त्र सम्झनु पर्छ ।

(ङ) "लाइसेन्स" भन्नाले रेडियो ऐन, २०१४ तथा रेडियो (संचार) लाइसेन्स नियमावली, २०४९ बमोजिम जारी हुने रेडियो यन्त्रको लाइसेन्स सम्झनु पर्छ ।

(च) "सम्बन्धित प्रदेश र स्थानीय तह" भन्नाले एफ. एम. रेडियो तथा टेलिभिजनको दर्ता ठेगाना रहेको सम्बन्धित प्रदेश र स्थानीय तह सम्झनु पर्छ ।

## परिच्छेद २

## प्रसारण प्रयोजनका लागि प्रयोग हुने रेडियो फ्रिक्वेन्सी

**३. सूचिकृत हुनुपर्ने** (१) मन्त्रालयबाट यस कार्यबिधि प्रारम्भ हुनु अगावै इजाजतपत्र लिई सम्बन्धीत प्रदेश र स्थानीय तहमा रहेका प्रसारण संस्थाहरू सम्बन्धीत प्रदेश र स्थानीय तहमा नै सूचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुँदा १०० वाट सम्मका एफ.एम. रेडियो सम्बन्धित स्थानीय तहमा र १०० बाट भन्दा माथी १००० वाट सम्मको एफ.एम. रेडियो र केबुलमा आधारित टेलिभिजन सम्बन्धीत प्रदेशमा सूचिकृत हुनुपर्नेछ ।

**४. फ्रिक्वेन्सी माग सम्बन्धी व्यवस्था:** सम्बन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय समक्ष एफ एम. रेडियोको फ्रिक्वेन्सी बाँडफाँटका लागि अनुमति माग गर्दा देहाय बमोजिमका विवरण सहित माग गर्नुपर्नेछ ।

क) सम्बन्धीत प्रदेश वा स्थानीय तहको अनुरोध पत्र,

ख) सम्बन्धित प्रदेश वा स्थानीय तहमा एफ.एम.प्रसारणको ईजाजत माग गरेको दरखास्तको प्रतिलिपी,

ग) प्रशारण इजाजतपत्र जारी गर्नको लागि सम्बन्धित स्थानिय तह वा प्रदेशले बनाएको कानून,

घ) प्रसारण गर्नको लागि आवश्यक प्राविधिक प्रस्ताव (टेक्निकल प्रपोजल), प्रशारण स्थानको को-अर्डिनेट (ल्याटिच्युड, लङ्गिट्युड, अल्टिट्युड) को विवरण र उक्त को-अर्डिनेट अंकित भएको टोपोलोजिकल म्याप तथा प्रसारणको लागि

प्रयोग हुने रेडियो उपकरण (ट्रान्समिटर, एन्टिना) को प्राविधिक विवरण (टेक्निकल स्पेशिफिकेसन),

ङ) मन्त्रालयले आवश्यक देखेका अन्य थप विवरण वा कागजातहरू ।

५. (१) दफा ४ बमोजिम प्रदेश वा स्थानीय तह मार्फत माग भए बमोजिमका फ्रिक्वेन्सीहरू उपलब्ध गराउन मन्त्रालयले प्राविधिक जाँच तथा परिक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच र परिक्षण गर्दा माग भए बमोजिम प्राविधिक रुपमा फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने भएमा मन्त्रालयले फ्रिक्वेन्सी उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम जाँच र परिक्षण गर्दा मागं भएबमोजिम फ्रिक्वेन्सी उपलब्ध गराउन नसक्ने भएमा मन्त्रालयले सोको कारण सहित सम्बन्धित प्रदेश वा स्थानीय तहलाई जानकारी गराउनुपर्नेछ ।

**६. फ्रिक्वेन्सी निर्धारण र समिति गठन सम्बन्धी व्यवस्थाः** (१) दफा ५ बमोजिम मन्त्रालयले प्रसारणको लागि आवश्यक फ्रिक्वेन्सी उपलब्ध गराउने कार्यको लागि आवश्यक सिफारिस गर्न मन्त्रालयको फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी "प्रसारणको लागि आवश्यक रेडियो फ्रिक्वेन्सी वितरण समिति" रहनेछः

(क) फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा प्रमुख, मन्त्रालल -सदस्य

(ग) रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(घ) श्रव्य दृश्य तथा प्रसारण शाखा प्रमुख, मन्त्रालय न्सदस्य

(ङ) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, मन्त्रालय - सदस्य

(च) निर्देशक, सूचना तथा प्रसारण विभाग, - सदस्य

(छ) इलेक्ट्रोनिक इञ्जिनियर, फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा, - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको सिफारिसमा देहाय बमोजिमको तहबाट निर्णय हुनेछः-

क. ५०० वाट सम्मको एफ.एम. रेडियोको इजाजतपत्र जारी गर्ने फ्रिक्वेन्सी तोक्न फ्रिक्वेन्सी

व्यवस्थापन महाशाखा प्रमुखको तहबाट,

ख. ५०० वाट भन्दा माथी १००० बाट सम्मको एफ.एम. रेडियोको इजाजतपत्र जारी गर्ने फ्रिक्वेन्सी तोक्न- मन्त्रालयको सचिवको तहबाट,

## परिच्छेद ३

## प्रसारण बाहेकका अन्य रेडियो सञ्चार प्रयोजनका लागि तोकिने फ्रिक्वेन्सी

७. **फ्रिक्वेन्सी माग सम्बन्धी व्यवस्था:** कुनै संस्थाले प्रसारण बाहेकका अन्य रेडियो सञ्चार कायम गर्न आवश्यक रेडियो यन्त्र प्रयोग गर्नको लागि कानुन बमोजिम कागजात पेश गरी लाइसेन्स पाउनका लागि बिभागमा दरखास्त दिई उक्त दरखास्त उपर विभागबाट प्रारम्भिक कारवाही हुँदा लाइसेन्स जारी गर्न मनासिव देखिएमा मन्त्रालय समक्ष रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउनका लागि पेश गर्दा देहाय बमोजिमका विवरण सहित माग गर्नु पर्नेछ ।

(क) विभागको अनुरोधपत्र,

(ख) नियमानुसार निवेदकले पेश गरेको दरखास्त तथा अन्य कागजात,

(ग) रेडियो यन्त्र प्रयोग गर्नु पर्ने औचित्य खुल्ने कागजात वा विभागको शिफारिसपत्र,

(घ) वाकीटकी, बेस स्टेशन, रिपिटर, लिंक जस्ता रेडियो यन्त्र को हकमा सम्बन्धित मन्त्रालय वा जिल्ला प्रशासन कार्यालय वा सेवा संग सम्बन्धित नियामक निकायको तत्कालको सिफारिस पत्र, स्पष्टीकरण: तत्कालको भन्नाले सिफारिसपत्रमा उल्लिखित मितिबाट एक वर्षको अवधि भित्र रेडियो ऐन, २०१४ बमोजिम लाइसेन्सको लागि दरखास्त दिएको हुनुपर्ने व्यहोरा बुझिनेछ ।

(ङ) रेडियो यन्त्र प्रयोग गर्ने संस्थाको विधान, प्रबन्धपत्र नियमावली, दर्ता प्रमाणपत्र, हाल कायम रहेको शेयर लगत

(च) रेडियो यन्त्रको टेक्निकल स्पेशिफिकेशन (फ्रिक्वेन्सी, पावर र ब्याण्डविथ खुल्ने विवरण हुनु पर्ने)

# विभागलाई विभिन्न मितिमा दिइएका अधिकार प्रत्यायोजनसम्बन्धी पत्र

श्री ५ को सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

(......प्रेस तथा सूचना समन्वय.....शाखा)

अति जरुरी

गोप्य

फोन नं. २-२०१५०, २-२७७२८, २-२५५५६

सिंहदरबार, काठमाडौं ।

प्राप्त पत्र संख्या र मिति :-

पत्र संख्या :- ६ प्रेस ६ ।०५९।६० च.नं.- १०५

मिति............२०५९।५।१२

विषय :- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री महानिर्देशक ज्यू,
सूचना विभाग ।

उपरोक्त सम्बन्धमा छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन,२०४८ को दफा २० वमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्न स्वीकृति दिने अधिकार त्यस विभागलाई दिएको,राजपत्रमा प्रकाशित सूचना एक प्रति यसै पत्रसाथ संलग्न राखि प्रकाशित सुचना अनुसार गर्नु हुन निर्देशानुसार अनुरोध छ ।

शाखा अधिकृत
(कृष्णवहादुर घिमिरे)

श्री ५ को सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

(प्रेस तथा सूचना समन्वय ........ शाखा)

फोन नं. { २-२०१५०, २-२७७२८, २-२५५५६

सिंहदरबार, काठमाडौं ।

प्राप्त पत्र संख्या र मितिः-

पत्र संख्याः- प्रेस ६ च नं ४६६

मितिः-२०६०।३।५...........

**विषयः-** अनलाइन सञ्चार सेवामा कार्यरत पत्रकारलाई प्रेस प्रतिनिधि प्रमाणपत्र दिने सम्वन्धमा ।

श्री महानिर्देशकज्यू,
सूचना विभाग ।

सूचना विभाग
३६४५
०६०।३।९

उपरोक्त सम्वन्धमा त्यहाँवाट अनलाइन सञ्चार सेवामा कार्यरत विपिन शर्मा मिश्र र सरोज नेपाललाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलव्ध गराउने सम्वन्धमा नीतिगत निर्णयको लागि पेश भएको फाईल प्राप्त भयो । सो सम्वन्धमा छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ को दफा २० को उपदफा १ वमोजिम र छापाखाना र प्रकाशन सम्वन्धी नियमावली २०४९ को नियम ९ को उपनियम १ र २ वमोजिम तोकिएका कुराहरु र कार्यविधि(ढांचा) अपनाई दरखास्त दिएमा मात्र प्रमाणपत्र उपलव्ध गराउन मिल्ने निर्णयको व्यहोरा अनुरोध गर्दछु ।

(कृष्णवहादुर घिमिरे)
शाखा अधिकृत

नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

(................शाखा)

सिंहदरबार, काठमाडौं

श्रव्यदृश्य तथा प्रसारण

प. सं.

च.नं. प.स. ७ ०६४।६५ च.न. ४६४

मिति.... .............
०६४।८।१४

विषय: प्रेश प्रतिनिधि प्रमाण पत्र उपलव्ध गराउने बारे ।

श्री सूचना विभाग,
तीलगंगा, काठमाण्डौ ।

सूचना विभाग
दर्ता नं ३२६९
मिति ०६४।८।१५

यस मन्त्रालय तथा नेपाल केबुल टेलिभिजन एसोसिएसन तथा नेपाल केबुल टेलिभिजन संघबीच भएका सम्झौता कार्यान्वयन गर्न यस मन्त्रालयका सहसचिव श्री नारायणप्रसाद रेग्मीज्यूको संयोजकत्वमा गठित कार्यदलको सिफारिसको आधारमा मन्त्रालयको मिति २०६४।८।६ को (सचिवस्तरीय) निर्णयानुसार केबुल टेलिभिजन प्रसारण संस्थाहरुलाई प्रेस प्रतिनिधि प्रमाण पत्र उपलव्ध गराउने भन्ने निर्णय भएकोले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८ र सोको नियमावली २०४९ को परिधिभित्र रही प्रेस पास उपलब्ध गराउने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध गर्दछु ।

८।१४

(चुडाराज न्यौपाने)
शाखा अधिकृत

बोधार्थ:
श्री नेपाल केबुल टेलिभिजन एसोसिएसन,
अनामनगर ।
श्री नेपाल केबुल टेलिभिजन संघ,
न्यूरोड

नेपाल सरकार
# सूचना तथा सञ्चार मन्त्रालय
शाखा ।

सिंहदरवार, काठमाडौं

प.सं ऐ.नि.प.९ ख ।०६५।६६
च.नं. ४६

मिति : २०६५।७।३

**विषय:- प्रेस रजिष्टारको कार्य गर्ने सम्बन्धमा ।**

श्री महानिर्देशक ज्यू,
सूचना विभाग
सञ्चारग्राम काठमाण्डौं ।

३००८
०६५।७।५

नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६५।६।१९ को निर्णयानुसार छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ तथा श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५३ बमोजिम प्रेस रजिष्टारले गर्ने कार्य समेत गर्ने गरी यहाँलाई तोकिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

प्रेस शाखा
५।७।६

०६५।७।३
(राजेन्द्र नेपाल)
उप-सचिव (कानून)

***बोधार्थ :-***
श्री प्रेस सूचना तथा समन्वय शाखा,
सूचना तथा सञ्चार मन्त्रालय ।

फोन नं.: ४२११६५०, ४२११५५६, ४२११६४७, ४२११६१५, ४२११७२८, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Web site : www.moic.gov.np, Email : moicppme@ntc.net.np, moic gon@ntc.net.np

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौं

प.सं.:- क.प्र.२०७४/७५ (११)

च.नं. 1906

मितिः२०७५/०३/०१

विषयः- अधिकार प्रत्यायोजन सम्बन्धमा

श्री महानिर्देशक ज्यू
सूचना तथा प्रशारण विभाग,
संचारग्राम, काठमाण्डौं ।

नेपाल सरकार मन्त्रिपरिषद्ले हालै स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गत सूचना तथा प्रशारण विभागको संगठनात्मक संरचना अनुरूप मन्त्रालयले गर्दै आएको रेडियो ऐन, २०१४ तथा रेडियो (लाईसेन्स) नियमावली, २०४९ बमोजिम सबै प्रकारका रेडियो उपकरणको लाइसेन्स दिने कार्यहरू र राष्ट्रिय प्रशारण ऐन, २०४९ तथा राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम सबै प्रकारका प्रशारण संस्थाहरूलाई प्रशारण इजाजत दिने, विदेशी प्रशारण संस्थाको प्रशारण नेपाल भित्र डाउनलिङ्क गर्ने कार्यहरू सूचना तथा प्रशारण विभागले गर्ने व्यवस्था गरिएकोले मन्त्रालयबाट गरिदै आएका लाइसेन्स, इजाजत, लगायत तपशिल बमोजिमको कार्यहरू सूचना तथा प्रशारण विभागका महानिर्देशकले निर्णय गरी कार्य सम्पादन गर्ने गरी नेपाल सरकार (मा.मन्त्री स्तर) वाट २०७५/०२/३१ मा निर्णय भएकाले सो बमोजिम गर्नु गराउन हुन अनुरोध छ ।

तपशिल

| क्र.सं. | ऐन, नियम | अधिकार तथा कार्यहरू |
|---|---|---|
| १ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम ३ र ४ बमोजिमको अधिकार | नियम ३ बमोजिम दरखास्त लिई नियम ४ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने । |
| २ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम ६ र ८ बमोजिमको अधिकार | एमेच्योर रेडियोको लाइसेनस जारी गर्ने । |
| ३ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १० बमोजिमको अधिकार | रेडियो लाइसेन्स नविकरण गर्ने । |
| ४ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १२ र १३ बमोजिमको अधिकार | लाइसेन्समा विवरण बदल्ने र नामसारी गर्ने । |
| ५ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १४ बमोजिमको अधिकार | निरीक्षणमा खटाउने सम्बन्धी |
| ६ | रेडियो सञ्चार (लाईसेन्स) नियमावली, २०४९ को नियम १९ बमोजिमको अधिकार | रेडियो यन्त्रको लागत कट्टा गर्ने अधिकार |
| ७ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ३ र ४ बमोजिमको अधिकार | स्याटेलाइट, केबुलका फ्रिक्वेन्सी मोडुलेशन वा अन्य माध्यमद्वारा प्रशारण केन्द्र स्थापना गरी कार्यक्रम प्रशारण तथा वितरणको इजाजत लागि नियम ३ बमोजिम दरखास्त लिने र इजाजत जारी गर्ने । |

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौं

प.सं.:- क.प्र.२०७४/७५ (११)

च.नं. १७०६

मितिः२०७५/०३/०१

विषयः- अधिकार प्रत्यायोजन सम्बन्धमा

श्री महानिर्देशक ज्यू
सूचना तथा प्रशारण विभाग,
संचारग्राम, काठमाण्डौं ।

नेपाल सरकार मन्त्रिपरिषद्ले हालै स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गत सूचना तथा प्रशारण विभागको संगठनात्मक संरचना अनुरूप मन्त्रालयले गर्दै आएको रेडियो ऐन, २०१४ तथा रेडियो (लाईसेन्स) नियमावली, २०४९ बमोजिम सबै प्रकारका रेडियो उपकरणको लाइसेन्स दिने कार्यहरू र राष्ट्रिय प्रशारण ऐन, २०४९ तथा राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम सबै प्रकारका प्रशारण संस्थाहरूलाई प्रशारण इजाजत दिने, विदेशी प्रशारण संस्थाको प्रशारण नेपाल भित्र डाउनलिङ्क गर्ने कार्यहरू सूचना तथा प्रशारण विभागले गर्ने व्यवस्था गरिएकोले मन्त्रालयबाट गरिदै आएका लाइसेन्स, इजाजत, लगायत तपशिल बमोजिमको कार्यहरू सूचना तथा प्रशारण विभागका महानिर्देशकले निर्णय गरी कार्य सम्पादन गर्ने गरी नेपाल सरकार (मा.मन्त्री स्तर) बाट २०७५/०२/३१ मा निर्णय भएकाले सो बमोजिम गर्नु गराउन हुन अनुरोध छ ।

तपशिल

| क्र.सं. | ऐन, नियम | अधिकार तथा कार्यहरू |
|---|---|---|
| १ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम ३ र ४ बमोजिमको अधिकार | नियम ३ बमोजिम दरखास्त लिई नियम ४ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने । |
| २ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम ६ र ८ बमोजिमको अधिकार | एमेच्योर रेडियोको लाइसेनस जारी गर्ने । |
| ३ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १० बमोजिमको अधिकार | रेडियो लाइसेन्स नविकरण गर्ने । |
| ४ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १२ र १३ बमोजिमको अधिकार | लाइसेन्समा विवरण बदल्ने र नामसारी गर्ने । |
| ५ | रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १४ बमोजिमको अधिकार | निरीक्षणमा खटाउने सम्बन्धी |
| ६ | रेडियो सञ्चार (लाईसेन्स) नियमावली, २०४९ को नियम १९ बमोजिमको अधिकार | रेडियो यन्त्रको लागत कट्टा गर्ने अधिकार |
| ७ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ३ र ४ बमोजिमको अधिकार | स्याटेलाइट, केबुलका फ्रिक्वेन्सी मोडुलेशन वा अन्य माध्यमद्वारा प्रशारण केन्द्र स्थापना गरी कार्यक्रम प्रशारण तथा वितरणको इजाजत लागि नियम ३ बमोजिम दरखास्त लिने र इजाजत जारी गर्ने । |

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौ

प.सं.:- क.प्र.२०७४/७५ (११)

च.नं.

| | | |
|---|---|---|
| ८ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ४क. को अधिकार | डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृती दिने , डिजिटल प्रणालीमा परिवर्तन गर्दा आवश्यकक पर्ने उपकरण आयात सिफारिश गर्ने । |
| ९ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ५, ५क., ५ख. र ६ बमोजिमको अधिकार | भू-उपग्रह केन्द्र स्थापना गरी कार्यक्रम प्रशारण गर्ने, विदेशी च्यानल डाउनलिङ्क गर्ने, सिग्नल वितरण गर्न निवेदन, दरखास्त लिने र अनुमति तथा इजाजत दिने । |
| १० | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ९क. बमोजिमको अधिकार | इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले प्रशारण प्रारम्भ गर्ने अवधि थप गर्न सक्ने। |
| ११ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १२ बमोजिमको अधिकार | प्रशारण समय उपलब्ध गराउने। |
| १२ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १३ बमोजिमको अधिकार | विज्ञापन प्रशारण गर्ने समय उपलब्ध गराउने । |
| ~~१३~~ | ~~राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १५ बमोजिमको अधिकार~~ | ~~इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने~~ । |
| १४ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १५ बमोजिमको अधिकार | इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने । |
| १५ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ बमोजिमको अधिकार | सबै प्रकारका प्रशारण तथा वितरण सम्बन्धी इजाजत तथा अनुमतिपत्रको अवधि थप र नविकरण गर्ने । |
| १६ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १७ बमोजिमको अधिकार | इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने । |
| १७ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १८ बमोजिमको अधिकार | निरीक्षण तथा अनुगमन गर्न सक्ने र छानविन गर्ने यन्त्र उपकरण नियन्त्रणमा लिन सक्ने वा प्रयोग गर्न नसक्ने व्यवस्था गर्न सक्ने |

राम चन्द्र ढकाल
सह सचिव

बोधार्थ

श्री माननिय मन्त्री ज्यूको निजी सचिवालय,
श्री प्रशासन तथा योजना महाशाखा,
श्री संचार महाशाखा,
श्री फ्रिक्वेन्सी ब्यवस्थापन महाशाखा,
श्री सूचना प्रविधी महाशाखा,
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सिहंदरबार, काठमाण्डौ

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

फ्रि.व्य. तथा विशेष शाखा

सिंहदरबार, काठमाडौं

फ्रि.व्य.३२।०७६।७७। च.नं. ९५५

मिति : २०७६।८।१०

**विषयः : अधिकार प्रत्यायोजन सम्बन्धमा।**

सूचना तथा प्रसारण विभाग
द.नं. ४५५०
मिति: ८।११

श्री महानिर्देशकज्यू,
सूचना तथा प्रसारण विभाग,
संचारग्राम, काठमाण्डौ।

उपरोक्त विषयमा राष्ट्रिय प्रशारण ऐन २०४९ तथा राष्ट्रिय प्रशारण नियमावली, २०५२ र रेडियो ऐन, २०१४ तथा रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम इजाजतपत्र तथा लाइसेन्स प्रत्यायोजित अधिकार बमोजिम श्री सूचना तथा प्रशारण विभागबाट जारी भई सोको नियमन समेत हुँदै आएको छ। उक्त इजाजतपत्र तथा लाइसेन्स प्राप्त संस्थाहरुले आयात गर्नु पर्ने रेडियो उपकरण तथा रेडियो यन्त्र लगायतका सामाग्रीहरुको आयात सिफारिस सूचना तथा प्रशारण विभागबाट नै गर्ने र सोको नियमित प्रतिवेदन यस मन्त्रालयमा पेश गर्ने गरी श्री सूचना तथा प्रशारण विभागका महानिर्देशकलाई अधिकार प्रत्यायोजन गरी जिम्मेवारी दिने भनी मिति २०७६।८।९ को नेपाल सरकार (मा.मन्त्रिस्तर) निर्णयानुसार अनुरोध गर्दछु।

अनुप नेपाल
उप-सचिव (प्रा.)

**बोधार्थ:**
श्री प्रशासन तथा विकास सहायता समन्वय शाखा,
संचार तथा सूचना प्रविधि मन्त्रालय

फोन: ४२११७२५, ४२११९८०, ४२१११६८
Website: www.mocit.gov.np

जि.प्र.का. काठमाडौं दर्ता नं. १४३/०५७/५८

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

काठमाडौं, फोनः ०१-५९१९८९२

www.doib.gov.np

मुद्रणः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं